CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Almira 3
Shelf 2
3

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

1. Kautaliya Artha Shastra Nepali Translation
2. Nepala Kshetrasthita Tirthalinga Prakashanam Charu Charya
3. Samkshiptetivrittam of Vishvanatha Rimala
4. Samkshiptetivrittam of Veshaprasada Bhattarai
5. Vivaha Sambandhi Shastriya Nirnaya
6. Gumani Kavikopadesha
7. Padyanuvada of Upadesha Shataka By Gumani Kavi and Charcharya By Kshemendra
8. Nyaya Vidhi
9. Kapotha Adhikarana 2 Prakarana 30-33
10. Vividha Sangraha
11. Sri Krishna Puja Vidhi
12. Sanskrit Grammar Notes
13. Uccharana Sambandhi Sangraha
14. Griha Dana Prayoga
15. Bhagavata Spriha Prayoga
16. Mandala Yoni Prakarana
17. Stuti Mala for Devidatta Parajuli
18. Yogavritta Panchama Adhikarana

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१

The **ELEPHANT**

EXERCISE BOOK

MADE FROM
ELEPHANT BRAND PAPER
MANUFACTURED IN INDIA BY
THE TITAGHUR PAPER MILLS CO., LTD.
CALCUTTA



१

आरम्भ:—

Name साफीरवेक्ता : कल्पी *Class* १

Subject प्रथम अधिकरण. प्रकरण १-१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४- अर्थशास्त्रमा उल्लिखित अरु अर्थशास्त्री आचार्य
1 भारद्वाज.
2 विशालाक्ष - इन्द्र
3 पराशर
4 पिशुन - (नारद)
5 कौणपदन्त - भीष्म
6 वातव्याधि - उद्धव
7 बाहुदन्तीपुत्र
8 कौटल्य
आम्भीयाः -

एउटा पुनरुक्तिको ४-१६ प्रकरणमा यति विवरण नभेटिएकाले यिनका आफ्नो मतले आफ्नो आचार्य...

विनयाधिकारिक ८ अध्यायमा —
अमात्य - कार्यसचिव ठाउँका गुणसम्पन्न कार्यकुशल
मन्त्री धीसचिव सर्वगुणसम्पन्न मन्त्रणा गर्नसक्ने
मान्छे पाविद - मा १२।१६।२० मा ३।४ जना.
सभा वा अपसर्प गुप्तचर -

आचार्य विष्णुगुप्त (चाणक्य)

विरचित

कौटलीय - अर्थशास्त्र

को

नेपाली भाषानुवाद

—०—

प्रथम अधिकरण - विनयाधिकारिक.
(शिक्षाविषयक)
१-१ अध्याय १
~~अध्याय~~ प्रकरण १ संक्षिप्त विषयानुक्रम.
~~अध्याय~~ १

मङ्गल - ॐ नमः शुक्रबृहस्पतिभ्याम्.
(शुक्राचार्य र बृहस्पतिलाई नमस्कार.)

विषय - पृथिवीको प्राप्ति र प्राप्त पृथिवीको राम्रो गरी पालन गर्ने विषयमा प्राचीन आचार्यहरूले अर्थशास्त्र-सम्बन्धी ~~जुन~~ उपदेश गरिएका छन्, प्रायः ती सबैको विषय-सङ्कलन गरेर यो अर्थशास्त्र बनाइएको छ.

अर्थ भनेको मनुष्यहरूको जीवन बाँच्ने रूप स्वार्थ हो. अतः अर्थ शब्दबाट मनुष्यको ~~जीवन~~ जीवन निर्वाह निवासले सम्पन्न भएको भूमि बुझिन्छ.

~~प्रथम अधिकरण~~ सबै व्यावहारिक कार्यव्यवस्थामा सर्वप्रथम विद्यावृद्धहरूको उपदेशबाट विद्या ग्रहण गरी इन्द्रियहरूको दमन गरेर सुशिक्षित भएका राजाले सुयोग्य सहायक लिएर ... गर्नुपर्ने राजकार्यको पूर्वप्राथमिक स्वरूप सुशिक्षा र सहायसम्पत्तिको निरूपण यो प्रथम अधिकरणमा गरिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो अर्थ (को मूल स्वरूप बनेको) भूमिको प्राप्ति-आर्जन र प्राप्त भूमिको पालन-सुव्यवस्थासाथ रक्षण गर्ने उपाय-मार्गको प्रदर्शन गर्ने शास्त्र नै अर्थशास्त्र हो. अर्थशास्त्रमा (समुचित) व्यावहारिक ~~समुचित~~ स्वार्थको सिद्धि गर्ने ~~प्रक्रिया~~को निरूपण छ.

यस्तो अर्थशास्त्रको परम्परामा प्रथम उपदेशक आचार्य बृहस्पति र शुक्र यी ~~दुइ~~ शास्त्रका मूल प्रवर्तक आचार्य हुन्. अरू पनि यस शास्त्रका आचार्य[1] भए. प्राचीन आचार्यहरूका उपदेश र कुनै अवान्तर विषयमा तिनका मतभेद समेतको अनुसन्धान गरेर कुनै विषयमा आफ्नो भिन्न दृष्टिकोण-~~विचार~~ विशेष समेत देखाउँदै चाणक्य भन्ने प्रसिद्ध नामान्तर भएका, कुटल-वंशमा उत्पन्न हुनाले कौटल्य भन्ने नामान्तरले पनि प्रसिद्ध, विष्णुगुप्त-नामक आचार्यले प्राचीन शैलीको प्रौढ संस्कृत भाषामा महत्त्वपूर्ण रचना गरिएको अर्थशास्त्र "कौटलीय-अर्थशास्त्र" भनी प्रसिद्ध र सर्वसमादृत पनि छ. यो सर्वसाधारणलाई भरसक सुबोध भई उपयोगी होस् भन्ने उद्देश्यले नेपाली भाषामा अनुवाद गरिएको छ.

[1] यही ग्रन्थमा ठाउँठाउँमा [illegible] मतभेदका प्राचीन आचार्यको निर्देशन [illegible]

विषयानुक्रम-

यो अर्थशास्त्रका अधिकरण-प्रधानविषयविभाग र प्रकरण-अवान्तर विषयविभागको नामानुक्रम यस्तो छ —

प्रथम ~~अधिकरण~~ विनयाधिकारिक-(शिक्षासम्बन्धी)-

१ प्रकरण- आन्वीक्षिकी त्रयी वार्ता दण्डनीति यी विद्याको निरूपण.
२ " -विद्यावृद्धहरूसँग सम्पर्क.
३ " इन्द्रियहरूलाई आफ्नो अधीनमा राख्नु.
४ " अमात्य-~~मन्त्रीहरू~~ खडा गर्नु.
५ " मन्त्री पुरोहितहरूको नियुक्ति.
६ " अमात्यहरूमा पवित्रता भए नभएको जाँच गर्नु.
७ " गुप्तचरहरूको नियुक्ति
८ " गुप्तचरहरूलाई काम लगाउनु.
९ " आफ्नो राज्यका फुटाउन सकिने र नसकिने वर्गको रक्षा
१० " अर्को राज्यका फुटाउन सकिने र नसकिने वर्गलाई हात लिनु
११ " गुप्त मन्त्रणाको विषय.
१२ " दूतहरूलाई काममा खटाउनु.
१३ " राजपुत्रबाट (राजाको) रक्षा गर्नु.

[1] यही ग्रन्थमा ठाउँठाउँमा मतभेद देखाउँदा आफूभन्दा प्राचीन आचार्य [illegible] बृहस्पति [illegible] कौणपदन्त-भीष्म, पिशुन-नारद आदिको नाम निर्देश [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४ " धुनिएका राजकुमारको व्यवहार.
१५ " धुनिएका राजकुमारमा व्यवहार.
१६ " राजाको आफ्नो कर्तव्य कर्म.
१७ " अन्तःपुरको बन्दोबस्त
१८ " राजाको आत्मरक्षा.

×

द्वितीय अधिकरण अध्यक्षप्रचार (अध्यक्षहरूको कार्यव्यवस्था) मा
१ " जनपद-बस्ती बसाउनु......
२ " भूमिच्छिद्र-जोत्न अयोग्य भूमिको व्यवस्था.
३ " दुर्ग-किल्ला बनाउनु.
४ " दुर्ग भित्रको व्यवस्था.
५ " सन्निधाता-खजानचीले धन ~~को~~ रक्षा गर्ने काम.
६ " समाहर्ता-राजस्व तहसील गर्ने, ले राजकर ~~हरू~~ उठाउने काम.
७ " आय व्ययको बही खातामा हिसाब गर्नेको काम.
८ " अधिकारीहरूले हरेको राजधन फिर्ता लिने व्यवस्था.
९ " उपयुक्त-अधिकारीहरू माथि नियुक्त गुप्तचरहरूको परीक्षा.
१० " राजशासन ~~लेख~~को व्यवस्था.

११ " ढुकुटी दाखिल हुने रत्नहरूको जाँच
१२ " खानीका वस्तुहरूको कार्यालय सम्बन्धी व्यवस्था.
१३ " अक्षशाला-टकसारमा सुवर्णाध्यक्षको काम.
१४ " बजारमा सुनको काम गर्नेको व्यवस्था.
१५ " कोष्ठागार-राजभण्डारका अध्यक्षको काम.
१६ " पण्याध्यक्ष=सरकारी बिक्रीका वस्तु विभागको अध्यक्षको काम
१७ " कुप्याध्यक्ष- जिन्सी भण्डारको अध्यक्षको काम
१८ " आयुधागार- शस्त्रभण्डारका अध्यक्षको काम.
१९ " तराजु मानापाथी नाप्ने अध्यक्षको काम.
२० " देश कालको पात्पियज.
२१ " भन्सार विभागको अध्यक्षको काम
२२ " कपडा ~~धागो~~ विभागका अध्यक्षको काम
२३ " खेती विभागका अध्यक्षको काम
२४ " मद्य विभागका अध्यक्षको काम
२५ " भक्ष्य प्राणीको वध गर्ने विभागका अध्यक्षको काम.
२६ " वेश्या विभागका अध्यक्षको काम.
२७ " भाडा विभागका अध्यक्षको काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८ " गाई भैंसी आदेको विभागका अध्यक्षको काम

२९ " घोडा विभागका अध्यक्षको काम

३० " हात्ती विभागका अध्यक्षको काम.

३१ " रथ विभागका अध्यक्षको काम

३२ " पैदल सेनाका अध्यक्षको काम

३३ " सेनापतिको काम

३४ " टकसारका अध्यक्षको काम

३५ " गोचर प्रदेशका अध्यक्षको काम.

३६ " समाहर्ता-राजस्व तहसील गर्ने अध्यक्षको काम.

३७ " गृहस्थ जतिया जोगी जस्ता बनेका गुप्तचरको काम.

३८ " नगरका रक्षक-पुलिसको काम.

x

तृतीय अधिकरण धर्मस्थीय (न्यायाधीश सम्बन्धी) मा

१ " व्यवहार-मुद्दा खडा गर्ने व्यवस्था.

२ " झगडाको विषय सम्बन्धी व्यवस्था.

३ " स्त्रीपुरुषको विवाह सम्बन्धी व्यवस्था.

४ " अंश बण्डा सम्बन्धी व्यवस्था

५ " घर घडेरी सम्बन्धी व्यवस्था.

६ " रीतिरीति पालन गर्ने व्यवस्था

७ " ऋण लिनादिन सम्बन्धी व्यवस्था

८ " उपनिधि-न्यासो धरौट सम्बन्धी व्यवस्था.

९ " नोकर चाकर कामदार सम्बन्धी व्यवस्था.

१० " धेरै जना मिलेर काम गर्ने विषयको व्यवस्था.

११ " किनबेच गरेको फिर्ता हुने नहुने व्यवस्था

१२ " दिइसकेको वस्तु फिर्ता नहुने व्यवस्था

१३ " हक नहुनेले बिक्री गरेकोमा व्यवस्था.

१४ " वस्तु र स्वामीको सम्बन्धमा व्यवस्था .

१५ " साहस-डकैती डाका बलात्कार विषयमा व्यवस्था

१६ " वाक्पारुष्य- गाली गलौज विषयमा व्यवस्था

१७ " दण्डपारुष्य- मारपीट विषयमा व्यवस्था

१८ " जूवा सम्बन्धी व्यवस्था.

१९ " फुटकर.

x

चतुर्थ अधिकरण कण्टकशोधन (देशलाई पीडा दिनेलाई हटाउने) मा

१ " कालीगडहरू वा रक्षा गर्ने व्यवस्था.

२ " व्यापारीहरू वा रक्षा गर्ने व्यवस्था.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ " उपनिपात-दैवी विपत्तिको प्रतिक्रिया

४ " गुप्तजीविका गर्नेहरूबाट रक्षा

५ " सिद्धजस्ता बनेका गुप्तचर द्वारा दुष्टहरू पत्ता लाउनु.

६ " शङ्का सबूद कामबाट चोर पक्रनु.

७ " अकस्मात् मरेकाको लाश जाँच.

८ " सोधपुछ र पिटपाटबाट चोरको टेगान लाउनु.

९ " सबै अड्डाहरूको रक्षा व्यवस्था.

१० " एक अङ्गको वधदण्डको सट्टा धनदण्ड.

११ " शास्ति नदिएर वा दिएर वध गर्ने दण्ड.

१२ " कन्या उपर बलात्कारको दण्ड.

१३ " अत्याचारको दण्ड.

x

पञ्चम अधिकरण योगवृत्त (गुप्तवध विषय) मा

१ " गुप्तहत्याको प्रयोग.

२ " ढुकुटी बढाउने व्यवस्था.

३ " नोकर चाकरको पालन गर्ने व्यवस्था.

४ " राजकर्मचारीहरूको व्यवहार.

५ " कर्मचारीहरूको व्यव[illegible] सम्बन्धी कुरा.

६ " राजा उपर सङ्कट परेमा मन्त्रीहरूले गर्नुपर्ने काम.

७ " राजकुमार एकको आधिपत्य.

x

षष्ठ अधिकरण मण्डलयोनि (राजमण्डल सम्बन्धी विषय) मा

१ " अमात्य आदि प्रकृतिहरूमा चाहिने गुणहरू

२ " शान्ति र उद्योग सम्बन्धी कुरा.

x

सप्तमैं अधिकरण षाड्गुण्यसमुद्देश (सन्धि विग्रह आदिको वर्णन) मा

१ " सन्धि-विग्रह आदि षड्गुणको [illegible]परिचय.

२ " क्षय-घटती स्थान-अडान वृद्धि-बढतीको निरूपण.

३ " समान दुर्बल बलवारले गर्ने षड्गुणको प्रयोग.

४ " दुर्बलले गर्ने सन्धिहरू

५ " विरोध गरी चुप लागेर बस्नु.

६ " सन्धि गरेर चुप लाग्नु.

७ " विरोध गरेर अभियान गर्नु

८ " सन्धि गरेर अभियान गर्नु

३ " बलियाको आड लिनु

१० " धेरै जना मिलेर अभियान गर्नु.

११ " यातव्य शत्रु र अमित्र प्रति अभियानको विचार

१२ " ~~प्रकृति~~ प्रजाजन वर्गमा क्षय लोभ वैराग्य हुनाका कारणहरू

१३ " विजिगीषु संग मिल्ने राजाहरूमा ठूलो सानोपनाको विचार.

१४ " ~~धेरै राजा मिलेर अभियान~~
विजिगीषु र शत्रु मिलेर अर्कोमाथि अभियान गर्नु

१५ " पणबन्ध गरेको नगरेको सन्धि र हटेर गएका मध्ये सन्धि.

१६ " दोहोरो सन्धि र विरोध.

१७ " यातव्य बनेको विजिगीषुले गर्ने व्यवहार.

१८ " सहायता दिनुपर्ने मित्र हरूको वर्णन.

१९ " मित्रता द्रव्य भूमि काम [illegible] निमित्तका सन्धिहरू.

२० " पार्ष्णिग्राह बनेको विजिगीषुले गर्ने कामको विचार

२१ " कमभएका प्रभु-मन्त्र-उत्साह शक्ति जगाउने विषय.

२२ " बलियो संग विरोध परेकाले अड्ने उपायहरू.

२३ " दण्डोपनत-शत्रुले दबाइसकेकोले गर्ने व्यवहार.

२४ " दण्डोपनायि-शत्रुलाई दबाउनेले गर्ने व्यवहार.

२५ " सन्धि पालेको पार्ने काम.

२६ " सन्धि भङ्ग गर्नु.

२७ " मध्यम राजा प्रति विजिगीषुको व्यवहार.

२८ " उदासीन राजा प्रति विजिगीषुको व्यवहार.

२९ " राजमण्डल प्रति विजिगीषुको व्यवहार.

×

अष्टम अधिकरण व्यसनाधिकारिक (सङ्कट विषयक) मा.

१ " स्वामी अमात्य आदि प्रकृति वर्गमा पर्ने सङ्कटहरू

२ " राजा राज्य-अमात्यादि मा पर्ने सङ्कटको ठूलो सानोपनाको विचार

३ " पुरुषमा हुने व्यसनहरूको ठूलो सानोपनाको विचार.

४ " आगो पानी आदिबाट हुने पीडाको निरूपण.

५ " ~~[illegible]~~
राष्ट्रका मुख्य पुरुषहरूले सरकारी आय रोक्ने विषय

६ " राष्ट्रका मुख्य पुरुषहरूले सरकारी आय खाइदिने विषय.

७ " फौजी सङ्कटको निरूपण.

८ " मित्र सम्बन्धी सङ्कटको निरूपण.

~~९~~ —

×

नवम अधिकरण अभियास्यत्कर्म (अभियान गर्नेले गर्ने बन्दोबस्त) मा

१ " शक्ति देश कालको बलाबल विचार.

२ " अभियान गर्ने समय.

३ " सेनाको तयारी गर्ने प्रबन्ध.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४ " सेनाजीको गर्नाका गुण.
५ " शत्रुको सेनालाई दबाउने आफ्नो सेना गराउनु.
६ " पार्ष्णिग्राहले पछाडिपाट्टि गर्ने पीडाको विचार.
७ " बाहिरिया भित्रिया प्रकोपहरू शान्त गर्ने प्रतिक्रिया
८ " जन धनको खाते र लाभ ठूलो मान्ने पनाको विचार
९ " बाहिरी भित्री विपत्तिहरूको प्रतिक्रिया
१० " मित्रका विरोधी र शत्रुले उठाइने विपत्तिहरू
११ " अर्थ अनर्थ सन्देह गराउने विपत्तिहरू
१२ " विपत्तिहरू हटाउने उपाय द्वारा प्रतिक्रिया.

×

दशम अधिकरण साङ्ग्रामिक-(युद्ध सम्बन्धी व्यवस्था) मा
१ " स्कन्धावार- छाउनीको रचना.
२ " स्कन्धावार-छाउनीका यात्रा.
३ " फौजी सङ्कट र विपरीत देशकालमा सेनाको रक्षा.
४ " कपटी युद्धका प्रकारहरू
५ " आफ्ना सैन्यहरूलाई उत्साह बढाइदिनु.
६ " शत्रुको सेनालाई भन्दा आफ्नो सेनालाई सुविधा गराउनु.
७ " युद्धमा अनुकूल हुने ठाउँहरू

८ " पैदल घोडा रथ हात्तीले गर्ने कामहरू
९ " परखेटा कोरवा छातीको भागमा बाँडेर फौजी व्यूह बनाउनु.
१० " गतिलो ~~फौज~~ र निर्गतिलो फौज अलग अलग राख्नु.
११ " पैदल घोडा रथ हात्तीका युद्धहरू.
१२ " दण्ड, भोग, मण्डल, असंहत व्यूहहरू बनाउनु.
१३ " शत्रुको व्यूहको बदलामा आफ्नो व्यूह बनाउनु.

×

एकादश अधिकरण सङ्घवृत्त-(जमातवालाहरूको व्यवहार) मा
१ " सङ्घलाई फुटाउने उपाय.
२ " गुप्त हत्या

×

द्वादश अधिकरण आबलीयस-(निर्धाले गर्ने उपाय सम्बन्धी) मा
१ " दूतले गर्नुपर्ने काम.
२ " मन्त्रयुद्ध- मन्त्रणा गरेर युद्ध गर्ने उपाय
३ " सेनाको मुख्यलाई मार्नु.
४ " राजमण्डललाई उचाल्नु.
५ " शस्त्र आगो विषको प्रयोग गर्ने गुप्तचरको काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६ " अनाज घासपात इन्धन मित्रको सहायता हरु आउन रोक्नु

७ " कपटको प्रयोग गरेर शत्रुलाई दबाउनु.

८ " बध बाधा लुटपीटहरु बाट शत्रुलाई दबाउनु.

९ " सहास नलिई एकले विजिगीषुले शत्रुको विजय गर्नु

×

त्रयोदश अधिकरण दुर्गलम्भोपाय-(शत्रुको किल्ला लिने उपायहरु)मा

१ " शत्रुदलमा भेदनीतिको प्रयोग.

२ " कपटी भेष भएका चरबाट शत्रुलाई किल्लाबाट निकाल्नु

३ " शत्रुको देशमा गुप्तचर हरु पठाएर बसाउनु.

४ " शत्रुको किल्ला वरिपरि आफ्नो सेनाले घेरा हाल्नु

५ " शत्रुको किल्ला भित्र हमला गर्नु.

६ " शत्रुको किल्ला आफ्नो हातमा पारेर बन्दोबस्त गर्नु

×

चतुर्दश अधिकरण औपनिषद-(गुप्त विष प्रयोग आदि)मा

१ " शत्रुलाई मार्ने प्रयोग.हरु

२ " शत्रुलाई छकाउने अद्भुत प्रयोग हरु

३ " आफ्नो पक्षमा शत्रुले गरेका विष आदि प्रयोगको प्रतिक्रिया.

×

पञ्चदश अधिकरण तन्त्रयुक्ति-(शास्त्रीय उपपत्ति)मा

१ " तन्त्रयुक्ति- अर्थशास्त्र सम्बन्धी उपपत्ति हरु.

×

यो अर्थशास्त्रको छोटकरी स्वरूप-१५ अधिकरण, १५० अध्याय, १८० प्रकरण, सबै जम्मा ग्रन्थ संख्या ३२ अक्षरको १ श्लोकको हिसाबले ६००० श्लोक हुन्छ. कुनै अध्याय भित्र अनेक प्रकरण पनि परेका हुनाले अध्याय र प्रकरणको संख्या घटी बढी हुन गएको छ.

~~[illegible]~~
सुकुमार बुद्धि भएका जनले जान्न सकिने, गहकोला विषय अर्थ र पद शुद्ध देखाउने गरी मिलेको, नचाहिंदो ग्रन्थ विस्तार नभएको, यो अर्थशास्त्र कौटल्यले रचना गरिएको हो.।

यस अध्यायमा छोटकरी रूपमा देखाइका विषयहरुको संग्रह सम्पूर्ण अर्थशास्त्रको सारांश रूप भएको हुनाले यो अध्याय राजाले गर्नुपर्ने काम काज बन्दोबस्त व्यवहार हरुको दिग्दर्शनरूप भएको छ -

१- १-१ अध्याय पूर्ण.

×

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१-२ अध्याय २

प्रकरण १ विद्यासमुद्देश-(विद्याको वर्णन)

(क) आन्वीक्षिकी-तर्कविद्याको महत्त्व

आन्वीक्षिकी त्रयी वार्ता दण्डनीति यी चार थरी विद्या छन्।

अन्वीक्षा-भनेको उपपत्तिहरू साथ वस्तुतत्त्वको विचार गर्नु हो। सो अन्वीक्षा प्रधान भएको विद्या आन्वीक्षिकी हो। यस विद्याविभाग भित्र आध्यात्मिक दर्शन र तर्कविद्या-पदार्थविज्ञान हरू पर्दछन्। त्रयी भनेको-स्तुति प्रधान भएको छन्दमा बाँधिएको ऋग्वेद, यज्ञकर्म प्रधान भएको छन्दोरहित यजुर्वेद, गीति प्रधान भएको ऋक्-मन्त्रस्वरूप सामवेद यी तीन हुन्। शान्ति पुष्टि कर्मविशेष प्रधान भएको अथर्ववेद त्रयी भित्रै पर्ने हुनाले अलग मानिएको छैन। वार्ता भन्ने अर्थात् जीविका निर्वाहको साधन भएका कृषि पशुपालन वाणिज्य सम्बन्धी विशेष ज्ञान गराउने विद्या वार्ता हो। राजदण्ड प्रधान भएर लोकलाई मर्यादामा चलाउने राजनीति-विद्या नै दण्डनीति हो। यिनै चार मूल प्रस्थानहरूको ज्ञान व्यावहारिक र पारमार्थिक कल्याणको साधन हुनाले मूल विद्या यी चार मानिएका छन्।

मतविशेष- त्रयी वार्ता दण्डनीति यी तीन नै विद्या हुन्। आन्वीक्षिकी त त्रयीकै विषयको विचार विमर्श स्वरूप हुनाले त्रयीविद्याकै अन्तर्गत हुन्छ, अलग विद्या होइन भन्ने

मनुका अनुयायीहरू भन्दछन्।

वार्ता र दण्डनीति यिनै दुई प्रधान विद्या हुन्। लोकको मुख्य जीविका चित भद्रव्यवहारको साधन भएको ज्ञान यिनै दुई मात्र हुन्छ। निर्मल लोकव्यवहारमा निपुण भएकालाई नास्तिक्यको अपवाद लाग्न नदिई आस्तिकपनाको परिधि भित्र पार्ने हुनाले त्रयी लौकिक विद्याको प्रस्थान विशेष भित्र मानिँदैन- भन्ने बृहस्पतिका अनुयायीहरू भन्दछन्।

दण्डनीति नै एक प्रधान विद्या हो। आन्वीक्षिकी त्रयी वार्ता यी सबै विद्याको योगक्षेम-अलब्ध लाभ र लब्धपरिपालनको आधारभूत यही दण्डनीति हो- भन्ने शुक्राचार्यका अनुयायीहरू भन्दछन्।

कौटल्य भन्दछन् कि- आन्वीक्षिकी, त्रयी, वार्ता, दण्डनीति यी चारै मूलविद्या हुन्। पुरुषार्थ धर्म र अर्थलाई ज्ञान गराउने हुनु नै विद्याको रूप हो; सो तत्त्व यी चारै विद्यामा समान रूपले रहेको छ।

प्रकृति र पुरुषको विवेक गराउने महर्षि कपिलले उपदेश गरेएको साङ्ख्य शास्त्र; चित्तलाई विषयपट्टि बाट निवृत्त गराएर इष्टतत्त्वको धारणा-ध्यान-समाधिमा आभ्यन्तर गराउने, विषयको प्रतिपादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने महेश्वरले उपदेश गरिएको योगशास्त्र, असल लोकव्यवहारको ज्ञान गराउने ब्रह्मगार्ग्य इन्द्रले उपदेश गरिएको न्यायशास्त्र- व्यावहारिक न्यायोपदेशक लोकायत) यतशास्त्रयो तीन आन्वीक्षिकी विद्या हुन्।

तीन वेदमा अध्ययन यज्ञ आदि अधिकारभेदले व्यवस्थित गरेको धर्म, अभक्ष्यभक्षणादि निषिद्ध कर्मरूप अधर्म नै कर्तव्य अकर्तव्य रूपले मुख्य गरेर बताइएका छन्। वार्ताशास्त्रमा समयमा गरेको बीउ रोप्नु आदि, प्रयत्न बाट प्राप्त हुने फलस्वरूप अर्थ, र बेवखतमा गरेको प्रयत्नबाट फल प्राप्त नहुनु स्वरूप अनर्थ पनि हुन्, दण्डनीतिशास्त्रमा ~~आफू भन्दा बलियो~~ सँग सन्धि गरीकन व्यावहारिक योगक्षेम गराउने आफू भन्दा बलियासँग सन्धि गर्नु आदि नय- कुनीतिहरू योगक्षेममा हानि गराउने आफू भन्दा बलियासँग विरोध गर्नु आदि अनय-कुनीति पनि हुन् प्रधान रूपले बताइएका छन्।

आन्वीक्षिकीशास्त्रले यी सबै विषयमा कुन चाहीं बलवान् कुन चाहीं दुर्बल भन्ने कुरा हुनपाने कारणद्वारा विचार विमर्श गर्दै लोकलाई दुःखावस्था मा र सुखावस्थामा पनि बुद्धिलाई ठाउँमा राख्ने

विचार वचन काम तन मन

शरीर वाक् मनलाई उचित ~~बिचार~~ वचन

उचित विचार वचन काममा मन वाक् शरीरलाई

(उचित विचार वचन काममा लगाएर मन वाक् शरीरलाई निर्मल बनाई लोकको विशेष उपकार गर्दछ। अतः

आन्वीक्षिकी शास्त्र सबै विद्याका गहन विषयमा उज्यालो देखाउने बत्ती, सबै कामको उठानदेखि बैठान सम्म बुद्धिलाई प्रतिभायुक्त बनाउने साधन, लौकिक वैदिक सबै धर्महरूको विचारधारा एकै बाटो देखाउने आधार मानिएको छ।

॥ १-२ अध्याय २

प्रकरण १ विद्यासमुद्देश

(ख) त्रयीस्थापना (तीन वेदको महत्व)

ऋग्वेद सामवेद यजुर्वेद यी तीन त्रयी हुन्। अथर्ववेद इतिहासवेद पनि वेदका विभाग विशेष हुन्। वर्णको स्थान प्रयत्न उच्चारण आदि को उपदेश गर्ने याज्ञवल्क्य आदिले रचेको शिक्षाशास्त्र, यज्ञ यागहरूको क्रमिक विधानको उपदेश गर्ने आश्वलायन आदिले रचेका कल्पशास्त्र, शब्दको शुद्धिको उपदेश गर्ने पाणिनि आदिले रचेका व्याकरणशास्त्र, शब्दार्थको निर्वचन गर्ने यास्करचित निरुक्त शास्त्र, छन्दको उपदेश गर्ने पिङ्गल आदिले रचेका छन्दःशास्त्र, ग्रहगमन आदिको प्रतिपादन गर्ने ब्रह्मादि निर्मित ज्योतिषशास्त्र, यी ६ वेदका अङ्ग हुन्।

साङ्ग तीन वेदले उपदेश गरिएको धर्म, ब्राह्मण आदि चार वर्ण, ब्रह्मचर्य आदि चार आश्रम लाई आ-आफ्ना मार्गमा प्रवर्तन गराउने हुनाले उपकारी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढ्न पढाउन यज्ञगर्न यज्ञगराउन
ब्राह्मणको स्वधर्म- ~~अध्ययन, अध्यापन, यजन याजन~~
दिने दानलिन यी हुन्
दान ~~प्रतिग्रह~~; ~~क्षत्रियको स्वधर्म- अध्ययन यजन~~
क्षत्रियको स्वधर्म_ पढ्न यज्ञगर्न दानदिन शस्त्रधा
रणगरेर जीविका गर्न प्राणीहरूको रक्षागर्न यी हुन्
वैश्यको स्वधर्म_ पढ्न यज्ञगर्न दानदिन खेतीगर्न पशु
पालनगर्न व्यापारगर्न यी हुन्. शूद्रको स्वधर्म-
ब्राह्मण क्षत्रिय वैश्य यी द्विजातिको सेवा गर्नु, वार्ता- खेती
पशुपालन वाणिज्य, कालीगडी काम गर्नु गराउनु यी हुन्.

आश्रम
गृहस्थको स्वधर्म- आफ्नो कामबाट जीविका गर्नु आफ्नू
[illegible] गोत्र प्रवर समान नभएका सँग वैवाहिक सम्बन्ध
राख्नु समयमा मात्र स्त्रीसङ्ग, देवता पितृ अतिथि भृत्य
हरूलाई दिएर शेष खानु यी हुन्- ब्रह्मचर्याश्रमको
स्वधर्म- ~~वेदाध्ययन~~ त्रिकालस्नान, वेदाध्ययन अग्नि
सेवा, भिक्षाबाट जीवननिर्वाह गर्नु, व्रतनियममा रहनु.
उपकुर्वाण- समावर्तन गर्ने ब्रह्मचारीको, जीवनभर गुरु
कुलमा ~~रहनु~~, गुरु नभएमा गुरुपुत्र वा सतीर्थ्यको
साथमा रहनु नैष्ठिक- आजीवन ब्रह्मचारीको. यी धर्म हुन्
वानप्रस्थाश्रमको स्वधर्म- इन्द्रियहरू वशमा राख्नु कहीं
उद्योग नगर्नु, अकिञ्चन रहनु अरूको सङ्ग छोडी
थोरै घरमा भिक्षा मागेर जीवन धान्नु, वनमा बस्नु. निर्म
ल बाहिरी पवित्रता यी हुन्। पारिव्राजक- सन्यासा

वानप्रस्थाश्रमको स्वधर्म — ब्रह्मचर्यमा रहनु भुइँमा सुत्नु, जटा मृगचर्म धा
वानप्रस्थान
रण गर्नु। त्रिकालस्नान अग्निको होम, देवता पितृ अतिथिको पूजा,
वनमा हुने कन्द मूल फल आदि यी हुन्. सन्यासाश्रमको स्वधर्म
इन्द्रियलाई रोकी कुनै उद्योग नगर्नु, अकिञ्चन रहनु, सबैको सङ्ग
छोडिदिनु, अनेक घरमा भिक्षा मागेर जीवन धान्नु, वनमा बस्नु,
बाहिर भित्र पनि पवित्र हुनु यी हुन्.

हिंसा नगर्नु सत्य बोल्नु पवित्र रहनु कसैप्रति पनि रीस नगर्नु,
क्रूर नहुनु सहनशील हुनु यी सबै वर्ण आश्रमले पालन गर्नु
पर्ने साधारण धर्म हुन् ।

स्वधर्मले स्वर्गलाभ र अक्षय सुखको प्राप्ति पनि हुन्छ. स्वधर्म
को उल्लङ्घन गरेमा कर्मसाङ्कर्य वर्णसाङ्कर्य भई लोकको नाश हुन्छ
अर्थात् वर्णधर्म आश्रम धर्म आफ्नू आफूलाई नियत भए अनुसार
भक्ति श्रद्धापूर्वक आफ्नो कर्तव्य गरेमा धर्म भई रहेमा यो
लोकमा र परलोकमा पनि कल्याण हुने हुन्छ. अन्यथा गरेर
जसले जेसुकै मार्ग लिने गरेमा वर्णको व्यवस्था कर्मको व्यवस्था
सङ्कीर्ण भएर नाश भइ हुने कल्याणको सट्टामा अकल्याण हुने हुन्छ.

यसकारण राजाले लोकको आफ्नो आफ्नो स्वधर्म छान्नदिने
गर्नु. स्वधर्मको पालन गर्ने गराउने राजा यो लोकमा र परलोकमा
पनि आनन्द पाउँछ ।

वर्ण आश्रम सदाचारको मर्यादा पालन गर्ने व्यवस्था
बाँधेर वर्णाश्रमको स्थिति कायम गरिएकाले वेदमार्ग
सुरक्षित भएर आजसम्म रहेको छ, कहिल्यै बिग्रँदैन.

~~१ – २ अध्याय पूर्ण~~

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

१-४ अध्याय ४

प्रकरण १ विद्यासमुद्देश.

(ग) वार्ता दण्डनीतिस्थापना
(वार्ता र दण्डनीतिको महत्व)

कृषि (खेती) सम्बन्धी कामहरूको प्रतिपादन गर्ने शास्त्र पराशर आदिले बताइएको छ, पशुपालन-सम्बन्धी (गाई भैंसी घोडा आदि) प्रकारको उपदेश गर्ने शास्त्र गौतम शालिहोत्र पालकाप्य आदिले बताइएकोछ, वाणिज्य-क्रयविक्रयव्यवहारको कर्तव्य उपदेश गर्ने शास्त्र विदेहराज आदिले बताइएको छ. कृषि पशुपालन वाणिज्य यी तीन कुरा रहेको वार्ता शास्त्र- जीवननिर्वाहको साधनोपदेश गर्ने शास्त्र अनाज पशु नगद जिन्सी वस्तुको उत्पादन र कर्मकर (श्रमजीवी) हरूलाई कामदिनु इत्यादि द्वारा लोकलाई प्रत्यक्ष उपकार गर्ने भएकोछ. अन्नादि द्वारा कोश र सेना सञ्चय गराएर आफ्नो पक्ष र पराइको पक्षलाई राजाले वशमा राख्दछ.)

आन्वीक्षिकी त्रयी वार्ता यी सबैलाई योगक्षेम दिलाउने दण्डरूप उपाय हो. त्यो सम्बन्धी नीति नै दण्डनीति हो. यस वा अप्राप्त [illegible]को प्राप्ति, प्राप्त [illegible]को रक्षा, रक्षा गरिएकालाई बढाउनु, बढाइएकोलाई तीर्थ-योग्य काममा प्रयोग गर्नु यी सुफल दिएर दण्डनीतिकै आधारमा लोकव्यवस्था चले-को छ. अतः लोकव्यवस्था राम्रो गरी चलीहालोस् भन्ने अभि-लाषा राख्ने राजाले सर्वसर्वदा दण्डनीति जाग्रत रहनु पर्दछ.

समस्त प्राणीहरूलाई वशमा राख्ने दण्डजस्तो अर्को कुनै छैन भनी आचार्यहरू भन्दछन्. कौटल्य भन्दछन् कि यसरी दण्डलाई प्रधानता दिनु उचित हुँदैन. किनभने, कडा दण्ड दिने राजा प्राणीहरूलाई उत्पीडक हुन्छ, फिक्का दण्ड दिने राजालाई सबैले हेप्दछन्. ठीक नापतौल मिलाएर उचित दिने राजा नै पूज्य हुन्छ. शास्त्र आदिको विचार गरेर जानीबुझी प्रयोग गरिएको दण्डले प्रजाहरूलाई धर्म अर्थ काम यी त्रिवर्गको योग गराउँछ. काम क्रोध अज्ञानको वशमा परी मनपर्दो गरी प्रयोग गरिएको दण्डले घरबार छोडेर वनमा बस्ने र सर्वत्यागी संन्यासीहरूलाई समेत चिढाउँछ भने गृहस्थलाई किन चिढाउँदैन. दण्ड गर्ने व्यवस्था नभएमा मात्स्यन्याय- माछाको चाल चलेर बलियाले निर्धालाई दबाउने हुन्छ. दण्डधारी राजा नभएमा बलियाले दुर्बललाई खाइदिन्छ. त्यही दण्डबाट सुरक्षित भएर निर्धाले बलियालाई रोक्छ.

चार वर्ण चार आश्रम भएको यो लोक राजाले दण्डकै आधारमा रक्षा-पालन [illegible]. गरेकोले हुनाले आफ्नो धर्म कर्ममा लागीरहेर आफ्नो घरमा आनन्द साथ बसीरहन्छ. दण्डधारी कोही नभएमा आफ्नो घरमा पनि बस्न पाउन दुर्लभ हुन्छ.

~~१-४ अध्याय पूर्ण~~

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१-५ अध्याय ५

२ प्रकरण - वृद्धसंयोग
(ज्ञानवृद्धहरूसंगसम्पर्क)

~~१-५ अध्यायको~~

चार वर्ण आश्रम भएको लोकलाई दण्डको आधारमा पालन गर्ने हुनाले आन्वीक्षिकी, त्रयी वार्ता दण्डनीति रूप सबै विद्याको मूल आधार दण्ड हो; दण्डको आधार विनय-सुशिक्षा हो. सुशिक्षित आश्रममा चलाएको दण्डले प्राणीहरूको योग क्षेम गराउँछ।

विनय-सुशिक्षितपना कृत्रिम र स्वाभाविक पनि हुन्छ. स्वभावैले विनय भएकालाई ज्ञानवृद्धहरूको उपदेश आदि कृत्रिम उपायले अति विनीत गराउँछ. सुपात्रलाई नै उपदेश आदि क्रियाले विनीत गराउँछ, कुपात्रलाई उपदेशले पनि विनीत गराउन सक्दैन सुन्ने चाहना, मन दिएर सुन्नु, सुनेको कुरा बुझ्नु, बुझेको कुरा मनमा लिइराख्नु, मनमा लिएको कुरामा साध्य साधनहरूको विवेक राख्नु, नभनेको कुरा पनि अड्कल गर्नु, युक्तिबाट सिद्ध नभएको कुरा छोडिदिनु, तत्व कुरामा दृढ हुनु, यस्ता गुणले सम्पन्न भएको पुरुषलाई विद्याले सुशिक्षित बनाउँछ, ती गुण नभएकालाई विद्याले पनि शिक्षित गराउन सक्दैन.

विभिन्न विद्याका उपदेशक आचार्य हरूले भने बमोजिम चल्नाले शिष्यमा विनीतपना र विनीतको सदाचार नियम पनि आउँदछ.

३ वा ५ वर्षमा चूडाकर्म भएपछि अक्षर अङ्कको अध्ययन गराउनुपर्दछ. उपनयन संस्कार भएपछि आप्त विद्वान्हरू बाट त्रयी वेद र आन्वीक्षिकी विद्या, त्यस त्यस विषयका विशेषज्ञ अध्यक्षहरूमा वार्ता— कृषि पशुपालन वाणिज्य विद्या) सैद्धान्तिक ~~व्याख्यान~~ र प्रयोगमा निपुणहरू बाट दण्डनीति विद्या पनि सिक्नु पर्दछ.

सोह्र वर्षसम्म ब्रह्मचर्य पालन गर्दै, अनि केशान्त कर्म र विवाह कार्य गर्ने.

विद्यावृद्धहरूसँग सम्पर्क सहवास सुशिक्षा बढाउनलाई आवश्यक छ. विद्वान्हरूको सहवास नै विनयको मूल कारण हो.

दिनको पूर्वभागमा हात्ती घोडा रथहरू चढ्ने हतियार चलाउने विषयमा तालिम लिनु. दिनको उत्तरार्धमा इतिहास हरू सुन्ने शिक्षा लिनु: पुराण, रामायण महाभारत आदिको पूर्व कथानक, दिव्य मानुष आदि वार्ताका उपाख्यान, उदाहरण—न्याय देखाउने मीमांसा आदि, धर्मशास्त्र अर्थशास्त्रको पनि शिक्षा लिनु. दिन रातका अरू बाँकी भाग नयाँ नयाँ कुरा सुन्नु, जानिसकेका कुराको चिन्तन, राम्ररी नजानिएका विषयलाई बारम्बार सुन्ने पनि गर्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्नाले बुद्धि बढ्दछ, बुद्धि बढ्नाले शास्त्रमा
जीवन चल्नामा श्रद्धा हुन्छ, शास्त्रोक्त विषयमा प्रवृत्ति
हुनाले विशाल हृदय बन्दछ. विद्याको शक्तिनाट फल
प्राप्त हुन्छ.

विद्या पढेर सुशिक्षित भएको राजाले प्रजालाई
सुमार्गमा चल्ने तालिम दिएर समस्त प्राणीको
हितकारी भई पृथ्वीको एकछत्र राज्य गर्दछ.

१-६ अध्याय ६

प्रकरण ६ इन्द्रियजय र
कामक्रोधादिको त्याग.

विद्या र विनयको सम्पादन गर्न काम, क्रोध,
लोभ, मोह भन्ने पनि, धन विद्याको घमण्ड, हर्ष
जा पाएर मस्त हुनु यी ६ वटा भित्री शत्रुलाई हटाएर
इन्द्रियलाई वशमा राख्नुपर्दछ. इन्द्रियजय भनेको
कर्ण त्वचा चक्षु जिह्वा घ्राण यी इन्द्रियको शब्द स्पर्श
रूप रस गन्ध यी विषयमा नचाहिंदो व्यापार नहुनु अथवा

किंवा यी इन्द्रियको यी विषयमा शास्त्रले भने बमोजिम मात्र
प्रवृत्ति हुनु हो. समस्त शास्त्रले यसो गर्नू भनेको अति
इन्द्रियजयको विधान कारण हो.

शास्त्रको विरुद्ध व्यवहार गर्ने इन्द्रियलाई वशमा राख्न
नसक्ने छ भने चार समुद्रसम्मको राजा भएपनि विग्रन्छ.
जस्तै—

(क) भोज कुलका दाण्डक्य भन्ने राजा कामवश भएर ब्राह्मण
को कन्यामा आसक्त भएर अपहरण गर्दा उनका पिताको
शापले बन्धुवर्ग राज्य समेत नष्ट भए. यस्तै विदेह देशका
राजा कराल भन्नेपनि ब्राह्मणीको कामासक्त हुंदा ब्राह्मणको
शापले नष्ट भए.

(ख) जनमेजय राजा अश्वमेध यज्ञ ब्राह्मणहरूसंग क्रोधले
कलह गर्दा शापले नष्ट भए. यस्तै तालजङ्घ भन्ने राजा
भृगुहरूमा क्रोधले नाइ लाग्दा नष्ट भए.

(ग) पुरूरवा राजा लोभले चार वर्ण प्रजाबाट धेरै धन लिंदा
नष्ट भए. सौवीर देशका अजबिन्दु राजा पनि लोभले नष्ट भए

(घ) अभिमानले गर्दा रावण रामचन्द्रकी प्रिया सीतालाई
हरेर नफर्काउंदा नष्ट भयो. यस्तै दुर्योधन पनि गर्वले
पाण्डवहरूको राज्य भाग नदिंदा नष्ट भयो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ.) मदले दम्भोद्भव भन्ने राजा धेरै प्रजाहरूलाई हेला गर्दा नरनारायणबाट युद्धमा हारियो भने हैहय वंशका राजा कार्तवीर्य मदले परशुरामका पिता जमदग्नि उपर अपराध गर्दा परशुरामबाट मारिए।

(च) ब्राह्मणलाई हर्षले उन्मत्त वातापि भन्ने दानव अगस्त्यलाई छक्काउँदा उनको श्रापले नष्ट भयो. यस्तै यादवकुल हर्षले उर्वशी व्यास लाई छक्काउन खोज्दा उनको श्रापले नष्ट भयो।

यी र यस्तै अरू पनि धेरै राजाहरू काम क्रोध आदि भित्री छ शत्रुको वशमा परेर जितेन्द्रिय नहुँदा वन्धु परिवार सहित नष्ट भएका छन्।

यी काम क्रोधादि छ शत्रुलाई हटाउनाले जितेन्द्रिय भएका हुनाले परशुराम अम्बरीष नाभाग हरूले चिरकाल सम्म पृथिवीको उपभोग गरे।

~~क्रोध~~

(८.) अध्याय

~~...~~

३ प्रकरण इन्द्रियजय (क) राजर्षिवृत्त (राजर्षिको व्यवहार)

त्यस कारण काम क्रोध आदि भित्री छ शत्रुलाई त्याग गरेर इन्द्रिय [illegible]।

अतः राजाले काम क्रोध आदि भित्री शत्रुहरूको वशमा नपरेर इन्द्रियको विजय, ज्ञानवृद्धहरूको सङ्गतले बुद्धिको विकास, चरहरूद्वारा आफ्नो र शत्रुको राष्ट्रलाई प्रत्यक्ष गर्ने शक्ति, उद्योगशील भएर योग र क्षेमको साधन, प्रत्येक काम यसरी गर भन्ने आज्ञा दिएर प्रजामा स्वधर्मको स्थापना, विद्याको उपदेशले सुशिक्षा, धनको सदुपयोग गरेर लोकको आफूमा प्रेम, सबैको हित गरेर लोक व्यवहार गर्ने गर्नुपर्दछ।

यसरी इन्द्रियहरू आफ्नो वशमा राखेर परस्त्रीमा आसक्ति, पराइको द्रव्यमा लोभ, हिंसा, चाहिने भन्दा बढी निद्रा, अस्थिरपना, असत्य, उद्धत भेष, अर्थ-धनको दुरुपयोग, अधर्म अनर्थ हुने व्यवहार पनि छोड्नुपर्दछ।

धर्मशास्त्र अर्थशास्त्र दुवैमा विरोध नपर्ने गरी काम-विषय भोग गर्नुपर्दछ। बिलकुलै सुखको त्याग पनि गर्नु हुँदैन। अथवा धर्म अर्थ काम यी तीनै पुरुषार्थ एकको अर्कासँग सम्बन्ध रहने विरोध नपर्ने गरी ~~[illegible]~~। समान रूपमा तीनै कुराको साधनामा लाग्नुपर्दछ। धर्म अर्थ काम यी तीनमा एकमात्र उल्केर अर्कोलाई ~~[illegible]~~ बाधा दिने गर्नु हुँदैन।

धर्म अर्थ काम यी त्रिवर्ग मध्यमा अर्थ-धन चाहिँ मुख्य हो। धर्म र काम दुवैको मूल आधार अर्थ नै छ भन्ने कौटल्य भन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाले गुरुहरू र अमात्य-मन्त्रीलाई आफ्नो मर्यादा-सीमा बन्धन जस्तो गराउनुपर्दछ. तिनीहरूले नै राजालाई कुबाटो लाग्न लागेमा सुबाटो देखाएर अनर्थ-हानिबाट बचाउछन्. राजाले असावधान भएर कुबाटो लिन लागेमा पनि [illegible] गुरु मन्त्रीहरूले छाया-घडीहरूले जान्न दिदै गरेझैं गरी एकान्तमा जनाउ दिदै [illegible] सावधान गराउन्.

एक पाङ्ग्राले मात्र रथ नचलेझैं राज्य पनि केवल राजा एक्लैबाट चल्दैन. अर्को पाङ्ग्रा जस्ता सहायक बन्न गुरु अमात्य हरू पनि चाहिन्छन्. राजाले सबैको कुरा सुन्नु पर्दछ.

७-८ अध्याय ८

प्रकरण ४. अमात्योत्पत्तिः

(अमात्य-कार्यसचिव नियुक्ति)

मतभेद-

(कार्यसचिव) १. अमात्य-[illegible] कस्ता बनाउने भन्ने विषयमा [illegible] आफूसँग सँगै पढेर शिक्षित भएको, इमानदारिता सामर्थ्य जानेबुझेको हुनाले यस्तालाई अमात्य बनाउनुपर्दछ. तिनी विश्वासी-भरपर्दा हुन्छन्- भन्ने भारद्वाज भन्दछन्.

२. विशालाक्ष (इन्द्र)- भन्दछन् कि त्यो ठीक हुन्न. सँग पढेका हरूसँग खेलवाड गरेका हुनाले राजालाई हेप्न हुन्छन्. अतः आफ्नो गोप्य कुरामा साथ दिएका लाई अमात्य बनाउनुपर्दछ. तिनीहरूको र राजाको शील स्वभाव व्यसन एकै हुनाले तिनीहरू मन मिल्दा हुन्छन्. तिनीहरू आफ्नो पनि भित्री कुरा खुल्ला भन्ने डरले राजाको बिगार गर्दैनन्.

३. त्यो दोषमा राजा र तिनीहरूको समानै हुन्छ. तिनीहरूले पनि राजाको मर्म बुझेका हुनाले तिनबाट मर्म खुल्ला भन्ने डरले त्यस्ता अमात्यले राम्रो नराम्रो जस्तो गरे पनि राजाले हो भन्नुपर्ने हुन्छ. यस विषयमा यसो भनेको छ कि—

राजाले जतिसँग आफ्नो गोप्य मर्म कुरा भन्दछ, त्यो कामले त्यतिको वशमा रहनुपर्दछ।

अतः आफूलाई प्राण सङ्कट परेको बखतमा जसले दया माया गरेका छन् तिनलाई अमात्य बनाउनुपर्दछ. तिनको आफूप्रति प्रेम देखिसकेको छ भन्ने पराशर भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. पिशुन (नारद) भन्दछन् कि यसो ठीक होइन. प्राण सङ्कटमा परेर पनि नआत्तिनु बुद्धिको गुण होइन, त्यस बाहेक बुद्धि मार्ग अभ्यासीले नै जान सक्छ. यसगर्दा याने आज्ञापालन गरी कार्यमा लाग्ने उदाहरण जस्तो भनेबमोजिम काम गर्दछ अथवा मालिकले दिएको काम सम्पन्न गराउँछ त्यस्तालाई अमात्य बनाउनुपर्दछ. जसको गुण आफूले देखिसकेको हुन्छ।

५. कौणपदन्त (भीष्म) भन्दछन् कि — त्यसो होइन. जसमा अमात्यमा चाहिनुपर्ने निश्चय पनि अनुराग आदि अरु गुण हुँदैन. अतः बाबुबाजेका पालादेखिकालाई अमात्य बनाउनुपर्दछ, तिनीहरूको खान्दानी गुणको अनुभव भइसकेको हुन्छ. त्यसले राजाले केही बिगारे पनि राम्रो आज्ञा पाइआन भएकाले हुनाले छोड्दैनन्. मानिसबाहेक पशु आदिमा पनि परेबुढा देखेर्छ कि — गाईहरू आफ्नो परिचय नभएको गोठान छोडेर परिचय भएकै गोठमा जान्छन्

६. वातव्याधि (उद्धव) भन्दछन् कि — एउटै हिसाबमा परिचय भएका छन् आफ्नै मालिक जस्तो भएर सबै सम्पत्तिमा हात हाल्ने सक्ने अधिकार हुन्छ. अतः नीतिविद्यामा निपुण नयाँलाई अमात्य बनाउनुपर्दछ. नयाँ मानिसले राजालाई यमराज जस्तै दण्डधारी ठानेर अपराध गर्दैनन्।

७ बाहुदन्तीपुत्र (इन्द्र) भन्दछन् कि त्यसो होइन. नीतिशास्त्र जानेको भए पनि कामकाज देखेसुनेको अनुभव नहुनाले काम गर्दा [illegible] अलमलमा पर्ने हुन्छ. अतः खान्दान —

खान्दान (आत्मवान्) ठूलो बुद्धि पवित्रता (इमानदारी) शूरता अनुराग (भक्ति) भएकालाई अमात्य बनाउनु. यिनीहरूमा चाहिने गुण प्रधान भएको हुन्छ।

८ कौटल्य भन्दछन् कि — यो सबै कुरा ठीक हो. काम गर्ने शक्ति र योग्यता वा पुरुषमा [illegible] सामर्थ्य [illegible] भएको मानिन्छ.

अमात्यमा चाहिनुपर्ने गुण देश काल काम सबै विचार गरेर अमात्य अर्थात् कार्यसचिव बनाउन हुन्छ मन्त्री अर्थात् धीसचिव (मन्त्रणा गर्ने) बनाउन हुँदैन. मन्त्रीमा सबै गुण भएका हुनुपर्दछ,

१-२ अध्याय ८

प्रकरण ५ मन्त्री र पुरोहित खडाउने.
धीमानेव आमन्त्रपुरोहितौ

मन्त्री अध्याय ९

~~प्रधान अमात्य प्रधानमन्त्री~~

धीसचिव अर्थात् बुद्धि मन्त्रणा द्वारा राजालाई सहायता दिने प्रधानमन्त्री — [१] जानपद (देशको नागरिक)[२], असल कुलमा पैदा भएको[३], बन्धुबान्धव बेस भएको[४], हात्ती घोडा रथ चढ्न अस्त्र चलाउन युद्धको कौशल आदि संगीत विद्यामा सुशिक्षित[५], अर्थशास्त्रमा राम्रो दख्खल भएको[६], स्मरणशक्ति बुद्धि भएको[७], कुरा बुझ्ने[८], छिटो काम गर्ने[९], मीठो बोल्न सक्ने कुरा गर्ने सिपालु[१०], धैर्य[११], तुरुन्त काम सम्हाल्न र जवाफ दिन सक्ने[१२], उत्साही[१३], प्रभाव भएको[१४], परिश्रम गर्न सक्ने[१५], पवित्र इमानदार[१६], सबैसँग स्नेहको व्यवहार गर्ने[१७], मालिक राजाको दृढ भक्त[१८], असल चरित्र[१९], शारीरिक बल[२०], आरोग्य[२१], धैर्य भएको[२२], स्तम्भ-पक्रने वा घमण्डी चञ्चल (अधकल्चो) [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभएको, सौम्य आकार देखिने, वैरभाव नदेखाउने, रिसउठ्नो नहुने यस्तो गुणले भरपूर हुनुपर्दछ। यी गुणहरूमा चौथाइ भाग कम भएको मध्यम, आधा गुण भएको निम्न कक्षाको मन्त्री हुन्छ।

यी गुणमध्यका जनपद-जन्मस्थान, अवग्रह-बन्धुबान्धव विश्वासी जनबाट बुझ्नुपर्दछ। इलम शास्त्रको ज्ञान दृष्टि उनका सहाध्यायी बाट बुझिन्छ। कामभर्दा शक्ति तीखो बुद्धि स्मरणशक्ति छिटोपना, कुराकानीमा एक्रो बोल्ने शक्ति, दक्षता प्रतिभाशक्ति, आपत्तिको समयमा उत्साहीपन प्रभाव, परिश्रम सहने शक्ति, व्यवहारबाट पवित्रता प्रेमीपन दृढ भक्ति, सहवासीहरूबाट चरित्र बल आरोग्य धैर्य घमण्ड नहुनु चञ्चल नहुनु यी गुणको पारख हुन्छ, सौम्य अनुहार रिसउठ्नो नहुनु आफैले हेर्दा थाहा हुन्छ।

राजाको व्यवहार कुनै प्रत्यक्ष देखिने, कुनै परोक्ष- अर्काबाट थाह हुने, कुनै अनुमेय- अड्कल गर्नुपर्ने हुन्छ।

राजाको व्यवहार कुनै प्रत्यक्ष, कुनै परोक्ष, कुनै अनुमेय हुन्छ। आफैले खास देखेको प्रत्यक्ष, अर्काले भनेर थाहा पाइने परोक्ष कामका गरेकोबाट नगरेको पनि अन्दाज गरिने अनुमेय हुन्छ। सबै काम एकैपटक पनि आउने, काम पनि धेरै थरी हुने, सो काम अनेक ठाउँमा गर्नुपर्ने पनि हुनाले कामको समय नगुजारी गर्नुपर्ने ठाउँ र समयमा काम हुने गराउन

सबै काम राजाले स्वयं गर्नु असम्भव हुँदा गर्नुपर्ने सबै काम उचित ठाउँ र समयमा हुने गराउन आफ्नो आँखा पछाडि पनि अमात्यहरू द्वारा गराउनुपर्दछ। यसैले मन्त्री अमात्यहरू खडा गर्नु आवश्यक छ।

पुरोहित—

भनेबमोजिम शास्त्रज्ञान कुलको उच्च सदाचार भएका ६ अङ्ग सहित वेद, ज्योतिष शास्त्र, शकुनशास्त्र, दण्डनीतिशास्त्रहरूमा सुशिक्षित दैवी र मानुष आपत्ति पर्न आएमा अथर्ववेदका प्रयोग र साम दानादि उपाय द्वारा गुरुका प्रतीकार गर्ने पुरोहित खडा गर्नु। शिष्यले गुरुको, छोराले बाबुको, भृत्यले मालिकको झैं यस्ता पुरोहितको राजाले आदर गर्नुपर्छ।

गुणसम्पन्न पुरोहित रूप ब्राह्मणले बढाइएका, मन्त्रीको रायसल्लाहले सुसंस्कृत शास्त्रमा टेकेको क्षत्रिय राजाले शस्त्र नचलाइकनै तथा भारी अवश्य जित्नेछन्।

×

१—१० अध्याय १०

प्रकरण६ अमात्यहरूमा पविचना भए नभएको परीक्षा।

अमात्य बनाइने मानिसलाई पहिले साधारण अड्डाखानाको काममा राखी प्रधानमन्त्री र पुरोहितको मदत लिएर अनेक छल गरेर गुप्त चाल खोज तिनमा पविचना भए नभएको यस्ती जाँच गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) पहिले पुरोहितलाई, यज्ञ गराउन नहुने चण्डाल आदि नीचलाई यज्ञ गराउनु भन्दा सनुचित आज्ञाले रिसाए भनेर तिनलाई खारेज गरिदिनू. यसरी तिरस्कार गरिएका पुरोहितले सत्री-मठका चेला जस्ता बनेका गुप्तचरद्वारा प्रत्येक अमात्यकहाँ पठाएर, किरिया हालेर [illegible] यसको फुटाउने कुरा गर्नू — हेर यी राजा अधर्मी छन्, धर्मविरुद्ध [illegible] काम गराउँछन्, यिनलाई हटाएर यिनको ठाउँमा अर्को धर्मात्मा [illegible] कुलीन राजकुमारलाई वा यिनकै कुलका सबैले मन पराएका लाईं, वा सामन्त रजौटालाई वा जङ्गलका नायकलाई, वा नगरका कुनै बेस मानिसलाई हामी सबै मिलेर खडा गरौं, यो कुरा सबैलाई ठिक्क लागेको छ तपाईं के भन्नुहुन्छ — भन्न लगाउनू. यसो भन्दा यसो [illegible] हुदैन म सहमत छैन भनी अमात्यले भनेमा यो मानिस इमान भएको रहेछ भनी ठहर्याउनू — यसो धर्मोपधा — अर्थात धर्मको छलले परीक्षा हो।

(ख) सेनापतिलाई मान्न नहुनेलाई मान गर भनी अह्राऊनू. सो नगर्नमानेपछि अपमान गरेर पदबाट हटाइदिनू. सो अपमानित सेनापतिले सत्री वा कुनै प्रत्येक अमात्यकहाँ पठाएर धनको लोभ देखाएर यसको आदेशको राजा नाश हुन्छ अर्को खडा गरौं सबैलाई यो कुरा ठिक लागेको छ तपाईंको भन्नु हुन्छ भनि भन्दा यो कुरा हुदैन भनेमा यो अमात्य इमानदार रहेछ भनी ठहर्याउनू. यसलाई आर्थिक परीक्षाको परीक्षा हो।

(ग) अन्तःपुरमा जाने आउने आदर पाउने गरेकी कुनै विश्वास पाएकी जोगिनीले महामात्र-अमात्य एकेककहाँ गएर, तपाईंलाई महारानी चाहनुहुन्छ भेट गर्ने बाटो खोल्नुहुन्छ, यसबाट तपाईंलाई ठूलो लाभ हुन्छ. तपाईं के भन्नुहुन्छ — भन्ने भन्दा सो अमात्यले यो काम हुँदैन भनि [illegible] नमान्दा यो अमात्य पवित्र हृदय भएको रहेछ भन्ने ठहर्याउनू — यसो कामोपधा — कामनाको बहानाले भोग्ने जाँच हो.

(घ) [illegible] राजाको नगरमा रहेको कोरा अमात्यले प्रवहण — नाउको विहार गर्न भनी अरू अमात्यहरूलाई बोलाऊन्. यसबाट राजा कोधित भएर ती विहार गर्ने सबै अमात्यहरूलाई थुन्नू. त्यो थुनाममा अर्को कैदी तिनीमध्ये आगोछाडेदेखि थानेई रहेको कपटी गुप्तचरले धन र मानको हानि भएका प्रत्येक अमात्यसँग मिलेर — यी राजा कुचाल गर्दछ. यसबाट हामीलाई सर्वनाश हुन्छ हामी सबै मिलेर यसलाई सिध्याऔं अर्कोलाई खडा गरौं. सबै जना बेस हो भन्नुहुन्छ तपाईं के भन्नुहुन्छ भन्दा [illegible] नमान्ने अमात्यलाई चोखो ठहर्याऊनू. यसलाई भयको बहानाले भोग्ने जाँच हो.

यसरी धर्मोपधाको बहानाको जाँचमा चोखो ठहरिएकालाई धर्मस्थीय — धर्मसभासम्बन्धी पदमा र कण्टकशोधन — दुष्टदमनसम्बन्धी पदमा नियुक्त गर्नू. आर्थिक बहानाको जाँचमा चोखा देखिएकालाई समाहर्ता — एकत्र तहसीलउठाउने वा सन्निधाता — राजस्व उठाउने खजाना रक्षाको अध्यक्ष पदमा नियुक्त गर्नू. कामको बहानाको जाँचमा चोखो देखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषलाई राजाको भित्री वाहिरी विहार गर्ने ठाउँको रक्षा गर्ने काममा नियुक्त गर्ने. [illegible] भय को वधानको गरि मा चोखो ठहरिएकालाई राजाको आफ्नो रक्षा गर्ने इत्यादि काममा नियुक्त गर्ने. सवै किसिमको परीक्षामा चोखो ठह- रिएकालाई मन्त्रीपदमा नियुक्त गर्ने. चारै किसिमको जाँच मा नठहरिएका अमात्य हरूलाई खानीको [illegible], असल जातका हात्तीहरूको वन, हात्तीको वन को कारखानाहरू मा काम लाउन।

धर्म अर्थ काम भय यी चार किसिमका परीक्षामा चोखा ठहरिएका अमात्य हरूलाई आफ्नो पवित्रता अनुसारको काममा नियुक्त गर्नु भनि आचार्यहरूले व्यवस्था बाँधेका छन्.

कौटल्यको विचार यस्तो छ कि – राजाले आफूलाई र रानीलाई लक्ष्य गराएर अमात्य हरूको पवित्रता जाँच्नु उचित हुँदैन. अदोषी अमात्य आदिलाई छल गरेर दोषी बनाउनु पानीमा विष मिलाए जस्तो दूषित गर्नु हुँदैन. अदोषी व्यक्तिमाथि छल गर्दा कदाचित् दोषी बन्यो भने त्यसलाई सम्हाल्ने औषधि नै छैन.

अकार्थमा यस्तो चारै किसिमका वधानले [illegible] सच्चा हृदय भएका अमात्य हरूको बुद्धि थामिँदैन गयो भने आफ्नो को सीमासम्म नपुगीकन फर्कंदैन.

यसकारण राजाले यी चारै किसिमका जाली परीक्षा गर्दा मन्त्री गुप्तचर द्वारा बाहिरीया नै लक्ष्य गराएर अमात्य हरूमा पवित्रता भए नभएको बुझ्ने परीक्षा गर्नु पर्दछ.

१——×

(१ प्रकरण
१-११ अध्याय ११
प्रकरण ७ गुप्तचर खडाउनु.

जाँचमा ठहरिएर स्थिर भएका अमात्य हरूले थाँथा गुप्तचर नियुक्त गर्नुपर्दछ. कापटिक- कपटी छात्र जस्ता, उदासीन- उदासीन सन्यासी जोगी जस्ता, गृहपति- गृहस्थ जस्ता, वैदेहक- बनिया जस्ता, तापस-तप स्वी जस्ता, सत्री- अनेक विद्या पढ्ने मठहरूका छात्र जस्ता, र तीक्ष्ण- ज्यान मारा मारे हत्या आदि कडा काम गर्ने साहसी, रसद- विषको प्रयो ग गर्ने, भिक्षुकी- जोगिनी हरूलाई पनि गुप्तचरको काममा राखून्।

(क) कापटिक भनेको अर्काको मर्म-गोप्य कुरा थाह पाउने धीट छात्र हो. यस्तालाई धन र मान द्वारा उत्साह दिएर मन्त्रीले- राजालाई र मलाई प्रमाण मानी जहाँ जसको जे नराम्रो चरित्र काम देख्छौ त्यो तुरुन्त मलाई भन्न भनी अह्राऊन्.

(ख) उदास्थित भनेको चौथो आश्रम लिएर त्यसको व्रत पालन गर्न नसकी फर्केको बुद्धि र इमान भएको जोगी जस्तो हो. मित्रले धेरै धन र चेलाहरू समेत भएर वार्ता (खेती पशुपालन वाणिज्य) हुने ठाउँमा बसेर चेलाहरू द्वारा काम गरा उन्. त्यसबाट आएको लाभबाट सवै सन्यासी जोगीहरूको खाने लाउने बस्ने बन्दोबस्त गरिदिनू. छाने चाहने हरूलाई तिमीहरूले यही वेषमा रहेर राज्य भित्रको र परराज्यको पनि हाल खबर बुझ्दै भन्ना वेतन लिने बेलामा आएर सवै हाल बताउनु भनि अह्राएर सबैतिर चियो गर्न लाउन्. ती सन्यासी जोगीहरूले आफ्ना आफ्ना जातिका वर्गलाई पनि चियो गर्न लाउन्.

(ग) गृहपति भनेको खेतीवाला [illegible] राम्रो जीविका नभएको बुद्धि र इमान भएको हो. त्यसैले खेती गर्ने हरू रहेको ठाउँमा घुम्दै हाल खबर बुझ्दै भन्न आउने गर्न.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) वैदेहक भनेको जीविकाको बाटो नभएको बुद्धि र इमान भएको बनियाको भेष गरेको [illegible] व्यापारी हरु भएको ठाउँमा घुम्दै हाल खबर बुझी ल्याउने गर्छ.

(ङ) तापस भनेको मुडुलो वा लट्टा पालेको बाँच्न चाहने तपस्वी जो, तीर्थ शहर को नजीकैमा, अखाडा बनाएर धेरै मुडुला बनेका र जटा पालेका चेला हरु राखेर महिना दुई महिनामा शाग पात वा एक फाँको जौ देखाएर खाने, भित्र भित्र इच्छा माफिक मीठो खाने गर्छ. बनियाको काम गर्ने चेला हरुले तिनीलाई पूजा पाएका भनी संचार गर्दै. चेला हरु यता उता घुम्दै, यिनी योगी जे भने पनि जान्ने सिद्ध हुन् भनी बयान गर्दै गएर. आएका मानिसहरुको शरीर को लक्षण बाट यस्तो भएको यस्तो हुन्छ भन्ने कुरा शिष्य हरु द्वारा बुझेर भन्दछ. लाभ हुने, आगो लाग्ने चोर लाग्ने राजद्रोही को वध हुने, इनाम पाउने कुरा र विदेशको हाल खबर हरु पनि भन्ने गर्दछ. आज भोलि यस्तो हुनेछ राजाले यस्तो गर्नेछन् भन्दछ, चेलाहरुले यो भनेको कुरा मिल्दो गराई दिन्छन्. धैर्य बुद्धि भएका बोलक्कड शक्ति भएका मानिस हरु लाई राजाबाट लाभ हुने मन्त्री हरु सँग भेट हुने कुरा पनि गर्छ. मन्त्रीले यस्तालाई जीवन वृत्ति र काम दिने विशेष यत्न गर्छ. कोही कारणले रिसाएका चिढिएका मानिस हरु पनि लगाएर उसलाई धन मान दिएर शान्त गराउँछ. विना कारण राजद्रोह गर्ने हरु लाई पनि गुप्त वध गराउँछ.

राजाबाट धन मान पाएका कापटिक उदास्थित गृहपति वणिक र तापस यी पाँच किसिमको गुप्तचर विभागले अमात्य आदि कर्मचारी हरुको पवित्र चाल चलन भए नभएको बराबर बुझी खबर दिने गर्छ.

अध्याय १२

प्रकरण ८ गुप्तचरको नियुक्ति.

अघिल्लो प्रकरणमा कापटिक आदि पाँच संस्था बनेका गुप्तचर हरुलाई राजा र प्रधान मन्त्री ले सम्बन्ध राखेर दान मान गरी काम लगाउने विषय भनियो. अब सत्री आदि गुप्तचर को ता मन्त्री सँग नभई राजा सँग सम्बन्ध भई उनलाई नै खबर दिने कुरा यस प्रकरणमा भनिन्छ.

(क) 'सत्री' नामक गुप्तचर खास राजा सँग सम्बन्ध भएर पाले पोसेका हुन्छन् जो नीति सामुद्रिक आदि लक्षण शास्त्र, शिक्षा व्याकरण आदि अङ्ग विद्या, वशीकरण आदि नामक [illegible] विद्या, माया-इन्द्रजाल, आश्रमको धर्म, शकुन विद्या, अन्तरचक्र पक्षीहरुको शुभाशुभ थाहा पाउने पक्षिशास्त्र आदि जान्ने वा [illegible] सर्वसाधारण सँग सम्बन्ध राख्ने संसर्ग विद्या पढेका हुन्छन्.

(ख) 'तीक्ष्ण' भनिने हरु आफ्नो ज्यानको माया नगर्ने शूर, द्रव्यको निम्ति हात्ती बाघ आदि हिंसक जन्तु सँग पनि लडाइँ गर्ने हुन्छन्.

(ग) 'रसद' भनिने हरु बन्धु बान्धवमा पनि माया नराखे क्रूर प्रकृति भएका विषप्रयोग पनि गर्ने उत्साह भएका हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ब) परिव्राजिका- संन्यासिनी चाहे ब्राह्मण चाहने दरिद्र विधवा पछि ब्राह्मण [illegible] मा पैदा भएकी, अन्तःपुरमा पनि मान पाउने अमात्य आदि प्रधान पुरुषहरूकहाँ बराबर जाने हुँदिन। यस्तै मुण्डा (बौद्ध भिक्षुणी) वृषली (शूद्रा) हरू पनि घर घर घुम्ने हुन्थे।

सत्री आदि चर हरूको [illegible]-व्यवहार यस्तो हुन्थ्यो। तिनीहरू यताउति घुमिरहने डुल्ने गुप्तचर हरूलाई 'सञ्चार' पनि भनिन्थ्यो।

यस्ता सञ्चार [illegible] जनहरूलाई राजाले आफ्नो देशमा 1 मन्त्री 2 पुरोहित 3 सेनापति 4 युवराज, 5 दौवारिक- राजद्वारको प्रधान निरीक्षक, 6 आन्तर्वंशिक- अन्तःपुरको मुख्य अधिकारी, 7 समाहर्ता- एकत्र तहसील गर्ने, 8 सन्निधाता- कोशको प्रधान रक्षक, 10 प्रदेष्टा- कण्टकशोधनको मुख्य अधिकारी, 11 नायक- एक दुई हजार पैदल सेनाको नेता, 12 पौरव्यावहारिक- सहरको मुख्य पुरुष, 13 कार्मान्तिक- खानी आदि कार्यालयको अधिकारी, 14 मन्त्रिपरिषद्- मन्त्रिसभाको अध्यक्ष, 15 दण्डपाल- सैन्य समूह हरूको नेता, 16 दुर्गपाल- किल्लाको रक्षक, 17 अन्तपाल- राज्यसीमाको रक्षक, 18 आटविक- जङ्गली दलको प्रधान जातिलाई अष्टादश तीर्थ-प्रधान भनिन्छ। तिनीहरूकहाँ श्रद्धा-विश्वास [illegible] देश वेश शीप भाषा व्यवहार को व्यवस्था गरेर पठाएर भक्ति र शक्ति अनुसार जासुसी गर्ने गरी राख्नु।

9 प्रशास्ता- अड्डाको रक्षक

यी सञ्चार हरू मध्यमा 'तीक्ष्ण' हरू मन्त्री आदिको छाता काठी पीढा खराउ आसन यान वाहन हरू लिएर सजाउने पाहिलागी तिनको बाहिरिया गतिविधि बुझ्न तिनले भेटेको पत्ती पनि गुप्तचर संस्थामा जाहेर गर्दै 'रसद' हरू भान्से खाने कुरा तयार गर्ने, स्नान गराउने, संवाहक- मसाज गर्ने, आस्तरक- बिछौना लाउने, कल्पक- हजाम, प्रसाधक- सिंगार्ने, पानी बोक्ने काम गर्ने भएर, कुब्जा बाउन्ने किराती लाटो बहिरो गोजाङ्गो अन्धो बनेर [illegible] नट- नक्कल गर्ने, नर्तक- नाच्ने, गायक- गाउने, वादक- बजाउने, वाग्जीवन- कुरा गर्ने भाट, कुशीलव- उफ्रने नाच्ने आदि खेल गर्ने वगैरे, यस्तै स्त्री जातिहरू पनि भित्रको जासुसी गरेर तिनीहरूले दिएको खबर। भिक्षुकी हरूले गुप्तचर विभागमा जाहेर गर्दै।

गुप्तचर संस्थाका अन्तेवासी-विद्यार्थी हरूले सङ्केती बोली इशारा अक्षर हरूद्वारा तिनी बाहिरी खबर राजाकहाँ पुऱ्याउने गरेर। तिनका संस्था (चार) हरूले पनि परस्परको काम खबर हरू परस्परले पनि थाहा नपाउने गर्नुपर्दछ।

भिक्षुकी हरूले राजदरबारमा भित्र पस्न नपाउने भएमा बाहिरी ढोकाले तिनी ढोकेलाई गरी परम्परा लेग राजाकहाँ खबर पुऱ्याउनु। नभए अन्तःपुरका सेवक हरूको आमा बाबु हुँ भन्ने बूढा बूढी वा मित्रको सेवा को शीप भएका हरू खेल तमासा देखाउने हरू दासी हरूद्वारा किंवा भित्र [illegible] हरूद्वारा वा भाँडा हरूमा लुकाएर राखेका गुप्त लेख सङ्केत हरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा हाल खबर लिन प्रयत्न गर्दै. दीर्घ रोग उन्माद गृहपीडा को बहाना गरेर वा आगो विष आदि को प्रयोग वा अन्य गुप्त खलबल मच्चिएको मौकामा गुप्तचर हरू सुरक्षित बाहिर निस्कन्.

गुप्तचर हरू बाट आएको खबर जति जना बाट उस्तै मिल्न आएमा पत्यार गर्नु. बरम्बार आएको खबर धेरै पटक आउँदो — बनावटी देखिएमा त्यस्तो झुठा खबर दिनेलाई गुप्त सजाय गर्नु। केवा त्यस्तो [illegible] खबर दिने चालाई खारेज गर्नु.

कण्टक शोधन अधिकरण मा पछि भनिएका योजना का चरहरू आफ्ना महामात्र नियमालेर मै भनेर शत्रुकहाँ जागिर खाएर बसी आफ्ना तर्फका चरहरूलाई सञ्चालन गर्दै [illegible] रहने हुन्छन्. तिनीहरू उभय वेतन — दुवैतर्फ पाने शत्रु आदिको पनि वेतन पाउने [illegible] हुन्छन्.

ती यस्ता वेतन खाने हरू का नहान बच्चा आफ्नो अधीनमा [illegible] राखेर तिनलाई शत्रु कहाँ काम पठाउनुपर्दछ. यस्तै शत्रुले पठाएका आफूकहाँ रहने पनि हुन्छन्. शत्रुकहाँ रहने आफ्ना चर, आफूकहाँ रहने शत्रुका चरहरूको पनि व्यवहार (गतिविधि) त्यस्तो। कोलिमका अन चर बाट पत्ता लाउने गर्नु.

यसैगरी शत्रु मित्र मध्यम उदासीन राजा हरू कहाँ र. [illegible] तिनीहरूका मन्त्री पुरोहित सेनापति आदि वा। कोलिमका [illegible] हरूमा आफ्ना तर्फका चरहरू पठाउनुपर्दछ. तिनीहरू आफ्नो घातित पनि आफ्ना तर्फका जड़ा बाउने तपस्वी कार्पटिक लाग्ने, सीज आदि थरी थरी चर हरू पठाउनुपर्दछ.

किल्ला हरूमा राजधानी आदि ठूला महाजनमा वानिया को रूपमा, दुर्ग को सीमाना हरूमा सिद्ध तपस्वीको रूपमा. गाउँमा किसान [illegible] ग्वाली जोगी को रूपमा राष्ट्रको सीमानामा गोठाला को रूपमा गुप्तचरहरू र वनमा भिक्षु जङ्गली जन आदि वनमा घुम्ने हरू पनि गरीगरी घुमाउँदै शत्रुपक्षको सबै हाल खबर हरू [illegible] चाँडो चाँडो आउने गरी बेवाहरूको जाँति बसाउनुपर्दछ.

यस्तै गरी आफ्नो देशमा घुम्ने रहने गुप्त र प्रकाश रूपका शत्रुपक्षका चरका पनि क उपस्थित सत्री तीक्ष्ण आदि पनि आफ्ना पक्षका ती चरहरू द्वारा पत्ता लाउने गर्नुपर्दछ.

जालसाजी लोभ्याए पनि शत्रुले आफ्नो पक्षमा लिन नसक्नै आफ्ना पक्षका विश्वस्त मानिसलाई कारज र कर्तव्य सबै बुझाई शत्रुपक्षका गुप्तचर हरू पत्ता लाउन आफ्नो राष्ट्रका सीमानाहरूमा राख्नुपर्दछ.

९-१२ अध्याय १३

प्रकरण ९ आफ्नो देशमा र कृत्य अकृत्य पक्षको रक्षा.

आफ्नो राज्यभित्र भजेका [illegible] रिसाएका हरू

आफ्नो राज्यमा कोही राजा बाट रिसाएर डराएर [illegible] अपमान पाएर वा लोभी भएर सन्तुष्ट नभएका हुनाले शत्रुले फुटाउन सक्ने हुन्छन् त्यस्तालाई कृत्य भन्दछन्, त्यस्तो नभएका शत्रुले फुटाउन नसकिने लाई अकृत्य भन्दछन्. यी दुवैथरीलाई शत्रुको भेदनीति बाट बचाएर उनीहरूलाई त्यस्ताको पहिचान गुप्तचर हरू द्वारा नै हुनेहुनाले गुप्तचरको प्रसङ्गमा अधिकरणको निरूपण गरिए.

राज्यका मन्त्री आदि प्रधान पुरुष हरू प्रति गुप्तचर लगाउने काम पछि भन्दछौं. त्यसैले देशवासी प्रजा हरूमा पनि [illegible] आफ्नामा को अनुरागी-भक्त छन् को छैनन् भनि बुझ्न गुप्तचर हरू लाउनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस निमित्त गुप्तचर विभागका सत्रीहरु दुइथरी बनेर तीर्थ सभा धर्मशाला वर्गवर्गका मानिस जम्मा हुने ठाउँहरुमा परस्पर झगडा वादविवाद गरुन् - त्यसमा कुनैले - यो राजा सबै गुणले पूर्ण छन् भन्ने बयान सुनिन्छ, खोइ? यिनको कुनै असल गुण देखिंदैन, यिनले नगरवासी देशवासी सबैलाई दण्ड र करले पीडा दिइरहेका छन्. भनि गर्नू.

~~[illegible]~~

त्यसमा हो त्यसै हो भनी एक थरीले निन्दा गर्ने. यिनलाई अर्कोथरीले कुरा काटेर - बलियाले निर्धालाई दबाउने माछाको चालले पीडित भएका प्रजाहरुले वैवस्वत मनुलाई राजा खडा गरे. अन्नको ६ भागको एक भाग र बिक्रीहुने मालको मोलको दश भागको एक भाग नगद पनि राजाको भाग भनी छिने गरे. यही भागले पालिएका राजाहरु प्रजाहरुको योग-अलब्धलाभ, क्षेम-लब्धको रक्षा गर्ने भए. ती राजाहरु का दण्ड सजाय र प्रजाबाट लिइने करले प्रजाहरुमा पर्न आउने चोरहरुको पीडा हटाउने र प्रजाको योगक्षेम गराउने भएका हुन्छन्. यसैले वनवासीहरु पनि शिला खोजेको अन्नको ६ भागको एक भाग जसले हामीलाई रक्षा गर्दछन्, उनको यो भाग भनी चुकाउँछन्. प्रत्यक्ष देखिनेगरी निग्रह र अनुग्रह गर्ने राजाहरु इन्द्र र यमराजको आसनमा रहेका छन्. यस्ता राजालाई हेला गर्नेलाई दैवताको दण्ड भोग्न पर्दछ. यस कारण राजालाई अनादर गर्न हुँदैन - भनी ती क्षुद्र बुद्धि भएकाहरुलाई रोक्नू, हप्काउनू.

ती सत्री चरहरुले चारैतिर घुम्दै लोकले के के भन्दछन् सबै बुझ्ने गर्नुपर्दछ.

जुन मानिस सरकारी अन्न पशु नगदको काम गरेर जीविका गर्दछन्, संकटको वा अभ्युदय-जीविकाको समयमा अन्न पशु नगदहरु आय गराई राजाको भलो गर्ने, रिसाएका बन्धु बान्धव वा राष्ट्रलाई सम्झेर कोप हुन दिने वा आमन्त्रित जङ्गलीदलहरुलाई शत्रुभाव नगर्ने तुल्याउने भइरहेका छन् तिनीहरु राजादेखि खुसी राजी छन् छैनन् भन्ने कुरा मुडुला वा टुप्पे जोगीको रूप लिएर घुम्ने गुप्तचरहरुले बुझ्दै गर्ने।

असन्तुष्ट बुद्धिएकालाई बारंबार दान मान द्वारा राजाले सत्कार गर्नुपर्छ. बेखुसी भएको बुद्धिएकालाई पनि धन दिएर प्रिय वचन गरेर पनि प्रसन्न पार्नु, त्यसो गर्दा पनि खुसी नहुनेलाई सामन्त जङ्गली भैयाद थुनवाहरुबाट परस्पर बाट पनि फुटाउनू, त्यसो गर्दा पनि बेखुसी नै रहनेलाई दण्ड र कर उठाउने अधिकार दिएर प्रजाहरुसंग बैर उठाइदिएर, प्रजाका मन नपर्ने भए पछि तिनलाई गुप्त दण्ड द्वारा वा प्रजाको कोप द्वारा नहल्याउनू, किंवा शत्रुले तिनलाई हातमा नलिऊन् भनेर तिनका जघान वस्थाको रक्षा गरिदिएर तिनीहरुलाई खानीको कारखानामा लगाइदिनू।

राजादेखि रिसाएका डराएका अपमान गरिएका र लोभीहरु शत्रुको कृत्य अर्थात् हातमा पर्ने फुटाउने बन्दछन्, लाभ मुडेर जान्ने शकुन जान्ने ज्योतिषीहरुको रूप लिएका गुप्तचरहरुद्वारा तिनीहरुको परस्परको मूल बन्धी वा शत्रुसंग सम्बन्ध भए नभएको बुझ्ने गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तुष्ट र असन्तुष्टहरू थाहा भएपछि सन्तुष्ट-राजामाथि प्रेम गर्नेहरूलाई धन र मानले आदर गर्नु, असन्तुष्टलाई साम दान भेद दण्ड उपाय द्वारा दमन गर्नु।

यसरी नीतिज्ञाता राजाले आफ्नो राज्य भित्रका कुराव्यूहभएपछि सामानिन्य कृत्य अकृत्य दुवैथरीलाई शत्रुले आफूवार फुटाउन नपाउने गरी रक्षा गर्नुपर्दछ।

१-१४ अध्याय १४

प्रकरण १० — शत्रुपक्षका कृत्य अकृत्यलाई आफ्नुपक्षमा लेनु।

आफ्नो राज्यका कृत्य अकृत्य (असन्तुष्ट र सन्तुष्ट) पक्षलाई हातमा लिने विषयको निरूपण गरियो, अब शत्रुपक्षका कृत्य अकृत्यहरूलाई आफ्नो पक्षमा लिने कुरा भनिन्छ,

१- धन दिन्छु भनी नदिएर ठगिएको, उस्तै सीप उस्तै भलो काम गर्ने मध्यमा बेस गर्नो भनि नभनिएको वादी, राजाका प्रियसेवकहरूले राजधानीमा पस्न नदिइएको, ठूला खेलन बोलाएर धन हरिएको, परदेश जानी रहनु परेको, खी भएको, स्वधर्मवा वा औशधमा नगएको, मान र आय (धनखर्च गरेर पनि काम नपाएको) कारण रुष्ट भएको, राजाका प्रियवल्लभले छोपिदिएर गुण प्रकाश नभएको, माथि बलात्कार गरिएको, कसालकानामा हालिएको, अर्काको पुत्र दण्ड गरिएको, गुप्त नीतिले सफल गर्न नपाएको, सर्वस्वको, बन्धनमा परेर दुःख पाएको, बन्धुवर्ग परदेशमा निकालिएको, यसकिसिमका मानिसहरू राजाबाट क्रुद्ध-रिसाएका हुन्छन्।

२- धनको लागि मान्नु आदि गरेर काम गरेर आफैं दूषित भएकोले मलाई पनि माथि राखि भनी ठान्ने, राजाको विरुद्ध काम गरेको, हत्यादि पाप कर्म गरेकाले पाप लागेको, उस्तै नाम दोषी भएको दण्डले डराएको, भूमि हरण गरेर लिने, सजाय खानु हुन भएको, धेरै अधिकारमा रहेको, अकस्मात् जाजबर्दस्ती गरेर धनजीमा जोडेको, राजधानाको आश्रित भएको, राजाको मन नपरेको, राजाको द्रोह गर्ने यस किसिमका मानिसहरू राजाबाट डराएका हुन्छन्।

सम्पत्ति नाशिएको, दण्ड र करको रूपमा राजाले धन लिइएको, कन्जुस, स्त्री मद्य आदि व्यसनमा आसक्त, धनको व्यवहार ज्यादा भएको मानिसहरू लोभी हुन्छन्।

म ठूलो छु भन्ठान्ने, मान मात्र खोज्ने, शत्रुको मान भएको देखेर नसक्ने, छोटा मानिसले उचालेदिइएको, उग्रस्वभाव भएको साहसको मान मन भोगका नअघाएका हरू अभिमानी हुन्छन्।

यस्ता कृत्य पक्षका मानिसहरूमा जो जे चाहन्छ त्यसलाई त्यो दिएर भित्रलाई मुडलो लाई बाबा बनेका गुप्तचरले फुटाउनु।

जस्तो मदले भएको पेहास माहुतेले हाँकिएको हात्तीले जेजे पाउँछ सो सबै कुल्चेमाडिदिन्छ त्यस्तै शास्त्रको दृष्टि नभएको अन्धो मन्त्रीले हाँकिने अन्धो राजा नगर देशवासी प्रजाहरूको हत्या गर्न तत्पर छ, यसलाई अर्को जबर्दस्ती वैरीलाई उक्साएर बिगार्न सकिन्छ, त्यसैले भनिएर उठ्-हेल-भाते भनेर रिसाएका दललाई फुटाएर उचाल्नुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को लुकेको सर्पले जस्तो आफूलाई बिगार्ने पर्ने डर दोषहरू त्यसै माथि विष उब्केलेछ, यस्तै यो राजा दोषको शङ्का उठेपछि जेमी उपर पाहिलेँ क्रोधको विष उब्केल्छ. यहां बस्न हुँदैन, अर्कै आनुषेन - भनि डराएका कर्मलाई फुटाउन.

अर्को कुछ (पिलिनी) ने पाउको डुङ्गी गर्दैने कुडा लाई दुष्टादि भै ब्राह्मण लाई छोडेर, यस्तो यो राजा उन्मद बुद्धि भएको शान्त नभएका कर्मलाई धन दिई आफ्नाको गुण ले पूजा लाई दिँदैन, यो भक्त मा बैस धर्मका मानिसको कदर गर्ने फलानाको यो सेवा गर्नु पर्दछ - भनेर लोभी कर्मलाई फुटाउन.

अर्को मण्डलको इच्छा मण्डलैलाई काम लाग्ने हुन्छ यस्तै यो तीन राजा तीन मानिसलाई नै भोग गरेर कडके हो, नपाई अर्को भला मान्ने राजा सबैलाई छोडेर, फलानो राजा असल मानिस चिह्ने छन् त्यही आनुषेन भनेर अभिमानी दललाई फुटाउन.

त्यसपछि भनेर मारेपछि शत्रुपक्षका यस्तै मानिसहरूलाई फोडफाड गराएर पाहीलगाएर हुने सँग आफ्नो कामका लगाउनु. शत्रु देशमा फुटाउन भक्तिले इच्छा दललाई साम दान भेद र दण्ड ले हात लिनु - नफुट्ने अकृत्यहरूलाई भेद र दण्ड अथवा अनुपाहीको दोष देखाउन

समाप्त

॥ ॥

१-१५ अध्याय १५

प्रकरण ११ मन्त्राधिकार

~~१-१५ अध्याय~~ (मन्त्रणा गर्ने विषय)

मन्त्रणा-

मन्त्र-मन्त्रणा भनेको कामको आरम्भ केही उपायद्वारा गर्ने, त्यसका लागि मानिस द्रव्यहरू के कति चाहिन्छ, देश काल सम्भव कस्तो हुनु पर्दछ, विघ्न रवतडा परि आएमा के गर्ने उपाय, सफल कार्य फायदा के हुन्छ यस्तो पाँच किसिमको विचार हो. यस्तै मन्त्रणामा साथ दिनु मन्त्रीहरूको कर्तव्य हुनाले त्यस विषयको निरूपण यस प्रकरणमा गरेको छ.

आफ्नो पक्षका र शत्रुपक्षका मानिसहरू आफ्नो हातमा लिएर काम ठाउने (विजिगीषु राजाले) विचार गर्नुपर्दछ. जुनसुकै कामको पनि थालिलो मन्त्रणा [विचार] गरेर मात्र ठान गर्नुपर्दछ.

मन्त्रणा गर्ने ठाउँ, चारैतिर ढाकिएको, कुरा बाहिर पहिले नसुनिने, पक्षी एकले पनि नदेख्ने हुनुपर्छ. मन्त्रणा गरेको कुरा सुगा मैना आदि पक्षी कुकुर आदि अरू पशुहरूले पनि टिपेर प्रकाश गरिदेर भन्ने सुनिन्छ, यस कारण मन्त्रणा गर्ने ठाउँमा नजिकाइको कोही पनि नजाउन. मन्त्रणाको कुरा बाहिर प्रकाश गर्नेलाई नाश गर्नुपर्दछ.

दूत अमात्य स्वामीहरूको चेष्टा मुखको आकार (~~भर्ने~~) बाट पनि मन्त्रणा गरेको कुरा खुल्दछ. मानिसहरूको काम अनुसार को भिन्न किसिमको (स्वाभाविक) शारीरिक व्यापार चेष्टा हो, (हर्ष शोक क्रोध आदि) मानसिक भाव जनाउने मुखको रङ्ग आकार हो. मन्त्रणा गरेको काम नहुन्जेल मन्त्रणामा अधिकारी पुरुषहरूले मन्त्रणा गुप्त राख्नुपर्दछ. मन्त्रणाका अधिकारीहरूको बेहोसी नशा लागेको सुतेको बेलामा बर्बराउनु काम क्रोध [redacted] चर्को हुनु आदि बाट मन्त्रणा गरेको कुरा खुल्दछ. लुकी रहेकोले यो के भनेछ भनी हेला गरिएको ले पनि मन्त्रणा गरेको खोलिदिन्छ. अत- एव तरह वा मन्त्रणा गुप्त राख्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतभेद -

(क) मन्त्रणा खुल्नु राजा र अधिकारी पुरुषहरूको पनि योजनामा हानिकारक छ. यस कारण गोप्य कुरा आफ्नै एक्लैले विचार गर्नु. मन्त्रीका पनि मन्त्री तिनका पनि अरू हुन्छन्. यसरी मन्त्रीका परम्पराले कानेखुसी गर्दागर्दै मन्त्रणा खुल्दछ.

अतः विजिगीषु राजाले केही काम गर्न चाहेको पनि कसैले नजानून्. काम गर्नेले पनि थालेपछि वा गरिसकेपछि मात्र थाहा पाऊन् - भनी भारद्वाज भन्दछन्।

(ख) एक्लैबाट मन्त्रणा पूरा हुँदैन. राजाको व्यवहार कुनै अगाडि कुनै पछाडि कुनै अनुमान गरिने हुन्छ. थाहा नपाएको कुरा थाहा पाउनु, थाहा पाएको कुरा निश्चय गरेर जानेको पार्नु, यसो कि उसो भन्ने दोधार भएमा सन्देह हटाउनु, एक भाग देखेर बाँकी कुरा थाहा पाउनु यो सबै मन्त्रीले गर्नुपर्ने काम हो. यस कारण बुद्धि पाका मन्त्रीसँग बसेर मन्त्रणा गर्नुपर्दछ -

कसैलाई पनि हेला गर्नु हुँदैन. सबैको राय सुन्नुपर्दछ। बुद्धिमान्ले केटाकेटीको पनि राम्रो कुरा काममा लिनुपर्दछ - भनी विशालाक्ष भन्दछन्।

(ग) यो कुरा मन्त्रणाबाट थाहा पाउने भन्ने होइन. मन्त्रणा गुप्त राख्ने पनि होइन. राजाले केही काम गर्न मन लागेको छ भने त्यो कुरा नभनी उस्तै किसिमको अर्को कुरा देखाई यस्तो गर्नुपर्ने थियो यस्तो पर्न गयो त्यो कसरी गर्ने - भनी सोधून्. मन्त्रीहरूले जस्तो भन्दछन् त्यसै गर्नू. यसो गरे उनीहरूको राय पनि पाइन्छ, मन्त्रणा गुप्त पनि रहन्छ - भनी पाराशरका अनुयायीहरू भन्दछन्।

त्यसो होइन. त्यसरी लुकाएर गरेको भए नभएको कुरामा मन्त्रीहरूले वास्ता नराखेर भन्दछन्, प्रकाश पनि गरिदिन्छन्. यो दोष छ. यस कारण जुन काममा जो जोसँग राय लिनुपर्दछ तिनीहरूसँग सल्लाह गर्नु. तिनीहरूसँग सल्लाह गर्दा मन्त्रणा यस्तो हुन्छ मन्त्रणा गुप्त पनि रहन्छ - भनी पिशुन-नारद भन्दछन्.

(घ) कौटल्य भन्दछन् कि - त्यसो होइन. यसरी एक एक काम कुरा अनेक मन्त्रीसँग सल्लाह गर्नेगर्दा मन्त्री नै बेठेगान चाहिने हुन्छन्. अतः तीन वा चार मन्त्रीसँग मन्त्रणा गर्ने गर्नुपर्दछ. आफू एक्लैले विचार गर्दा अप्ठ्यारो काममा यसै भनी ठोकुवा गर्न सकिँदैन. यो एक मात्र मन्त्री भए पनि कुरा काट्ने अर्को नहुँदा मनमाफिक गर्ने हुन्छ. दुइटा सँग मन्त्रणा गर्दा दुवै जना मिले भने राजालाई वश पार्दछन्, फुटे भने पनि काममा अप्ठ्यारो पर्ने बिग्रने हुन्छ. तीन चार जना भए भने सबै जना मिलेर राजाको हानि गराउन सक्दैनन् हुन्छ. त्यतिको राय मिलेर काम ठीक हुन्छ. यो भन्दा बढी सँग मन्त्रणा गर्दा धेरै राय भएमा कामको अठोट गर्न र मन्त्रणा गुप्त राख्न पनि गाह्रो पर्दछ. देश काल कार्य हेरेर यो एकसँग वा दुइटा सँग, वा एक्लैले पनि सामर्थ्य अनुसार मन्त्रणा हुन्छ।

पञ्चाङ्ग ·

आफ्नो देशमा किल्ला खाद पर्खाल बाँध बनाउने आदि र शत्रुदेशमा सन्धि विग्रह आदिका निमित्त दूत पठाउनु आदि काम कसरी गर्ने भनी उठान गर्ने उपाय, कामका निमित्त चाहिने कारीगड ज्यामी चाहिने नगद जिन्सी सामान जुटाउनु, र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो ठाउँ यस्तो समय अनुकूल पर्दछ भनी विवेक गर्नु ३ काम गर्दा पर्न आउने विघ्न बाधाहरू शमन गर्ने उपाय गर्नु ४ क्षय वृद्धि स्थान रूप नीतिकोविदको कार्यसिद्धि गर्नु ५ यस्ता पाँच अङ्ग मन्त्रणाका हुन्छन्. यी विषय मा मन्त्री एकैजना सँग किंवा धेरै सँग सलाह गरी राजाले छलफल गर्दछ. मन्त्रीहरूले दिएको उपायको साथको विचारलाई विवेक गरेर पुरुष ..को निर्णय भएपछि समय खेर नफाली काम गर्नुपर्छ. धेरै समयसम्म मन्त्रणा पनि गर्नुहुँदैन. जसको आफूले विचार गरी दिएको छ त्यसपछिका मानिस सँग पनि मन्त्रणा गर्नु. आचार्योक्ति:

मन्त्रीपरिषद्‌मा १२ जना मन्त्री राख्नु भनी मनुका अनुयायीहरू भन्दछन्
१६ जना मन्त्री राख्नु भनी बृहस्पतिका अनुयायीहरू भन्दछन्
२० जना मन्त्री राख्नु भनी शुक्रका अनुयायीहरू भन्दछन्

काम हेरेर त्यो अनुसार थोरै धेरै जति आवश्यक हुन्छ त्यति मन्त्रीहरू राख्नू भनी कौटल्य भन्दछन्.

ती मन्त्रीहरूले आफ्नो राज्य सम्बन्धी र परराज्य सम्बन्धी पनि कामको विचारविमर्श गर्नु. नगरेका कामको उठान, उठान भएको काम चलाउनु, गरेको कामको सुधार, काम गर्ने नियुक्त भएकाको गुणीपना को पनि विचार गर्ने. राजाले नजीक रहेका मन्त्रीहरू सँग भएर काम को विचार गर्ने. टाढा रहेका मन्त्रीहरू सँग लेखोट पठाएर पनि राय लिनु. इन्द्रको मन्त्रीपरिषद्‌मा हजार ऋषिहरू थिए. तिनै मन्त्रीहरू इन्द्रका आँखा थिए. यसैले दुई आँखा हुने इन्द्रलाई सहस्राक्ष -हजार आँखा हुने- भनि भन्दछन्.

कुनै विलम्ब गर्न नहुने अवस्थाको काम पर्न आएमा मन्त्रीपरिषद्‌लाई बोलाएर, मन्त्र-त्यहाँ काम सिद्ध गर्ने हुन्छ भनी धेरैले जो भन्दछन् त्यही गर्दै काम गर्दै रहनु-

विजिगीषु राजाको गोप्य कुरा शत्रुले थाहा नपाउन्, शत्रुको छिद्र आफूले थाहा पाउने गर्दै- कछुवाले आफ्नो निउ लुकाए झैं राजाले आफ्नो मन्त्र पनि गुप्त राख्नुपर्दछ.

जसरी वेद नपढेको ले सज्जनको श्राद्धमा भोजन गर्न योग्य हुँदैन, त्यसरी नीति-अर्थशास्त्र नसुनेजानेकोले मन्त्रणा सुन्न योग्य हुँदैन.

९-१६ अध्याय १६

प्रकरण १२ दूतलाई खटाउनु.

गुप्त रूपमा लाग्ने काम कुरा गर्ने चर, प्रकाश रूपमा सन्देश लैजाने दूत कहलाउँछन्. चरको विषय सकेर पछि दूतको विषय वर्णन गरिन्छ.

मन्त्रणा गरेर अहोरात्र भएको कामको निमित्त दूतलाई पठाउनुपर्ने हुन्छ. दूत तीन किसिमका हुन्छन्-

१ निसृष्टार्थ- अमात्यको गुण भएको, गर्नुपर्ने काम भनेपछि आफैं मिल्ने कुराहरू गरेर काम पत्याउने.
२ परिमितार्थ- अमात्यको गुणमा चौथाइ कम भएको नाप्दै गरेको
३ शासनहर- अमात्यको आधा गुण भएको; भनेबमोजिम सन्देश पुर्‍याउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि शत्रुको
दूतले शत्रु राज्यमा जांदा सवारी वाहन नोकर चाकर सरसामान इत्यादि लिएर जानू. पराइ-शत्रुसंग राजाको शासन यसो भन्नु उसले यसो भने भने यो जवाफ दिने, यसरी उसलाई वशमा पार्ने भन्ने कुरा मनमा गुन्दै जानू. दुर्ग जङ्गलको रक्षक सीमाको रक्षक, सहर राष्ट्रका मुख्य मुख्य सँग मेलघाट पनि गर्नू. शत्रुदेशका नगर आफ्नो र शत्रुको सेना रहने खेंडप ठाउं, युद्ध गर्ने ठाउं, भागि हुले ठाउं पनि याद गर्नू. शत्रुका किल्लाको राष्ट्रको परिमाण धन धान्यको उत्पत्ति, मानिसको जीविका, वचाउ आक्रमण गर्ने बाटो पनि याद विचार गर्नू. शत्रुदेशमा अनुमति लिएर मात्र प्रवेश गर्नू. यता बाट लगेको राजाका प्राण सङ्कट पो पारि [illegible] को ताको भन्नू. शत्रुको व्यवहारमा देखिइ प्रसन्नता, भनेको कुरामा आदर, कुशल आदिको प्रश्न, आफ्ना मालिकका कुरा गर्दा ध्यान दिनु, नजिकमा बस्नु आदर गर्नु, इष्ट वस्तु उत्सव इत्यादिमा सँगै बोलाइनु, विश्वास गर्नु, यी कुराबाट प्रसन्न भएको बुझिन्छ, यसको उल्टो भएमा अप्रसन्न बुझिन्छ. शत्रुलाई दूतले नमाई र आफू पनि राजा इत्यादि दूतलाई मुख बनाएर कुरा गर्नुपर्छ हुन्छ. अतः हतियार उठाए पनि दूतलाई मार्नु हुँदैन. जन्मको तल्लो मानिस पनि भन्नु पर्छ. दूत भएर आउने चाण्डाल भए पनि अवध्य हुन्छ भनी प्रहार गर्ने के भन्नु. दूतले भनेको कुरा राजाको वाक्य हो. दूतको धर्म यही हो- भनी भन्नू.

शत्रुले बिदा नदिउन्जेल बस्नू. आदर भइ पाएर गर्व नगर्नू. शत्रुलाई बलियो नठान्नू. शत्रुले भनेको कुरा मनमा पनि

नहरू. स्त्री र मद्यपान निर नलाग्नू. एकलै सुत्ने गर्नू. किनकि- सुतेको र नशा लागेको वेलामा वडवडाउंदा मनको कुरा खुल्ने हुन्छ. कृत्य भेद्य पक्षमा फुटाउन अकृत्य-अभेद्य पक्षमा गुप्तचरको प्रयोग, शत्रुका अमात्य आदि प्रकृति वर्ग स्वामी भक्ति भए नभएको, स्वामी उपर विरक्त हुने काम गर्ने तपस्वी बनियाको रूपमा रहेका आफ्ना गुप्तचर बाट पत्ता लाउनू. ती तपस्वी र बनिया वर्गका सागिर्द भएका वैद्य पाखण्डी इत्यादिको वेतन खाने हुन् भए र तिनको रोग स्वयं कुरा गर्न नपाएमा मात्र सुत्न नसक्ने लागेका धौव्याएका सुनेका मानिसको फल फल बाट पुण्यस्थान देवमन्दिरमा चित्र लेखेर इशारा ले पनि चरहरूको खबर बुझ्नू. शत्रुको दल बुझे पछि त्यस अनुसारको भेद नीति प्रयोग गर्नू. शत्रुले सोधे मा आफ्ना पट्टिका प्रकृति वर्गको इच्छा नबनाउनू, तपाइं लाई थाहै छ भनी भन्नू, किंवा अरू भन्नाले आफ्नो काम हुन्छ उसै भन्नू.

आफ्नो काम सिद्धि हुन्छ भन्ने पनि तोको परेकोले
~~आफ्नो कार्यसिद्धिमा बाधा देखिएमा~~ मेरो मालिकलाई चाहिने सङ्कट पर्ने देखे छोडिदे, आफ्नो सङ्कट टार्ने छोडिदे, पार्ष्णिग्राह-पछिल्लो शत्रु, आसार-मित्रदल वा चोरिएको जङ्गली दल लाई उचाल्न खोज्ने छोडिदे, शत्रु पट्टिको मित्र वा आक्रन्द-पार्ष्णिग्राह भन्दा पछाडिको मित्र लाई फुटाउन खोजे छोडिदे, शत्रुसँग आफ्ना पनि आएको विरोध वा मित्री प्रकृति वर्गमा भएको चीठ. वा विद्रोह उठेकी जङ्गली दल प्रति प्रतिक्रिया गर्न चाहिने छोडिदे, अनाज जिनिस विक्रीको माल वढाउन वा विक्री बनाइन, वा फौजलाई तालीम वढाउन चाहिने छोडिदे, फौजलाई आक्रमण गर्न लाग्ने देश काल परखन लाग्ने छोडिदे. ~~[illegible]~~ मेरो मालिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने मन लागेको होला, म सँग बस्न कुरा गर्न खुसी लागेको होला, वैवाहिक सम्बन्ध आदि गर्न खोजेको होला. मलाई पीडा गरेर ऐले सम्म छन् भनि चिन्ता गर्दै. त्यो बुझेपछि बस्ने वस्तु वा भाग. [illegible] मालिकको हित हुने कुरा बोलिएमा पर्खनु. शत्रुलाई आतिथ्य हुने मालिकको सन्देश सुनाएको हुँदा [illegible] पुग्ने भनेर भय दोषिएमा बिदा नदिए पनि भाग्नु. नत्र शत्रुले पक्रनेछ.

शत्रुकहाँ
समाचार पुऱ्याउनु, भएको सन्धिलाई बाँधेको पार्नु, शत्रु [illegible] प्रभाव देखाउनु, मित्र जम्मा गर्नु, कृत्यपक्षलाई फुटाउनु, मित्र [illegible] फुटाउनु, शत्रुको सेना र [illegible] तीक्ष्ण रसद आदि गुप्तचरले [illegible] बाधा गराउनु, बन्धु र रत्न हरण गर्नु, आफ्नु पाइका गुप्तचरले काम ठीक गरे नगरेको बुझ्नु, शत्रुसँगै भएको मौका हेरी हमला गर्नु, सन्धिमा विश्वास नभएमा धरौटी राखिएका पुत्र आदिलाई उम्काउनु, औपनिषद प्रकरणमा भनेको जस्तो गुप्तमारण आदि प्रयोग गर्नु दूतको काम हुन्छ.

विजिगीषुले आफ्ना दूतहरूद्वारा शत्रुपक्षका यी काम गराउनु. शत्रुले आफ्नु पक्षका दूतहरू बाट आक्रमणगर्दै आफ्नो पक्षमा अर्को दूत या दृश्य वा अदृश्य रक्षक राख्नुपर्छ. शत्रुको चाल बुझ्दै रहनु.

अध्याय ८

—

१-१) अध्याय १)
प्रकरण १३ राजपुत्रबाट रक्षा.

नजीकका बान्धव आदिबाट र पराइबाट, सबभन्दा पहिले रानी छोराहरूबाट राजाको सुरक्षा हुनुपर्दछ. राजा सुरक्षित भएमा राज्यको रक्षा हुन्छ. रानीबाट रक्षा गर्ने विषय निशान्तप्रणिधि- अन्तःपुरको व्यवस्था प्रकरणमा भनिनेछ।

राजपुत्रबाट रक्षा—

जन्म होइनै राजकुमारहरूलाई छाडा नगरिदिएर याद विचार गर्नु. [illegible] गर्गाटक जन्मदैमा आफ्नो बाबुलाई खान्छन् भनेको छ, त्यस्तै राजकुमारहरू बाबुलाई खान खोज्दछन्. अतः राजालाई सर्वप्रथम आफ्नै छोराको भय हुने हुनाले तिनलाई तहमा राख्नुपर्दछ.

मतभेद—

(क) राजाले छोरामा स्नेह हुन नपाउँदैमा तिनको गुप्तवध गर्नु बेस हो भनि भारद्वाज भन्दछन्.

(ख) यसरी निरपराध बालकको वध गर्नु ठूलो पाप हुने भन्दा वातव्याधि अतः राजकुमारहरूलाई एक ठाउँमा थुनेर राख्नु अलग हो भनि विशालाक्ष भन्दछन्.

(ग) थुनेर राखेमा
"यो त घरमा रहेको सर्पको जस्तो डर हुन्छ. राजकुमारले [illegible] बलको प्रयोग गर्ला भनेर पिताले मलाई थुनेको हो भनेर थाहा पाएपछि नजिकमा हुनाले झन साहस गर्ने हुन्छ, अतः राजकुमारलाई राजसीमाको किल्लामा राख्नु बेस हुन्छ भनि पराशरका अनुयायीहरू भन्दछन्,

(घ) यसरी टाढा राख्दा पनि भेडाजुमाइको भय हुन्छ. जस्तो भेडा अर्को जोडीसँग भिडिन पैल्हे पर हटेर आइ भन्दा ठूलो धक्का दिने हुन्छ, त्यस्तै [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~~भन्नाले यता गर्नेको~~ पैले केही गर्नो भनेर भन्दाई पा हरण को हो भन्ने कुरापछि सीमारक्षकलाई लगेर साथी लेरर राजालाई कर धोका दिने हुन्छ. अत: आफ्नो राज्यभन्दा टाढाको सामन्त राजाको किल्लामा राख्नु बेस हुन्छ भनि पिशुन- नारद भन्दछन्.

(ङ) यो कुरा बाछो लाएजस्तो हुन्छ. जस्तो बाछो लागेर गाई दुहिन्छ त्यस्तै राजकुमारलाई बाछोजस्तो बनाएर यो बादियो उचालियो भन्दै सामन्त राजाले बाबु राजालाई दुहुने हुन्छ. अत: राजकुमारलाई मामाको घरमा राख्नु असल हुन्छ भनि कौणपदन्त-भीष्म भन्दछन्.

(च) यो पनि ध्वजा-रुण्ड नामको हुन्छ. जस्तो देवताहरूको मूर्ति देखाएर भिक्षा मागी जीविका गर्ने आदिति (भिक्षुणी) ले ~~[illegible]~~ ~~[illegible]~~ देवताका मूर्ति देखाएर, सर्प समातेर जीविका गर्ने कौशिक (सपेरा) ले सर्प देखाएर भिक्षा मागे झैं राजकुमारलाई रुण्डजस्तो बनाएर तिनलाई राख्ने मामाहरूले ~~[illegible]~~ राजालाई ~~दुःख दिन्छन्~~ मोल अर्जित पार्दछन्. त्यसकारण राजकुमारलाई ~~[illegible]~~ स्त्रीजनको सहवासमा नै राख्नुपर्दछ. त्यसो भए आनन्दमा मग्न भएका छोराले बाबुलाई द्रोह गर्दैनन् भनि वातव्याधि- उद्धव भन्दछन्.

(छ) कौटिल्य भन्दछन् कि यो ता जीउँदै मर्नेजस्तो हो किनकि घोचो परेको काठ झैं राजकुमार क्रोधी भएर आशिक्षित भएपछि ~~[illegible]~~ ~~[illegible]~~ पराइले झानीतिन्दो आक्रमण गर्दा मात्र राजवंशकै भङ्ग हुन्छन्. त्यसकारण सम्म रजस्वला

भएपछि ऋत्विजहरूले इन्द्र र बृहस्पति देवतानिमित्तको हव्य बनाएर यज्ञ गरिदिन्. त्यो यज्ञको हव्यशेष खुवाएर रानी गर्भवती भएमा कौमारभृत्य-बालभैषज्य विद्या जान्नेले गर्भको रक्षा र राम्रो प्रसव होस् भन्ने यत्न गर्न्. जन्मेपछि पुरोहितले राजकुमारको जातकर्म संस्कार गराउन्. विद्या पढ्ने बेला भएपछि शिक्षामा कुशल विद्वान् हरूले राजकुमारलाई सुशिक्षित गराउन्।

राजकुमार सुशिक्षित भएपछि तिनलाई उल्टो बाटो सत्री- गुप्तचर हरूमध्ये कसैले सिकार जुवा मद्य स्त्री आदि लोभ लाउने कुरा गर्न्, अर्को सत्रीले त्यसको दोष देखाएर रोकून् भनि आभि आचार्यका अनुयायी हरू भन्दछन्.

कौटिल्य भन्दछन् कि — यसरी थाहा नभएकालाई थाहा दिनु ता कन खराब गर्ने हुन्छ. नयाँ माटाको भाँडामा जे हाल्यो त्यही रसले पूर्ण छ, यसै कलिलो बुद्धि भएकालाई जे जे भन्यो त्यो कुरा शास्त्रको उपदेशजस्तो सम्झन्छ. त्यसकारण राजकुमारलाई धर्म र अर्थकै मात्र उपदेश गर्न्. अधर्म र अनर्थको कुरा नगर्नू.

सत्री चर हरूले हामी सबै तपाईंका सेवक हुँ भन्दै कुमारसँग राजकुमारलाई जोगाइराखून्. राजकुमारले जवानीको मातमा परस्त्रीमाथि मन दिन लाग्यो भने देवता आर्य जाति जस्ता नर घरमा लागेका छन् गरी एकान्त घरमा राजकुमारलाई डराउन लाउन्. मद्यपान गर्न चाहेमा नाना ओखती मिसाएको पियाएर दिक्क पार्न्. जुवा खेल्न चाहेमा कपटी खेलवालाहरूद्वारा दिक्क पार्न्. सिकार खेल्न चाहेमा चोरको डाँका जस्ता हरू द्वारा तर्साउन्. बाबुमाथि नै द्रोह गर्ने मन भएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो ठीक हो भनेर उनसँग मिल्ती, - राजा बाबु माथि जाइलाग्न बेस छोडेन, काम बिग्रो भने आफैँ मारिजाने, काम भइहाल्यो भने पनि भयङ्कर नरकमा पर्नुपर्ने, दुनियाँमा बदनाम हुने, दुनियाँ एक भएर एकेक ढुङ्गा लै हानेर पनि मार्नेछन्. - भनी भन्नू.

यसो गर्दा पनि बाबुलाई निको नमान्ने र बाबुको पियारो भएको छोरो भए अर्को राजकुमारलाई धुनेर मार्नू. धेरै छोरा भए विरोधी छोरालाई राज्यको छेउमा वा अर्कै देशमा जहाँ भय अर्थात् पठाउनू. एउटा कुमार सुहाउँदो पेशामा लाग्नेछ, किनकि पाइने बाँस, डिम्ब - अर्थात् राजकुमारको निम्तिमा हुन सक्ने पनि हुँदैन, त्यसले उपद्रव मच्चाइदिन्छ.

~~गुणले पूर्ण~~ राजकुमार गुणले भरपूर्ण छन् भने तिनलाई सेनापतिको पदमा वा युवराज-पदमा नियुक्त गर्नू.

छोरा यस्ता तीनकिसिमका हुन्छन् —

१ बुद्धिमान् - सिकाइ भएर धर्म र अर्थको स्वरूप जान्ने सोही बमोजिम व्यवहार गर्ने
२ आहार्यबुद्धि - धर्म र अर्थ जान्दछ पनि सो अनुसार नचल्ने.
३ दुर्बुद्धि - खराब बाटो पर्दैनै त्यसै रहने धर्म अर्थ दुवैको द्वेष गर्ने

दुर्बुद्धि छोरो यौटामात्र छ भने त्यसको छोरो (नाती) पैदा गराउने ~~[illegible]~~ अथवा छोरी मात्रै छिन् यसको छोरा भनेर लाई भन्नो कबोल गरेर बिबाह गरिदिएकी छोरी - पुत्रिका, त्यसको छोरा पैदा गराउने यत्न गर्नु पर्दछ.

राजा बृद्ध वा रोगले ग्रस्त भए माता, बन्धु - भाइ नाताको वा आफ्नो कुलको सुयोग्य पुरुष वा गुणी सामन्त राजाबाट आफ्नी स्त्रीमा क्षेत्रज पुत्र पैदा गराउन्, अशिक्षित दुष्ट एउटा मात्र छोरालाई ~~[illegible]~~ राज्यमा कदापि स्थापना नगर्नू.

धेरै छोरा मध्यमा दुर्बुद्धि भएको यौटा छोरालाई राज्य-च्युत गरेर थुनेर राख्नुपर्दछ. आपत्ति पनि आउँदैन भने बाबुले छोरा एकको हितैषी हुनुपर्दछ. धेरै छोरा भएमा राज्यको अधिकार सम्पत्ति ज्येष्ठ छोराको अधीन रहेको बेस हुन्छ.

योग्य छोरा नभएमा आफ्नू कुलका धेरैजनाको समुदायको जिम्मामा राज्य दिए पनि हुन्छ. कुलको सङ्घलाई शत्रुले जित्न सक्दैन, त्यसबाट राजसङ्कटको बाधा पाएमा कहिल्यै पनि उत्पन्न गर्दैन.

९-१० अध्याय १८

प्रकरण १४. धुनुवाले गर्ने व्यवहार

" १५ धुनुवाका गरिने व्यवहार

~~[illegible]~~

राजाले अयोग्य देखेर निकाली थुनेर राखेको छोरो अवरुद्ध (थुनुवा) कहलाउँछ. त्यसले गर्ने व्यवहार र त्यसउपर गरिने राजाको व्यवहार पनि यस अध्यायमा वर्णन गरिन्छ. / थुनुवाले गर्ने व्यवहार

~~[illegible]~~ राजकुमार कष्टसँग जीवन निर्वाह गर्नुपरे तापनि र बाबुले आफू नसुहाउँदो काममा खटाइएको भए पनि बाबुको आज्ञानुसार चल्नु गर्नुपर्दछ. तर त्यो लगाइएको काम आफू ज्यानमा खतरा पर्ने, दुनियाँ बिगाड्ने, र पातक लाग्ने भने त्यो गर्नमा लाग्न हुँदैन. पुण्य गर्ने (आफूले नगर्नेवाहेक) थुनुवा - बिनिमीष, राजकुमार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

हुने कामनामा रुमाउँदो भए आफू मन्त्री तथा तिनीको त्यो कामको नेता जनक बाबुसँग मागत्र्छन्. त्यस्तो मानिस साथमा लिएर बाबुको आज्ञा मनु यात्रा हुनेगरी काम गर्दछन्. आफूले काम गरेर पैदा भएको [struck] फायदा र आफूले भाग नपाएको लाभ उसपनि बाबुकहाँ नै पठाउनु.

यस्तो गर्दापनि आफू दोखे प्रसन्न नभएर बाबुले अरु छोरा वा स्त्रीमा बढता प्रेम गर्न लागेमा सबलाई बाबाला गरेर नष्ट गर्न आज्ञा पाउँ भनी माग्नु. यसो गर्दापनि नभए, किंवा आफूलाई बाँधु मार्ने आज्ञा दिएको भएमा सामन्तहरूमा उत्साही न्यायी धर्मात्मा साँचो बोल्ने, बोलेको कुरा फेर्न नपाउने, शरणपर्नेलाई मने आज्ञा गरेर राख्न जो छ त्यसको आश्रय लिएर रहनु. त्यहाँ बसी सेना र धनजम्मा गरी असल शीलगुणकी कन्या विवाह गरी बाबुको राज्यका जङ्गी दलसँग मेलमिलाप गरी बाबुमा असन्तुष्ट भएका कर्मचारीलाई आफ्नो पक्षमा लिने काम गर्नु.

यस्तो सहाय नभएको धन सेना संग्रह गर्न भए नसकेको, [struck] उजाडको, पत्थर खोलेर मूर्ति बनाउने [struck], भाँडाहरूमा रङ चढाउने काम सुनचाँदी आदि खरिद बिक्री गर्ने काम, खातीको काम गरेर जीविका गर्नु. पाखण्डहरूले सङ्घका नियमको जस्तो गरेको वैदिक ब्राह्मणको योगमा नपाइने देशका जनसमूहको द्रव्य, धनी विधवाको द्रव्य तिनीहरूसँग माँगी उडाउनु. भागीहरूका नाम भनेका नाउँ [struck] को बहानाले जडुवाहरूको प्रयोग गरी सबलाई जित. अथवा अर्को राज्यको विकल्प लिने उपाय गर्नु.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

METRIC CONVERSION

INCHES TO CENTIMETRES

INCHES	1	2	3	4	5	6	7	8	9	10	11	12
CMS	2·540	5·080	7·620	10·160	12·700	15·240	17·780	20·320	22·860	25·400	27·940	30·480



WEIGHTS & MEASURES TO METRIC

AVOIR DUPOIS	1 Ton	10 cwt	5 cwt	1 cwt	1 Stone	1 lb	1 oz
METRIC	1016·05 kg	508·024 kg	254·012 kg	50·802 kg	6·350 kg	0·454 kg	28·350 gm

BAZAR WEIGHTS	1 Maund	20 seers	5 seers	1 seer	1 Pau	1 chatak	1 Tola
METRIC	37·324 kg	18·662 kg	4·665 kg	0·933 kg	233·25 gm	58·313 gm	11·663 gm

LINEAR MEASURE	1 Mile	1 Flg	1 Yd	1 Ft	1 inch
METRIC	1609·34 m	201·17 m	0·9144 m	0·3048 m	0·0254 m

CONVERSION FACTORS

TO CONVERT	TO	MULTIPLY BY	TO CONVERT	TO	MULTIPLY BY
INCHES	CENTIMETRES	2·540	KILOGRAMS	POUNDS	2·20462
CENTIMETRES	INCHES	0·393701	SEERS	KILOGRAMS	0·93310
FEET	METRES	0·3048	KILOGRAMS	SEERS	1·07169
METRES	FEET	3·281	OUNCES	GRAMS	28·349
MILES	KILOMETRES	1·609	GRAMS	OUNCES	0·035274
KILOMETRES	MILES	0·62137	TOLAS	GRAMS	11·6638
POUNDS	KILOGRAMS	0·4535924	GRAMS	TOLAS	0·085735

D.S.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

The ELEPHANT

EXERCISE BOOK

MADE FROM
ELEPHANT BRAND PAPER
MANUFACTURED IN INDIA BY
THE TITAGHUR PAPER MILLS CO., LTD.
CALCUTTA



आरम्भ –

२

Name प्रथम-द्वितीय अधिकरण Class

Subject साक्षिखेलन कापी २ १– १८ २– १५– ३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कण्टकप्रतिषेध — काण्डम्

अथवा आज्ञापालिका सेवकहरू हातमा मिले यत्न गर्दै। अथवा
कालीगड भिषज गाउने वैद्य पुराने कथा भन्ने पाखण्ड जटाधारी
नेत्रा चालहरू संग मिलेर आफ्ना पति उनी बनी [illegible] पाटी बाबुका
पछि शस्त्र वा विषको प्रयोग गरेर – म राजकुमार हूँ। राज्य
को भोग सबैले मिलेर गर्नुपर्दछ, एक्लै कोही खान पाउँदैन, यस
माजोजो पद पाएर जीविका गर्न चाहने छन् तिनलाई भाइले
को दोब्बर भत्ता वेतन दिएर म आदर गर्दछु - भनि भनेर। राज
आज्ञाले चलाउन। । युवा राजकुमारले गर्ने व्यवहार [illegible]

युवराज व्यवहार -

कतै मुख्यमन्त्री प्रतिशाखा छुटेर भएर धुनेको भए ~~[illegible]~~ तिनीहरूलाई ~~[illegible]~~ अमात्य
आदि प्रधान पुरुषका खोजेर ल्याएर अथवा उनको आज्ञा
वा अरू सन्धिता रानीलाई पठाएर बाबुबाट तिनीलाई युवराजपद
चाहने भयो, अब तिनीले बाबुले भने अनुसार बस्नुपर्दछ भनेर बाबुका
ल्याउन। यदि त्यो छोरो दुष्ट अपराधी भएर निकालिएको भएर पनि
एक्लो भए गुप्तचर द्वारा शस्त्र विषको प्रयोग गरी मार्नु। आफ्न
ो नातिनातिनाको आफै बिगारेर हिंड्ने भए उनको स्वभावतिर
स्त्रीहरू पठाएर मद्यपान वा शिकारको लोभ देखाई फकाएर ल्याउन।
त्यो पछि पनि आर पाई म पाई भो राज्यापहरण गर्छ तिनी नै हुन् राम्री
वश भाग्ने फुल्याएर राख्नु। त्यो बोटेमान छोरेर सकाउँछ भने त्यसैले
[illegible] कैद गरेर राख्नु अर्को योग्य छोरा छ भने त्यो चालमा नचली
छोरालाई देशबाट निकाला गरिदिनु

॥ विनय

×

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१-१८ अध्याय

१८ प्रकरण राजाको काम.

~~[illegible] अध्याय~~

राजा उद्योगशील भएमा कर्मचारीहरू पनि उद्योगी हुन्छन् राजा। राजा असावधान भएमा कर्मचारीहरू पनि असावधान हुन्छन् राजाको [illegible] काम पनि बिगारिदिन्छन् शत्रुहरूले पनि थकाइदिन्छन्. त्यस कारण राजाले सर्वदा कामका जागरूक हुनुपर्छ।

लिएर छायाको हिसाबले घडीको हिसाबले दिन र रात लाई आठ आठ भाग लगाउनू। एकेक भाग सामान्यरूपले ४ घडी हुन्छ. दिनमा छाया पाइलाले तीन पुरुषजत्तिको आदि २ पुरुष लामो, अनि ४ अङ्गुल लामो, अनि मध्याह्न यसरी दिनको पूर्वार्द्धमा चार भाग पछि उत्तरार्द्धमा पनि [illegible], छाया ४ अङ्गुल लामो, अनि २ पुरुष लामो अनि ३ पुरुष लामो [illegible]; अनि दिनान्त भई ४ भाग हुन्छ।

त्यस मध्यमा ~~[illegible]~~ दिनको पहिलो आठौं भागमा रातमा गरिएको रक्षाको प्रबन्ध र, आजको [illegible]त्रको आय र व्यय सुन्नु. दोस्रो भागमा सहर देशवासीहरूको काम हेर्नु. तेस्रो भागमा स्नान अध्ययन भोजन गर्नु; चौथो भागमा अगिल्लो दिनको आमदानी धनको स्वीकार गरी अध्यक्षहरूलाई काम काममा खटाउनू. पाचौं भागमा मन्त्रिपरिषद् संग पत्र पठाएर मन्त्रणा गरी चरहरूबाट गुप्त कुराहरू बुझ्नू. छैटौं भागमा इच्छानुसार विहार किंवा मन्त्रणा गर्नू. सातौं भागमा हात्ती घोडा रथ शस्त्रधारी सैनिक हरूलाई हेर्नू. आठौं भागमा सेनापति साथमा लिई युद्ध विषयको विचार गर्नु. दिन सकेर पछि सन्ध्योपासन गर्नु.

रातको पहिलो भागमा गुप्तचरहरूसंग भेट गर्नु. दोस्रो भागमा स्नान भोजन अध्ययन गर्नु. तेस्रो भागमा बाजा बजाउन सुनेर [illegible] चौथो र पाचौं भागमा सुत्नू. छैटौं भागमा बाजाको आवाजमा उठेर शास्त्र र गर्नुपर्ने कामको विचार गर्नु. सातौं भागमा मन्त्रणा गर्नु उपचरहरू खटाउने काम गर्नु आठौं भागमा आफ्नु आचार्यहरू [illegible]

~~१८ प्रकरण राजाको कर्तव्य~~

~~१- १८ अध्याय १८~~

~~राजा उद्योगी भएमा [illegible] नोकर चाकर पनि उद्योगी [illegible] [illegible]. हुन्छन्. राजा बेहोसी भए सेवक हरू पनि बेहोस हुन्छन्, राजाले गरेको काम पनि बिगारिदिन्छन्, शत्रुहरूले छिद्र पाउने पनि हुन्छन्. अतः राजाले उद्योग शील [illegible] सधैं जागरूक रहनु पर्छ.~~

दिनहरू द्वारा मङ्गल पाठहरू गराएर आशीर्वाद लिएर वैद्य मान्ने ज्योतिषीहरूसंग भेट गर्नु. त्यसपछि दहुनी गाई बहरहरूलाई प्रदक्षिणा उपस्थान–सभाभवनमा आउनु.

~~यस किसिमको [illegible] नियम हो, राजाले आफ्नो शक्ति कामको अनुकूलता हेरि रात दिनको समय भाग गरेर काम गर्नु पनि हुन्छ.~~

यो समयको काम बाँडफाँड सामान्य हो. राजाले आफ्नो काम गर्ने शक्ति र अनुकूलता विचार गरेर रात दिनको समय विभाग गरी काम गर्ने पनि हुन्छ.

कामको निमित्त राजा कहाँ आउने हरूलाई रोकावट रोकावट नहुने गरिदिनु. राजाको दर्शन नपाउने भएमा नजिकमा रहने-हजुरियाहरूले काम र नकाम उल्टापल्टा पारिदिने गर्दछन्. त्यसले गर्दा अमात्य आदि प्रकृति वर्गमा चीट उठ्छ. शत्रुको दमन हुन सक्ने हुन्छ. अतः देवता आश्रम ~~बनमौनी~~ विधर्मी वैदेह, पशु पुण्य स्थान सम्बन्धी र बालक वृद्ध, रोगी, विपत्मा परेका अनाथ, स्त्रीहरूको काम कार्य सङ्ग किंवा कार्यको महत्व र जरुरी अनुसार पनि हेर्ने गर्नु.

ठूलो सानो सबै जरुरी काम सुन्ने गर्नुपर्छ, आलटाल गरेर दिनुहुन्न समय बिते पछि सजिलै काम पनि गाह्रो पर्ने कि असाध्य हुने पर्दछ.

अग्निहोत्र गर्ने घरमा गएको बखतमा गुरु पुरोहित साधना विचार तपस्वीहरूको काम उठेर अभिवादन गरेर हेरिदिनु. विशिष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

तपस्वीहरूको काम तीन वेद जान्ने विद्वान्‌हरूसँग मिलेर हेर्नु - छल कपट मायाजाल हरूको काम पनि तिनीहरू कुपित नहोऊन् भनेर आफू सक्तौं तो गर्दैन.

~~[illegible]~~ झगडाहरूको निर्णय गर्नु, ~~[illegible]~~ शत्रु मित्र सबैमा मध्यस्थ अनुसार एकनासको व्यवहार गर्नु, ~~[illegible]~~ अवमध्यस्थान ~~[illegible]~~ हो.

जनधर्ममा दोषसत्तरानाको डण्डाले प्रजाले व्यवहार गर्नु.

प्रजालाई सुख हुनु नै राजाको सुख हो, प्रजाको हित हुनु नै राजाको हित हो. राजाको आफ्नो प्रिय हित होइन प्रजाको प्रिय हित नै मुख्य सम्झनुपर्दछ।

त्यस कारण राजाले सर्वदा जागरुक भएर अर्थव्यवस्था ~~[illegible]~~ शासन गर्नुपर्दछ. उत्थान-जागरूक हुनु नै अर्थसिद्धिको मूल हो अनुत्थान अनर्थको मूल हो. आलस्य त्यागेर उद्योग प्रारम्भ गर्नुपर्दछ र पछि आउने विषयको पनि नाश हुन्छ. उद्योग गर्नाले अप्राप्त अर्थको लाभ र प्राप्त अर्थको सुरक्षा पनि हुन्छ।

[illegible]

× ×

प्रकरण १) — निशान्तप्रणिधि (अन्तःपुरको व्यवस्था)

वास्तुविद्या जान्नेहरूले अवस्था उहिलाइको ठाउँमा चौपाई पर्खाल खाई ढोका भएको, धेरै खण्ड भएको अन्तःपुर बनाउन लाउनु.

सन्निधाताको कामको प्रकरणमा बताइने ढुकुटीघर बनाए जस्तो बिचमा वासगृह- राजाको बस्ने घर; किंवा भित्राभित्रै जाने गुप्त बाटो भएको मोहनगृह- बाटो अलमलिने घर (भूलभुलैया) त्यसैको माझमा वासगृह- बस्ने भवन, किंवा अनेक सुरुङको बाटो भएको नजिकमा काठको देवमन्दिर भएको ढोकाले छोकेरको भूमिगृह-भूमिघर, किंवा गाह्रोमा गुप्त [illegible] जानुपर्ने, अथवा खोक्रो खम्बाबाट पसे निस्कने बाटो भएको प्रासाद- बुर्जाघर बनाउन. किंवा शत्रुको आक्रमण भएमा शत्रुमाथि खसाले प्रतिक्रिया गराउने थुकुन यन्त्रको आडमा तला अड्याएको, यन्त्र-थुकुन खोल्ने दिने साथ तला तल खस्ने वासगृह- बस्ने भवन बनाउनू. यस्तै बनाउन आफूले पनि पढ्नु जानेर हुनु भनेर आपत्कालको निम्ति तो अर्कै अर्कै नयाँ किसिम गरेर पनि राजाले वासगृह बनाइन लाउनु.

राजभवनमा आगो विष सर्पको भय निवारण गर्ने भन्ने कुराहरू-

(क) ~~[illegible]~~ आगोले जला नगरी अन्तःपुरको चौपाई ... प्रसङ्गमा अर्को आगो उठाउँदैन; त्यहाँ अर्को आगो बल्दै बल्दैन.

(ख) शत्रुले मानिसको वा [illegible] रगडेर बिजुलीको आगाले [illegible] पर्ने [illegible] आगा

तीन पल्ट घुमाएका अर्को आगोले डढाउँदैन, यदा अर्को आगो बल्दै बल्दैन. बिजुली परेर डढेको रुखको खरानी र धामी(?)को गोला को भारो आलीनाको पानी मिसाएर अन्तःपुरका वरिपरि जमिनमा पारि अर्को आगो बल्दैन त्यसले डढाउँदैन पनि।

(ख) गुर्जो शङ्खिनी कुष्माण्ड (ओषधको विशेष) पुष्पवल्लिका — करवीर नामले उम्रेको लताविशेष, जिनको जाम्फल गाँथेको मालाले किंवा सिप्रिकान नामले उम्रेको जिपतको पातको मालाले नरीवाली [illegible]को घाम मा बसेको वा अन्तःकापमाको विषको बाधा हुँदैन. जिनको मुजा भाडी पक्षत (ओपुमुग) एक प्रकार घोडी नारखेमा जनाले सर्प बिग्रदैन. शुगा मैना भङ्गराज — एकलि[illegible] विषको नजीकमा कराउँछन् बिग्रन हुन्छ, मयूर नाच्दैन, सारो मोहनी गर्दछ, चकोरका आँखा रातो हुन्छ. यसरी आगो विष सर्पको भय निवारण गर्ने।

अन्तःपुरको पछाडिको भागमा स्त्रीजन एकतले बड गर्भिणी एक रोगीका लागि वैद्य एक बसेको हाउ, बगैंचा एक बनाउ एकको हाउ, र त्यसको बाहिर पट्टि कन्या कुमारी एक बसेको घर, अगाडि पट्टि शिल्पीहरूको किलोपि नैपथ्य, मन्त्रणा गर्ने सभाभवन, सबै अगाडि दर्शन गर्ने उपस्थानको राजकुमार एक बसेभवन, अध्यक्ष एक आएर काम गर्ने भवन, बनाउनु. अन्तःपुरको रक्षक सेना रहने गर्नु.

राजाले भित्री भवनमा बसेर बुढी पाकी स्त्रीजन जाँचबुझ गरिएकी हाउ रानीसंग भेट गर्नु. कुनै दासी स्त्रीको पनि भवनमा एक. आफ्नै नजानी

जस्तो —

(क) — कालिङ्गराज भद्रसेनलाई उसको सहोदर भाइ वीरसेनले राज्यको लोभले आफ्नो गर्भमा भित्राइएकी रानीको कोठाको कुनामा लुकी रहेर मार्‍यो।

(ख) कारुष देशको राजालाई उनैको छोराले आमाको पलङ मनि लुकेर मार्‍यो।

(ग) महासेनको भनेर विष मिलाएको लावा खुवाएर रानीले पुत्रमा आफ्ना बन्धुहरूलाई ल्याएर मिलेर काशिराजलाई मार्‍यो।

(घ) वमरावासे देशको राजा वैरन्त्य नाम सौताको बयान गरेको रिसमा रानीले विष लिएको मलजलले खेलको बहानाले पनि मार्‍यो।

(ङ) सौवीर देशको राजा मलापलाई गालीगर्दा रिसाएकी रानीले विष लिएको मोचनको लेले घाउ मार्‍यो।

(च) अयोध्याको राजा जारुथलाई उनकी रानीले विष लिएको ऐनामा जुधाई पादलाई कोही बिजुली तेज लगाएर मार्‍यो।

(छ) विदूरथ राजालाई रानीले कुल्लोमै त्यो एकाएक श्वत भएर मार्‍यो
शतधाल नमो स्थानमा: अन्तःपुरभित्रका विपक्षी पनि हाउको बनाउ गर्नु

मुद्राराक्षस नाटकका विधिहरू, अनेक न्याय जातिको प्रयोगहरू भागवतका सम्पर्क हुनाहरू — रानीका बन्धुबाट (व्यक्तिलाई नोकर चाकरीदिएर पनि) | एकले गर्भ रोग आदि भएको अवस्था भनेका आफ्नामा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीहरूको दर्शन भेट गर्न नपाउने भएकाले — अङ्गरक्षक ..... पनि जुवाइ बुवाइ शुद्ध भनिएर लगाएमहल आएकै पो! रानीहरूको दर्शन मुसाहिब गर्ने गर्छ।

८० वर्ष भएका पुरुषहरू र ५० वर्ष भएका स्त्रीहरू आमा बाबुका ..... बनेका पुत्र नपुंसक भित्रिया हरूले अन्तःपुर मा पाविनता भए नभएको — शुद्ध वा अशुद्ध व्यवहार भएको थाहा बुझदै गरी सबैलाई मालिकको हितमा लगाउनुपर्छ।

अन्तःपुरमा रहने रानीहरू र आफ्ना ..... आफ्नो ठाउँमा बस्नेगरुन्। अर्काको ठाउँमा पता लागि घुम्न नपाउन्। भित्रको बाहिरीया संग सम्पर्क नगर्नु कुनै बाहिरीया भित्र आउनु ... बाहिरिया भित्र आउनु भएपछि सबै जाँच बुझ भएपछि यो ठाउँमा छापको निशाना लगाइ ..... गर्नुपर्छ।

[illegible]

१—२०

—

१-२१ अध्याय २१

१८ प्रकरण

आत्मरक्षा
(राजाको आफ्नो रक्षा)

१५२ अध्याय २१

प्रातःकालमा शय्याबाट उठ्नेबित्तिकै धनुर्धारी (हतियारधारी) स्त्री सेनाहरूले राजालाई बाहिर पहरा दिनुपर्छ। दोस्रो कक्षा-खण्डमा कञ्चुकी-उष्णीष-पगरी लाएका नपुंसक अभ्यागारिक-भित्री महलका रक्षक हुन्छन्, तेस्रो कक्षा-खण्डमा कुबा बाउन्ने किरात (वनवासी) हरू, चौथो खण्डमा मन्त्री र नातासम्बन्धी लोकेहरूले भालाहरू लिएर राजाको रक्षा गर्नुपर्छ।

बाबु बाजेदेखि खानदान, नाता गोता बुझेको भएका, शिक्षित, राजभक्त, काम जानेका, मानिसलाई हजुरिया-अङ्गरक्षक गराई राख्नुपर्छ। धनमान आदि दिएर आदर नगरिएको विदेशीलाई र स्वदेशी भए पनि अरू विगार गर्ने भएर पाने पछि निकाला मानिसलाई नजीकमा रहन नदिनु। अन्तर्वंशिक-भित्री महलको रक्षक सैन्यले राजाको र अन्तःपुरको पनि रक्षा गर्नुपर्छ।

भान्साखण्डका अधिकारी पुरुषले गुप्त-सुरक्षित ठाउँमा रहने पहिले धेरै स्वादिलो पार्ने गरी काम गराउनुपर्छ। तयार भएको खाद्य पदार्थहरू राजाले पहिले अग्नि [illegible] र पक्षीहरूलाई पनि खुवाएर खाने गर्नुपर्छ।

विष परेको चिन्ह
विष परेको वस्तु भए आगाको ज्वाला धुवा नीलो रङ्गको हुन्छ। पटपट आवाज पनि आउँछ, पक्षीहरू मर्ने हुन्छन्। अन्नको बाफ मजूरको घाँटीको जस्तो रङ्ग हुन्छ। पस्कना साथ सेलाई चीसो हुने, मिचिएको झैं रङ्ग बिग्रेको पानी निस्केको कालोपन देखिने पनि हुन्छ। निउँ तरकारी चाँडो सुक्ने, गेडा भिजेको, आफ्नो रङ्गको फीँज अलग्ग छुटेको, गन्ध स्पर्श रस बिग्रेको पनि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल वस्तुमा घोको छाया लाग्दो वा नदी देखिने, उल्को कीजन्य धर्सा देखि-
हुन्छ. [विषपरेकोभए] मद्य तेल आदि रस वस्तुमा नीलो, दूधमा रातो, मद्य र पा-
मा कालो, दहीमा कालो, मह्मा सेतो धर्सा देखिने हुन्छ.
[margin: पाउनको] बाटो ओइलाउने, पाकेजस्तो गल्हाउने, कोही नीलो
फैलने हुने हुन्छ. [विषपरेकोभए] सुकेका वस्तु चाडै धूलो हुने, रङ बिग्रने, साह्रो वस्तु कोम-
हुने, कोमल वस्तु साह्रो हुने, नजीकैका साना कीराहरू मर्ने पनि हुन्छ.
विष परेको बिछ्यौना ओछ्यानमा कालो टाटो देखिने, धागो रौंका मुवाहरू
झर्ने पनि हुन्छ. सुवर्ण आदि धातु स्फटिक आदि मणिका वस्तुमा विष
परेको भए लेग्रो लिपेरको पालीस ढलक ओजन प्रभाव रङ स्पर्श
-प्रासिनो चिल्लोपन बदलेको हुन्छ. विषपरेका वस्तुका यी
चिन्ह हुन्छन्.

विष दिने मानिसको मुख सुक्ने- थाप्प-थाप्प गर्ने, अनुहार
कालो हुने, बोली अड्कने, पसिना आउने, हाइ गर्ने, थरथर काम्ने
संभन्नो पनि लड्न, कसैले बोल्दा मत्कोहैने, अड्नशक्ने पाल्नेको
काम चाल्न छोडा हिँड्ने, यस्ता चिन्ह हुन्छन्.

अतः विषको चिन्ह जान्ने र औषधि गर्ने हरू पनि
राजाको नजीकमा रहनुपर्दछ.

वैद्यले वैद्यखानाबाट चाखेर चोखो ठहर्याएको औषधि पकाउने
पिसौले पनि आफूले पनि अघिल्लै चाखेर मात्र राजालाई दिनु
पर्दछ. यसै पानी पीउने वस्तुहरू पनि औषधि सरह नै चाखी राजा-
लाई दिनुपर्छ.

हजाम र शृङ्गार गराउने हरू पनि नुहाएर हात बस्त्र सफा गरेर, राजभवन-
का अधिकारीको हातबाट लाहाछाप लागेको सामानहरू लिएर राजाको
सेवा कार्य गर्नु पर्दछ.

स्नान गराउने, आङ मिच्ने, बिछ्यौना लगाउने, रङ लगाउने, माला बना-
उने काम दासीहरूले अथवा शिल्पीको देखरेखमा रहेका शिल्पीहरूले
गर्नु. यसैले वस्त्र मालाहरू आफ्नो आँखा नजीकै ओरेर, स्नान गराउने
लेपन गर्ने हरूले स्नानको वस्तु चूर्ण वस्तु हरू आफ्नो छाती वक्षमा लगाएर
नाची राजालाई दिने गर्नु. यसै पाहुना आएका वस्तुहरूमा पनि
जाँचबुझ गर्नुपर्दछ.

कुशीलव- खेलतमाशा गर्नेहरूले पनि हानि नहुने आगो विषहरू बाहेक
अरू सामानले विनोद-दिलबहलाउ गर्नु पर्दछ. यिनका बाजा बाजाहरू
र ध्वजाको सवारीका घोडा हात्ती रथ हरूका साज गहना आदि पनि
राजभवन भित्रै रख्नेगरी यस्ता मात्र लिएर अन्यत्रका लाउनेगरी.

राजाले सवारीको यान-रथ [पालकी] आदि, वाहन-हात्ती घोडा आदि वि-
श्वासका मानिसलाई चढेर चढाएर आफू चढ्नेगरी. नाउ
चढ्न परेमा विश्वासी मल्लाह भएको चढ्नु. अर्को नाउमा गासिए-
को र हावाको भरमा मात्र चल्ने पनि नाउमा नचढ्नु. नाउको यात्रा-
मा यतीत जीवे सेना पनि रहनुपर्दछ. पानीमा पस्दा माछो हरू
जाने ठहर्याएको मात्र पानीमा पस्नु. सर्प बाघ आदि हिंसकजन्तु
पक्रने हरूले जाँचेको जंगलमा मात्र जानु. यसैका लागि शिकार
पनि आखा कुकुर सिकारी हरूले गरेको चोर डाकू हिंसकजन्तु
ले बाधा गर्ने भय नभएको पक्का बन्दोबस्त गरी निशाना मार्ने अभ्यासका
निमित्त जानु.

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैद्वं तपस्वीहरूको दर्शन गर्ने, विश्रामी हात्तीमा चढेर घोडा र रथमा चढेर, साथमा जोटाहरूका कुनसंग भेट गर्ने पनि छ। अथवा लिएर गर्ने गर्दा सेनाको (वियो) छाउनीमा गएर कवच आदि पहिरेर तयार भई हात्ती वा रथमा चढेर राजाले जानु।

देश बाहिर जाँदा र देश भित्र पनि घुम्न जाँदा मंगल आदिको दुवैतर्फ रक्षाको प्रबन्ध गरी लठ्ठीलिएका जानेहरू ध्वजा आदि धारण गरेका आफ्ना अङ्गरक्षक भएका कर्मचारी नदेखिने गरी पहरा दिँदै राजाले यात्रा गर्ने गर्दा मानिसको घुइँचो भएको ठाउँमा राजाले नजानु। देवताहरूको यात्रा, जन समूह, हुड्दंग भएको मेला आदि, प्रवहण - वनभोज आदिमा नाइको सैनिक टोलीद्वारा सुरक्षित भएर मात्र राजाले जाने गर्दा।

विजिगीषु राजाले गुप्तचरहरूद्वारा अरू बाहिरी प्राणी सावधान रहँदै अरू कसैले बाधा पीडाहरूबाट पनि आफ्नो रक्षा गर्नमा सावधान रहनुपर्दछ।

विनयाधिकरण
अधिकरण पूर्ण
प्रथम अध्याय
समाप्ति

द्वितीय अधिकरण - अध्यक्ष प्रचार
(अध्यक्षहरूको काम)

२-१ अध्याय २२

प्रकरण १९ जनपद निवेश
(देशमा बस्ती बसाल्नु)

राजाले अनेक तरहका कामहरू त्यस त्यस विभागका अध्यक्ष द्वारा नै गराउनु सक्ने हुनाले विभिन्न विभागका अध्यक्षहरू र तिनले गर्नुपर्ने कामहरू यो द्वितीय अधिकरणमा निरूपण गरिएको छ।

यस प्रकरणमा चार वर्ण चार आश्रमका विभिन्न जातिका जन-प्रजावर्गको पद-प्रधान-नगर उपनगर ग्राम आदि बस्ति बसेको स्थानको व्यवस्था सबैभन्दा पहिले गर्नुपर्ने हुनाले जनपद व्यवस्था गर्ने विषयको निरूपण गरेको छ।

पुरानो वा नयाँ बस्ती परदेशबाट मानिस ल्याएर अथवा आफ्नै देशको पनि बाक्लो भएको ठाउँबाट बढी भएका मानिसहरू ल्याएर गाउँ बसाउनुपर्छ।

शूद्र किसानहरू धेरै हुने गरी कमसेकम १०० घर बढीमा ५०० घर भएको गाउँ १ कोश २ कोश अर्को गाउँ सँग १ कोश २ कोश फरक पर्ने गरी एक गाउँबाट अर्को गाउँको रक्षा हुने गरी बसाउनु। गाउँ (सीमा) गाउँको छेउमा नदी पर्वत वन झाडी खोल्सा पुल बाँध सीमल शमी दुधालु रूखहरू सीमानामा गराउनु।

गाउँहरूको समूह मुख्य जनपदहरू यस्ता हुन्छन् -
१ - स्थानीय - ८०० गाउँको माझमा पर्ने - आफ्नो समानार निगम पनि हुन्छ
२ द्रोणमुख - ४०० गाउँको माझमा पर्ने उपनगर
३ खार्वटिक - २०० गाउँको माझमा पर्ने उपनगर
४ संग्रहण - १० गाउँको अरू ठूलो गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सबै जनपदको आरम्भै सीमामा अन्तपाल- देशको सीमा रक्षकको अध्यक्षतामा रहेका किल्लाहरु हुन्छन्. जनपदमा पसाल्ने द्वारका अध्यक्ष अक्षपाल हुन्छन् । अन्तपालका सीमाना प्रदेशका अनेक अन्तपालहरूका निम्ता मृगका सिकारी भिल्ल किरात- चण्डाल हरु र अरु बनमा घुम्ने जातिहरु नै रक्षा गर्छन्।

मालिक गुरु पुरोहित वैदिक ब्राह्मणहरूलाई दण्ड र कर नलाग्ने सन्तान दरसन्तान पर्यन्त भोग गर्नेगरी माफी जमीन दिनू. विभागका अध्यक्ष गणक (हिसाब गर्ने), गोप (१० गाउँको अधिकारी), स्थानिक (मुख्य नगरको चौथाइ भागको अधिकारी), अनीकस्थ (हात्ती लखाउने सिपाही) वैद्य, घोडा तालीम गर्ने, जाङ्घिक (दगुर्ने धावक) हरू भोग गर्न पाउने बिक्री बन्धक गर्न नपाउने गरी जमीन दिन. सबकारी पोत तिर्ने हरूलाई तयारी खेत हरू एकमुष्ट नै खान पाउने गरी दिन. बाँको जमीन तयार गर्नेलाई पछि मात्र खाउने गरी दिनू.

खेती नगरेर जमीन खाली राख्नेबाट जमीन खोसेर अरुलाई खेती गर्न दिनू. गाउँमा चाकरी र दास र बनियाँहरूलाई दिए पनि हुन्छ. खेती गर्ने ... गरेर खेती नगरि बाँझो राख्ने लाई ... भर्नुपर्दछ

खेतीगर्न असमर्थ किसानहरूलाई अन्न पशु नगद दिएर सहायता गर्नुपर्दछ. ती किसानहरूले आफूले लिएको अन्न धनहरू पछि सुविस्तासँग बुझाउन्. खेती गर्नेहरूलाई, अनुग्रह- सहायता र परिहार- विपत्ति टार्नेको निमित्त दिएको छुट आफ्नो ढुकुटी बढाउने गरी कसैका पनि समेतले लिने गरी दिनुपर्दछ. ढुकुटीलाई धक्का दिने गरी दिन हुदैन. किनभने ढुकुटी घट्ने गएमा राजाले देशवासी प्रजालाई

नै बाधा दिने गर्छ. नयाँ बस्ति बस्न आउने हरूलाई सहायता पाएका- कर माफ गरि दिनू. आफ्नो लिएको चुकाउँने कृषकहरूलाई बाबुले छोरालाई झैं दया गरेर ब्याज हरू नलिएर अनुग्रह गर्नुपर्दछ

खानीको कारखाना, आमदानी हुने द्रव्यवन, हात्ती हुनेवन, गोठ व्यापार गर्ने बाटो, जलमार्ग, स्थलमार्ग, बजार हरू पनि ठाउँ ठाउँमा बनाउनू

सधैं पानी हुने नदीहरूमा पुल, वर्षासमयमा पानी ल्याउने बाँध पनि बनाइदिनू. अरुले पनी पुल बाँध बाँध्न लागेमा जमीन बाटो र अरु चाहिने सामानहरू दिएर सहायता गर्नु. कुनै पुण्यस्थान सर्वसाधारण कोचाहरू बनाउनेलाई पनि सहायता दिनू. सबै जना मिलेर पुल बाँध बनाउन लागेमा जानु कामबाट हट्नेहरूका नोकर गोरु बयलैहरूलाई जबर्जस्ती गरी काम लाउनु. खर्चको भाग लाग्नेहरूले तिर्नुपर्दछ, यिनले पछि फायदाको भाग लिन पाउँदैन.

कुनै बाँधहरू बनाइएका पछि माछा हाँस फलफूल घाँस पात आदि बिक्री हुने वस्तुहरूमा राजाको हक हुन्छ.

मालिकको आज्ञा नमान्ने दास बाँधाहरूलाई राजाले तहलाइ दिनु. बालक बूढा रोगी दुःखी अनाथ हरूलाई, सन्तान नभएकी अनाथ स्त्रीलाई, छोराछोरी हुने अनाथ स्त्रीका सन्तानलाई पनि राजाले पालन पोषण गरिदिनू.

नाबालकको धन सम्हाल्ने त्यो समर्थ व्यवहार गर्न नभएसम्म र देवताको धन सम्हाल्ने पनि गाउँका बूढा पाकाहरूले भोगगरेर राख्नेदिनू.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतित भएका बाहेक स्वास्नी छोरा छोरी आमा बाबु नाबालक भाइ हरू, अविवाहित बहिनी, विधवा बहिनी हरूलाई आफू समर्थ हुँदाहुँदै पालन पोषण नगर्नेलाई र पतित भएपनि आफ्नी आमालाई पालन नगर्नेलाई ~~धनले~~ १२ पण दण्ड गर्ने.

स्वास्नी छोरा छोरी हरूको जीविकाको बन्दोबस्त नगरी संन्यास लिएर हिंड्नेलाई ~~पूर्वसाहस (२५०)~~ र स्त्रीलाई संन्यास लिन लाउनेलाई पनि पूर्वसाहस (२५०) दण्ड हुन्छ.

विषयभोगमा असमर्थ भएपछि धर्मस्थ-धर्मसम्बन्धी व्यवहारका न्यायाधीश हरूलाई सोध पुछ गरेर मात्र संन्यास लिनहुन्छ नत्र दण्ड पाउने हुन्छ.

वानप्रस्थ बाहेक घरबार छोड्ने, राजा र राज्यको भलो गर्ने बाहेक अरू जनसङ्घ, यौ [illegible] बाहेक राजा प्रजाको भलो मात्र गर्ने बाहेक अरू उद्देश्य भएको जनसमुदाय राज्यमा [illegible] पाउँदैनन्.

जनपदभित्र विहार गर्ने बगैंचा नाचघर हरू हुन हुँदैन. नाच्ने गाउने बजाउने प्रजापालन गर्ने चटकी हरूको [आ] आश्रय नहुनाले र मानिस हरू आफ्नो खेतीपातीमा लाग्ने हुनाले तिनबाट जनपदको कामधन्दामा विघ्न बाधा पर्न दिन हुँदैन. मानिस हरू आफ्नो कामकाजमा लागेमा नै कुपुर्य बढ्ने द्रव्य अन्न रस हरूको वृद्धि हुने हुन्छ.

[राजाले देशलाई] परचक्र-शत्रुदल, जङ्गली दल हरूले पीडित, रोग दुर्भिक्षले पीडित हुन नदिनू. खर्चिला हुने खेल तमासा हरू गर्न नदिनू. दण्ड बेठी करको बोझाले खेतीमा हानि हुन नदिनू. ~~चोर डाकू~~ दिसक ठालु

विषप्रयोग आदि रोग हरूबाट पनि पशुहरूको रक्षा गराउनू. ~~[illegible]~~ राजकर्मचारी कठोरता चोर डाकू सीमारक्षक चौकीदार हरूले र [बाघ आदि] पशुहरूले पीडित भएको वाणिज्यको बाटोलाई सोझ्याएर बाट रक्षा गर्नू.

यसै गरी [जोगाउने] असल काठ आदि आउने वन, हात्ती हुने वन बाँध पुल खानी हरू अघिदेखि भएकालाई रक्षा गरेर नयाँ नयाँ पनि बनाउँदै गर्नू.

२-१ अध्याय २२

प्रकरण २० भूमिच्छिद्रविधान:

(भूमि सुधार)

भूमिच्छिद्र भनेको खेती ~~[illegible]~~ केही नहुने जग्गा भन्ने हो त्यसलाई सफल बनाउने विधान यस प्रकरणमा बनाइन्छ।

खेती गर्न नहुने भूमिमा पशु हरूका निमित्त गौचर छोडिदिनू. स्थावर-जङ्गम तथा आदि जङ्गम प्राणी हरूको भय नहुने गरी ब्रह्मारण्य-वेदाध्ययन गर्ने वन, सोमारण्य-सोमयाग आदि गर्ने वन ब्राह्मण हरूलाई ~~[illegible]~~ र तपस्वी हरूका निमित्त गोकोश[illegible]को तपोवन छोडिदिनू. गोकोश संम कोर एक ढोका भएको वरिपरि खाइ खनेर सुरक्षित गराइएको मीठो फल फूल को झाँग भएको, काँडे वृक्ष नभएको, जलाशय-तलाउ आदि पनि गहिरो नभएको, मृग आदि चौपाया हरू पनि पाल्तुका नभएको, बाघ आदि हिंसक जन्तु पनि [illegible] गरा हरू उखेलिएका भएको, शिकारमा काम दिने हात्ती हत्तिनी छाउरा भएको मृगवन राजाको विहारका निमित्त बनाउनू.

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

जनपदको सीमानेर अथवा अन्यत्र ठाउँ अनुसार अन्न वा, भारी आउने आतिथि मृगहरूलाई पनि आश्रय पाउने गरी अर्को आतिथि-मृगवन पनि बनाइदेऊन्। मिल्दा द्रव्य-वस्तुमा गनिने असल जातका काठ हुने वृक्षहरू एकैक जातको एउटा असल वन पनि बनाउनू। यस्ता द्रव्यवनको नजीकै असल काठहरू तयार गर्ने कारखाना पनि तयार गराउन [illegible]

जनपदको पर छेउमा वनपालेहरू समेत भएको हात्ती रहने वन पनि बनाउनू। हात्तीवनको अध्यक्षले पहाड नदी तलाउ [illegible] हरूको सम्बन्ध भएको हात्ती भएको वन हात्तीहरू ओरिपरि वा पसेको निस्केको थाहा हुने गरी हात्तीवनका पालेहरू द्वारा सुरक्षित गराउनू। हात्ती मार्नेलाई मारिदिनू। आफै मरेको हात्तीको दुइ दाँत ल्याई बुझाउनेलाई सवा-चार पण पारितोषिक-इनाम दिने गर्नू।

हात्तीवनका पालेहरूले हात्तीपक-माहुते, पादपाशिक-गोडामा फाँद हाल्ने, सैमिक-सीमारक्षक, वनचर-वनमा हिँडी रहने, पारिकर्मिक-हात्तीको सेहवाहरू साथ लिएर हात्तीको मल मूत्रको गन्ध आउने गरी [illegible] हरू छोपेर, पाँच सात हात्तीनी फसाउने हत्तिनीहरू साथ लिएर पत्ता लगाउँदै घुम्दै, हात्तीहरू सुतेको बसेको पाइलाको छाप लीद ठाउँ ठाउँमा ढलेको रूख भाँचेको इत्यादि हेर्दै बुझ्दै हात्तीको बथान बथानबाहिर एक्लै हिँडेको मत्ते पगला हात्तीहरू पत्ता लगाउने गर्नू।

बथान लिएर हिँड्ने, एक्लै हिँड्ने, बथान बाट छुटेको बथानको मालिक हात्ती दुष्ट मत्ता बच्चा, बथानबाट छुटेको उम्केको यति भनी रजिस्टरमा गनाती लेखी राखू।

अनीकस्थ-हात्तीको विद्याजान्ने पक्का मानिसहरू बाट असल लक्षण चालचलन भएका थाहा पाएर त्यस्ता असल हात्तीहरूलाई राजाका निमित्त पक्रनू। किनभने राजाको विजयमा मुख्य साधन हात्ती नै हुन्छ। ठूलो जीउ भएका अर्काको ज्यान लिन सक्ने हात्तीहरू शत्रुको फौज किल्ला छाउनी हरूको विध्वंस गर्ने हुन्छन्।

हात्तीहरू कलिङ्ग र अङ्ग देशका उत्तम हुन्छन्, पूर्वीय चेदि र करूषदेश दशार्णदेश अपरान्त देशका चाहिं मध्यम हुन्छन्। सुराष्ट्र पञ्चनद देशका चाहिं कमती मानिन्छन्। यी सबै थरीको तालीम गर्दा वीरता वेग तेज पनि बढ्छ।

२ ३ अध्याय २४

प्रकरण २१ दुर्गविधानम्।

(किल्लाको निर्माण)

देशको जनपद- बस्ति बसेको ठाउँको चारै दिशामा युद्धमा काम दिने दैवी-स्वाभाविक दुर्ग-किल्ला यस्तो बनाउनू कि-

१- औदक-जलदुर्ग (क) वरिपरि नदीले घेरिएको बीचमा जमीन भएको।
(ख) वरिपरि खाइँ खनेर पानी भएको बीचमा उठेको जमीन भएको

२- पार्वत-पहाडी (क) पत्थरको पहाडले घेरिएको
(ख) ठूलठूला दैवी खाडलले घेरिएको।

३ धान्वन-मरुभूमिको (क) पानी घाँसहरू केही नभएको
(ख) ऊसर जमीन भएको

४ वनदुर्ग — (क) दलदल जमीन भएको
(ख) घना झाडी भएर [illegible] नआउने।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी दुर्गहरू मध्यमा नदीदुर्ग र पर्वतदुर्ग प्रधान भएको अवस्थामा जनपदको रक्षा गर्ने हुन्छ, मरुभूमिको दुर्ग र वनको दुर्ग जङ्गली जातिको रक्षा गर्ने, त्यसैले बढ्ता पनि आएमा शरण लिने भाग्ने ठाउँ हुन्छ।

जनपद [illegible]को मध्यमा धनको उत्पादन गराउने [illegible] ८०० गाउँको बीचमा पर्ने 'स्थानीय' नाम भएको नगर विशेष बसाऊन्. त्यो स्थानीय-नगर वास्तुविद्या जान्नेले प्रशस्त ठहराएको ठाउँमा, दुइटा नदीको सङ्गम भएको ठाउँमा, कहिल्यै पानी नसुक्ने ठूलो दह तलाउको नजिकमा, वर्तुल वा लाम्चो वा चारपाटे पारी, पानी बग्ने बहोर गरी (लडअनुसार) निकास भएका बिक्रीको मालको बजार आदि खोलिने ठाउँ भएको, काँधमा बोकिने भारी आउने स्थलमार्ग र जलमार्ग पनि भएको हुनुपर्दछ।

त्यो स्थानीय-नगरको वरिपरि ४।४ हातको फरकमा १४।१६ हात फराकिला, चौडाइको चौथाइ कम वा आधा गहिरा अथवा चौडाइको ४ भागमा ३ भाग वा आधा तलजगमा चौडाइ भएका [illegible] पक्की बनाएका वा ढुङ्गा बाँधी पत्थर वा ईटले चिनेका, पानी सधैं भरिभराउ हुने वा चाहिने बेलामा पानी भरिने, पानीको निकास पनि भएका, कमल गोहि हरू पनि भएका तीनवटा परिखा खाईं बनाऊन्।

त्यो खाईं भन्दा १६ हात पर बीचैपारि खाड्र खन्दा आएको माटो थुपारेको २४ हात अग्लो, माटो नभत्किने गरी खनाएको, उचाइको दोब्बर चौडाइ भएको तलभागमा [illegible] सानो हुँदै गएको किंवा तलभागजति नै चौडाइ भएको अथवा तलमाथि केही सानो घडाजस्तै पेट फुकेको गोलाई हात्ती वृषभहरूलाई खुट्टा लगाई कसिएको वप्र-टिस्को बनाएर त्यसमा काँडे लहरा विषालु लहरा लगाएर ओगटिदिऊन्. यसको वप्र बनाएर बाँकी रहेको माटोले किल्लाभित्रको जमीनमा [illegible] परेका खाडल पुरेर सम्म पारिदिऊन्.

त्यो वप्र-टिस्कोको माथि वरिपरि चौडाइको दोब्बर उचाइ भएको १२ हात देखि माथि १३।१५।१७।१९।२१।२३ हात वा १४।१६।१८।२०।२२।२४ जस्तो जोर हात २४ हातसम्म उचाइ भएको पुर्व्याको पर्खाल बनाऊन्. त्यो पर्खालको [illegible] बग्गी दौडन हुने चौडा वा तालवृक्षको फेद जस्तो वा मादल जस्तो आकारको वा बाँदरको टाउको जस्तो ईटको थुप्रो र चूना मिसाएर बनाएको [illegible] टाउको लाइँदै. अथवा त्यो पर्खाल पत्थरै पत्थर गरी पत्थरको बनाएपनि हुन्छ. काठको भने पर्खाल नबनाऊन्. काठको आगो लागेमा आगो बढीरहने हुन्छ।

पर्खालको छाउनामा उचाइ चौडाइ बराबर भएको उचाइ अनुसारको सिँढी भएको अट्टालक- अटाली भएको घर १२०।१२० हातको फरक गरी बनाऊन्. दुइ दुइ अटालीको बिचमा चौडाइको डेढा लम्बाइ भएको दुइतले प्रतोली-बुर्जा घर बनाऊन्.

सो अटाली र बुर्जा घरको बिचमा तीन जना धनुर्धारी (छेवैया [illegible]) [illegible] बस्न हुने माथिपट्टि ढकनी समेत भएको छिद्र भएको फल्याकले जोडेको इन्द्रकोश-गुप्त खाजस्तो बनाऊन्.

अटाली बुर्जा इन्द्रकोशका बिचबिचमा २ हात चौडा ८ हात लामा देवपथ- [illegible] पर्खालमा उक्लने गुप्त बाटो बनाऊन्.

४ हात वा ८ हात चौडाइ भएका चार्या-उक्लने ओर्लने बाटो पनि बनाऊन्. शत्रुले थाहै पाउन नसक्ने गरी सैनिकहरू उक्लने प्रधावितिका-उक्लने [illegible], पर्खाल बाहिर शत्रुको [illegible] [illegible]मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिने हुने निस्का द्वार - ढोका जस्तो प्वाल पनि बनाऊ।

खाइको बाँदरपट्टि को जमीनमा जानुभक्षानी - घुँडा - फुकाल्ने, निमक्षपकर - नाभेयो काठ वा फलाम ले बनाइएका तेरवाे टुप्पा भएका सुजीदल, कुप - इन्ना, पर - फलाम मुद्गर, अवपात - घाँसले छोपिएका खाल्डे खाल्डिडै, कण्टक प्रतिसर - काँडेतार, अहिपृष्ठ - सर्पको ढाडजस्ता हाड जस्ता फलामे खण्ड खण्ड मुख्य बोका, तालपत्र - ताडको पातजस्ता लीएका फलामे पाता, श्वदंष्ट्रक - फलामे तीखे कुन्ने, श्व दंष्ट्रा - कुकुरको दाह्रा जस्ता फलामे अर्गल - मथ्याने आग्म, उपस्कन्दन - चोप्ने काठ, पादुका - एक पाइला मात्र टेक्न हुने होलो भारिएका खाडल, अम्बरीष - आगो भरिएका खाडल, उदपान - नछुनदुने पानी भएका पोखरी इत्यादि निका यन्त्र साधन इत्यादि जाले दुश्मनले गरी भरिभराउ पार्नू।

परखालको दुवैपट्टि ६।४ हात चौडाइ भएको घरवतास एर: ६ खम्बा भएको २० हात देखि ४।५ हात बजाएर ८४ हात सम्मको चारपाटे, अथवा ८ हात, किंवा लम्बाइको ६ भाग को १ भाग वा ५ भाग को १ भाग वढी चौडाइ भएको द्वार - कोष्ठ बनाइयोस्। ढोकाका खम्बाको उचाइ १५ हात देखि एक एक घटाउँदै १८ हात सम्म हुन्छ। खम्बाको परिधि - उचाइको ६ भागको १ भाग, परिधिको दोब्बर जति खम्बाको गडाइ हुन्छ। खम्बाको टाउको परिधिको चौथाइ भाग हुन्छ।

चौतारो त्यसमाथि

परखालको दुवै पट्टि ६ हातको मण्डप - छानो बनाएर प्रतोली - बुर्जा घरको आधार हुने ६ खम्बा भएको चारखम्बे ठूलो ढोका, २० हात देखि ४ हात सम्म फराकिलो, अथवा ८ हात फराकिलो किंवा चौडाइ भन्दा ६ गुना वा ८ गुना बढी उचाइ भएको बनाइयोस्। १५।१६। १७।१८ हात सम्मका खम्बा र ढोकाको उचाइ हुन्छ। त्यसमा ४ खम्बाको मोटाइ उचाइको ६ भागको भाग हुनुपर्दछ। खम्बालाई मोटाइको दोब्बर जति भाग जमीनमा गाड्नुपर्दछ। खम्बाको माथि को भाग मोटाइको चतुर्थांश हुनुपर्दछ।

प्रतोली - बुर्जाघरका ३ तला मध्ये तल्लो तलालाई ५ भागतारा बिचमा नलागु त्यसको दायाँ बायाँ लामा चारपाटे २ खण्ड त्यसवीरे पर छेउमा चारकुने कोठा भएको सीमागृह पनि बनाइयोस्। घरको छेउमा घरको दश अंश अति ठूलो किला ईटका पेटी (ड्यली) २ आँगन - सानो ढोका बनाऊ। माथि तलाको तल्लो तलाको भन्दा आधा हुन्छ, साना साना खम्बा पनि लागेका हुन्छन्। सोभन्दा माथिको तेस्रो तलाको जमीनको आधा जति फराकिलो किंवा ६ हात उँचो हुन्छ। त्यसको दायाँ पट्टि ईटको भित्ता बनाएर बायाँ पट्टि माथि चढ्ने घुम्ती सिँढी र दायाँ पट्टि भित्र ढलिएको सिँढी बनाइयोस्।

तोरण - बाहिरी ढोकाको टाउको ३ हातको हुन्छ, ३ वा ५ भागका दुइ कपाट - द्वार, तिनलाई बन्द गर्ने २ परिघ - गजबार र त्यसको मुख्य फलामको कीला १ हातको हुन्छ। ती दुवै कपाटको बिचमा एक आणिद्वार - सानो ढोका पाँच हातको हुन्छ। त्यो सबै फाटक पूरा खोल्दा पाँचवटा हात्ती सँगसँगै पस्न सक्ने हुनुपर्दछ। त्यो फाटक मा चार गजबार लाउँछन्। ठूलो फाटकको बाहिरपट्टि अर्गलालाई हस्तिनख - ओरालो हुँदै गएको फाटक भरिको माटाको ढिस्को हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रमा आउनेजाने संचर-बाटो काठको खम्बा गाडेर बनेको पार्न. पानी नभएको ठाउँमा त्यो संचरमार्ग माटोको भर पनि हुन्छ. परबलिको विस्तार अनुसार किल्लाबाट बाहिर निस्कने बाटोका निम्ति गोहीको मुखको आकारभएको गोपुर-किल्लाको [illegible]
[illegible]

[illegible] घरबीचको भित्रपट्टि तलाउ बनाएर यहीनेर पुष्पकरणीद्वार- [illegible] आउने ढोका, आगो भनेको अग्निद्वारको डेढ्(धुन) को चारपाटे घा बनाएर त्यसमा कुमारीपुर-नाम भएको ढोका बनाउनू. दुइतले मुण्डाघर बनाएर त्यस मुण्डकद्वार नाम भएको ढोका बनाउनू. अथवा ठाउँ र खर्च गर्ने इच्छा अनुसार यी भतिरका द्वार हरू जुन जाति पर्दा बनाउने इच्छा छ त्यो अनुसार कुनै बनाई अरू नबनाए पनि हुन्छ.

चौडाइ भन्दा त्रितीयांश बढी लामा नहरहरू मालसामान ओसारपसार गर्न निम्ति बनाउनू. सो नहरको नजीकमा [illegible] पत्थर कौंडाली बन्चरो बाघ कल्पना-हात्तीको साङ, भुशुण्डि- [illegible], फलामको कीला जडेको काठको गदा, मुद्गर- लामो गदाजस्तो ठूलो कुप्पा भएको, दण्ड-हुत्याउने लट्ठी, चक्र- बाहिरको धारपरेको चक्का; यन्त्र-जामदग्न्य भौम आदि यन्त्रविशेष, शतघ्नी- फलामे कीला [illegible]गाडेको लामो [illegible] गदाजस्तो कर्मारिका- फलामको कमी गाउने बनाउने तोमर-भाला आदि, उष्ट्रग्रीवी-ऊँटको घाँटी जस्तो हतियार, आग्नेयोग- गुग्गुल सालधूप धनाप गन्धक आदि आगो सल्काउने बाण हरू र कुप्प प्रमाणमा पनाउने साल निरस आदि काठ [illegible] बाँस पोता आदि पाने जेना गरि राख्नुपर्दछ.

४-४ अध्याय २५

प्रकरण २२ दुर्गनिवेश

(किल्लाभित्रको बनोट)

किल्ला भित्रको जमीन वास्तु [illegible] मा पूर्व-पश्चिम लम्बा तीन, उत्तर-दक्षिण लामा तीन राजमार्ग सडक बनाउनू. प्रत्येक सडकको छेउमा ढोका भएर जम्मा १२ ढोका बाहिरी हुन्छन्. त्यहाँ पानीका फुट इनार तलाउ हरू पानीलान जाने बाटो, निचानिचमा सुरुङको बाटो हरू पनि हुनुपर्दछ.

[illegible] सडक ४ दण्ड-१६ हात चौडा हुन्छन्. राजमार्ग, द्रोणमुख पथ- ४०० गाउँको सदरमुकाम नगरको बाटो, स्थानीय पथ- ८०० गाउँको सदर नगर को बाटो, राष्ट्रपथ- जनपदमा आउने जाने बाटो, विवीतपथ- गोचर चरन जंगल भित्र जाने बाटो, संयानीय पथ- व्यापारीका मालहरूको खरीद बिक्री हुने मुख्य बजारको बाटो, व्यूहपथ- शत्रुले घेरा दिएको बेलामा फर्कने लागि पारी सेनाहरू घुम्ने बाटो, श्मशानपथ- मसानघाटमा जाने बाटो, ग्रामपथ- गाउँमा जाने आउने बाटो, यिनी हरू ८ दण्ड- ३२ हात चौडा, सेतुपथ- बाँधको बाटो, वनपथ- वनको बाटो यी ४ दण्ड-१६ हात चौडा, हस्तिपथ- हात्ती हिंड्ने बाटो, क्षेत्रपथ- खेतमा जाने बाटो २ दण्ड-८ हात चौडा, रथपथ- रथको बाटो ५ हात को, पशुपथ- गाई भैंसी आदि पशु हिंड्ने बाटो, चार हातको, क्षुद्र पशुपथ- भेंडा बाख्रा आदि क्षुद्र पशु हिंड्ने बाटो, [मनुष्यपथ- मानिस हिंड्ने बाटो दुइ हात चौडा पनि हुनुपर्दछ।

ब्राह्मण आदि चारै वर्णको जीविका चल्ने वीरपुरुष हरू प्रशस्त भएको ठाउँमा [illegible] वास्तुहृदय बाजेबाजे बाट चलाइआएको घडेरीको माथको ९ भाग भन्दा उत्तरपट्टिको ९ भाग पारेर भेत पारेको अग्निको पूर्व वा उत्तर मुख भएको अन्तःपुर- भोगी महल बनाएर

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको ईशान पट्टिको भागमा गुरु पुरोहितको भवन यज्ञ गर्ने ठाउँ जल रहने ठाउँ, मन्त्रीहरु बस्ने घरहरु बनाउनू आग्नेय पट्टिको भागमा भान्सा घर हात्ती रहने घर भण्डार घर बनाउनू. राजभवनदेखि पश्चिम पट्टि सुगन्धी वस्तु माला अन्न घिउ दूध आदि रसको बिक्री हुने बजार, मुख्य मुख्य कालीगढ क्षत्रियहरु पनि पूर्व पट्टि बस्ने गर्दछ. आग्नेय पट्टि भण्डार घर. अक्षपटल–नगद द्रव्यको आम्दानी खर्चको हिसाब गर्ने ठाउँ, कर्मान्तिकहरू–सुनचाँदीका माल गढ्नेहरू बनाउने ठाउँ; नैर्ऋत्य पट्टि जिन्सी भण्डार र शस्त्रहरू राख्ने घर बनाउनू. त्यहाँदेखि पर दक्षिण पट्टि सहरका कोतवाल गर्ने, अन्नको व्यापार गर्ने, [illegible] आदि कामका अधिकारी पुरुष, सेनाका अध्यक्ष, पक्वान्न बेच्ने मासु बेच्ने मद्य बेच्ने वेश्याहरू तालबाजा बजाउने नटहरू र वैश्यहरू बस्ने गर्दछ. नैर्ऋत्य भागमा खच्चर ऊँट गधाहरू रहने ठाउँ र तिनको खरिद बिक्री हुने ठाउँ पनि बनाउनू. वायव्य भागमा सवारी रथहरू रहने घर बनाउनू. त्यहाँदेखि पर पश्चिम पट्टि ऊन सूत बाँस छाला कवच शस्त्र राख्ने दाप आदि बनाउने कालीगढहरू र शूद्रहरू रहने ठाउँ बनाउनू. वायव्य भागमा सरकारी बिक्रीको माल रहने घर, औषधिको भण्डार घर, ईशान भागमा पशुशाला गाई घोडाहरू रहने घरहरू बनाउनू. त्यहाँदेखि पर उत्तर पट्टि

नगरका देवता, राजाका कुल देवताहरू रहने मन्दिरहरू, धातु र मणिका कालीगढहरू र ब्राह्मण जाति बस्ने गर्दछन्. बिचबिचका खाली ठाउँमा, श्रेणी बुझ्ने आदिको वर्ग, प्रबन्धकहरू पालकी आदि बोक्नेहरू रहने गर्दछ.

अपराजिता–दुर्गा, अप्रतिहत–विष्णु, जयन्त–सुब्रह्मण्य, वैजयन्त–इन्द्रका मन्दिर कोठा, शिव कुबेर अश्विनीकुमार लक्ष्मी मदिरा–दुर्गाका मन्दिरहरू पनि सहर बिच बनाउनू. बाह्य विभागका देवताहरूलाई सोही सो भाग अनुसार राख्नू. सहरको चार पट्टि ब्रह्म देवता भएको द्वार, पूर्व पट्टि इन्द्र देवता भएको द्वार, दक्षिण पट्टि यम देवता भएको द्वार, उत्तर पट्टि सेनापति–कार्तिकेय देवता भएको द्वार बनाउनू. खाइको बाहिर पट्टि ४०० हात पर चैत्य–[illegible] वृक्ष, पुण्य तीर्थ आदि, वन, बाँधहरू बनाउनू. दिशा दिशामा दिक्पाल देवताहरू पनि राख्नू।

श्मशान घाट उत्तर वा पूर्व पट्टि, ब्राह्मणको दक्षिण पट्टि गराउनू. यो नियम उल्लङ्घन गर्नेलाई पूर्वसाहस (२५०) दण्ड गर्नू. पाखण्डी चण्डालहरू श्मशानको नजिकमा बस्ने गराउनू.

किसानको खेतमा बसाउनु पर्ने कुटुम्ब परिवारलाई कामको ठाउँ अनुसार चौहद्दी गराइदिनू.

ठाउँ ठाउँमा फूल फलका बगैँचा कमल हुने ठाउँ धानका खेतहरू र बिक्री हुने अनाजहरू कुसुम्भ [illegible] राजाका अधिकारीबाट अनुमति लिएर बनाउनू. [illegible] २० बर्षा [illegible] १ बर्षा इनाम बनाउनू.

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

२-५ असार २६

प्रकरण २३ सन्निधातानिचय-
(खजाञ्ची अध्यक्षको काम)

सरकारी ढुकुटी भण्डार आदिका सञ्चय र देखरेख गर्ने उच्च अधिकारी पुरुषलाई सन्निधाता भन्दछन्. [illegible] कोशगृह- सुवर्ण रत्न आदि जम्मा हुने ढुकुटी घर, पण्यगृह- सरकारी बिक्री हुने वस्तुहरू जम्मा गरिने घर, कोष्ठागार- अन्न आदि खाद्य वस्तुहरू जम्मा हुने कोठार, कुप्यगृह- छाला आदि उत्पन्न काठहरू जम्मा हुने जिन्सी भण्डार, आयुधागार- हतियार रहने भण्डार घर, बन्धनागार- [illegible] जेलखाना हरू बनाउने बन्दोबस्त गर्नुपर्छ.

निर्माण- कोशगृह बनाउनलाई चाहिने चारपाटे इनार जस्तो अर्थात् खाडल खनी असल पानी नरसाउने पारेर चारैतिर र तल ढुङ्गा पत्थरले चिनेर, असल काठको [illegible] बनाएर, जमिन अनुसार तीन तला पारी. त्यसमा अनेक कोठा छुट्याएर तीनै तलाको जमिन पिढी वा [illegible] भएको, [illegible] भरेङ बनाई, माथिबाट देवताको मूर्ति [illegible] काठको ढकनी भएको, भुइँघर बनाउनु. त्यस माथि भित्र पट्टिबाट र बाहिर पट्टिबाट पनि [illegible] लागेको, [illegible] जस्तो [illegible] को कोशगृह- ढुकुटी घर बनाउनू. त्यसको माथि पट्टि [illegible] बनाउने नदीको छेउ दिनू.

अथवा जनपदको सीमानामा एक भवन वधको दण्ड पाएर सजाय बाट बाहेर भएका मानिस द्वारा बनाउन लाउनू. त्यो भवनमा सङ्कट परेको समयमा उपभोगका निमित्त स्थायी धनको सञ्चय गरी राख्नू. तर वध दण्ड पाउने पुरुषहरू [illegible] बाट पालिएर बनाउने समयमा त्यहाँ धन सञ्चय भएको रहस्य प्रकाश गर्दैनन्. [illegible] थाहा पाउन सक्ने पछि मारिने हुनाले पछि पनि रहस्य खुल्ने नहुँदा त्यहाँ राखेको धन गुप्त सुरक्षित हुन्छ।

~~[illegible]~~

सहायक-
घिउ तेल आदि चिल्लो वस्तु, अन्न, गुड आदि क्षार, नून, औषधि, सुकेको साग, भूसा, [illegible], सुकेको मासु, घाँस, दाउरा, [illegible] छाला, कोइला, नसा, विष, सीङ, बाँस, खुरको [illegible], बलियो काठ, हतियार, कवच, ढुङ्गा इत्यादि [illegible] धेरै वर्षसम्म भोग गर्न पुग्ने गरी जम्मा राख्नुपर्छ. नयाँ आएपछि पुरानोलाई बदली दिनुपर्छ.

हात्ती घोडा रथ पैदल यी चतुरङ्ग सेनाहरू अनेक मुख्य पुरुषको देखरेखमा रहनुपर्छ. धेरै जना मुख्य पुरुषहरू भएमा परस्परको भयले शत्रुले फुटाउन नसकिने हुन्छ।

सदरको किल्लाको यो बन्दोबस्तबाट आटपाल दुर्ग- [illegible] राज्यको सीमानाको रक्षा गर्ने किल्ला [illegible] को प्रबन्ध पनि बुझ्नुपर्छ।

राजाले सम्पूर्ण नगर राष्ट्रलाई [illegible] बाधा पीडा दिने बाहिरिक अर्थात् धूर्त ठग नट नर्तक आदिलाई नबसाउनू. [illegible] राख्नुपर्ने भने जनपदको सीमामात्र बसाउनू। [illegible] चाहिँ कर लिइनू।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरको ईटका खम्बाहरू भएको चारैतिर सामुन्ने सामुन्ने पर्ने चौघरा घर भएको, धेरै तला धेरै कोठा भएको, ठेक्का थोरैमात्र भएको दुवै पट्टि खम्बासहित बुर्जा भएको पण्यगृह- सरकारी बिक्रीका वस्तु हरू राख्ने घर, र कोष्ठागार- अन्न आदि इत्यादि वस्तुहरू राख्ने भण्डार घर पनि बनाइहरू.

यस्तै गरी छेकेका चौ कोठा भएको लामो चौ खण्ड भएको कुप्यगृह- जिन्सी सामानहरू राख्ने भण्डारघर र यस्तै तल भुइँघर समेत भएको आयुधागार- हतियारहरू राख्ने घर, धर्मस्थीय- धर्मसभा सम्बन्धी अर्थात् न्यायाधीशहरू कहाँ मुद्दाको निर्णयलाई आउने मानिसहरू बसेर हुनेलाई थुन्ने ठाउँ पनि भएको र महामात्रीय- सन्निधाता समाहर्ता आदि प्रधान अधिकारी सम्बन्धी अर्थात् कसैसँग विश्वासको खाने वैधकी जस्तो गरेर निरुपकार र युद्धमा पक्रेका मानिस आदि राख्ने ठाउँ बनेको छुट्टा छुट्टा बन्धनागार- थुनुवा राख्ने घर लोग्ने मानिस र स्वास्नी मानिस बसेको अलग अलग खण्ड भएको कतैबाट पनि भाग्न नपाउने गरी सुरक्षित हुने बनाउन लगाइहरू.

यी सबै कोशगृह पण्यगृह कोष्ठागार कुप्यगृह आयुधागार बन्धनागार समेत ६ वटा चारैतिर खाई धरवलि पर्खालको कला इत्यादि; स्नानगृह, आगो र विषको बचाउ गर्ने बिरालो न्याउरीहरू राख्ने पालेपहरा रहने प्रबन्ध पनि गर्नु. कोशगृहमा कुबेर, पण्यगृह कोष्ठागारमा लक्ष्मी, कुप्यगृहमा विश्वकर्मा, आयुधागारमा यम, बन्धनागारमा वरुण यी देवताको पूजा जो पनि गराइन् कोष्ठागारमा —

वर्षाको पानी नाप्ने एक हात मुख भएको बारपाटे कुण्ड-स्थापना पनि बनाइन लाइन.

सञ्चय- ~~[illegible]~~

कोषगृह आदि कुनुनी भण्डारहरूमा मालहरू राख्दा त्यो त्यो वस्तुको व्यवहार गर्ने जाने मानिस र लेखक गणक आदि कर्मचारी समेत लिएर पुरानो नयाँ. ~~[illegible]~~ भित्र्याई मणि मोती आदि रत्न, श्रीखण्ड आदि सार, वस्त्र आदि फल्गु-भाम्ली, काठ छाला बाँस आदि कुप्य-जिनिसहरू सञ्चय गर्ने गर्नु.

हिरण्य छाप लागेको सुन चाँदी (असर्फी रुपियाँ आदि) नगद जाँचकीले राम्री असल ठहरेको मात्र बुझी लिनू. खोटो ठहरेको काटेर रद्दी गरिदिनू. त्यसको खोटो दिन ल्याउनेलाई पूर्वसाहस (२५०) दण्ड गर्नू.

अन्न पनि निकालिएको तौल नाप पुग भएको नयाँ बुझनु. त्यसो नगरेमा बिगोको दोब्बर दण्ड गर्नु.

रत्नमा नक्कली पारी कपट गरेमा गर्ने गराउने दुवैलाई उत्तम साहस (१०००) दण्ड, सार चन्दनादिमा कपट गरेमा मध्यम साहस (५००) दण्ड, फल्गु वस्त्र आदि र कुप्य- काठ छाला आदिमा कपट गरेमा ~~[illegible]~~ नोक्सानी भर्नागराई बिगो बराबर दण्ड पनि गर्नु.

यही किसिमले सँग पण्य वा कुप्य ~~[illegible]~~ जाँची लिने, ~~[illegible]~~ बुझ्नु.

सबै अधिकरण- अधिकार स्थानहरूमा मुख्य-प्रधान, उपयुक्त प्रधानको सहकारी, तत्पुरुष- त्यसभन्दा तलका कर्मचारी ~~[illegible]~~

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१पण २पण, ४पण दण्ड गर्ने. १ बाजि दण्ड गोप्यहि चलीकों अपहरण गरेमा. पूर्वसाहस, मध्यमसाहस, उत्तमसाहस दण्ड [illegible] को [illegible] गर्ने. त्यति गरेर पनि फेरि अपराध गरेमा बधदण्ड गर्ने.

सरकारी कोश - ढुकुटी भण्डार इत्यादिको अध्यक्ष भएर [illegible] सरकारी नाफ जोगाए धनको नाश गरेमा प्राणदण्ड गर्ने. [illegible] यता गर्ने जति आधा दण्ड गर्ने, यस ले गरेको भनि थाह नभएमा सबै कर्मचारीहरूलाई [illegible] गर्ने. जोइले [illegible] मुण्ड रकेर [illegible] बोलेको [illegible] चित्रबध - [illegible] बध दण्ड गर्ने.

अतः [illegible] १ [illegible] आय [illegible] साधन [illegible] इत्यादि धनमहलको सम्बन्ध भन्ने गर्नुपर्दछ।

"वाह्य - [illegible] आदि जनपद बाट आएको र आभ्यान्तर नगर बाट आएको [illegible] सरकारी आय, यति यति भनेर भन्नाथलेभर आय व्ययको [illegible] गणना गरी बाँकी रहेको घर्लाई देखि सबै गरी राख्नु पर्दछ।

२-६ अध्याय २)
प्रकरण २४
समाहर्तृसमुदय
तहसीलदार अध्यक्षको
राष्ट्र - नगर जनपद जमीन आदि बाट आउनुपर्ने आउने सरकारी आय को [illegible] तहसील गर्ने उक्त अधिकारी पुरुष लाई समाहर्ता भन्दछ।
समाहर्ताले दुर्ग [illegible], राष्ट्र-[illegible], खानी, सेतु [illegible], वन, [illegible] व्रज [illegible] यतिको हेरचाह [illegible] गरी सरकारी
वणिक्पथ
आय उठाउने काम गर्नुपर्दछ

सरकारी
आमदानीका उपाय यी हुन् —

१— दुर्ग भनेको — हाटको महसूल, दण्डसजायको धन, पौतव - नापतौल गर्ने बाट को अध्यक्ष, नागरिक - नगरको अध्यक्ष, लक्षणाध्यक्ष - [illegible] मद्यको अध्यक्ष का [illegible] को अध्यक्ष, मुद्राध्यक्ष - टकसारको अध्यक्ष, [illegible], पशु-वधशालाका [illegible] को अध्यक्ष, सूत्र - धागोको अध्यक्ष, तेल [illegible] गर्ने, [illegible] गर्ने, [illegible] गर्ने, सुनको कामको अधिकारी बजार, वेश्या, जुवा, घर [illegible] कारीगड, काठ - [illegible] कामगर्ने कारीगड, शिल्पी - [illegible] कारीगड, देवालय इत्यादिको अध्यक्ष, [illegible] बाट आउने सरकारी आय, [illegible] [illegible] आदि [illegible] बाट आउने रकम। यसरी २२ किसिमको [illegible] बाट आउने सरकारी आय द्रव्य हो.

२— राष्ट्र भनेको सीता - खेती, भाग - [illegible] अन्नको छैटौं भाग, बलि - उपहार, कर - फल [illegible] को [illegible], वणिक - [illegible] बाट आउने, नदीपाल - घाट [illegible] बाट आउने, [illegible] - [illegible] को रकम, नाव - नाउको अध्यक्ष द्वारा आउने, पट्टन - [illegible] बाट आउने, विवीत - [illegible] को अध्यक्ष द्वारा आउने, वर्तनी - बाटाको महसूल अन्तपाल द्वारा आउने, रज्जु - [illegible] बाट आउने रकम, चोररज्जु - चोर पक्रने चौकी [illegible] को रकम. यति १३ किसिमको सरकारी आय.

३— खनि भनेको — सुन चाँदी हीरा [illegible] मोती मुगा शङ्ख लोहधातु, नुन, [illegible] को धातु, पत्थरको धातु, रसधातु यी १२ बाट आउने सरकारी आय

४— सेतु भनेको — फूलको [illegible], फलको बारी, उखु बारी, केराबारी, धानखेत, [illegible] आदि [illegible] बारी यी ६ किसिम बाट आउने सरकारी आय.
[illegible]
५— व्रज भनेको — गाई, भैंसी, [illegible], भेडा, बाख्रा, गधा, ऊँट, घोडा [illegible] बाट आउने सरकारी आय.

६— वणिक्पथ भनेको स्थलमार्ग र जलमार्ग बाट आउने सरकारी आय.
यति लाई आयशरीर - आमदानीको स्वरूप भनेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयमुख- सरकारी मुख्य आमदानी यी हुन-

१- मूल- अन्न फल आदि वस्तुको बिक्रीबाट प्राप्त सरकारी धन.
२- भाग- अन्न आदि उब्जाको राजाले पाउने छ खण्डको १ खण्ड.
३- व्याजी- अन्न आदि वस्तु फेरि भर्दा तौलदा कम नहोस् भनि सयकडा पाँच बढी लिएको अं[illegible]
४- परिघ- नदीहरू तर्दा लिइने शुल्क-महसूल.
५- क्लृप्त- यो गाउँले सरकारलाई यति बुझाउने भनि ठेक्के [illegible] रकम
६- रूपिक- लवणाध्यक्षले नून बिक्री गर्नेहरूबाट लिइने सयकडा आठ [illegible]
७- अत्यय- अध्यक्ष, कार्य धर्मस्थीय, कण्टकशोधन हरूमा भने बमोजीम [illegible]

व्यय शरीर- सरकारी धन खर्च हुने विषय यी हुन-

(क) देवताको पूजा, पितृको श्राद्ध, पर्वपर्वको दान र दीन अनाथ हरूलाई [illegible]
(ख) स्वस्तिवाचन- शान्ति पुष्टिको कामका निमित्त पुरोहित आदि लाई [illegible]
(ग) अन्तःपुर- महारानी भामिनी राजकुमार हरूलाई दिइने
(घ) महानस- भान्साघरको खानेपिने [illegible] सम्बन्धी खर्च.
(ङ) दूतप्रावर्तिम- पराराज्यमा दूतहरू पठाउँदा हुने खर्च
(च) कोष्ठागार- भण्डार घर बनाउने आदि खर्च.
(छ) आयुधागार- शस्त्र हरू राख्ने घर बनाउने आदि खर्च.
(ज) पण्यगृह- सरकारी बिक्रीका वस्तु रहने घर सम्बन्धी खर्च
(झ) कुप्यगृह- जिन्सी भण्डार सम्बन्धी खर्च.
(ञ) कर्मान्त- खेती आदि काम सम्बन्धी खर्च.
(ट) विष्टि- बेठी बेगारी काम लाउँदाको खर्च.
(ठ) पत्त्यश्वरथद्विपपरिग्रह- पैदल घोडा रथ हात्ती गरी सेनाहरू सम्बन्धी.

(ड) गोमण्डल- गाई गोरु राँगा भैंसी भेंडा बाख्राहरू सम्बन्धी खर्च
(ढ) पशुमृगपक्षिव्यालवाट- बनैया पशु, मृगहरू, पक्षीहरू, सिंह व्याघ्र आदिको रक्षाको सम्बन्धी खर्च
(ण) काष्ठतृणवाट- काठ घासपात सम्बन्धी खर्च.
यी व्ययशरीर हुन.

छोटकरीमा- आयशरीर ७, आयमुख ७, ~~[illegible]~~, व्यय शरीर २२ ~~[illegible]~~ हुन्छन्. आयशरीरमध्यमा दुर्ग २२, राष्ट्र १३, खनि १२, सेतु ६, वन ४, व्रज ८, वणिक्पथ २ गरी ६७ विभेद हुन्छन्.।

राजाको राज्याभिषेक देखि आरम्भ गरिएको वर्ष महिना पक्ष दिन यी ४ लाई 'व्युष्ट' भन्दछन् ~~[illegible]~~ यसैलाई लिएर अमुक राजाको यति वर्ष यो महिना यो पक्ष यो दिनमा यस बाट आएको यति, यस कामको निमित्त यसलाई गएको यति भनि आय व्ययको हिसाब बहीखाताका मा लेख्नु गर्नु पर्दछ

वर्षलाई ३ भाग लगाई सिंह कन्या तुला वृश्चिक यी ४ सौर मासको वर्षा ऋतु भन्ने एक भाग, धनु मकर कुम्भ मीन यी ४ सौर मासको हेमन्त ऋतु भन्ने दोस्रो भाग, मेष वृष मिथुन कर्कट यी ४ सौर मासको ग्रीष्म ऋतु भन्ने तेस्रो भाग हुन्छ. यी तीनै भाग प्रत्येकमा ८ पक्ष हुन्छन्. यी मध्ये तेस्रो र सातौं पक्षमा एकेक दिन कम हुन्छ, अरु पक्ष पूरा हुन्छन्. यो सौरमास देखि बाहेक शुक्ल प्रतिपद् देखि अमावास्या सम्मको चान्द्र अधिक मास हुन्छ. [illegible] कोसिमको कालको व्यवहार हुन्छ.

करणीय- गर्नुपर्ने, सिद्ध- गरिसकेको, शेष- बाँकी नबुझेको, आय- आमदानी, व्यय- खर्च, नीवि- बचत मूलधन, यी ६ विषयको अवस्था सबै हर्फले मिलाउनुपर्छ

[illegible] Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन कामको कमाइ—

(क) करणीय याति किसिमका द्रव्य—

१- संस्थान - यो छउवा याति लिनुपर्ने भन्ने लगान.
२- व्यवहार - यो यो गर्नुमा यो यो गर्नु पर्ने भन्ने विभागीय कार्यको ज्ञान
३- शरीरावस्थापन - नगर र जनपदको आय व्ययको रूप खडा गर्नु
४- आदान - ठीक समयमा माल पोत असुल गर्नु उठाइ.
५- सर्वसमुदय पिण्ड - प्रत्येक ग्राम नगर वा याति उठेको भन्ने जम्मा.
६- सञ्जात - सबै रकमका उठेको जुन जम्मा भएको (जम्मीको ज्ञान)

(ख) सिद्ध याति किसिमका द्रव्य—

भण्डारमा (प्रविष्ट)
१- कोशार्पित - राज कोशमा दाखिल भइसकेको
२ राजहार - राजाले कामको निमित्त भण्डारबाट हातमा लिएको
३ पुरव्यय - नगरमा बाँध बनाउन खर्च भएको

अनागत व्यय
४ परसंवत्सरानुवृत्त - अघिल्लो वर्षको खर्च बाट बचत धन
५ शासनमुक्त - सजाय वा माफी भएको धन
६ मुखाज्ञप्त - राजाको मौखिक आज्ञा बाट दिएको धन

(ग) शेष याति किसिमका द्रव्य.

१ सिद्धिप्रकर्मयोग - नउठेको उकाउनु पर्ने पोतका.
२ दण्डशेष - फौजी खर्चको बचत

४ बलात्कृत प्रतिस्तब्ध - जुलुमले रोकिराखेको.
५ अवमृष्ट - नगर मुख्य आदिले लोटेर एकको.

मध्यम कुनै अथवा - उठाउन खर्च गरेपनि विशेष फायदा नहुने र

कुनै अल्पसार - थोरै खर्च गरेर उठाउँदा थोरै फायदा हुने द्रव्य.

आय तीन किसिमको हुन्छ.

(क) वर्तमान - दिनदिनै आउने.
(ख) पर्युषित - अघिल्लो सालमा लिने भनी तोकेको र साविक हाकिमका पालाका
~~(ग) अन्यजात ... अध्यक्षहरूलाई दण्ड भएको~~

(ग) अन्य किसिमको—
१ नष्टप्रस्मृत - बिसेर छुटिएको
२ आयुक्तदण्ड - अपराधीका अध्यक्षहरूलाई दण्ड भएको
३ पार्श्व - कर बढाएर लिएको
४ पारिहीणिक - पशु ले खाएको बालीको दण्ड आएको
५ औपायनिक - नजराना आएको
६ डमरगतकस्व - भगुवा सेनाबाट लुटेको
७ अपुत्रक - अपुताली आएको
८ निधि - खानी फेला परेको

व्यय चार किसिमको हुन्छ—
१ नित्य - रोजाना हुने
२ नित्योत्पादिक - ~~...~~ कामदारलाई तोकेको भन्दा बढी दिएको - आतीक.
३ लाभ - पक्ष महिना वर्षमा फायदा हुने गरी गरेको.
४ लाभोत्पादिक - पछि हुने फायदा अनुसार पछि कामदारलाई पनि दिने अतिरिक्त
नीवी - आयका खर्च कटाई बाँकी रहेको बचत दुई किसिमको हुन्छ
१ प्राप्त - ढुकुटी भण्डार दाखिल भइसकेको.
२ अनुवर्त्त. ढुकुटी भण्डार दाखिल हुने अवस्थामा परेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~~बुद्धिमान् समाहर्ताले चलाइएका प्रकारबाट धनको उत्पत्ति, आयको वृद्धि, व्ययको कमी~~

प्रजाहरूलाई पीडा नादिईकन आय बढाउन, कामदारहरूलाई बाधा नादिईकन व्यय घटाउन कुशल बुद्धि भएका समाहर्ताले लोकरीति अनुसार धनको उत्पादन, आयको वृद्धि, व्ययको कमी देखाउन प्रयत्न गर्नु, कहिलेकाहीं अधिक लाभको आशाले आय भन्दा व्यय बढ्ता देखाउन पनि सकिन्छ ।

-*-

२-७ अध्याय २८

प्रकरण २५ - अक्षपटल (बहीखाता रहने ठाउँ)मा गणनाहरूको काम.

बहीखाता -

सरकारी आय व्ययको हिसाब राख्ने अड्डालाई अक्षपटल ~~[illegible]~~ यहाँ रहेर हिसाब गर्ने हरूलाई गाणनिक भन्दछन्. त्यो अक्षपटलको अध्यक्ष- प्रधान अधिकारी पदमा पूर्व मुहुडा वा उत्तर मुहुडा गरी अक्षपटल- हाहिसाबको अड्डा बनाउन लगाएर त्यसमा साना साना खण्ड छुट्टा छुट्टा कोठा गरी ~~[illegible]~~ निबन्धपुस्तक- बहीखाता रहने ठाउँ बनाउनु ।

त्यो बहीपुस्तकमा पहिले १- सरकारी द्रव्य आउने ठाउँका अड्डाहरूको नाम नामासी देखाएर, जनपदका यो यो ठाउँबाट प्रतिवर्ष यति यति आउने भई कुल जम्मा यति आय आउने भनी लगत खडा गरी, २- ठाउँ ठाउँमा खानि, अनाजको उत्पादन, भूमि, बिक्रीविभाग हरूका कार्यालयमा द्रव्य लगाएको बाट ~~[illegible]~~ फायदा. नो, बढ्न, खर्च, आसको अनाज, नापतौलको बढीलिइने रकम, मिसाई

गरेको कुरा र ३- ~~[illegible]~~ खोटाउला दिएको वेतन काम गर्ने मजदूर यति यति भन्ने परिमाण, ५- रत्न सारवस्तु सामान्यवस्तु जिनिसहरूको मोल इ. नाप तौल, लगाएको आएको मूलधन यति यति भन्ने हिसाब, ६- पूर्व पश्चिम आदि प्रदेश गाउँ नगर जाति कुल हरूको धर्म व्यवहार आचार । यति हरू, ७- राज कर्मचारीहरूले ~~[illegible]~~ हात्ती घोडा आदि सवारीको समान सत्कार बस्ने ठाउँ नजराना, कर माफी ~~[illegible]~~ वेतन हरू यति यति पाउने भन्ने व्यवस्था, ८- राजा रानी राजकुमार हरूले पाउने रत्न भूमि आदि नियत ~~[illegible]~~ र विशेष, उत्सव पर्वको खर्च, औषधि खर्च, यति यति भन्ने लगत, ९- ~~[illegible]~~ मित्रहरूमा जाने शत्रुबाट आउने धन पनि यति यति भन्ने हिसाब, यी सबै विषयहरू बहीपुस्तकमा छुट्टा छुट्टा देखिने गरी लेखाउने गर्नु ।

यसपछि प्रत्येक विभागीय अड्डाहरूको आगामी करणीय- गर्नुपर्ने विषय, सिद्ध- भइसकेको, शेष- बाकि, आय, व्यय, बचत हरू र कर्मचारीहरूको यात्रा काममा हाजिरी. काम गराइ, चरित्र, रहन सहन हरू पनि बहीपुस्तकमा लेख्नु गर्नु.

उत्तम मझौला तल्लो खालका कामहरूमा त्यस त्यस विषयका विज्ञ पुरुषलाई अध्यक्ष- मुख्य हाकिम बनाउन. उनै काम गर्ने योग्यता भएका धेरै जना भएमा यो काममा यसको विशेष निपुणता छ भन्ने पत्यार भएकालाई अध्यक्ष बनाएमा राजालाई पछि पछुतो मान्नु नपर्ने हुन्छ.

कुनै विभागका अध्यक्षले गलती गरेर काम बिगारी सरकारी आयमा नोक्सान पारेमा सहग्राही- हिस्सादार, प्रतिभू- जमानी, कर्मोपजीवी- त्यही कामका कारिन्दा, उसका एकाघरका छोरा भाइ स्वास्नी छोरी नोकर चाकरले आफ्नो अ गोल्मो नगरे पछि क्रमे पछि क्रमले नोक्सानी भर्ना गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारी कामको वर्ष ३५४ अहोरात्रको हुन्छ. त्यो आषाढको पूर्णिमामा पूर्ण हुन्छ. नियुक्त कर्मचारीको वार्षिक वेतन सो वर्षको दिनसंख्या अनुसार पूरा वा कम दिनुपर्दछ. ज्योतिषीको गणना अनुसार अधिकमास पाने मान्छे उसको पनि वेतन दिनुपर्दछ.

आचरण -

अध्यक्षहरू चरहरूद्वारा कर्मचारीहरूको काम गराई, चरित्र पूर्वस्थितिहरू पुनः गर्नुपर्दछ, त्यो नबुझे गरेमा १ अज्ञानले ... उन्नत नभएको परिश्रम नगर्ने भएमा २ आलस्यले, इन्द्रियको विषयमा आसक्त हुँदा ३ प्रमादले, निन्दाको अधर्मको अनर्थको डरमा रहेमा ४ भयले, कामनाले गर्दा आउने मानिसमा आग्रह गर्ने बानी ५ कामले, इच्छाले सबैलाई नीमठो गरेमा ६ कोपले, विद्या धन राजवल्लभ - राजप्रेमको अहङ्कार ७ गर्वले, नाप तौल तथा हिसाबमा गोलमाल गरेमा ८ लोभले कर्मचारीहरू सरकारको आम्दानी हानि गर्दछन्.

अज्ञान, आलस्य, प्रमाद, भय, काम, कोप, गर्व, लोभ यी ८ दोषबाट जाने राजद्रव्यमा हानि गराएको छ. यसैले एकैका गुना बढाएर अर्थात् अज्ञानले भए एक गुना, आलस्यले भए दुई गुना इत्यादि दण्ड गर्नुपर्दछ भनि मनुका अनुयायीहरू, सबैमा आठ गुना भनि पराशरका अनुयायीहरू, दश गुना भनि बृहस्पतिका अनुयायीहरू, बीस गुना भनि शुक्रका अनुयायीहरू भन्दछन्. कौटिल्य भने अपराध ठूलो सानो जस्तो छ त्यस अनुसार दण्ड गर्नुपर्दछ भनि भन्दछन्.

~~हिसाब ... पूर्णिमा~~

लेखा जाँच -

विभाग विभागका हिसाब जँचाउने आषाढ पूर्णिमाको दिनमा गणनाध्यक्षको कार्यालयमा बुझाइसक्नु हुन्. तिनको छाप लागेको हिसाबको बही र बाँकी बचत पनि एक ठाउँमा जम्मा गरेर परस्पर कुरा संलग्न गर्न नदिन. जस्तो जस्तै आय व्यय बचतको तेरिज लेखि बचत बुझाई बहीको आयको विवरण हेर्दा ..., वा खर्चको विवरणमा घटी भएको देखियो भने त्यो घटीको आठ गुना हिसाब बुझाउनेलाई दण्ड गर्नु. आय व्यय मिलाउँदा बढी देखिन आयो भने बढेको जति रकमी विभागाध्यक्षलाई पुरस्कार दिनु.

तोकिएको समयमा हिसाब जँचाउन नआउने वा आए पनि बही खाता बचत धन नलिएर आउनेलाई यथार्थ बुझाउनुपर्ने धनको दश गुना धन दण्ड गर्नु. कार्मिक - माथिल्लो कर्मचारी उपस्थित हुँदा कारणिक - अधीन कर्मचारी हिसाब जँचाउने जाँच्नेलाई अनुपस्थित भएमा कारणिकलाई पूर्वसाहस (२५०) दण्ड गर्नु. कार्मिक जाँच्ने कर्मचारी दोषी भएमा कारणिकलाई हुने दण्डको दुगुना दण्ड कार्मिकलाई गर्नु.

महामात्र - मन्त्रीहरू मुख्य कार्य सचिवहरूले विभाग विभागको हिसाब मिलाएर आय व्यय बचत छन् भन्ने फरक नपारी जम्माको नाम सर्वसाधारण देशवासीहरूलाई सुनाउने गर्नु. कसैले कुरा दबाए सुनाएमा उसलाई उत्तम साहस (१०००) दण्ड गर्नु.

तोकिएको समयमा बुझाउनुपर्ने द्रव्य नबुझाउनेलाई १ महिनासम्म मात्र पर्खनु. १ महिना हुँदा पनि नबुझाउनेलाई महिनाको २०० दरले दण्ड गर्नु. बचत थोरै मात्र बुझाउन बाँकी राख्नेलाई ५ दिन पर्खनु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाकि धन चुकाई नोकिरको समयमा हिसावको वही दाखिल गर्नेलाई धर्म व्यवहार चरित्र पूर्वस्थिति धनको जीमा हिसाव काम गराई अनुमान सबै किसिम बाट जाँच गर्ने गर्नु.

पहिले पुरुषको जम्मा

हिसाव लेख्नेले दिन दिनको, ५ दिन, १ पक्ष, १ महिना, ४ महिना, १ वर्षको जीमा आय व्यय बाकि देखाउने गर्नु. आमदानीमा राजवर्षको भित्र देश काल आयको मुख शरीर, आएको महसूल आदि द्रव्य, [illegible] जोडेको, परिमाण दिने दिलाउने, लेख्ने [illegible] भुक्ते हरु र खर्चमा भित्र देश, काल, मुख, लाभ [illegible] नीमित्त, दिएको द्रव्य, मिसोट गरेको परिमाण अह्राउने, लिने, फेर्ने भण्डारे, भुक्ते हरु, वाकि धनमा भित्र, देश, काल, द्रव्यको स्वरूप, चिन्ह, परिमाण, राखेको भाँडा, जिम्मावाले हरु देखाएर लेख्नु.

लेखकले

सरकारी आय व्यय नीवी धन हरु [illegible] नलेखेमा, लेख्न रोकेमा, राजाको आज्ञा लङ्घन गरेमा, [illegible] नियमको विपरीत गरी लेखेमा प्रथम पूर्वसाहस (२५०) दण्ड गर्नु. विषयक्रम नामेलाई, उल्टोपल्टो पारेर, नबुझिने गरी दोहो, पारी लेखेमा १२ पण दण्ड गर्नु. बाकि धन कम लेखेमा [illegible] दुगुनो (२४पण), देखाएर खाएमा ८ गुना (९६पण), घटी उति दिएर हिसाब मिलाएमा ५ गुना (६० पण), दण्ड गरेर नोक्सानी पनि भराउनु. कते कुण गरेमा चोरीको दण्ड गर्नु. आगे न लेखिएर पछि आउकीले पन्ना लामा र आगो वर्षा पछि कुरा मिलाएमा पनि चोरीको दुगुना दण्ड गर्नु.

अध्यक्षले सानोतिनो अपराध गरेमा सहनुपर्छ, अलि कति पनि आमदानी बढेमा खुसी मान्नुपर्छ. विशेष फाइदा गराउने अध्यक्षलाई चिरस्थायी बनाएर [illegible] गर्नुपर्छ।

—×—

२-८ अध्याय २८

प्रकरण २६ [illegible] (अधिकारीले खाएको धन फिर्ता लिने.) अपहृतस्य प्रत्यानयनम्

, द्रव्य आउने ठाउँ हरुबाट उठेको धन पनि विभागीय अध्यक्ष हरुले खाई दाखिल गरेनन् भने त्यो खाएको धन फर्काएर ल्याउने उपाय हरुको निरूपण यस प्रकरणमा गरिन्छ.

[illegible] सम्बन्धी र परराष्ट्र सम्बन्धी पनि सबै कार्यहरु धन नभए फल हुँदैनन् र अतः सबै कामको मूल धनको कोश बढ्ने घट्न नपाउने विचार राख्नुपर्छ.

धनको वृद्धि
१ देशमा [illegible] देश जाति कुलका आचार हरुको पूर्वपरम्परा अनुसार पालन गर्नु,२ चोरहरु पक्रनु,३ काममा नियुक्त अधिकारीहरुलाई धनहरण गर्न रोक्नु,४ अन्नहरु प्रशस्त हुनु,५ बिक्री हुने वस्तुहरु धेरै हुनु,६ आगो बाढी आदिको उत्पात नहुनु,७ कर हरु माफि दिनुपर्ने नहुनु,८ सुन चाँदी आदि नगद जीमा हुनु. यी ८ राजकोश बढाउने उपाय हुन्.

राजकोश घटाउने कारण यी ८ छन्—

१ प्रतिबन्ध– सरकारी मालपोत आदि नउठाउनु, उठेपनि हातमा नआउनु, आएपनि राजकोशमा दाखिल नहुनु. यस्तो प्रतिबन्ध भएमा दशगुना दण्ड गर्नु.

२ प्रयोग– राजकोशमा दाखिल गर्नुपर्ने द्रव्य अधिकारीले ब्याजमा लाउनु.

३ व्यवहार– राजकोशमा दाखेल गर्नुपर्ने द्रव्यका अधिकारीले व्यापार गर्नु: प्रयोग र व्यवहार दुवैमा तिरको फाइदाको दोबर दण्ड गर्नु.

४ अवस्तार– उठाउनुपर्ने बेलामा नउठाउनु र बेला नभइकन उठाउनु. यसमा नोक्सान भएको चौबर दण्ड गर्नु.

५ उपभोग– सरकारी धन आफू वा अरुले उपभोग गर्नु. यसमा रत्नको उपभोग गरेमा वध दण्ड, सार वस्तुको उपभोग गरेमा मध्यम साहस (५००), कुड वस्तु वा जिनिसको उपभोग गरेमा बिगो भर्ना गरी त्यति नै दण्ड गर्नु.

५. परिहापण– नोकिरको आय घटाउनु वा व्यय बढाउनु. यसमा नोक्सानीको चौबर दण्ड गर्नु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ परिवर्तन- सरकारी असल वस्तु कमसल वस्तु सट्टा हालेर लिनु- यस मा पनि उपभोगमा झैं दण्ड गर्नु.

८ अपहार- उठेको आय बहीमा नचढाउनु, बहीमा लेखीसकेको खर्च दिनुपर्ने मानिसलाई नदिनु, हातमा लिइसकेको पनि द्रव्य आएको छैन भन्नु- यसमा १२ गुणा दण्ड गर्नु.

अधिकारी पुरुषहरूले सरकारी द्रव्य अपहरण गर्ने तरीका ४० छन्-

१ पहिले नै पाइसकेको द्रव्य पछि बहीमा चढाएको, २-पछि आउने द्रव्य अगाडि नै बहीमा चढाएको. [illegible] ३-लिनु पर्ने नलिएको, ४ लिनु नपर्ने देवद्रव्यआदिको कर पनि लिएको, ५-लिएको पनि लिएको छैन भनेको, ६-नलिएको पनि लिएको भनी देखाएको, ७-थोरै लिएकोमा धेरै देखाएको, ८-धेरै लिएकोमा थोरै देखाएको, ९-एक थोक लिएकोमा अर्को थोक देखाएको, १०-कसैबाट आएकोमा अर्कोबाट आएको भनी देखाएको, ११- दिनु पर्ने नदिएको, १२-नदिनुपर्ने दिएको, १३- दिनुपर्ने बेलामा नदिएको, १४-नदिनुपर्ने बेलामा दिएको, १५- थोरै दिएकोमा धेरै देखाएको, १६- धेरै दिएकोमा थोरै देखाएको, १७-एक थोक दिएकोमा अर्को थोक देखाएको, १८-कसैलाई दिनुपर्नेमा अर्कोलाई दिएको देखाएको, १९- असल भैसकेको पनि अमुक रकम भएको [illegible], २० दाखिल नभएको पनि दाखिल जनाएको, २१- मोल दिनुपर्ने जति माल मोल नदिईकन दाखिल गरेको, २२- मोल गइसकेको पनि माल दाखिल नभएको, २३- जम्मा जम्मी लिनुपर्नेमा फुटकर लिएको, २४ फुटकर लिनुपर्नेमा जम्मा जम्मी लिएको, २५- बहुमूल्य वस्तुलाई थोरै मोलको वस्तुसंग साट्यापारेको, २६-थोरै मोलको वस्तुको बढी बिक्री हुने वस्तु थोरै मोलको नबिक्री हुने बेकार वस्तु संग साटेको, २७- नभएको मोल बढाएर लेखेको, २८-भएको मोल

घटाएर लेखेको, २९- कुनै स्वामीहरूले काम गरेको दिन बढाएर लेखेको, ३०-कसैले काम गरेको दिन घटाएर लेखेको, ३१- वर्षमा नभएको अधिकमास लिई बढी महिना गनाएको, ३२- महिनामा दिन बढाएको, ३३-स्वामीहरूको हाजिरीको संख्यामा घटीबढी पारेको, ३४- एक बाटोबाट आएको आम्दानीलाई अर्को बाटोबाट आएको भनी देखाएको, ३५- धर्मसम्बन्धी दानप्रदान आदिमा संख्या फरक पारेको, ३६- कारहरू उठाउँदा कसैलाई हलुका कसैलाई कडा गराउनाएको, ३७- सबैसंग एकनाम गरी लिनुपर्नेमा कसैसंग धेरै कसैसंग थोरै गरी जम्मामा फरक पारेको, ३८- ब्राह्मण आदि वर्ण फरक पारेर घाटको नदी रकम फरक पारेको, ३९- फौजी रसद आदिमा मोल फरक पारेको, ४० नाप तौल [illegible] भन्ने भाँडाहरू फरक पारेको. यस्तै किसिमका अधिकारी पुरुषहरूले सरकारी धन अपहरण गर्ने प्रजाहरू बाट कुनैमा घूस खाने पनि हुन्छन् ।

यस्तो अपहरणको शङ्का लागेकोमा उपर्युक्त - माथिको देखरेख गर्ने अधिकारी, निधायक- भँडारे, निबन्धक- लेखक, प्रतिग्राहक- बुझ्ने, दायक- बुझाउने दिने, दापक - दिलाउने (उठाउने (जाँचक)), मन्त्री- अधिकारी पुरुषलाई शपथ खुवाउँदै, मन्त्रीको वैयावृत्य कार्य- सट्टा हुने को कामदार, यी तीनहरूलाई एकेक गरी सोधपूछ गर्नु. यिनीहरूले झुटा कुरा गरेमा कसूर गर्ने अधिकारी कै समान दण्ड गर्नु. गाउँ सहर आदि जनपदमा अमुक अधिकारी पुरुषले घूसहरू खाएर कसकसलाई पीडा दिएको छ जाहेर गर भनी ढ्याली पिटाइदिनू. जाहेर गर्नेहरूलाई उनीहरूको नोक्सानी भर्ना दिलाइदिनू. त्यो अधिकारी उपर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक उजूर पर्न आएमा मैले गरेको छैन भनेपनि कुनै चाहिँ साक्षी प्रमाणहरू द्वारा सो अधिकारीलाई कायल गराए मा सबै उजूर सत्य रहेछ सबैको नोक्सानी भर्ना गर्नुपर्दछ। धेरै उजूर परेकोमा कुनै प्रमाणित कुनै अप्रमाणित भए मा कुनै उजूर भएको पनि शङ्का हुने हुनाले प्रत्येक साक्षीहरूलाई मौका दिनुपर्दछ।

धेरै सुन चाँदी आदि धनको अपहरण गरेको उजूरपरेमा साक्षी प्रमाणबाट कुनै लाई यथार्थ देखिएमा सबै यथार्थ सोचेर अधिकारीलाई बुझाउनुपर्दछ।

सूचक-पोलाहाले नठहरेमा प्रतिघात-उल्टो सजाय ब्याने भन्ने कबोल गरेर आफूले भनेको कुरा प्रमाणित गरे मा भराउने धनको छैटौं भाग पाउँछ, प्रमाणित गर्न नसके शारीरिक दण्ड नगदी दण्ड लिनुपर्दछ, निर्दोष माथि दोषको आरोप गर्नेलाई दयामाया गर्नु हुँदैन।

आफूले सूचना दिएको-पोलेको कुरा सूचक-पोलाहाले सिद्ध गरेमा सो मुद्दा टाङ्दैन। आफूपनि उम्कन्छ। अभियुक्त उजूरपोकाले घूसघूस दिएर फुर्ता बाँचित गर्न सकिने भनेमा सूचकले वधदण्ड पाउँदछ।

—

२-८ अध्याय ३०

प्रकरण २७ उपयुक्त परीक्षा।

युक्त- सो सो काममा नियुक्त भएका अधिकारी पुरुषहरू उपर हेरचाह गर्न खटिएका विश्वासका मानिसहरू उपयुक्त कहलाउँछन् त्यस्ता उपयुक्तहरूलाई परीक्षा-जाँच गर्ने विषय यस प्रकरणमा भनिछ।

अमात्यमा हुनुपर्ने देशमा जन्मेको कुलीन इत्यादि गुणले सम्पन्न युक्त उपयुक्त प्रभृति सबै अध्यक्षहरूलाई उनको योग्यता सामर्थ्य अनुसारको काममा खटाउनुपर्दछ। यिनीहरूले गरेका काममा सर्वदा दोबरोब जाँच गर्ने गराउनुपर्दछ। किनभने मनुष्य चित्त अस्थिर हुन्छ। मनुष्यहरू घोडा जस्तै काम लगाइएमा विग्रने हुँदछन्।

आलोवाट जुगीन टगोढ पनि (interlinear insertion)

अतः काम गर्ने, तिनका साधन-सहाय आदि, देश, काल, काम, प्रक्षेप-हालेको मूलधन, उदय-लाभ, यी सबै थोक अध्यक्षहरू उपर बुझनुपर्दछ। काममा खटिएका छन्, परस्पर गुटबन्दी र फूट पनि नगरी राजाको आज्ञा बमोजिम काम गर्ने गर्नुपर्दछ। परस्पर मिलेर एकमा बनेपनि कामको फल खाइदिने हुनाले, परस्पर नमिलेर पनि काम बिगारिदिने हुनाले। केही काम उठाउनुपर्दा राजालाई निवेदन नगरी नउठाउन, किन्तु कुनै आकस्मिक सङ्कट हटाउने काम भने आज्ञा नलिई पनि मौका जाने हुनाले गर्दै पनि गर्नुपर्दछ। अध्यक्षहरूले काममा भूल गरेमा अध्यक्षको त्यो दिनको वेतन र काम बिग्रेर भएको हानिको दुगुना दण्ड हुने व्यवस्था गर्नु। यिनीहरूमा जसले आज्ञानुसार भनेभन्दा बढी राम्रो काम गर्दछ, त्यसलाई पदवृद्धि र आदर पनि दिनुपर्दछ।

आमदानी थोरै खर्च धेरै हुन्छ भने राजा प्रजाको धन खाइदिने हुन्छ, आमदानी धेरै खर्च थोरै हुन्छ वा आमदानी अनुसारको खर्च हुने छ भने खाइदैन भनी आचार्यहरू भन्दछन्। कौटिल्य भने-थोरै आमदानी भए पनि बहुकुम्चीले उधारो लिएर पनि धेरै खर्च गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा प्रजाको धन अपहरण गरेपनि कृपणले खर्च थोरै गर्नुभयो निपत आसल भए नभएको कुरा चरहरूबाट मात्रै पत्ता लाग्दछ भनि भन्दछन्।

जसले आमदानी घटी गराउँछ त्यसले राजाको द्रव्य खान्छ, त्यसैले अज्ञान आलस्य भय प्रमाद काम क्रोध गर्व लोभ आदि कारणले आयमा हानि गराएको छ भने आगि गणनिव्याधिजस्ता भने कै जुर्माना जुवा निगुल आदि अपराध अनुसार त्यसलाई तिराउनू।

जसले आफ्नो नोकरको मध्ये सेवा गराउँछ त्यसले प्रजालाई चुस्दछ. त्यसले आफूले आय गरेको सबै गुनासमा ल्याउनेले अपराध भए अवदेखि पसी प्रजा वा पछि नलिनु भनि रोक्नू, ठूलो अपराधमै अपराध अनुसार दण्ड गर्नू।

जसले नोकरको खर्च जोगाएर चुकाउँछ त्यसले काम गर्ने मानिसलाई वा कामलाई हानि गराउँछ. त्यसले कामको दिन द्रव्य मूल्य मानिसको वेतन हरु हरण गरेमा अपराध अनुसार दण्ड गर्नू।

अतः जुन अध्यक्ष जुन विभागीय काममा नियुक्त छ त्यसले ~~आफ्नो~~ कामको यथार्थ स्वरूप आय व्यय सबै खोलकोरीर विस्तार संग राजालाई निवेदन गर्ने गर्नुपर्दछ।

मूलहर तादात्विक कदर्य तीनथरीलाई रोक्नुपर्दछ—

(क) मूलहर भनेको = बाबु बाजेको धन पानादेखिको मूलधन पनि खाएर सिध्याउने।

(ख) तादात्विक - ~~भनेको~~ जति जति कमायो उति उति खाएर सिध्याउने: पछिको विचार नगर्ने।

(ग) कदर्य भनेको — पालनपोषण परिवार र आफूलाई समेत कष्ट दिई धन जम्मा गर्ने. ~~यस्तो~~ ~~व्यक्ति~~

~~कुटुम्ब बन्धु बान्धव भएको भए कैदी गालेर गोलमा झिकोस्~~ ~~कुनै कुटुम्ब आदि नभए त्यसको सम्पत्ति अपहरण गरिन्छ।~~

यस्तो कदर्य - कृपण ~~पुरुष~~ कामी पुरुष कुटुम्ब बन्धु हरु भएको भए कैदी गालेर काम बाट झिकिदिनू. कुनै कुटुम्ब आदि नभए त्यसको सम्पत्ति हरेपनि हुन्छ। कृपण मानिस धनको ठूलो आमदानी हुने भाउमा रहँदा जोगाएको धन कि घरमा गाडेर राख्दछ, कि नगर देशमा बसेका कसैकहाँ लुकाएर राख्दछ, कि अर्कै देशमा ओसार्दछ. त्यस्ताको सत्री गुप्तचर द्वारा साथी मित्र सेवक बन्धु बान्धव हरु र आय व्यय पनि पत्ता लाउनुपर्दछ। त्यस्ताको धन अर्कै देशमा ओसार्ने काम गर्दछ त्यसकहाँ मित्र पसेर रहस्य बुझ्नुपर्दछ। ~~त्यसको~~ ~~गरी~~ बुझिसकेपछि शत्रुले त्यसलाई मिलेर पठाएको पाए अनुमान पठाऊ भनि ~~…~~ लेखेको पत्रको बहाना ~~…~~ देखाएर त्यसलाई मराउनू।

अतः तत्तत् विभागका अध्यक्ष हरुले संख्यायक - हिसाब गर्ने, लेखक - लेख्ने, रूपदर्शक - माल जाँच्ने, नीवी ग्राहक - बाकिफत बुझ्ने, उत्तराध्यक्ष - मातिका अध्यक्ष हरुलाई साथमा लिएर काम गर्ने गर्नुपर्दछ।

उत्तराध्यक्ष हरु हात्ती घोडा रथ चढ्ने वृद्ध पाका हुनुपर्दछ. तिनका ~~…~~ शीघ्र र ज्ञान भएका अन्तेवासी - साथमा रहने धूली सीव्यापक आदि कर्मचारीहरूको चाल चलन बुझ्ने या पत्ता लाउनुपर्दछ।

प्रत्येक अधिकरण - अड्डाखानामा धेरै जना प्रमुख लगाएर राख्नुपर्दछ. त्यसो भएमा परस्परको शङ्काले राजधन हरण गर्दैनन्. ती अध्यक्ष हरुलाई नित्य - चिरस्थायी पनि नगराउनू. धेरैदिन एकै ठाउँमा रहने भएमा अनेक दोष लगाउने उपाय गर्न सक्छन्।

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसरी जिब्रोमा परेको मह होस् वा विष होस्, स्वाद नलिन सकिँदैन, त्यसै राजाको धन सम्बन्धी काममा लागेकाले अलिकति भए पनि धनको स्वाद नलिन सकिँदैन।

माछो पानी भित्र घुमी रहने माछाले पानी पिएको थाहा पाइँदैन त्यसै कामका नियुक्त भएका अधिकारी पुरुषहरूले धन लिएको थाहा हुँदैन।

बरु आकाशमा उड्ने चराहरूको गति पत्ता लाउन सकिन्छ, मन बुझ्न नसकिने अधिकारी पुरुषहरूको धन उठाउने [illegible] सकिँदैन।

चोरेको धनले मोटाएकाको धन झार्नू, तिनो काममा अरूलाई खसाले पनि दिनू, तिनीहरूले फेरि धन खान नपाउने, खाएको पनि उकेल्ने पार्नुपर्दछ।

जो आर्थिक विभागमा नियुक्त भए पनि राज्यको धन खाने गर्दैनन्, उल्टो न्यायपूर्वक [illegible] धन बढाउने हुन्छन्, राजाको प्रिय र हितमा लागिरहने लाई स्थायी पदमा नियुक्त गर्नुपर्दछ।

२-१० अध्याय ३१

प्रकरण २८ शासनाधिकार
(शासन व्यवस्था)

कागजपत्रमा लेखिएको राजाज्ञालाई शासन भनिन्छ। राजाहरूको मौखिक आज्ञा भन्दा लिखित शासन नै मुख्य हुन्छ। ति [illegible] शासनकै आधारमा सन्धि विग्रह का काम हुन्छन्।

त्यस कारण शासन लेख्ने मानिस देशमा चलेको कुरा आदि [illegible] गुणले युक्त सबै वर्ण आश्रम जाति [illegible]

मति निश्चित जान्ने, छिटै कुरा मिलाउन सक्ने, राम्रो अक्षर भएको, छिटो लेख्न बाँच्न सक्ने हुनुपर्दछ। सो लेखकले राजाको सन्देश ध्यान दिएर सुनी, कुरा राम्रो बुझिने गरी लेख्नुपर्दछ। मालिक-राजाको देश प्रभाव कुल नामहरू सम्मान पूर्वक र आफूभन्दा ठूलाका देश नाम मान पूर्वक लेख्नू।

जाति, कुल, स्थान, पद, उमेर, विद्या, काम-शील, सदाचार, वास स्थान, [illegible], वैवाहिक सम्बन्ध, यी सबै कुरा विचार गरेर, उल्लेख गर्नुपर्ने मानिस सुहाउँदो गरी लेख लेख्नुपर्दछ।

अर्थक्रम, सम्बन्ध, परिपूर्णता, माधुर्य, औदार्य, स्पष्टता यी लेखका गुण हुन्-

(क) अर्थक्रम भनेको- मुख्य विषय पहिले देखाएर त्यसैसँग कुरा मिलाउनु।

(ख) सम्बन्ध भनेको- उठाएको कुरालाई बाधा नहुने गरी अगाडि [illegible] कुराको सिलसिला मिलाउनु।

(ग) परिपूर्णता भनेको- कुनै पद अक्षर घटी बढी नभई दिने मात्र भएर उपमाले शास्त्रको [illegible] इस्तेमाल देखाएर कुरा राम्री बुझाई बोली व्यक्त गरेको हुनु।

(घ) माधुर्य भनेको सुबोध सुन्दर अर्थ शब्द हुनु।

(ङ) औदार्य भनेको गँवार्या नराम्रो शब्द न हुनु।

(च) स्पष्टता भनेको- अर्थ बुझिने शब्दको प्रयोग,

ह्रस्व दीर्घ प्लुतको भेदले अक्षर २२, कण्ठादि तालव्य मूर्धन्य दन्त्य ओष्ठ्य २५, अन्तस्थ ४, ऊष्म ४, अनुस्वार विसर्ग जिह्वामूलीय उपध्मानीय ४, यम ४ गरी अक्षर वर्ण जम्मा ६३ छन्। वर्णहरूको अर्थबोधक एक अनेक समूह पद हुन्छ पदपछि नाम आ

Nepal Sanskrit University Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आख्यात उपसर्ग निपात यो चार (प्रकार) छन्. लिङ्ग संख्या हुने वस्तु बुझाउने नाम, लिङ्ग विशेष नहुने क्रिया बुझाउने आख्यात, क्रियामा जोडिई क्रियामा विशेष बुझाउने प्र परा आदि उपसर्ग, च आदि अव्यय निपात हुन्.

एक कुरा पूरा गर्ने गरी परस्परमा मिलेका पदको समूहलाई वाक्य भन्दछन्. एक पदको अर्को पदको अर्थ मिल्दो गरी एक दोस्रो तीन पद सम्म जोडिएको पदको वर्ग समास गर्ने हुन्छ. तीन भन्दा बढ्ता पद जोडेमा अर्थ बुझ्न गाह्रो पर्दछ। यस्तो समास गर्नु. ^ यो पत्र लेख भनिइए पछि शासन शब्द रहेको हुन्छ. केही लेख्य नहुने भए मौखिक सन्देश हुन्छ।

लेख विषय
लेखिने विषय १३ किसिमका हुन्छन्—

१ निन्दा— कुल शरीर कामको दोष देखाउनु.
२ प्रशंसा— कुल शरीर कामको गुण बयान गर्नु.
३ पृच्छा— यो कसो भनेर सोधनी गर्नु.
४ आख्यान— यो यसो, यसरी गर्ने (कसरी गर्ने) भनेर भन्नु.
५ अर्थना— सन्धि आदिका निमित्त धन फौज आदि देऊ भनि माग्नु.
६ प्रत्याख्यान— मागेको कुरा दिन्न भनि भन्नु.
७ उपालम्भ— यो काम ठीक गरेनौ भनि गाली गर्नु.
८ प्रतिषेध— यो काम नगर भनि (तिमीलाई नसुहाउने हो) गर्न नहुने काममा रोक्नु.
९ चोदना— सन्धि विग्रह आदि यो काम गर भनि प्रेरणा गर्नु.
१० सान्त्व— म र तिमी एकै हौं, मेरो वस्तु तिम्रै हो भनि प्रेम बोली गर्नु.
११ अभ्युपपत्ति— सङ्कट विप्लव आदि भएको बेलामा सहायता दिनु.
१२ भर्त्सना— यसो गरे दोस्रो दण्ड गर्नेछु थुन्नेछु आदि भनी हप्काउनु.
१३ अनुनय— केही काम गराउन, वा भनेको नमानेमा सम्झाउन, वा केही विपत्ति परेकालाई दया माया देखाउँदै फकाउनु.

शासन— सरकारी लेखोट ८ किसिमका हुन्छन्—

१ प्रज्ञापना— जनाइदिने. यो पत्र परस्परको दिएको आदेशको हुन्छ—
फलानो चरले राजाकहाँ अमुक प्रधान पुरुषले खाने पाएर आफैले लिए भनेजादेर गर्दा राजाको रिसाएर त्यो स्वामी बुझाउँदैनर भन्ने म बोध गर्नेछु भन्ने भएकोछ साँचो हो भने जुरमाना बुझाउ.
२ आज्ञा— कसैको बारेमा निग्रह वा अनुग्रह विषयको मालिकको आदेश.
३ परिदान— केही विपत् परेकालाई भरोसा दिनु वा कोही राम्रो काम गरेकोमा आदरसाथ पारितोषिक दिनु.
४ परिहार— कुनै जमाने देश सहर गाउँ आदि भर कर शुल्क आदि सरकारबाट माफी हुनु.
५ निसृष्टि— कसैले गरेको वा भनेको कुरालाई अमुकले गरेको मैले नै गरेको हो, अमुकले भनेको मैले नै भनेको हो भनि प्रमाणित गर्नु.
६ प्रावृत्तिक— दुर्भिक्ष आदि राम्रो वा आगो पानी आदि उत्पातको नराम्रो दैवी र चोर डाकू परचक्र आदिबाट भएको पीडा आदि मानुष यथार्थ हाल खबर.
७ प्रतिलेख— अरूले पठाएको लेखोट सम्म बुझेर जस्ताको (सम्म) तस्तो बुझाउदा राजाबाट भएको जवाफ.
८ सर्वत्रग— दुर्गपाल अधिकारी हरू प्रति बटुवा हरूलाई पहुँचाउने खान पिन आदिको सहायता दिने आदि विषयको देश काल व्यापी सरकारी लेख.

उपाय—
राजाको शासन-अनुसार हुने सन्धि विग्रह आदि कार्यका निमित्त आवश्यक उपाय— साम, दाम, भेद, दण्ड. यी हुन्.
(१) उपप्रदान— दान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुको प्रियवचन, सो
(१) तो उपाय मध्यमा साम-५ प्रकारको हुन्छ-
क. गुणकीर्तन- कुल शरीर काम स्वभाव विद्या द्रव्य आदिको गुण लिएर प्रशंसा स्तुति गर्नु.
(ख) सम्बन्धोपाख्यान- दाजुभाइ, विवादसम्बन्ध, गुरुशिष्यभाव यजमान पुरोहितभाव, कुलपाहुना, हृदय, मित्र हरूको वर्णन गर्नु.
(ग) परस्परोपकार प्रदर्शन- आफ्नो पक्ष र शत्रुपक्षले परस्पर लाई गरेको उपकारको वर्णन गर्नु.
(घ) आयतिप्रदर्शन- एउटै यसो गरेमा पछि हाम्रो दुवैथरी लाई यस्तो हुनेछ भनी आशा बढाउनु.
(ङ) आत्मोपनिधान- म तिमी एकै हौं, मेरो द्रव्य तिमीले इच्छा माफिक काम लाए हुन्छ भनी एकता देखाउनु.
(२) उपप्रदान-दान- शत्रुको भूमि नगद आदि धन दिएर उपकार गर्नु
(३) भेद- शत्रुको यसले मलाई पनि बिगार्छ इत्यादि शङ्का पैदा गराउनु र शत्रुको नमाने यसो गर्नेछु भनी हप्काउनु.
(४) दण्ड- शत्रुको मार्नु पिट्नु, धन लिनु.

लेखका दोष-
लेखोटमा बचाउनुपर्ने दोष यति किसिमका छन्-
१ अकान्ति- कागतपत्र मैलो हुनु, एउटा नचलेका नराम्रा नमिलेका अक्षर हुनु.
२ व्याघात- तल माथिको कुरा बाझ्नु हुनु.
३ पुनरुक्त- त्यही शब्द अर्थ उस्तै दोहरिनु
४ अपशब्द- लिङ्ग वचन काल कारक हरू नमिलेर अशुद्ध हुनु.
६ संप्लव- अक्षरानुवर्गो भएका नअडाउनु, नअक्षरानुवर्गो भएका अडाउनु र लेखोटमा क्रम नमिल्नु.

कौटल्यले
बार्हस्पत्य आदि अर्थशास्त्रहरू पनि पढी बुझी, त्यसको प्रयोग-लोक व्यवहार पनि हेरेर राजाहरूका निमित्त यो शासनसम्बन्धी विधान बना इएको हो।

—×—

२-११ अध्याय- ३२

प्रकरण २९ कुनै दाखिल हुने रत्नहरूको जाँच।

कोशाध्यक्ष- कोषको प्रधान अधिकारीले कोषमा दाखिल गरि ने रत्न (मणि), सार (उत्तम), फल्गु (सामान्य), कुप्य (जिनिस) हरू त्यो विषयको व्यवहार गर्ने विज्ञ हरू र करण-कारिन्दाहरू समेत साथमा लिएर जाँचबुझ लिनुपर्दछ।

मोती-
मोती- ताम्रपार्णिक- पाण्ड्य देशमा प्रसिद्ध समुद्रमा मिल्ने ताम्रपर्णी नदीमा हुने, पाण्ड्यकवाटक- मलयकोटि पर्वतमा उत्पन्न, पाशिक्य- पाटलिपुत्र नजीकको पाशिका-नदीमा उत्पन्न, कौलेय- सिंहलद्वीपको मयूरग्रामको कुला-नदीमा उत्पन्न, चौर्णेय- केरल देशको चूर्णा-नदीमा उत्पन्न, माहेन्द्र- महेन्द्रपर्वत नेर समुद्रमा भएको, कार्दमिक- फारस देशको कर्दमा नदीमा उत्पन्न, स्रौतसीय- बर्बर समुद्रको किनारको स्रोतसी-नदीमा उत्पन्न, ह्रादीय- बर्बर समुद्रको किनारको श्रीघण्ट-ह्रदमा उत्पन्न, हैमवत- हिमालय- मा उत्पन्न यति १० थरीको हुन्छ।
यसको उत्पत्ति हुने ठाउँ शङ्ख, सिपी र प्रकीर्ण- बाँस, सिंहको दाह्रा हात्तीको गण्डस्थल बाँस सर्पको टाउको आदि हुन्छन्,
मुसो जस्तो आकारको, कापजस्तो तीनकुने, कछुवा जस्तो आकार, अर्धचन्द्र जस्तो, पत्रले ढाकेको, जोडिएको, काटिएको, खस्रो, खोपिल्टा भएको, कम-

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा जस्तो हुन्छ, कैलो नीलो रङ्को, केराउमा छेडेको पाते मोती अमूल्य हुँ
ठूलो, ~~सुडुल्लो~~ गोल, पीँध भएको चहकीलो सेतो गरौं। चिह्नो नाडुमा
छेडिएको मोती बेस हुन्छ.

मोतीका लुड (लडी) याने किसिमका हुन्छन् —

१– शीर्षक – माझमा यौटा ठूलो दाया बाया सानो बराबर (एकैछ) भएको
२– उपशीर्षक – माझमा यौटा ठूलो, दाया बाया साना एकैक भई ३।३ वटाको गुच्छा पारेको.
३– प्रकाण्ड – माझमा यौटा ठूलो दायाँ बाया सानो २।२ मा ~~[illegible]~~ ५।५ को गुच्छा पारेको.
४– अवघाटक – माझमा यौटा ठूलो, दाया बाया क्रमैसंग सानो भई सानो हुँदै गएको.
५– तरलप्रतिबन्ध – एकैनासका मोती गाँथिएको

~~मोतीका मालाहरू – १००८ लुड भएको इन्दुच्छन्द~~

~~१००८ लुडको इन्दुच्छन्द ५०४ लुडको विजयच्छन्द~~
~~१०० ,, देवच्छन्द ६४ ,, ~~देवच्छन्द~~ अर्धहार~~
~~५४ ,, अर्धकलाप ६४ ,, अर्धहार~~
~~५४ ,, अर्धकलाप~~
~~३२ ,, गुच्छ~~
~~२७ ,, नक्षत्रमाला~~
~~२४ ,, अर्धगुच्छ~~
~~२० ,, माणवक~~
~~१० ,, अर्धमाणवक~~

१५

मोतीका मालाहरू –

इन्दुच्छन्द – १००८ लुडको	गुच्छ – ३२ लुडको
विजयच्छन्द – ५०४ ,,	नक्षत्रमाला – २७ ,,
देवच्छन्द – १००	अर्धगुच्छ – २४ ,,
अर्धहार – ६४ ,,	माणवक – २० ,,
अर्धकलाप – ५४ ,,	अर्धमाणवक १० ,,

यिनैमा बीचमा माणिक भएको भए माणवक थपिई इन्दुच्छन्द माणवक, विजयच्छन्द माणवक इत्यादि नाम हुन्छन्.

१– यौटा मात्र शीर्षक (माझमा रहने ठूलो) भएको इन्दुच्छन्द आदि मालालाई शुद्ध हार भन्ने ~~नामकरण~~ गरिएको इन्दुच्छन्दशीर्षक शुद्धहार, विजयच्छन्द शुद्धहार, ~~[illegible]~~, देवच्छन्दशीर्षक शुद्धहार, अर्धहारशीर्षक शुद्धहार, यस्तै नक्षत्रमाला० अर्धगुच्छ० माणवक० अर्धमाणवक शीर्षक शुद्धहार यी नामले व्यवहार गरिन्छ.

२ यस्तै गरी एक शीर्षक आठै एक उपशीर्षक, एक प्रकाण्डक, एक अवघाटक, एक तरलप्रतिबन्ध भएका पाते इन्दुच्छन्द शुद्धहार, विजयच्छन्द शुद्धहार इत्यादि हुन्छन्.

३ पन्ना आदि मणि बिचमा भएको अर्धमाणवक – १० लुडको मालामा ५ वा ३ सुनको दाना समेत भएमा फलक हार भन्ने नाम हुन्छ.

४ मणि नभएको केवल मोतीको ७ लुड मालालाई एकावली, त्यसैमा एक लुडे माला बीचमा मणि भएको भए यष्टि, सुनको दाना मणि समेत भएको भए 'रत्नावली'। सुनको दाना माझे मोती एकैक अन्तर पारी उनेको भए 'अपवर्तक', सुनको दाना र मोती एकैक अन्तर पारी उनेको भए 'सोपानक', त्यसमा बिचबिचमा मणि समेत उनेको भए 'मणिसोपानक' भन्ने नाम भएका विशेष हार हुन्छन्,

शीर्षक आदि धातुका गहना कै किसिमका। शिर हात पाउ कानका कलाप, लुड, जालक० कलापसन्दर्भ इन्द्र भन्ने जुनार।
छोटकरीमा मोतीका गुणन. ऊपामोतिखान ३ पत्नेछड १८ दोषक हारका भेदर० हुन्छ

Nepal Sanskrit ... Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माणेक–

माणेक– कोटि- मलय र समुद्रको बीचमा भएको, मालयेक- मलयको माला नामक प्रदेशमा भएको, पारसमुद्रक- सिंहल द्वीपको रोहण पर्वतमा भएको भन्ने ३ थरीको हुन्छ, सो [illegible] अतिनीलो मिलि एको र

१- [illegible] अतिनीलो मिश्रित भएको | रातो रङ्को, २ पद्मराग- कमलको
२- अनवधराग- कमल को रङ भएको | जस्तो रङ भएको, ३ अनवधराग- व
२ पद्मराग– कमल को रङ भएको | को जस्तो रङ भएको, ४ पारिजात पुष्प
४ पारिजात पुष्पक- पारिजात फलको | पारिजातको फलको रङ भएको, ५
५ बाल सूर्यक– बाल सूर्य जस्तो | [illegible] बाल सूर्यको जस्तो रङ भ
| पनि [illegible] को हुन्छ

वैदूर्य– सो
१ रातो कमलको रङ भएको, २ शिरीषको फूल [illegible] जस्तो रङ भएको,
३ पानीजस्तो स्वच्छ रङ्को, ४ बाँसको पातको जस्तो रङ भएको ५ शुक
को प्वाँखको रङ भएको, ६ कुनै जस्तो पहेंलो, ७ गहुँको रङ भएको
८ गोरोचनको जस्तो रङ भएको। यति किसिमको हुन्छ

इन्द्रनील–

नील- नीर– १ सेतोमा नीलो धर्सा भएको, २ इन्द्रनील- मुग्राको फूल को रङ्ग भएको, ३ कलाय पुष्पक- केराउको फूलको रङ भएको ४ महानील- भमराको जस्तो रङ भएको, ५ जाम्बवाभ- जामुनफल को रङ भएको, ६- जीमूतप्रभ- मेघको जस्तो रङ भएको, ७- नन्दक- भित्र सेतो बाहिर नीलो, ८- स्रवन्मध्य- पानीको धर्सा जस्तो किरण भएको। यति किसिमको हुन्छ.

स्फटिक– १ शुद्धस्फटिक- उपादे सेतो, २- मूलाटवर्ण- काली [illegible] को दहीको रङ भएको, ३- शीतवृष्टि- चन्द्रकिरणले छुँदा रसाउने, ४ सूर्य कान्त- सूर्यकिरणले छुँदा आगो निकाल्ने. यति किसिमको यी माणेकका भेद गिने हुन्।

माणेकहरू छ पाटे वा चार पाटे वा गोला पनि हुन्छन्. उपादे वा कोणा, गहनामा ठाउँठाउँमा जडाउन मिल्ने, निर्मल, नसीलो, ओजन भएका, चमक भएका, भित्रबाहिर पनि चमक भएका, आफ्नो तेजले नजीकका भाँडाहरू झल्काउने भएका वेस हुन्छन्.

रङ चमक फीका भएका, साना साना धना भएका, भित्र फुटे पटेका, चिरिएका, खाडामा खोडिएका, धर्सा परेका रत्नहरू दोषी हुन्छन्.

अरू मणि–

१ विमलक- सेतो धोयो, २ सस्यक- हरियो, ३ अञ्जनमूलक- कालो, ४ पित्तक- गोरोचनको रङ भएको, ५ सुलभक- उज्यालो, ६ रोहिताक्ष- केरा जस्तो रातो, ७ मृगाश्मक- सेतो कालो मिसिएको, ८ ज्योतीरसक- सेतो रातो, ९ मैलेयक- हिंगुलको जस्तो रङ भएको, १०- आहिच्छत्रक- फिक्का रङ भएको, ११ कूर्प- खस्रो, १२- प्रतिकूर्प- सिंगाको रङ भएको, १३- सुगन्धिकूर्प- मूगीको रङ भएको, १४- क्षीरपक- दूध को रङ भएको, १५ शुक्तिचूर्णक- छिरबिरे, १६- शिलाप्रवालक- मूगा यी अवान्तर जातिका मणि हुन्.

यी मणिभन्दा बाहेक अरू काचमणि- काँचसरहका हीन मणि हुन्छन्.

वज्र= [illegible]-

हीरा- उत्पत्ति स्थानको अनुसार १- सभाराष्ट्रक- विदर्भदेशको सभा राष्ट्र भन्ने ठाउँमा हुने, २- मध्यमराष्ट्रक- कोसल देशको मध्यमराष्ट्र भन्ने ठाउँमा हुने, ३- काश्मीरराष्ट्रक- काश्मीर राष्ट्रमा हुने, ४ श्री कटनक- श्रीकटनक नामको पर्वतमा हुने, ५ मणिमन्तक- मणिमन्त नामको पर्वतमा हुने, ६ इन्द्रवानक- कलिङ्ग देशको इन्द्रवान पर्वतमा हुने भनि

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हीराको उत्पत्ति खानी, जलप्रवाह, हात्तीको दानको अग्रभाग आदि हुन्छन्.

हीरा- रङ्ग अनुसार ५- मार्जाराक्षक- बिरालाको आँखाको रङ्ग भएको २ शिरीषपुष्पक- सिरिसको फूलको रङ्ग भएको, ३ गोमूत्रक- गहुँत को रङ्ग भएको, ४ गोमेदक- गोरोचनको रङ्ग भएको, ५ शुद्धस्फटिक - बिल्लौरको रङ्ग भएको, ६ मूलाटीपुष्पक वर्ण- मूलाटीको फूलको रङ्ग भएको, ७ मणिवर्णानुगत वर्ण- अरु मणिको जस्तो रङ्ग भएको. यति थरी हुन्छन्.

हीरा- ठूलो, भारी भएको, ओजन भएको, कुनै साधनले हान्दा पनि नफुट्ने, बराबर कुना भएको, धार भएको, चम्किलो, घिसिएर पनि नखिइने हीरा असल हुन्छ. ~~[illegible]~~ पुच्छ्याउनिको, भाडामा कोर्दा रेखा पार्ने

हीरा- कुन्चो भएको, धार नभएको, एकपट्टि मात्र फिँजिएको राम्रो हुँदैन.

मूगा—
१ आलकन्दक—
मूगा- बर्बरसमुद्रको किनारको अलकन्द भन्ने भागमा ~~[illegible]~~
वैवर्णिक- यवनद्वीपको विवर्ण नामको समुद्री भागमा ~~[illegible]~~ यी २ ठाउँमा हुने हुन्छ. रातो र कमलको रङ्ग भएको २ थरी हुन्छ. करक- कीराले खाएको र गर्भिणिका- भित्र गाँठो भएको नराम्रो हुन्छ।

सारवान् ~~[illegible]~~-
श्रीखण्ड- मलयदेशको सातन भन्ने ठाउँमा भएको रातो, रातो माटोको गन्ध आउने हुन्छ, गोशीर्ष ~~[illegible]~~ भएको कालो रातो रङ्गको माछाको गन्ध आउने हुन्छ, हरिचन्दन मलय भन्ने ठाउँमा भएको, सुगाको प्वाँखको रङ्ग भएको आँपको गन्ध आउने हुन्छ. (र तृणसा नामको नदीको नजिकमा भएको) ग्रामेरुक ~~[illegible]~~
ग्रामेरुक - ग्रामेरुक

भएको रातो वा रातो कालो रङ्गको, बोकाको मूतको जस्तो गन्ध आउने हुन्छ। दैवसभा भन्ने ठाउँमा भएको रातो रङ्गको कमलको गन्ध आउने, जोङ्ग भन्ने (र जावक भन्ने देशमा) ठाउँमा भएको रातो वा रातोकालो, चिप्लो हुन्छ. मलय पर्वतमा हुने सेतो रातो कमलको गन्ध आउने हुन्छ. कुचन्दन नाम भएको चाहिँ कालो रङ्गको गहुँतको गन्ध आउने हुन्छ, कालपर्वतमा भएको खस्रो अगुरु जस्तो कालो वा रातो वा रातोकालो ~~हुन्छ~~; कोशकार पर्वतमा भएको कालो वा कालो छिर्बिरे, शीतोदक भन्ने ठाउँमा भएको कमलको रङ्ग भएको वा कालो चिप्लो, नागपर्वतमा भएको खस्रो सिवालीको रङ्ग भएको, शाकल भन्ने ठाउँमा भएको कैलो रङ्गको. यी सबै गहुँतको गन्ध आउने हुन्छन्.

श्रीखण्ड- हलुका, नरम, चिल्लो, हतपत्ति नसुक्ने, घिउ तेल [illegible] पर्ने, गन्धले आनन्द दिने, छालामा टाँसिने, मधुर स्वाद भएको, अरु वस्तु मिसाएर पनि वास्ना नहराउने, गर्मी खपाउने, शरीरको दाह हराउने, छुँदैमा आनन्द दिने, यस्ता गुण भएको हुन्छ।

अगुरु-धूपी- ५ जोङ्गक- कामरूपदेशको जोङ्गक भन्ने ठाउँमा उत्पन्न भएको, कालो छिर्बिरे, कालोमा सेतो थोप्ला भएको हुन्छ. २ दोङ्गक- कामरूपदेशको दोङ्ग भन्ने ठाउँमा भएको कालो हुन्छ. ३ पारसमुद्रक- सिंहल देशमा भएको विभिन्न वर्णको हुन्छ. अगुरुको गन्ध अश्वत्थ (स्वस्थ) को जस्तो नवमालिकाको जस्तो गन्ध आउने हुन्छ. अगुरुमा भारी चिल्लो मीठो वास्ना भएको टाढासम्म वास्ना जाने, आगोमा हालेपछि नडढ्ने, धूवाँले गुजुमुज नपार्ने, जलाउँदा आनन्द दिने अनि सेक एकनास जलाउँदा, कपडामा रगड्दा पनि गन्ध नहराउने धेरै गुण छन्।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्दनविशेष

तैलपर्णी = कुनै सुगन्धी – १ कामरूपदेशको अशोकग्राममा हुने सासुको जस्तो रङ भएको कमलको बास्ना आउने हुन्छ, २ – कामरूपको ओड्‌डू प्रदेशमा हुने रातो पहेंलो रङको कमलको वा गद्‌हा को बास्ना आउने हुन्छ, ३ कामरूपको ग्रामेरु भन्ने ठाउँमा हुने चिह्नले गद्‌हाको गन्ध आउने हुन्छ. ४ कामरूपको सुवर्णकुड्य भन्ने ठाउँमा हुने रातो पहेंलो रङको चिनिएको बास्ना आउने हुन्छ. ५ कामरूपको पूर्णकद्वीपमा भएको कमलको वा नौनी को गन्ध आउने हुन्छ.

भद्रश्री चन्दन विशेष – १ कामरूपको लौहित्यनदको पारि हुने जाइको फूलको जस्तो रङ भएको, २ कामरूपको आन्तरवती नदीको किनारमा भएको दुसी (खसी) को जस्तो रङ भएको, दुवै फलको जस्तो गन्ध आउने हुन्छ.

कालेयक – नामवारेको काठ विशेष १ स्वर्णभूमि-वर्मादेशमा हुने चाहिँ मसिनो पहेंलो रङको, २ उत्तरपर्वत-हिमालयमा हुने चाहिँ कालोपहेंलो रङको हुन्छ.

तैलपर्णी, भद्रश्री, कालेयक, यी तीनै वस्तु धेरै पछि पनि आगोमा धूपहाले पनि एकै नासको बास्ना आउने, अर्को वस्तु मिसाउँदा र धेरै कालसम्म रहँदा पनि नबिग्रने हुन्छन्. यिनको गुण श्रीखण्ड र अगुरुको जस्तै हुन्छ.

सार वस्तु यिनै हुन्.

कल्प-क्षुद्र वस्तु –
छाला –

हिमालयका कान्तनाव, प्रैयक, उत्तरपर्वतमा हुने छाला मध्ये कान्तनावक चाहिँ मुगुरको गर्दनको जस्तो रङको, प्रैयक चाहिँ नीलोपहेंलो, सेतो, धर्साधर्सी थोप्लाले युक्त परेको हुन्छ. यो दुवैथरीको ८ अङ्गुल लम्बाइ हुन्छ.

हिमालयका १२ गाउँ ग्राममा हुने बिसी र महाबिसी यी दुई छालामा । बिसी चाहिँ धेरै रङको भान गराएर यही रङ भनी भन्न नसकिने, रौं भएको वा विचित्र रङको, महाबिसी चाहिँ खस्रो धेरै सेतो हुन्छ. दुवैको लम्बाइ १२ अङ्गुल हुन्छ.

हिमालयको आरोह पर्वतमा हुने श्यामिका कालिका कदली, चन्द्रोत्तरा, शाकुला यी छाला मध्ये श्यामिका चाहिँ कैलो वा थोप्लायुक्त, कालिका चाहिँ कैलो वा परेवाको रङ भएको हुन्छ. यी दुवैको लम्बाइ ८ अङ्गुल हुन्छ. कदली चाहिँ खस्रो एकहात लामो, चन्द्रोत्तरा चाहिँ कदली जस्तैमा चन्द्रमा जस्तो थोप्ला भएको हुन्छ. शाकुला चाहिँ कदलीको तृतीयांश ८ अङ्गुल लम्बाइ भएको रातो चक्का भएको गाँठो गाँठो परेर कुशोभित पनि हुन्छ.

हिमालयको बाह्लव प्रदेशमा हुने साम्पा चीनसी सामूली यी छालामध्ये साम्पूर चाहिँ भाजनको रङ भएको, चीनसी चाहिँ रातोकालो वा सेतोकालो, सामूली चाहिँ गहुँको रङ भएको हुन्छ. यी सबैको लम्बाइ ३६ औंला हुन्छ.

छालामध्ये कोमल चिप्लो धेरै रौं भएको बेस हुन्छ. छालाका जात यी हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

आविक-ऊनीपाती—

आविक-भेडाको रौंको बनेको कम्बल- सेतो, सफा रातो, एकाने रातो पनि हुन्छ. यो ४ किसिमको हुन्छ १-रवाचेत-पाढ्देबाट बुट्टा भरेको, २ पातचित्र-पुन्दैमा नानारङ्को बुट्टा भरिको, ३ खण्डु सङ्घात्य टुक्रा टुक्रा-पातापात जोडेको, ४ तन्त्वविच्छिन्न-तानीपारी बुनेको।

बनाइको किसिमले: १ कम्बल-कामलो, २ कैचलक-जङ्गली टोपी, ३ कलमितिका-हात्तीको पीठमा ओछ्याउने, ४ सौमितिका कालो रङ्को हात्तीको पीठमा ओछ्याउने, ५-तुरगास्तरण-घोडाको पीठमा ओछ्याउने, ६ वर्णक-रङ्गीन कम्बल, ७ तलिच्छक-बिछ्याउने राडी, ८ वारवाण-चुङ्गा, ९ परिस्तोम-गलैंचा, १० समन्तभद्र-चारैतिर चारपाटे. यति किसिमको हुन्छ.

चिप्लिने जस्तो, चरिसो जस्तो, मसिनो कोमल चाहिं कम्बल श्रेष्ठ हुन्छ.

भिङ्किसी- पहाड जातिको काले पानी रोक्ने घुमराडी, २ अपसारक-एकै पाटाको दूनो. यी दुवै थरी नेपालमा बन्ने कम्बल हुन्.

मृगको रौंको—

मृगको रौंबाट बनेको १ सम्पुटिका-जाँघिया, २ चतुरश्रिका-बेलबुट्टा भएको दोसल्ला, ३ लम्बरा-ओढ्ने लोई, ४ प्रावारक-मोटो धागोबाट बनेको, ५ प्रावारक-ओढ्ने चद्दर, ६ सत्तलिका-बिछ्याउने चद्दर. यति थरी हुन्छन्.

रेशमी—

दुकूल-रेशमी बस्त्र तीन किसिमको हुन्छ- १ वाङ्गक-वङ्ग देशमा हुने सेतो मसिनो, २ पौण्ड्रक-पुण्ड्रदेशमा हुने कालो मणिजस्तो चिल्लो, ३ सौवर्णकुड्यक-कामरूपदेशको सुवर्णकुड्य प्रदेशमा हुने सूर्यकिरणको जस्तो रङ भएको हुन्छ. यसको बुनाइ तीन किसिमको हुन्छ, १ मणिस्निग्धोदकवान-सूत्रलाई पानीमा भिजाएर हातले भुईंमा रगडेर बुनेको, २ चतुरश्रवान-तानाबाना एउटै रङ्को भएको, ३ व्यामिश्रवान-रेशमी र ऊनी धागो मिसाएर बुनेको.

यी सबै दुकूलमा १ एकांशुक-एकसुते तानाबाना, २ अध्यर्धांशुक-तानामा २ सुत बानामा १ सुत भएको, २ द्व्यंशुक-दुइसुते, ३ त्र्यंशुक-तीनसुते पनि हुन्छन्.

यस्तै किसिमसँग काशिक-काशीमा बनेको, पौण्ड्रक-पुण्ड्रदेशमा बन्ने डेढ, २, ३ सुते दुकूललाई क्षौम भन्ने व्यवहार छ

पत्रोर्ण-धुवा रेशमी दुकूल ३ किसिमको हुन्छ. १ मागधिका-मगधदेशमा भएको, २ पौण्ड्रिका-पुण्ड्रदेशमा भएको, ३ सौवर्णकुड्यिका-सुवर्णकुड्यप्रदेशमा भएको. रूखको पातमा एकथरी किराको रालबाट बनेको धागोबाट पत्रोर्ण बन्दछ. त्यसमा नागवृक्षबाट भएको चाहिँ पहेंलो, लकुच-बडहरको रूखबाट भएको चाहिँ गहुँको रङ भएको, बकुलवृक्षमा भएको चाहिँ सेतो रङ भएको, अरु नौनीको रङ भएको हुन्छ.

योमध्ये रेशमी वस्त्रमा सुवर्णकुड्यमा हुनेचाहिँ श्रेष्ठ हुन्छन्.
यस्तै गरी अरु काशीमा बनेको कौशेय, चीनदेशमा हुने चीनपट्टक

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपासको -

कार्पासिक- कपासको धागोबाट बनेको वस्त्र-
माथुर- मथुराको, आपरान्तक- कोङ्कण प्रदेशको, कालिङ्गक कलिङ्ग देशको, काशिक- काशीको, वाङ्गक- वङ्ग देशको वात्सक- वत्सदेशको, माहिषक- कुन्तलदेशको राजधानी माहिष्मती शहरको कपडा हुन्छ।

यी देशदेखि आएका रत्नहरूको प्रमाण, मापतौल, मूल्य, लक्षण, जाति, रूप, राख्ने विधि, [illegible] प्रत्येकको, खानेवा केही बिगार्न गर्ने तरिका, पुरानो मालेलाई सफा पार्ने, धोएर लाउन, रङ बनाउन, अनुकूल देशकाल, उपभोग, नाशक कीरा आदिको प्रतिक्रिया आदि पनि कोशाध्यक्षले जान्नुपर्दछ।

२-१२ अध्याय ३२ आकरकर्मान्त.
प्रकरण ३० (खानिको कार्यालय चलाउने)

खानि विभागको अध्यक्षले शुल्वशास्त्र धन्कल आदिले बताएको भूमिको नसाहरू जान्ने विद्या किंवा तामाबाट सुन बनाउने विद्या, धातुहरूको [illegible] आदि बताउने शास्त्र, रस बनाउने, धातुहरूको पाक गर्ने, मणिहरूमा रङ चढाउने, आदि विद्या आफूले जानेर किंवा त्यो जान्ने विज्ञहरूलाई साथमा लिएर, त्यो काम गर्ने कामदार र चाहिने [illegible] औजारहरू पनि जोरेर, कीट मूषा- गाल्ने भाडा, कोइला खरानी आदिबाट थाहा हुने पुरानो खानि वा नयाँ खानि फेला पारेर, माटो पत्थर

रस धातु त्यसको रङ, ओजन, चर्को गन्ध, रस हरूको जाँच गर्नु।

सुन चाँदी -
यो ठाउँ यस्तो भनि थाहा भएका पर्वतहरूको ओडार गुफा फेदी खोपेर बनाइएका गुफा ठूलो ढुङ्गाले छोपी राखेका छिद्र खाडल हरू वा [illegible] बग्ने जम्बुक, आँप, तारकोस्वन्न, पाकेको हल्दीको टुक्रा, हरिताल, मह, हिङ्गुल, सेतो कमल, सुगाको प्वाँख, मयूरको प्वाँखको जस्तो रङ भएका, सुनको जस्तो रङ्गका सुनौला रङ्गका जाँचको वरिपरि भएका, चहकिलो र ओजन भएका रस- (लोप्य) देखिए भने सुन बन्ने हुन् भनि बुझ्नु।

पानीमा हाल्दा तेलकैं फैलिने, पानीको मैल हिलो तल निथार्ने रस भए एक पल (४ तोला) त्यो रसले १०० पल तामा वा चाँदीमा हाल्दा सुन बनाउने हुन्छ।

त्यस्तै किसिमको रङ्ग भएको रस चर्को गन्ध स्वाद भएको भए शिलाजीत हो भनि जान्नु।

पहेंलो, तामाको रङ्गका, पहेंलो रातो रङ भएका जमीन वा पत्थर धातुहरू फोर्दा नीलो धर्सा परेका, वा मूग माष किसिमका जस्तो रङ भएका, दहीका थोपा जस्ता बिन्दु [illegible] युक्त भएका, हलेदो, हर्रो, कमलको पात, सिवाली, कजेनो, कीयो, केसरको जस्तो रङ भएका, भित्रपट्टि कोही मजीठो बालुवाको रेखा बिन्दु स्वस्तिक चिन्ह देखिने, गोली जस्तो गोल [illegible] चहकिला देखिने, पोल्दाखेरी नफुट्ने, धेरै फीँज र धुवाँ आउने भए ती सुनका धातु हुन्, तामा वा चाँदीमा वेधन- मिलाएर गाल्दा गर्दा सुन बनाउने हुन्छन्।

Nepal Sanskrit University, Balmiki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्ख, कपर्द, स्फटिक नौनी जङ्गली परेवा [illegible] पालेको परेवा, विमलक= सेतो-रातो रङ्को मणि विशेष, मजूरको गर्दनको जस्तो रङ् भए-का, नीरमणि गोमेदमणि, गुड शक्करको रङ् भएका, कोइरालो फूलमा फाटनी भएर क्षुम्य-अतसी-आलसको फूलको जस्तो रङ् भएका, सीसा मिसिएका अशुद्ध-सुन्ना धातु मिसिएका, दुर्गन्ध आउने, फोर्दाखेरि बाहिर भित्र कालो वा बाहिर कालो भित्र सेतो अथवा सबै किसिमका अकै रङ्का धर्सा र बिन्दु को छाप भएका, कोमल, पोल्दा नफुट्ने, धेरै फीज धुवा आउने भएका चाँदीका धातु हुन्छन्।

सबै किसिमको धातुमा जति ओजन बढी हुन्छ उति त्यसको सोल-धातुको सार बढ्ता हुन्छ। मिलन अरू धातु मिसिएर चो-खोपन नभएको र भित्री सार नभएको दविस्को [illegible] तीक्ष्ण मूत्र-हात्ती घोडा मानिसको मूत्र, तीक्ष्ण क्षार-केरा आदिको खरानीको भावना-मिसाएर भिजाउनु; दिव्य वा राजवृक्ष वा वृक्षको क्षाथ, ओखर, गोरोचन, राजे भद्रा काकेको बच्चाको मून मल मिलाएर डढेको पानी आगोमा पोल्दाखेरि अरू मिसिएका बढ्दछन् हेरेर त्यो धातु चोखो बन्दछ।

जौ माष तिल पलाश ओखरको क्षार खराली, गाईको वीरखी को दूध मिलाएर, केराको गानार बनको ओलको गानामा मिलाएर भावना दिएमा सुन चाँदीमा कोमलपना आउने हुन्छ। मह जेठीमधु बाख्रीको [illegible] दूध तेल घ्यू गुड किण्व-मद्यको सार कन्दली-कन्दविशेष हुने घासविशेष यी ८ थोकमिलाएको कल्क-पिधेको लेदो ३ पल्ट हाल्दाखेरि बायन हजार (१०००) परे फुटेको पनि सुन चाँदी नरम [illegible] बन्दछ।

गाईको दाँत सीङ्को धुलो फालेको सुन चाँदीमा हालेमा नरमपना हटाएर कडापन आउने हुन्छ।

तामा आदि-

गरुङ्गो भारिलो नरम भद्दी वा पत्थर पहेंलो वा घोपो वा गुलाबी, वा एस्तो भरिएको तामाको धातु हुन्छ।

कागजस्तो कालो परेवा वा गोरोचनको जस्तो रङ् भएको सेतो धर्सा भएको दुर्गन्ध आउने सीसाको धातु हुन्छ।

उखर जमीन जस्तो फुस्रो खैरो, वा पाकेको ईंटको जस्तो रङ् भएको त्रपु-राङ्को धातु हुन्छ।

कुरुम्ब-चिल्लो पत्थर सेतो रातो, किंवा सिन्दुवार-सिआनविशेष को फूलको जस्तो रङ् भएको भए तीक्ष्ण-फलामको धातु हुन्छ। काकाको फलको जस्तो रङ् वा भुजापातको जस्तो रङ् भएको भए वैकृन्तक-इस्पात फलामको धातु हुन्छ।

निर्मल चिल्लो चहकिलो पोल्दा फोर्दा ठूलो अवाज आउने चीसो हलुका रङ् भएको भने मणिको धातु हुने हुन्छ।

धातु हरू बाट आएको धन धातु आदि बाट सुन आदि धातुकै कारखाना खोल्ने काममा लगाउनु। कारखानाबाट तयार भएका धातुका सामानको किन बेच गर्ने ठाउँ यौटै बनाउनु। अरू ठाउँमा बनाउने किन्ने बेच्ने गरेमा दण्ड हुने व्यवस्थापर्छ।

खानीबाट खानिको काम गर्नेले माल चोरेमा मालको मोलको आठगुना दण्ड गर्नु। रत्न हरण गरेमा भने यस्तो दण्डले पुग्दैन वध दण्डै मानिने छ।

खानीको खोज वा बादिको होस [illegible] माल चोर्ने र राजाको अनुमति नलीकन धातुसम्बन्धी काम गरेर जीविका गर्नेलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~~[illegible]~~ सरकारी नगद दण्ड तिर्न नसक्नेलाई पनि बाँधेर (नेलथालेर) काम लाउने गर्न।

थोरै खर्चको भार पर्ने खानी भाग (आय र व्ययको हिस्सा) लिने गरेर ठेक्का प्रक्रय — यति सरकारलाई बुझाउने ठेक्का गरेर दिन। थोरै परिश्रम थोरै खर्च गर्दा हुने काम आफैंतर्फबाट गराउन।

~~सुन चाँदी लोहा अरू धातुसम्बन्धी~~

लोहाध्यक्ष — सुन चाँदी बाहेक अरू धातुसम्बन्धी कामको विभाग ध्यक्षले तामा सीसा राङ इस्पात-पित्तल वैकृन्तक कलाम काँसो धातुक फलाम का भाँडाकुँडा बनाउने कारखाना र त्यसका भाँडाहरू खरीद बेचबिखनको व्यवस्था पनि गराउन।

लक्षणाध्यक्ष — पण माषा आदि सिक्का टक हरू बनाउने विभागको अध्यक्ष (टकसारको अध्यक्ष) ले रूप्य रूप — चाँदीको सिक्का १६ भागमा ४ भाग तामा, इस्पात फलाम राङ सीसा ~~[illegible]~~ मध्ये कुनै १ भाग मिसाएर १६ मासाको १ पण (रुपैयाँ) त्यसको आधा अर्धपण (अठन्नी), त्यसको पनि आधा चौथाइ पण (चौअन्नी) त्यसको पनि आधा अष्टभागपण (दोअन्नी) यी चार थरी र ताम्ररूप — तामाको सिक्का — चाँदीको भन्दा अरू चौथाइ भाग घटेर अर्थात् चाँदी ४ भाग सीसा राङ फलाम मध्ये १ थोक १ भाग तामा ११ भाग हालेर बनाएको जम्मा १६ धान बराबरको माषक, त्यसको आधा ८ धान बराबरको अर्धमाषक, त्यसको आधा ४ धान बराबरको काकणी, त्यसको आधा २ धान बराबरको अर्धकाकणी। यस्ता ४ थरी सिक्का बनाउन लाउन।

~~रूपदर्शक — सिक्का जाँच्ने जाँचकीले नगद लिने दिने सरकारी व्यवहारको काम र कुरो दाखिल हुने योग्य को व्यवस्था पनि गर्नुपर्दछ। दुनियाँको व्यवहारमा रूपिक — कामदारको खर्च सयकडा आठ, व्याजी (आय सयकडा पाँच), पारीक्षिक (जाँच खर्च) सयकडा आठ~~

~~दुनियाँको व्यवहारमा रूपिक — कामदारको वेतन खर्च सयकडा आठ~~
~~व्याजी — सरकारको भाग सयकडा पाँच~~
~~पारीक्षिक — जाँचकीको वेतन खर्च सयकडा आठ~~
~~लिनुपर्ने व्यवस्था पनि गर्न। बनाउने किन्ने बेच्ने जाँच्ने बाहेक अरूले अपराध गरेमा २५ पण दण्ड गराउन।~~

रूपदर्शक — सिक्का जाँच्ने जाँचकीले नगद सिक्का लिने दिने सरकारी व्यवहारको काम र कुरो दाखिल गर्न योग्य द्रव्यको व्यवस्था पनि गर्नुपर्दछ।

सामान्य देशवासीले चाहिने चाँदी तामा हरू दिएर सिक्का चलाउन चाहेमा

रूपिक — कामदारको वेतन खर्च सयकडा ८ ⎫ लिएर चलाउन
व्याजी — सरकारले लिने बढी खर्च सयकडा ५ ⎬ पाउने व्यवस्था
पारीक्षिक — जाँचकीहरूको वेतन खर्च सयकडा ८ ⎭ गराइदिनू

बनाउने किन्ने बेच्ने जाँच्ने अधिकृत बाहेक अरूले सिक्का बनाएमा २५ पण दण्ड गर्नू।

खानी विभागका अध्यक्षले शङ्ख हीरा माणिक मोती मुगा चक्षार आदि धातुहरूका खानी शोधन गर्ने, चिन्ने, घोट्ने, तयार गर्ने आदि कामका कारखाना र तयार भएका वस्तुको क्रयविक्रय व्यवहार पनि गराउन।

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लवणाध्यक्ष- नूनविभागका अध्यक्षले पकाएर तयार गरेको हिस्सामा दिएको नूनको सरकारी भाग, प्रक्रय- ठेकामा दिएको नूनको सरकारी ठेक्का पनि वावत वरवतमा लिने गर्नु. बिक्री हुने नूनको मोल, रूप- जाचकहरूको वेतन खर्च सयकडा ८, व्याजी- पछि कम नहुने गर्न वढी लिने रकम सयकडा ५ पनि लिने गर्नु.

विदेशबाट ल्याएको नून बिक्री गर्नेले ६ भागको एक भाग राजालाई बुझाउनू. भाग र विभाग- व्याजी आदि बुझाएपछि मात्र बिक्री गर्न पाउँछ. सयकडा व्याजी, भाग सयकडा ८ रूप- जाचकहरूको वेतन खर्च, सयकडा ८ रूपिक- कामदारहरूको वेतन खर्च बुझाउनु पर्दछ. किन्नेले पनि सरकारी बिक्रीभाउको नोक्सानी भर्ना वैधरण र महसूल पनि बुझाउनु पर्दछ,

[सरकारी बिक्रीको माल छदा छदै अन्यत्रबाट किन्नेले सयकडा ६ पनि तिर्नुपर्दछ । विलवण- माटोहरू मिसाएको खार नूनको व्या... गर्ने र वानप्रस्थ वाहेक अरू सरकारी अनुमति नलिई काम नून वनाउनेलाई उत्तम साहस (१०००) दण्ड गर्नु. वेद पढेका ब्राह्मण तपस्वी विष्टि- मजदूरहरूले अन्नखान संग चाहिने नून शु... महसूल नतिराकन लिन पाउछन्.

भन्दा अरू किसिमको सीधै सामुद्र वीर आदि नून र ... गुड शक्कर आदि क्षारहरूको व्यापार गर्नेले सरकारी शुल्कमात्र तिर्नु पर्दछ, व्याजी आदि तिर्नु पर्दैन.

यस किसिम संग ... वाकी नार मूल्य- मोल, विभाग- ६ भागको १ भाग, व्याजी- सयकडा ५, परिघ- परीक्षा खर्च, अत्यय- क्षतिपूर्ति, शुल्क- महसूल, वैधरण- नोक्सानी भर्ना, दण्ड- दोषीको दण्ड, रूप- चादी तामाको सिक्का, रूपिक- कामदारको वेतन सयकडा ८, सुन चादी आदि धातु, पण्य- बिक्री हुने वस्तु: यसरी १२ किसिमको आय सरकारले लिनुपर्दछ. सबै पण्य- बिक्रीका वस्तुहरूमा मुख्य सारवस्तुको सङ्ग्रह गरी राख्नू ।

खानीबाट राजकोश भरिन्छ, कोशबाट सेना सङ्ग्रह हुन्छ, कोश र दण्ड- सेनाबाट ऐश्वर्य पूर्ण पृथिवी पाइन्छ ।

२- १३ अध्याय ३२

प्रकरण ३१ टकसारमा सुवर्णाध्यक्षको काम.

सुनचादीहरूको काम हुने अक्षशाला- टकसारमा नियुक्त भएका सुवर्णाध्यक्ष- सुनचादी विभागका अध्यक्षले सुनचादीको काम हुने छुट्टाछुट्टै खण्ड भएको, एक ढोका भएको, चौघेरा अक्षशाला- टकसार भवन बनाउन लाउनू. बिच बजारमा सहर नगरवालीहरूको सुन चादीको काम गर्ने सौंपिएको भएको घरानिया विश्वासी सौवर्णिक- सुनारहरूको मुख्य अधिकारी पुरुषलाई नियुक्त गर्नु.

सुन- सुन पाचथरी रङ्को हुन्छ- १ जाम्बूनद- जम्बुनदीबाट निस्केको जामुनको फलको रसको जस्तो रङ् भएको, २ शातकौम्भ- शतकुम्भ पर्वतबाट निस्केको कमल केसरको जस्तो रङ् भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

हाटक- हाटक खानिबाट निस्केको कुरणक-फूलको जस्तो पहेंलो रङ्ग भएको, ४-वैणव-वेणुपर्वतबाट निस्केको कर्णिकार फूलको जस्तो रङ भएको, ५-शृङ्गिशुक्तिज-शृङ्गि शुक्ति नाम भए को सुवर्णभूमिबाट निस्केको मनःशिलाको जस्तो रङ भएको. यस किसिमको सुन उत्पत्तिबाट १ जातरूप- सुनैको रूपमा निस्केको २ रसविद्ध- रसायन क्रियाबाट सुन बनेको, ३ आकरोद्गत- खानिको माटो पत्थर खारेर बनेको, पनि हुन्छ.

कमलको केशरको जस्तो रङ भएको नरम चम्किलो घोट्दा अवाज न आउने चहकिलो सुन उत्तम, एलो पहेंलो रङ भएको मध्यम, रातो रङ्को नधेरो तहको मानिन्छ.

शोधन-

हरियो सेतो रङ को सुन अर्को धातु मिसिएर चोखो न भएको हुनाले अप्राह्य चोखो सुनको कक्षामा नपुगेको मानिन्छ. खराब वस्तु मिसिएर अग्राह्य बनेको सुनलाई त्यस को तौलको चौथाइ सीसा मिलाएर सीसा नभएर पहुने आगामा खार्नू. सीसा मिलेर फुटे सुनलाई पातलो पाता पिटी शुष्कको बनेको सुक्खा भाँडोमा पोल्नु. तातो भएर फुटेमा पोलेको तेल र गोबरमा हाल्दै गर्नु.

खानिबाट निस्केको सुन सीसा मिलाउँदा फुटे, पातलो पाता बनाएर काठको फलकमा, काठको मुग्रोले पिट्नु. अथवा कदली-बनलिंशोप, वज्र-भीरो, कन्द-कमलगट्टा को क्वाथमा भावना (भिजाउने) दिनु।

चाँदी-

चाँदी- १ तुत्थोद्गत- तुत्थ नामक पर्वतमा उत्पन्न जुहीको जस्तो रङ भएको, २- गौडिक- गौड देशमा उत्पन्न तगरको फूलको जस्तो रङ भएको, ३- काम्बुक- कम्बु पर्वतमा उत्पन्न र ४- चाक्रवालिक- चक्रवाल खानिमा उत्पन्न यो दुवै कुन्द पुष्प जस्तो रङ भएको, पनि ४ किसिमको हुन्छ.

चाँदी सेतो तेजिलो नरम असल हुन्छ. यसको उल्टो कालो फाटो फुट्ने दोषी हुन्छ. यस्तो दोषी चाँदीलाई चार गुना सीसा मिलाएर पोली शोधन गर्नु. यदि उसको निर्मल चहकिलो दहीको जस्तो रङ भएको चाँदी शुद्ध हुन्छ.

वर्णक-चाली-

शुद्ध हलेदोको फूल जस्तो रङ भएको सुनको १ सुवर्ण (८० रत्ती) पाँच वर्णक- चोखो दाग हुन्छ. त्यसमा चौथाइ मासा तामा मिलाएर गाली थपेको जति फिके पछि अर्को दाग हुन्छ, यसै गरी १६ पटक चौथाइ-चौथाइ मासा तामा मिलाएर गाल्दै त्यति फिर्दा १६ दाग र चोखो समेत गरी १७ वर्णक- दाग बन्दछन्.

जाँच्ने सुन कसीमा घोटेर पहिलो रेखा बनाई त्यसको माथि वर्णक- दागका चालीको रेखा कोर्नु, सीमपरेको कसी मा घोटेर मिलाउँदा दागको रेखा सँग मिल्यो भने ठीक भयो. वेघ्रैले रङ चढाउन कसरी घोटिने, वा किन्नेले रङ घटाउन हुन्जानी कोरने वा चाल्ने वा वेघ्रे पहिलेको रङ चढाउन नङभित्र गर्नेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धुलो परेको तिलाई धोएको भने रूख-कौडियन भरेको भुनदू अथवा गहुतको भावना दिएको ईसपाद जातको हिङ्गुल वा केही पहेँलो हरिताल ~~मिसेका~~ हातको औंलाले छोएको सुन सेतो देखिने हुनाले फिटकीले दाग घाउन पर्ने छल पनि गर्दछन्।

कसीमा घोटेको सुनको रेखा
केसरा परेको चिल्लो नरम चहकीलो ~~~~ रङ्ग भए वेस हुन्छ। कालिङ्गको महेन्द्र पर्वतमा भएको वाक् तापी- नदीको पत्थर, मुगीको रङ्ग भएको कसी वेस हुन्छ। ~~~~ कसी यथार्थ रङ देखाउने भए किन्ने वेच्ने दुवैलाई फाइदा हुन्छ। हात्तीको छाला जस्तो खस्रो अथवा हरियो पन भएको कसी सुनको रङ बढाएर देखाउने हुनाले वेच्नेलाई फायदा गर्ने। साह्रो खस्रो नाना रङ्ग भएको कसी असल सुनको पनि रङ घटाएर देखाउने हुनाले किन्नेलाई फायदा गर्ने हुन्छ।

सुन काट्दा खेरि भित्रको टुक्रा चिल्लो भित्र बाहिर एकै रङ्गको मसिनो नरम चहकीलो भए वेस हुन्छ।

घोट्दाखेरि भित्र बाहिर नएक ~~~~ कमल केसर ~~~~ को रङ भएको वा कुरण्ट पुष्प ( ) ~~~~ को जस्तो रङ भएको देखियो भने उत्तम ठहर्छ। कालो नीलो रङ्गको भयो भने अप्राप्य- अशुद्ध ठहर्दछ।

तौलको परिमाण पौतवाध्यक्ष प्रकरणमा बताइनेछ। त्यही अनुसार तौल गरेर सुन चाँदी दिने लिने गर्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

METRIC CONVERSION

INCHES TO CENTIMETRES

INCHES	1	2	3	4	5	6	7	8	9	10	11	12
CMS	2·540	5·080	7·620	10·160	12·700	15·240	17·780	20·320	22·860	25·400	27·940	30·480



WEIGHTS & MEASURES TO METRIC

AVOIR DUPOIS	1 Ton	10 cwt	5 cwt	1 cwt	1 Stone	1 lb	1 oz
METRIC	1016·05 kg	508·024 kg	254·012 kg	50·802 kg	6·350 kg	0·454 kg	28·350 gm

BAZAR WEIGHTS	1 Maund	20 seers	5 seers	1 seer	1 Pau	1 chatak	1 Tola
METRIC	37·324 kg	18·662 kg	4·665 kg	0·933 kg	233·25 gm	58·313 gm	11·663 gm

LINEAR MEASURE	1 Mile	1 Flg	1 Yd	1 Ft	1 inch
METRIC	1609·34 m	201·17 m	0·9144 m	0·3048 m	0·0254 m

CONVERSION FACTORS

TO CONVERT	TO	MULTIPLY BY	TO CONVERT	TO	MULTIPLY BY
INCHES	CENTIMETRES	2·540	KILOGRAMS	POUNDS	2·20462
CENTIMETRES	INCHES	0·393701	SEERS	KILOGRAMS	0·93310
FEET	METRES	0·3048	KILOGRAMS	SEERS	1·07169
METRES	FEET	3·281	OUNCES	GRAMS	28·349
MILES	KILOMETRES	1·609	GRAMS	OUNCES	0·035274
KILOMETRES	MILES	0·62137	TOLAS	GRAMS	11·6638
POUNDS	KILOGRAMS	0·4535924	GRAMS	TOLAS	0·085735

D.S.

…ar Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३

The ELEPHANT EXERCISE BOOK

MADE FROM
ELEPHANT BRAND PAPER
MANUFACTURED IN INDIA BY
THE TITAGHUR PAPER MILLS CO., LTD.
CALCUTTA



आगम

३

Name स्वामी प्रेमा ब्यापी २ Class

२आषे प्र.का. ३४ - ४२

Subject

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षशाला- एकसारमा अधिकार न पाएका मानिसले भित्र आउनु हुँदैन रोक्दा रोक्दै जवर्दस्ती पसेमा सर्वस्व हरण गरी दिनु. अधिकार पाएको मानिस पनि सुन चाँदी लिएर पसेमा सो सुन चाँदी दण्डस्वरूप त्यहीं बुझाउनु पर्दछ. यहाँ काम गर्ने सुनका कालीगढ सुनमा पारोको वेधन गर्ने रङ चढाउने गहनाहरू बनाउने रवगाती फुके धूलो सफा गर्ने टहलुवा आदि सबैले भित्र पस्दा वा बाहिर निस्कँदा पनि लाएको लुगा हात गुह्य स्थान जँचाउनु पर्दछ. कालीगढहरूको सामान र तयार भइनसकेका कामका मालहरू पनि त्यहीं राखी गर्नु पर्दछ. माल बनाउन लिएको सुनले काम गर्ने नासोको माल पनि कर्मचारीहरूको वहीमा लेखाई तौलहरू गरेर जिम्मा लिने सुवर्णाध्यक्षले बुझाउने गर्दछ. बिहान काम थाल्ने बेलामा र बेलुका कामको छुट्टी हुँदा पनि सबैलाई देखाएर बनाउने बनाउन लाउने सौवर्णिक र सुवर्णाध्यक्षको छाप लगाएर बन्द गरी त्यहीं अड्डामा राखिनु पर्दछ.

काम-

काम तीन किसिमको हुन्छ- १- क्षेपण- मणि हरू जडाउनु, २- गुण- धागो तारमा उन्नु आदि, ३- क्षुद्रक- सूक्ष्म काम. घन- खँदुवा बाला औंठी आदि. सुषिर- खोक्रो कासी आदि, पृषतादियुक्त- गोली गेडा आदि जोडेको मला नूपुर आदि. यी पनि क्षुद्रक हुन्.

~~[illegible] जोडे [illegible] जडेको [illegible]~~

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माणि जड्ने काममा- माणि जडाउने घर बनाउन माणिको पच्चिस भागको १ भाग जति, माथितिर घेरा कड बनाउन माणिको दश भागको १ भाग जति सुन दिनू. यस जडाउने घर बनाउँदा सुनको घरको ठाउँमा चाँदीको, चाँदीको घरको तामाको बनाएर चोरी गर्ने सम्भव हुनाले त्यसरी अर्कै धातुले घर बनाउने कुराको बचाउ गर्नुपर्दछ.

गेडा जोड्ने, माणि पाते जड्ने पाल्नो मिनाकारी काम गर्दछ। त्यस निर्माणको सुन पाँच भागमा तीन भागले कमलको आकार बनाउन, दुई भागले नलको घर बनाउन, अथवा यामा गमा १ भागले घलको घर बनाउन, ३ भागले कमल आदि बनाउन लाउनू.

लेप्य कर्म- चाँदी वा तामामा सुनको पाता चढाउने काममा तामाको मालाहरूमा त्यति तौलको सुनको पाताले छोपिदिनू, चाँदीको मालाहरूमा खँदुवा ओंठी वाला आदि कैवा खँदुवा भइकन खोक्रो कलश भारी आदिमा त्यसको आधा सुनले घस्नू; अथवा त्यो मालबनाएको चाँदीको चौथाइ भाग सुन घुल्ने पारी वालुका र हिंगुलको धूलो पारो मिलाएको पत्र लेर वा धूलो मै घसी पानी चढाइदिनू.

तपनीय कर्म -शोधन गर्ने काम- गहनाहरू बनाउने सुन असल राम्रो चहकिलो रङ भएको भए नीलो पहेंलो सेतो हरियो सुगा को परेवाको जस्तो रङको बनाउन हुन्छ. न असल सुन पनि लाख को बराबर सीसा मिलाएर खारी पाता बनाएर फोली सिन्धुदेश को माटोले माझेपछि नील आदि रङ चढाउन हुने हुन्छ. मजूरको गर्दनको जस्तो रङ भएको, काटदा सेतो देखिने, अति चहकिलो तीक्ष्ण लोह-इस्पात पोलेर धूलो पारी १६ भाग सुनमा चौथाइमा भाग जति हालेर भागमा सुनमा रङ चढ्ने हुन्छ.

अति चोखा चाँदी पनि नीलो आदि रङ चढाउन हुने हुन्छ. खराब चाँदी भए हाडको तुथ- (धूलो मिसाएको माटाको) गाल्ने भाँडामा ४ पल, माटो र सीसा बराबर गरी बनाएको गाल्ने भाँडामा ४ पल, सुक्खा भाँडामा ४ पल, स्याले माटाको भाँडामा ३ पल, गोबरको भाँडामा २ पल यसरी जम्मा १७ पल गालेपछि नून भएको बालुवा माटोले माझेपछि चाँदी शुद्ध हुन्छ. यसरी शोधिएको चाँदी चौथाइ भाग जति सुनमा मिलाएर गाली त्यति जति फिक्नू, यसै गरी २ मासा जति चाँदी मिलाएर गाली फिकेपछि त्यो सुनमा नीलो पहेंलो आदि रङ चढाउन हुने किंवा चाँदी जस्तै सेतो हुने हुन्छ.

रङ चढाउने काम- ३२ भाग सुनका ३ भाग फिक्केर त्यसको ठाउँमा आगो भनेझैं गरी शोधिएको सुन र १ भाग सेतो चाँदी मिलाएपछि त्यो सुन सेतो-रातो रङको हुन्छ. भाग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२ भागमध्ये २ भाग मिलेर त्यसको डाङमा सुन हालेर गालेपछि तामा पहेंलो रङको हुन्छ. सामान्य सुनको सौराष्ट्रको भाजले भाकेर शोधेको सुन २ भाग मिलाएर गालेपछि पहेंलो रङ्को बन्दछ. शोधेको चाँदी २ भाग सोधेको सुन १ भाग मिलाएर गालेमा मुगीको जस्तो रङ्को बन्दछ. इस्पात फलाम आधा भाग मिलाएमा कालो रङ्को, पगालेको फलाम र दोब्बर पारो डाली गालेमा सुगाको पखेटा जस्तो रङ्को बन्दछ. यसरी रङ बनाउँदा आगोबाट र पछिबाट प्रातिवर्णिका - वासनी लिएर छुट्याइने हुन्छ.

यसरी मिलाइने इस्पात र तामाको शोधन गर्ने क्रम पनि धातुशास्त्रबाट बुझ्नुपर्दछ.

अब: हीरा मणि मोती मुगा हरू पनि असलको माझमा नआसल हालेर सद्दा भनी दिई हर्ने विषय ५ सुन चाँदीका गहना हरूमा [illegible] तामामा सुन चाँदी घसी सुन चाँदी जस्तै भनाइदिने कुरा पनि स्पष्ट गर्नुपर्दछ.

चोखा सुनको गहना हरू सबै आशय एकै नासको रङ भएको ओजन पनि एक नासको मोटो हरू नघटेको रङ कहिल्यै नबदलिने, रङ तौल बढेको, अवयव हरू अलग अलग हुने, लाउदा नदुखाउने आगोको झिल्को नलाग्ने मन लोभ्याएर आँखालाई आनन्द दिने यस्ता गुण भएको हुनुपर्दछ।

२-१४ अध्याय ३४

प्रकरण ३२ बजारमा सौवर्णिकको काम.

सुनको काम सबैले देखिने गरी विशिखा-बजार (सुनारटोल) मा हुन्छ. यहाँ सुनको काममा हेरचाह गर्ने खरिदको अधिकारी पुरुषलाई 'सौवर्णिक' भन्दछन्. सो सौवर्णिकले सदा देशवासीहरूको सुन चाँदीको माल बनाइदिने काम आवेशनी-शिल्पशालामा रहने सुनार आदि द्वारा गराउनू. यति समयमा यो तयार गरिदिने भनी नोकर काम गर्नुपर्दछ. कुनै काम विशेष परेर समय नतोकिने पनि हुन्छ.

नोकरको समय नाघेमा तोकिएको वेतन-ज्यालामा चौथाइ कम गरी दिनु, त्यसरी कम गरेको द्रव्यको दोब्बर सजायलाई दण्ड पनि गर्नुपर्दछ. कामै एक थोकको अर्को थोक भयो बिगारेमा ज्याला हराउँछ, त्यसको दोब्बर दण्ड पनि हुन्छ.

बनाउनु पर्ने सुन चाँदी हरू जस्तो रङ, जति तौलको लिएको छ, त्यही रङ तौलको तयारी माल बुझाउनु पर्दछ. जिन्सी काली भाँड दीर्घप्रवास हरू गएर वा मरेर धेरै समय बितेपनि त्यसबाट वा त्यसका हकदार छोरा हरूबाट पनि आफूले दिए बमोजिमै बुझ्नु बुझाउनु पर्दछ. धेरै दिन भयो भनेर बढी दिन वा वेतनमा हानि, छोरा हरूलाई दण्ड पार्दैन. खरिदको विग्रहकोमा ता दण्ड पनि हुन्छ.

[illegible] काम गर्ने कालीगड हरूले रङ भएको लक्षण हरूमा कौशल गरे नगरेको कुरा सौवर्णिक-सुवर्णाध्यक्षले अरू काम गर्नेहरूलाई जचाएर पत्ता लाउनुपर्दछ.

खराब सुन चाँदीको माल बनाउन दिएकोमा १६ मासामा चौथाइ मासा क्षय-जाति दिनुपर्छ. १ काकणी (चौथाइ मासा) क्षय धातुरका कणी चाँदी मिलाई रङ बनाउने विधिकोमा आधा काकणी जाति दिनुपर्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमाननिमा एक माशासँग सुनको रङ् कम गराएमा, पूर्व साहस (२५०) दण्ड, १ माशा सँग तौल कम गराएमा मध्यम साहस (५००) दण्ड, नगानमा छुट कपट गरेमा, बनाएको माल मा कैफियत गरेमा पनि १ माशा सँगमा उत्तम साहस (१०००) दण्ड गर्ने, बढीमा त्यही अनुपातको द्विगुण, त्रिगुण आदि दण्ड गर्ने.

सौवर्णिक- सुवर्णध्यक्षलाई नदेखाई वा देखाएर पनि अनौ चोखो नहरेर बनाएर ल्याएमा बनाउन लाउनेलाई १२ पण, बनाउनेलाई दोब्बर (२४ पण) दण्ड गर्ने. पक्रेर कण्टक शोधनमा जनाइदिनू. बताउनेलाई २०० दण्ड गर्ने वा पण (५ औंला) काटिदिनू.

नाप्ने तौलने सामान ठक हरू पछि भनिने पौतवाध्यक्षको हातबाट किन्नुपर्छ. आफै बनाए वा अरु बाट किनेमा १२ पण दण्ड हुन्छ.

धनीगडको काम- खडुवा- औंठी आदि, खडुवा रखोको- त्नीनाडी कहु बा आदि, संयूहल- बाक्लो पाता टासेको, अपलेप्य- पातलो पाता सङ्घात्य- धेरै टुक्रा गासेको सिक्री आदि, वासितक- धातु आदि रसको भावना दिएको (मलम्वा गरेको) यति किसिमको हुन्छ.

किच्चु- १- तौल फरक पार्नु, २ अपसारण- ३ विस्रावण- खसाल्नु, ४ पेटक- ५ पिङ्क- यी चोर्ने युक्ति हुन.

कपौजुवा- १ इच्छानुसार नुहाइने, फलामको धुलो वा पारो भित्र पाई फलाएर राखेको, अड्कोमा छिद्र भएर हावा भरिएर नहुने, गाढो धेरै भएको शीघ्र ठीक नभएको, धागो तेर्सो हुने, हल्लिरहने, अपस्मान्त- जुन बढ्ता काललाई पनाएको हुनाले सुनपनि टल्कने यस्ता दोषी गहना हुन्छन.

अपसारण-
२- चाँदीको भाग तामा १ भाग मिलाएर गालेको लाई त्रिपुटक- भन्दछन. सो मिसाएर खानेवा निस्केको चोरबोमा हरण गरेको लाई त्रिपुटकापसारित, तामा मिसाएर हरण गरेको लाई शुल्बापसारित, इस्पात रीत, तामा मिसाएर हरण गरेको लाई शुल्वापसारित, चाँदीमा सार आलेको लाई वेल्लक भन्दछन सो मिसाएर ढोकोलाई वेल्लकापसारित, आधातामा मिसाएको सुन मिलाएर चोखो सुन हरण गरेको लाई हेमापसारित भन्दछन. यस्तै अपसारण गर्ने खराब वस्तु मिसाएर असल वस्तु झिक्ने काम हुन्छ.

विस्रावण-
३- कैफियत गरेर बनाएको मूषा- गाल्ने भाँडो, फलामको कीट, कागको मुख जस्तो चिम्टी, डुंगो, सडासु, फलामे चिम्टा, सुवर्चिका- खार, नून इत्यादि जस्तो भनि सुन उडाउने काम हुन्छ. अथवा मूषा- गाल्ने भाडा फुट्यो भनेर आगोमा हाल्न सक्ने को वस्तु मिसाएर सुन उडाउने पनि हुन्छ.

४ पछि बाट बाँधेको तेलमा वा पाताहरू जाँचे वेलामा चाँदीको पाता छकाएर सुन उडाउने, सुनको बालुवा हालेर सुनको धुलो उडाउने काम पनि हुन्छ.

५ पेटक- भनेको संयूहल बाक्लो पाता चलाउने

पेटक- भनेको संयूहल- बाक्लो पाता टास्नु, अवलेप्य- पातलो पाता टाल्नु वा पानी चढाउनु, संघात्य- मुन्द्रा हरू जोड्नु हो. कालीगडहरू यही पेटकको काम गर्दा सुन चाँदीको चोरी गर्दछन. पेटक- सुनको पाता चाँदी टास्नु लाहा भरेर गाजा जो डाइ भएको र झिक्न हुने खुकुलो पनि हुन्छ. अवलेप्य- पातलो पाता टाल्नुमा सुनको पाता चाँदी वा तामाको पातामा बाहिर गरी भित्र बाहिर दुवै पट्टि टासी एकै नीड पार्दछ. सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४- मुद्राहरु जोर्ने काममा पनि तामा वा चाँदी भित्र पट्टि बाहिर सुनले
जलप गरिन्छ. बाहिर पट्टि पालिस दिएर चमक बढाइन्छ. यी काममा
मा सुन अपहरण गर्ने मौका हुन्छ. पानीमा पोलेर कसी लगाएर
तीखो सुइरोले कोरेर पनि जाँच गर्नु पर्दछ. किन्तु सुन गडी पत्ता
टाँसेकोमा बयरको अमिलो रस वा नुन पानीमा डुबाएर पनि
जाँच हुन सक्छ.
५- पिण्ड भनेको भित्र भर्नु हो. खोको बाला आदि सुन स्वानीले
माटो बालुवा हिङ्गुलको लेप खोलमा भरेर भरिन्छ. गहना
को रूप बनिसकेपछि असल सुनको धुलो मिसाएको लाहा, किंवा
सिन्दूरको लेप तताएर भरिन्छ. पानीमा तातो पारेर खोलेर
जाँच्नु पर्दछ. खोको बाला आदि नुन अमिलोमा भारी पनि हुन्छ.
त्यसलाई अमिलो पानीमा हालेर पकाउनु. अभ्रक लाहामा हालेको
भित्र पट्टि हालेको सुनको गहना पानीमा डुबाउँदा अभ्रक भए
को भाग नडुब्ने हुन्छ. यस भित्र तामा आदि अरु कोपला धातु हालेको
भए छीमेले डुबाएर देखिन्छ. खड्वा वा खोको बाला आदि
मा काँच जडेर असल मणि हुने, चाँदीमा न असल सुन हालेको
असल सुन हुने पनि भाटो हुन्छ. पानीमा राख्दा पोलेको भत्काउँदा
गर्दा कैफियत गरेको थाहा हुन्छ.

यसरी धेरै तरहबाट सुन आदि हरण गर्ने सम्भव हुनाले
हीरा मणि मोती मुगा हरुको जात आकार रङ्ग परिमाण
तौ जडिएका गहना हरु पनि राम्ररी जाँच्नु बुझ्नु पर्दछ.

नया बनाएको माल वा पुरानो [illegible] सच्याएको माल कोजाँचगर्दा
चोर्ने युक्ति यी हुन्छन् कि-
१ परिकुट्टन- भित्र अर्को पाता छ कि भनेर हेर्ने बहानागरी साना
गेडा तार साना टुक्रा हरु काटेर, खसाल्नु.
२ अवच्छेदन- धेरै पत्र परेको मालमा भित्र पट्टि सुन घटेको
सीसाको पाता हालिदिएर असल सुनको पाता काटि लिनु
३ उल्लेखन- खड्वा सुनको मालमा तीखो हतियारले कोरेर
धुलो लिनु.
४ परिमर्दन- हरिताल मनःसिल हिङ्गुल वा कुरुविन्द-पत्थ
रको धूलो कपडामा लगाएर गहना आदि मल्नु.
यसबाट त्यो माल नबिग्री कन सुन चाँदीको तौल
घट्ने हुन्छ.
बाकलो
पाता हालिएको माल भाँचेको टुक्राएको घोटेको विषय
अरु उस्तै भाग सँग अनुमान गर्नुपर्दछ. पातलो पाता टाँसिएको
मालमा जाति फेरेको छ उतिनै अर्को भागमा फिक्री घोटेर अ
मान गर्नु. असल सुन फेर्दा न असल सुन हालि दिएकोमा पनि
अर्को भाग हेरेर पत्ता लाउनु.
~~गहना हरुमा चोरी गर्ने उपाय यी छन्—~~ ५२
~~[illegible]~~
१ अवक्षेप- हातको सफाइले सार वस्तु फेर्नु न असल हालिदिनु.
२ प्रतिमान- सुन चाँदीहरुको सट्टामा अर्को नक्कली उस्तै हाली लानु.
३ अग्नि- आगोमा पोल्दा हरण गर्नु.
४ गण्डिका- गहना आदि पीट्ने ठेउको
५ भण्डिका- आगामा पोलेको चिस्याउन हाल्ने पानीको भाँडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६- अधिकरणी- सुन चाँदी डाल्ने गलाउने भाँडा.
७ पिच्छ- पगाल्ने मजूरको पुछर.
८ सूत्र- तराजूको धागो.
९ चेल- पुछ्ने ~~कपडा~~ कपडा
१० कौटुम्बात- ~~[illegible]~~ हेर्ने मानिसलाई अनमनाउने कुरा गर्ने
११ शिर- दाउको कन्याउने
१२ उत्सङ्ग- नगरव पोहरो
१३ मासिका- मारवा थपाउने ~~[illegible]~~ कौडीभाग ~~[illegible]~~ उघ्रिन्छ्याउन.
१४ स्वकार्येक्षा- पगाला हरू आएको वहावमान सेरु वाँकी (छ)
१५ दाने- खजाना
१६ उदशराव- नैअसल भाग अगिनौ शालेशरेवको पानीको भाँडो.
१) आतिथ्य- अगिवाट स्याए वस्तु धनीशरेवको अगेठी.
यति किसिमका काम बोर्ने उपाय हुन्।

चाँदीको भागमा सिसाहरू मिलेकोभएर दुर्गन्ध आउँने, मैलो, खस्रो, ज्यादै साह्रो, रङ अर्कै भएको भए यो दोषी (कौत्स्यत भएको) माने जान्नू।

यस किसिमको नयाँ, पुरानो योग्य माल खाएको निरीक्षकको पत्ता लगाएर त्यसमा भने बमोजिम दण्ड ~~[illegible]~~ गर्नुपर्दछ, ओकसानी पनि भराउनु पर्दछ।

२-१५ अध्याय ३५

प्रकरण ३३ कोष्ठागारका अध्यक्षको काम.

अन्न स्नेह क्षार नून आदि खाद्य वस्तु हरू जम्मा गर्ने हिफाजत गरी राख्ने घरलाई कोष्ठागार- भण्डारघर- कोठार भन्दछन्. त्यस विभागका अध्यक्षले यी १० विषयको हेरचाह गर्नुपर्दछ-

१ सीता- सीताध्यक्ष- धानको का उठाउने अधिकारीले उठाएर भण्डार दाखिला गरेका अनाजहरू-

२ राष्ट्र- (क) पिण्डकर- गाउँ आउँने दिनुपर्ने सामूहिक कर, (ख) षड्भाग- राजाले दिने ६ भागको १ भाग, (ग) सेनाभक्त- फौजी तयारी गर्नुपर्ने समयमा सेनाका निमित्त सरकारलाई दिनुपर्ने रसद (घ) बलि- षड्भाग वाहेकको नजराना सौगात, (ङ) कर- फलका वृक्षहरूको तिर्नुपर्ने कर, (च) उत्सङ्ग- राजाको पुत्र जन्म हुँदा भएको मौकामा चढाउने दिनुपर्ने वस्तु, (छ) पार्श्व- ठेकेदारको करभन्दा बढी रकम (ज) पारिहीणक- ~~[illegible]~~ चौपायाहरूले खाएको बालीको भर्ना, (झ) औपायनिक- नजराना आएको वस्तु. (ञ) कौष्ठेयक- सरकारी तलाउ वगैंचाहरूवाट उठेको रकम.

३- क्रयिम- अनाज विक्रीवाट आएको मूल्य, मोलदिएर किनेको अन्न, व्याजवृद्धिवाट आएको अन्न.

४ परिवर्तक- सटापटा गरेको अन्न

५- प्रामित्यक- पछि ब्याज समेत ~~[illegible]~~ चुकाउनेगरी सापटीलिएको अन्न (मित्र आदिवाट मागेर लिएको अन्न)

६- आपमित्यक-

७- सिंहनिका- कुट्ने, पहल्ने, सत्तू बनाउने, अमिल्याउने, पिँध्ने, तेल पेल्ने, भेडा पाल्ने, उखु पेल्ने गुड खाँडसारी हरू बनाउने काम गरी जीविका गर्नेवाट आउने रकम.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८- अन्यजात- हराएको बिर्सेको आधिकारी(अपचार) गर्दा दण्ड भए को बढ़ा कोषमेको आय.

९ व्ययप्रत्याय- केहि कामना पठाइएका सेनाका खर्चको बचत, औषधालयको खर्चको बचत, किल्लाभवन आदि मर्मत गर्ने खर्चको बचत.

१० उपस्थान (कानुनमा भनिएकाहरू)- (क) तौलि तौलको कसर वा उब्रेको, (ख) हल्का पुराण तौली भरिसकेपछि हातभरी लिएको, (ग) उत्क्रम घातको सूक्ष्मबाट लिएको रकम, (घ) व्याजी- दोहोरा भएर कम नहोस भनी लिएको बढी, (ङ) पर्युषित- अघिल्लो वर्षको बक्यौता उठेको, (च) प्राजित- आफ्नो सीपद्वारा कमाएको.

अन्न स्नेह क्षार लवण आदि विवरण ~~अन्नको विवरण~~
~~...~~
(क) अन्नको विषय सीताध्यक्ष प्रकरणमा बताइने छ
(ख) -स्नेह- घ्यू तेल बोसो माखी.
(ग) क्षारवर्ग- खुदो गुड ~~...~~ उख्खो शक्खर धूलो सक्खर
(घ) लवणवर्ग- सीधे समुद्री बिरे रत्न पवारखा सौवर्चल फाँगा
(ङ) मधु- मौरीले जोरेको र दाखको रस.
(च) शुक्तवर्ग- उखुको रस, गुड, मह खुदो जामुन फलको रस कटहर फलको रस मेषशृङ्गी (औषधि विशेष) पिपलाको काढामा मिलाई चूर्ण, काक्रो, उखुको टुक्रा, आँपफल अमला समेत हालेर वा नहालेर १ महिना, ६ महिना, वा १ वर्ष राखेर आँट्याएको.
(छ) फलाम्लवर्ग- अमिली करौंदा आँप दारिम बिमिरो लप्सी बयर, ठूलो बयर, गुलियो बयर, पर्षक- गुलियो अमिलो फलविशेष आदि.

(ज) द्रवाम्लवर्ग- दहि काँजी आदि.
(झ) कटुवर्ग- पिपला मरीच अदुवा जीरा चिराइतो सर्सिउँ धनियाँ (जंगली) चोरक (, दमनक (, मैनफल सहिजन आदि.
(ञ) शाकवर्ग- (तर्कारी) शुकेको माछा मासु ओल आदि कन्द, मूला भण्टा वेथे आदि शाग.

यी स्नेह आदि जानपद (प्रजा) हरूको निमित्त संकट समयको लागि आधा जगेडा राखेर आधा जति काममा खर्च गर्दछ. नयाँ आएपछि पुरानो बदलीदिनु.

कुटेको फलेको पिँधेको भुटेको ~~...~~ आतो सुकाएको पकाएको अनाज हरू ~~...~~ घटे बढेको आरवालो हेर्ने गर्नुपर्छ.
कोदो र धान (कुटेकामा) आधा (२ पाथिको १ पाथि), सार- काम लाग्ने असल हुन्छ, मार्सीधान को आधामा अष्टमांश कम (८ पाथीको ३ पाथि), वरक (धान्यविशेष) ३ भागको १ भाग सार हुन्छ. कागुनमा नवमांश बढी आउँछ (९ पाथिमा ५ पाथि) सार हुन्छ. उदारक- मोटा धान को कागुन को बराबर हुन्छ. जौ र गहुँ फलेकोमा (कोदो) बराबरै हुन्छ.

दलेकोमा तिल जौ मुगी माष बराबरै हुन्छ. गहुँ र भुटेको जौ को सत्तु ५ भागको १ भाग बढ्छ. मटरको मसीनो धूलो चौथाइ कम हुन्छ. मुगी माषको धूलो आधा चौथाइ भाग कम हुन्छ सीमी-कोशादुले गहत आदिको आधा, मुसुरो को तृतीयांश कम सार हुन्छ.

काँचो पिँधेको गहुँ आदि र माष मुगी पानि डेढ गुना हुन्छ. फलेको जौ पिँधेको दोबर हुन्छ. पुलाक- आधा पाकेको अन्न- चामल र पीठो पकाउँदा दोबर हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पकाएपछि

कोदो वरक (   ) उदालक- (मोटो चामल) क्रमशः त्रिगुना हुन्छ, साठि धानको चामल चौगुना, मार्सी चामल पाँचगुना हुन्छ। भिजाएपछि अरु अन्न दोब्बर हुन्छ, तर अङ्कुर आएपछि अढाई गुना हुन्छ। भुटेपछि अरु अन्नमा पञ्चमांश बढ्छ, मटर जाभा जौ भने दुगुना हुन्छ।

तेल- अलस दाना ६ पाथिको १ पाथि तेल हुन्छ। नीम कुश आ कोदाना कोसा कपथको बीया ५ पाथिको १ पाथि तेल, तिल कुसुम महुवा चिउरी गेडाको ४ पाथिको १ पाथि तेल हुन्छ।

सूत- कपास क्षौम- सन ५ पलको १ पल धागो हुन्छ।

खाना- ५ द्रोण (८० पाथि) धानको १२ आढक (४८ पाथि) हुने गरी बनाएको चामल छावा हात्तीको, ११ आढक (४४ पाथि) कुट्याएको चामल दुष्ट हात्तीको, ४० पाथि कुट्याएको चामल सवारीका हात्तीको, ३६ पाथि कुट्याएको चामल लडाइँका हात्तीको, ३२ पाथि कुट्याएको चामल पैदल सैनिकको, २८ पाथि कुट्याएको चामल मुख्य सैनिकको, २४ पाथि कुट्याएको चामल रानी र राजकुमार को, २० पाथि कुट्याएको चामल राजाहरूको खाद्य हुन्छ अथवा राजाको खाद्य ८० पाथि धानको कुनै कनी नफनी सगाले सगाले सफा दाना बिनेर १ पाथि कुट्याएको राजाहरूको खाद्य हुनेछ।

अरु- १ पाथी अन्नको चौथाइ भाग दाल, दालको १६ भाग को १ भाग नुन, दालको चतुर्थांश घ्यू वा तेल यो खाद्य भलादमीको एक छाक हुन्छ। अन्न १ पाथीको ६ भागको १ भाग दाल, घ्यू वा तेल माथि तेकोमा आधा तल्लो खालका मानिसको हुन्छ, स्त्रीको ४ भागमा १ भाग कम, बालकको आधा मात्र खाद्य हुन्छ।

२० पल (८० तोला) मासुलाई आधा कुडुवा चिल्लो, १ पल नुन, वा क्षार, २ धरण पीरो, आधा पाथी दही। कहीं अन्दाज संग घटी वढी मा तजवीज गर्नू। बाख्रालाई यसको डेढी, भुक्केकोलाई दोब्बर मिलाउनू।

हात्ती घोडाहरूको दानाको परिमाण अध्यक्षप्रक रणमा बताइने छ। बयललाई १ द्रोण माष वा आधा पाकेको जौ दाना दिनू। अरु बल घोडा सरह हुन्छ। असलाई वहता पिना १०० पल, कीना १० आढक भुसामा मिलाएको चामलको कनिका दिनू। यसो भएको कुरालाई यसको दोब्बर स्वच्छ थोप्रे मृग एण मृगलाई आधा द्रोण, एण कुरङ्ग- मृगविशेषलाई १ आढक, बाख्रा भेडा बनेल लाई आधा आढक किंवा भुसामिसाएको १ आढक, कुकुरलाई १ प्रस्थ, हाँस, कबाड कुकुर- चकोरलाई आधा प्रस्थ दाना दिनू। अरु मृग पशु पक्षी हिंसक जन्तुहरूको एक छाक खाएको वा अन्दाज गर्नुपर्छ।

गोल भस हरू भण्डारको काम गर्ने भित्रमा लिउन लाउने हरूलाई कानेकाइन नोकर चाकर भात्तेहरूलाई, बाँकि रहेको भात पकाएर बेच्ने र हलुवाई हरूलाई दिनू।

उपकरणहरू- नाप्ने तौलने भाडा, रोचनी- जाँतो सिलौटो ओखल

टी. द्रोण आढक प्रस्थको परिमाण सामान्यरूप ले नार १६ पाथी ४ पाथी १ पाथी हुन्छ चाणक्यको यहीग्रन्थको अनुसार - - - -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिको ~~पत्र~~-ग्यासेसले गोठको पानीले चम्काउने घइ, दाविलो नाइलो चालनी-डोको पुरानो पेटारी कुचो आदि गृहस्थ लाई काम दिने उपकरण हुन्छन्.

यहाँने पालोबाट नौलिने धान भर्ने भराउने दिने लिने लोहाहरू उचाउने दाम ज्यालादार आदिलाई जिम्मे-वाल छन्.

धानहरू तारका भुइँ नछुनेगरी राख्नुपर्दछ, गुड खुदो आदिलाई नचुहुने भाडामा, घ्यू तेलहरूलाई काठको माटाको भाडामा, नूनलाई भुइँमा वा माटाको भाडामा यस्तै अन्य वस्तु पनि उचित भाडामा राख्नुपर्दछ

२-१६ अध्याय ३१

प्रकरण ३४ ~~बिक्री~~ विभागको अध्यक्षको काम.

बिक्री हुने सरकारी वस्तुको ~~[illegible]~~ विक्रय विभागको अध्यक्षलाई पण्याध्यक्ष भन्दछन्. पण्याध्यक्षले जमीनमा हुने पानीमा हुने अनेक किसिमका पण्य (बिक्री हुने) स्थलमार्ग वा जलमार्गबाट आएका वस्तुहरू, असल कमसल पत्ता, मोलको ~~[illegible]~~ तारतम्य, सबैलाई प्रिय भएर बढी बिक्री हुने वा सबैलाई मन नपर्ने भएर कम थोरै समयमा बिक्री हुने, यो समयमा थुप्रो जम्मा गर्ने यो समयमा थुप्रो जम्मा गर्ने

यो समयमा किन्ने यो समयमा बेच्ने इत्यादि कुरा जान्नुपर्दछ. जुन बिक्रीको वस्तु थोरै हुन्छ त्यसलाई एकगोरा जम्मा गरेर भाउ राख्नुपर्दछ भाउ बसेपछि मौका अनुसार भाउ मिलाउनुपर्दछ.

आफ्नै देशमा भएका सरकारी पण्य-बिक्री हुने वस्तुको बिक्री हुने ठाउँ एउटै गराउनु. विदेशी वस्तुको किनबेच ठाउँ ठाउँमा गराउनु. स्वदेशी वा विदेशी मालको खरीद बिक्री प्रजाहरूलाई ~~[illegible]~~ नपर्ने गरी गराउनु. आले कति भाग फायदा हुने भए पनि प्रजालाई बाधा पर्ने नगराउनु. हमेशा बिक्री हुने तरकारी आदि लाई यो समयमा मात्र बेच्ने भन्ने रोकावट, थोरैको बिक्री नभइसकी अर्कोले ल्याउन नपाउने भन्ने रोकावट पनि नगराउनु.

भाउ ~~[illegible]~~ सकेको सरकारी पण्य वस्तुलाई बनियाहरूले थाकथुक गरेर बेच्ने गर्दछ. सो बेच्दा केही नोक्सानी पर्यो भने नोक्सानीको भर्ना तिनीहरूले दिनुपर्दछ.

~~[illegible]~~

बनियाहरूबाट सरकारले लिने मानव्याजी- माटामा बढीमा एकैन मालको १६ भागको १ भाग; तुलामान- धार्नीमा बढीमा सयकडा ५ पल, गोटा गन्ती बेचिने वस्तुको ११ भागको १ भाग हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

विदेशमा बिक्री हुने वस्तुहरूलाई सुविधा दिएर भन्सार माफी गरिदिएर पनि आफ्नो बजारमा आउने गर्नुपर्दछ। नाउबाट विदेशी वस्तु ल्याउनेलाई पछि बाधा नपर्ने गरी कर माफी गरिदिए. बाहिरबाट आउने व्यापारीहरूलाई सुरक्षाको अड्डामा मुद्दा नचलाई कन आफ्नो धन उठाउन पाउने व्यवस्था गरिदिए. तर ती वाणिज्याको दलभित्र [struck] का कामदारहरूको आफसमा भने मुद्दा चल्ने छैन.

सरकारी पण्य (बिक्री हुने माल) बिक्री गर्ने अधिकारी पुरुष एकले एकातिरबाट आएको बिक्रीको मोल थोरै छिद्र भएको ढकनी लागेको काठको बाकसमा हाल्ने गर्दछ. दिनको आठौं भागमा आजदिनभरमा यति बिक्री भयो यति बाँकी भनी द्रव्य बाँकी माल नाप तौल गर्ने भाँडाहरू पनि पण्याध्यक्षलाई बुझाउने गर्दछ. आफ्नो देशका माल बिक्री गर्ने व्यवस्था बताइयो.

विदेशका मालको विषयमा भने पण्य - आफूले बिक्री गरिने वस्तु र प्रतिपण्य - त्यसको बदलामा लिने विदेशी बिक्रीका वस्तुको घटीबढी बराबर जो हुन्छ सो भाउ, भाडा सामानहरूको मोल जोरेर शुल्क - महसूल, वर्तनीदेय - सीमानाको अधिकारीले लिने कर, आतिवाहिकदेय - बाटामा ल्याउँदा हिफाजत गर्ने शस्त्रधारीलाई दिनुपर्ने, गुल्मदेय - वनको चौकीमा दिनुपर्ने, भक्त - खाना खर्च, भाटक - भाडा आदिको खर्च कटाएर हुने उदय - निचोर लाभ कति हुन्छ सो हेर्ने. यसमा फायदा हुने देखिएन भने आफ्नो देशको माल विदेशको बजारमा लगेर केही समय पर्खेर पनि बिक्री गर्दा,

आफ्नो माल दिई र विदेशी माल लिएर सट्टापट्टा गर्दा [illegible] हुने त्यसको विचार गर्ने. यस बाद देखिने लाभको चौथाइ जति खर्च भएर पनि जनमालको विशेष नोक्सानीको डर नहुने स्थलमार्गबाट पठाउने बन्दोबस्त गर्दछ. विदेशका लागि सबैलाई अनुकूल गराउन वनको रक्षक, सीमानाका रक्षक, नगरका मुख्य, राज्यका मुख्य पुरुषहरूसंग केही दिएर पनि सम्पर्क राख्नुपर्दछ.

बिचमा दैवात् डाकू चोरहरूबाट आपत् पर्न आएमा जतिको सार वस्तु र आफूलाई जोगाउनु. केही लागेन भने आफ्नो देशमा आइ नपुगुन्जेल आफसवै सुम्पेर पनि आफ्नु [illegible] गरी व्यवहार गर्नुपर्दछ.

जलमार्गमा मालबोकाइ जाउँ आदि सवारीको भाडा, बाटाको खाना खर्च, पण्य र प्रतिपण्य (दिने लिने माल) को दाम भाउ, जाने आउने समय, विपत्तिको बचाउ, विदेशी बजार नगरको चलन व्यवहार पनि बुझ्नुपर्दछ.

समुद्रको बाटोमा तै नदीको बाटोमा पनि त्यो त्यो देशको चाल चलन अनुसार वाणिज्य व्यवहारको कुरा बुझेर जुन बाटोमा फायदा हुने देखिन्छ त्यही बाटो भई जानू. जुन बाटोबाट जादा विशेष लाभ देखिदैन. त्यो बाटो छोडिदिनू.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Sanskrit University, Balmeeki Campus, Kathmandu

२-११ अध्याय ३६

प्रकरण ३५ जिन्सी भण्डारका अध्यक्षको काम

असल जातका काठ बाँस आदि जिन्सी सामानलाई कुप्यमा परिगणन गरिएको छ. यस्ता सरकारी जिन्सी सामानको भण्डारका अधिकारी अध्यक्षलाई कुप्याध्यक्ष भन्दछन्. सो कुप्याध्यक्षले द्रव्यवन-असल काठ आदि हुने वनका रक्षकहरूद्वारा सरकारी कुप्य वस्तुहरू [illegible] कुप्यागार-जिन्सी भण्डारमा दाखिल हुने काम गराउन्. असल काठहरूबाट घर गाडा आदि बनाउने कारखाना पनि चलाउनू. त्यसको असल काठ काट्नेहरूलाई दिनुपर्ने वेतन र आपद् परेर अनुमति लिइसक्ने अवसर त्यसमा बाहेक अनुमति नलिईकन काठ काट्नेलाई दण्ड हुने व्यवस्था पनि गर्दछ.

कुप्यवर्गमा गनिने वस्तु यी हुन्-

(क) सारदारु को-शाक-सखुवा, तिनिस-उनेस धन्वन- अर्जुन-[illegible], मधूक-महुवा तिलक- साल-साल शिंशपा-सिसौ, अरिमेद-खयर, राजादन-खिर्नी, शिरीष- ( ) खदिर-खयर, सरल-सल्लो, ताल-ताड, सर्ज-सालविशेष, अश्वकर्ण- सोमवल्क-सेतो खयर, कश- ( ) आम्र-आँप, प्रियक- ( ) धव-धयरो आदि.

(ख) वेणुवर्ग- उटज-ठूलो छिद्र भएको सानो काँठा खस्रो बोक्रा भएको बाँस, चिमिय-स्वादिलो नरम बोक्रा भएको बाँस, चाप-सानो छिद्र भएको साह्रो बाँस, वेणु-काँठा नभएको धनुषजस्तो हुने बाँस, वैश-लामो आँख्ला नलाग्ने काँठा भएको बाँस, सातिन-[illegible]-निगालो, कण्टक- ( ) भाल्लुक-मोटो ठूलो काँठा भएको बाँस आदि.

(ग) वल्ली-लतावर्ग- बेत, शीकवल्ली-हिस्वली--- वाशी---. श्याम-लता--- नागलता पानबेली आदि.

(घ) वल्क-बोक्रो वर्ग- मालती- मूर्वा-मोर्वा-अर्क-आँक, शण-सन, गवेधुका- ... अतसी-सन आदि.

(ङ) रज्जुभाण्ड डोरी बाट्ने- मुञ्ज-मुज, बल्वज-बाबियो आदि.

(च) पात काममा आउने- ताली-तार, ताल-ताड, भूर्ज-भोजपत्र.

(छ) फूल- पलाश कुसुम कुङ्कुम.

(ज) औषधि- ओल आदि कन्द, ऽशिर आदि जरा, अमला हर्रो आदि फल आदि.

(झ) विषवर्ग- कालकूट-पिपलको जस्तो पात भएको र आँखामा रस चुहुने, वत्सनाभ-मीठोविष बाछाको नाइटो जस्तो भएको, हलाहल-निर्गुण्डीको जस्तो पात तीखो पात नीलो पालुवा हाँगजस्तो फल हुने, मेषशृङ्ग- कमलको कोपिला जस्तो फल हुने, मुस्ता-मोथे जस्तो कुष्ठ-कुरूपो महाविष- मालुको रङ भएको लतको चुचुरो जस्तो, वोलोतक- नराम्रो हुने फल्ने रातो, गौराद्र- कन्द फाल्ने, बालक- पिण्ड जस्तो, मार्कट- बानर जस्तो, हैमवत- हिमालयमा हुने ठूलो पात हुने, कालिङ्गक- कलिङ्ग देशमा हुने जौ जस्तो, दारदक- दरद देशमा हुने विषालु पात, अङ्कोलसारक- अङ्कोलमा हुने विष, उष्ट्रक-ऊँटको लिङ्ग जस्तो: इत्यादि. र [illegible] सर्प आदि, चित्र भेक कौण्डिन्यक आदि कीरा. यिनै औपनिषद् प्रकरणमा भनेको राङको घडामा राखेमा चर्को विष हुन्छन्.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ञ) चर्म-छाला वर्ग- गोधा-गोहोरो, पेरक-सेतो छाला हुने गोहोरो, द्वीपी-चितुवा, शिशुमार-सोंस, सिंह, बाघ, हात्ती, राँगो, चमरमृग, सृमर-मृगविशेष, गैंडा, गोरु, मृग, गवय-अर्ना, चिनकोर अरू पनि पशु पक्षी हिंसक जन्तुको पनि छाला हाड पित्त नसा दाँत सीङ खुर पुच्छर छन्.

(ट) लोह-धातुवर्ग- कालायस-फलाम, तामा, वृत्त-धातुविशेष, काँसो, सीसा, राङ, वैकृन्तक-इस्पात, आरकूट-पित्तल.

(ठ) भाण्ड-भाँडा-
बाँसको चोया माटाका भाँडा छन्.

(ड) अरू-
कोइला, भुस, खरानी, मृग पशु पक्षी हिंसक जन्तुहरूका खोर, काठ घाँसहरूको राशि.

कुप्याध्यक्षले
द्रव्यवनको नजीकै बाहिर, र किल्ला भित्र पनि गाड्न आदि बनाउने कारखाना, जीविका निमित्त र सहरको रक्षागर्ने यन्त्र आयुध छन् बनाउने (हलोमुसल आदि) काम पनि गराउनु।

२-१८ अध्याय ३८

प्रकरण ३६ आयुधागारका अध्यक्षले गर्ने काम

हतियारहरूको संग्रह गर्नाले आयुधागारका अध्यक्ष आफै कति प्रकारले युद्धमा काम दिने, किल्लाको रक्षा गर्ने शत्रुको किल्ला तोड्ने, यन्त्र हतियार कवच र अरू चाहिने सामान पनि, यो विषय जान्ने कारीगड पेसादारहरू द्वारा शरीरको काम परिमाण साल्ब वेतन कार्यसिद्धिको विचार गरेर बनाउन बनाउन लाउनु. बनेर तयार भएका माल राख्ने ठाउँ अदल बदल गर्ने, घाम हावामा राख्ने व्यवस्था पनि बराबर गर्दै गर्मी चिसो कीराहरूले बिगार्न नसक्ने गरी अरू राम्रो तरहले राख्ने प्रबन्ध गर्नु. सबै वस्तुको ज्ञान रूप लक्षण परिमाण आएको गएको मोल, लेखी राख्ने, दाप भाँडा ढुवा थन्क्याउने व्यवस्था गर्नु.

यन्त्रहरू-

(क) स्थित यन्त्र- एकठाउँमा रहने यन्त्रहरू

१ सर्वतोभद्र- किल्लाको गाह्रोमा हात गन्ने निकालेर अँङ्गारको गाडाको पाँग्राको आकार भएको चलाउँदा वरिपरि पत्थर बर्साउने.

२ जामदग्न्य- भित्रपट्टि धेरै बाण भरिएको आफै बाण छोडी रहने.

३ बहुमुख- किल्लाको पर्खालमा बनाएको [illegible] जस्तो. जहाँ बसेर धनुर्धारीले चारैतिर बाण हान्ने हुन्छ | छालाले ढाकेको ३।४ गजा भएको.

४ विश्वासघाती- सहरको बाहिर तेर्स्याएको फलाम दाजस्तो छुनेबित्तिकै शत्रुको टाउकामा प्रहार गर्ने.

५ संघाटी- लामो काठमा जडेको, अग्लो अटालीमा पनि आगो सल्काउन हुने अतियन्त्र.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६ यानक- पर्खाल माथि राखेको दण्ड जस्तो लामो यन्त्र.

७ पर्जन्य- आगो निभाउने पानी भरिएको वारुणास्त्र

कसैको भनाइमा- ५० हात लामो पर्खाल बाहिर राखेको शत्रु नजीकै आएमा आफै चलेर हिर्काउने.

८ बाहुयन्त्र- विचार यति छोटो हुन्छ यो नामले हुन्छ
पर्जन्य भन्दा आधा छोटो २ खम्बा भएको चुकुल खोल्ने बित्तिकै शत्रु माथि खस्ने

९ ऊर्ध्वबाहु- ठाडो ठूलो खम्बा, चुकुल खोल्दा खसेर मार्ने सभार्ने.

१० अर्धबाहु- ऊर्ध्वबाहु भन्दा आधा छोटो. हुन्छे.

यी १० किसिमका यन्त्र एकै ठाउँमा रहीरहने स्थिरयन्त्र हुन्.

(ख) चल- हिँडाउन हुने यन्त्रहरू -

१- पाञ्चालिका- साँघुरो काठको तीखो मुख भएको पर्खाल बाहिर खाइको पानीमा लुकाएर राख्ने.

२ देवदण्ड- किल्लाको पर्खालमा राखिने कीला भएको ठूलो खम्बा.

३ शूकरिका- धागो र छालाले बनाइएको रूवा भरेको थैलो बाहिर बाट ढुङ्गा वर्षाएमा रोक्ने-
कसैको भनाइमा बनेल जस्तो आकारको बाँसको यन्त्र, माथि जाँदा बाट गरेको पत्थर वर्षालाई रोकेर पर्खालमा शत्रुको धक्का रोक्छ.

४- मुसलयष्टि- भाला जस्तो खयरको दण्डा.

५- हस्तिवारक- हात्तीलाई रोक्ने २।३ मुख भएको दण्डा. कसैको भनाइमा हात्तीलाई हिर्काउने मुँग्रो.

६- तालवृन्त- हावा लाउने घुम्ने पंखा जस्तो.

७- मुद्गर- मुँग्रो.

८ द्रुघण- मुँग्रो जस्तो काठको दण्डा.

९ गदा- गदा.

१०- स्पृक्तला- वरिपरि काँडा भरिएको गदा.

११- कुद्दाल- कोदालो

१२- आस्फोटिम- छालाले बेरिएको ४ खम्बा भएको पत्थर फाल्ने

१३- उद्घाटिम- मुँग्रो जस्तो यन्त्रविशेष

१४- उत्पाटिम- खम्बा उखेल्ने यन्त्र.

१५- शतघ्नी- मोटा मोटा लामा कीला वरिपरि भएको ठूलो खम्बा, बाङ्गाको पाँग्रा लाएको पर्खालमा राखिने.

१६- त्रिशूल- तीन चुच्चे भाला.

१७- चक्र- घुमाएर हान्ने.

यी १७ चलयन्त्र- हिँडाउन हुने यन्त्र हुन्.

(ग) तीखो चुच्चो भएका हलमुख यन्त्र छन्-

१- शक्ति- ४ हात लामो करवीरको पात जस्तो फलामको

२- प्रास- २४ औंठी लामो दुइतिर मुख भएको काठ र फलामको.

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३- कुन्त- ७।६।५ हात लामो भाला.
४ हाटक- भाला जस्तै तीन खुट्टा भएको.
५ भिण्डिपाल- ठूलो फाली भएको भाला.
६- शूल- एक मुख्ने तीखो भाला
७- तोमर- ४, ४।। ५ हात को मुखमा बाण लागेको.
८ वराहकर्ण- बनेलको कानजस्तो मुख भएको प्रास जस्तो
९- कणय- फलामको दुवैतिर तीन चुच्चे मुख भएको माझमा समातिने मूठ भएको.
१० कर्पण- तोमरको नापको हातले फ्याँकिने परेवा भएको बाण
११ त्रासिक- फलामको प्रासको नापको टाडुको भएको.
यी ११ हतियारको जस्तै तीखो टुप्पा हुने भई हलमुख भनिन्छन्.
(घ) धनु- कार्मुक, कोदण्ड, दूण तीन किसिमका;
१ ताल- तारको बनेको.
२ चाप- विशेष बाँसको बनेको
३ दारुव- चन्दन आदि सार काठको बनेको
४ शार्ङ्ग- सीङको बनेको.
(ङ) ज्या- ताँदो-
मूर्वा- ; अर्क- आँक, शण- सन, गवेधु- वेणु- बाँस, स्नायु- नसाले बनाएको.

(च) बाण-
वास, शर, चालियो काठको बनेको, अर्धनाराच- आधा भाग फलामबाट बनेको बाणको आकार भएको, नाराच- जम्मै फलामको.
बाणका अग्रभाग- काट्न छेड्न, रगत नाल्नलाई [illegible] कोशिकाको थोच्न, फलाम, हाड, काठको बनेको हुन्छ.
(छ) खड्ग-
१ निस्त्रिंश- ३० अङ्गुल भन्दा बढी लामो टुप्पा बाङ्गो भएको
२ मण्डलाग्र- टुप्पा [redacted] माण्डला कार भएको
३ आसियष्टि- पातलो लामो
(ज) त्सरु- खड्गको मूठ-
गैँडा, भैँसाको सीङ वा हात्तीदात को बनेको हुन्छ.
(झ) क्षुरकल्प- छुरा जस्ता हतियार-
१ परशु- २४ अङ्गुल लामो फलामको फर्सा.
२ कुठार- दुवैतिर धार भएको
३ पट्टिश- दुवैतिर त्रिशूल भएको
४ खनित्र- खन्ती
५ कुद्दाल- कोदालो
६ क्रकच- करौंती
७ काण्डछेदन- हाँगा काट्ने-
यी छुराको जस्तो धार हुने हुनाले क्षुरकल्प भनिन्छन्

... University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) पत्थरका आयुधहरू—

१ यन्त्रपाषाण - यन्त्रले फ्याकिने पत्थर
२ गोष्फण पाषाण - गोफण नाम भएको लट्ठीले धुयाइने पत्थर
३ मुष्टिपाषाण - मुट्ठीले फ्याकिने पत्थर
४ रोचनी - सानो पत्थर
५ दृषद् - ठूलो पत्थर

(घ) कवचहरू

१ लोहजाल - टाउको छोप्नसमेत भएको फलामको जाली ओढ्ने
२ लोहजालिका - मुडलो आकारको फलामको जाली
३ लोहपट्ट - हात बाहेक अरु जिउ छोप्ने फलामे
४ लोहकवच - हात नभएको छाती (पेट) मात्र छोप्ने फलामे
५ सूत्रकङ्कट - धागाको बनेको जाली
६ शिशुमारक - जल जन्तुविशेष शिशुको छालाको बनेको
७ खड्गि - गैडाको छालाको
८ धेनुक - अनौको छालाको
९ हस्ति - हात्तीको छालाको
१० गो - गोरुको छालाको
पिनाक पुरलिङको पाते आवरण बनेछ।
११ शिरस्त्राण - टाउको बचाउने कवच। फलामको क
१२ कण्ठत्राण - घाँटी बचाउने कवच ,,
१३ कूर्पास - आधा बाहुले
१४ कञ्चुक - घुँडासम्म छोप्ने ,,
१५ वारबाण - गोलीगाँठासम्म छोप्ने ,,

१६ पट्ट - हात नभएको फलामे बाहेकको।
१७ नागोदरिका - हातको औंला मात्र बचाउने पंजा कवच
१८ यी कवचहरू जोडमा पाहिरिने हुन्।

(ङ) हातमा लिइने—

१ पेटी - काठको जाली। जाल।
२ चर्म - छाल।
३ हस्तिकर्ण - हात्तीको कानजस्तो।
४ तालमूल - काठको स्टेक जाल।
५ धमनिका - धागाको बनेको
६ कपाट - काठको फल्याक।
७ किटिका - बाँसको चोयाको वा छालाको।
८ अप्रतिहत - हात बचाउने कवच।
यसो [illegible] बढी कवचहरू हुन्छन्।

(ङ) अन्य सामग्रीहरू—

हात्ती रथ घोडाहरू नालीजस्तै अङ्कुश कोर्रा आदि। र —
पैदलहरूको गहना साजहरू
युद्धको तयारीमा काम कवच आदि
औषधानक युद्धक्षेत्रमा मारिने विष धुवाँ आदि प्रयोग कावस्तु
इन्द्रजाल - थोरै सेनालाई धेरै देखाउने इत्यादि जस्तो प्रयोग कासामान
आयुधका नियमहरूका अध्ययनले
कुनै समयको कारखाना विषयमा राजाको राम्रो ज्ञान हुने
[illegible] प्रयोग [illegible] लाग्ने सबै कुरा लेखी
जानेका काम गरिन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२-१९ अध्याय - छैठौं

प्रकरण · ३८

नाप तौल को विषय

तुला - तराजु र मान - नाप्ने माना पाथी आदि को पौतव - नजनेको भए बनाउने, बनेको ठीक बेठीक जाच्ने काम गर्ने अधिकारीलाई पौतवाध्यक्षले तौलने नाप्ने भाडाहरू बनाउने कारखाना [illegible] खडा गराउन्.

सुनको तौल -

माषको गेडा १० किंवा रातो गेडी ५ बराबर सुनको १ मासा हुन्छ. त्यस्तो मासा १६ को १ सुवर्ण वा कर्ष (१० रतिको मासा ८), ४ कर्षको १ पल (१० रत्तीको हिसावले ३२ मासा) हुन्छ.

चादीको तौल -

खसिँउको दाना ८८ बराबर चादीको १ मासा हुन्छ. त्यस्तो मासा १६ किंवा सिमीका दाना २० बराबर चांदी १ धरण हुन्छ.

हीराको तौल -

चामल दाना २० बराबर हीराको १ धरण हुन्छ.

प्रतिमान - ढक्हरू -

आधा मासा, [illegible] १ मासा, २ मासा, ४ मासा, ८ मासा, १ सुवर्ण (५ रातिको मासाले १६ मासा, १० रातिको मासाले ८ मासा), २ सुवर्ण ४ सुवर्ण, ८ सुवर्ण, १० सुवर्ण, यस्तैगरी २०, ३०, ४०, १०० सुवर्ण बराबरका सुन तौलने ढक हुन्छन्.

सुन कैजस्तो किसिम सम चादी १ धरण, २ धरण आदि १०० धरण सम्मका चादी तौलने ढक हुन्छन्.

यी प्रतिमान - ढकहरू - फलामका किंवा मगध देशमा मेकल राज्यमा हुने पत्थरका, अथवा पानीले भिजेर मैल पर्दा नपर्ने, तातोले नघट्ने वस्तुका बनाउन लाउन्.

तुला - तराजु -

(क) ६ अङ्गुल लामो देखि ८-८ अङ्गुल बढाउदै लगी अर्थात् ६, १४, २२, ३०, ३८, ४६, ५४, ६२, ७०, ७८ अङ्गुल लामा १० थरी तराजु १ पलदेखि ५-१ पल बढाउदै लगी १० पल सम्म फलामका बनाउन लाउन्. यसको दुवै पट्टि ढक र तौलिने वस्तु राख्ने सिक्री (मटराम्) पनि झुण्ड्याउन्.

(ख) समवृत्ता तुला - [illegible] - ३५ पल फलामको ७२ अङ्गुल (३हात) लामो गोल दण्डीजस्तो [illegible] (समवृत्त) बनाउन्. यसको बिचमा ५ पलको मण्डल राखेर दुवैतिर बराबर हुने चिन्ह लाउन्. त्यहादेखि १ कर्ष २ कर्षको क्रमले १ पलसम्म चिन्ह लाउन्, अनि १ कर्ष, २ कर्ष, तीन कर्ष, पल, १० पल, १२ पल, १५ पल, २० पलको चिन्ह लाउन्, अनि १०।१०० पलको फरकमा ३०।४०।५०।६०।७०।८०।९०।१०० पल को चिन्ह लाउन्. प्रत्येक ५ पलको अंक अंकमा स्वास्तिकको विशेष चिन्ह लाउन्.

(ग) परिमाणीतुला - समवृत्ताभन्दा दोब्बर ७० पल फलामको ९६ अङ्गुल (४हात) लामो बनाउन्. यसमा समवृत्तामा भनेझै १ कर्ष आदि क्रमले

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुला – तराजु –

१ पलदेखि एकैक पल बढाउँदै १० पल संम फलामका, ६ औंगुल लामोदेखि ८।८ अङ्गुल बढाउँदैलाने अर्थात् १ पलको ६ औंगुल लामो, २ पलको १४ अङ्गुल, ३ पलको २२ अङ्गुल, ४ पल ३० औंगुल, ५ पल ३८ औंगुल, ६ पल ४६ औंगुल, ७ पल ५४ औंगुल, ८ पल ६२ औंगुल, ९ पल ७० औंगुल, १० पलको ७८ औंगुल लामो यस्ता १० वटा तुला-तराजु बनाउनू. यसको दुवै पाटि छक र जोखिने वस्तु राख्ने सिक्का-बटखरा पनि गुण्ड्याउनू.

~~[illegible]~~

सुन चाँदी आदिक अरू वस्तु तौलने तराजुहरू –

(क) समवृत्ता तुला – ३५ पल फलामको बनाएको ७२ औंगुल (३ हात) लामो तराजु. यसको माझमा ५ पलको मण्डल बाँधेर अगाडि हिँचो नहुने गरी चिन्ह लाउनू. त्यो चिन्हदेखि पर १।२।३ कर्ष को चिन्ह लाएर ४ कर्ष १ पलको, अनि २।३।४।५।६।७।८।९ १० पलको, अनि १२।१५।२० पलको, अनि ३०।४०।५०।६०। ७०।८०।९०।१०० पलको रेखा कोर्नू. प्रत्येक ५ पल (५।१०।१५। आदि भागमा स्वस्तिक जस्तो विशेष चिन्ह लाउनू.

(ख) परिमाणी तुला – समवृत्तको भन्दा दोब्बर ७० पल फलामको ९६ औंगुल (४ हात) लामो तराजु. यसमा समवृत्तामा झैं कर्ष देखि १०० पल संमका रेखा कोरी त्यसदेखि पर २०।५०।१०० अर्थात् २०० पल संमको रेखा चिन्ह कोर्नू.

१०० पलको १ तुला, २० तुला (२००० पल) को १ भार हुन्छ.

(ग) ~~[illegible]~~ चाँदी आदिक अरू वस्तुको तौलगर्दा – आगो भने अनुसारको धरण १० को १ पल, त्यस्तो पल १०० को १ आयमानी तुला हुन्छ. सो आयमानी भन्दा ५ पल कम अर्थात् ९५ पलको व्यावहारिकी, त्यो भन्दा ५ पल कम अर्थात् ९० पलको भाजनी, त्यो भन्दा ५ पल कम अर्थात् ८५ पलको अन्तःपुरभाजनी तुला-तराजु हुन्छ. यी तुलाको

प्रत्येक पलमा आधा आधा धरण कम हुँदैगएर आयमानी तुलामा १० धरणको १ पल, व्यावहारिकी तुलामा साढे ९ धरणको १ पल, भाजनी तुलामा ९ धरणको १ पल, अन्तःपुरभाजनी तुलामा साढे ८ धरणको १ पल हुन्छ. यी तुलाहरूमा क्रमैसँग २१२ पल कम फलाम अर्थात् आयमानीमा ३५ पल, व्यावहारिकीमा ३३ पल, भाजनीमा ३१ पल, अन्तःपुरभाजनीमा २९ पल फलाम लाग्ने हुन्छ. यी तुलाको लम्बाइ पनि ६।६ औंगुल कम अर्थात् आयमानी ७२ अङ्गुल, व्यावहारिकी ६६ अङ्गुल, भाजनी ६० अङ्गुल, अन्तःपुरभाजनी ५४ औंगुल लामो हुन्छ.

अगाडिका २ समवृत्ता र परिमाणी तुलामा मासु लोहा बाहेक अरू वस्तु तौलगर्दा, सयपलमा ५ पल बढता माल चढाउनुपर्दछ. यो बढी चढाएको थपलाई प्रयाम भन्दछन्.

(घ). काष्ठतुला – बाँसको/काठको बनाएको तराजु ८ हात लामो हुन्छ. यसमा १।२।३ आदि भागका चिन्ह हुन्छन्. यसका ठाउँ पल्लाहरू हुन्छन्: दायाँ बायाँ खम्बा मजबुत खुट्टा लाग्ने खुट्टा मा अडिएका हुन्छन्.

२५ पल इन्धन (दाउरा) १ पाथि चामल पकाउने हुन्छ. थोरै थाँ मायहरी अनुसार इन्धन पनि बढी घटी लाग्ने हुन्छ.

~~[illegible]~~

१६ किसिमका तुला-तराजु र १४ किसिमका प्रस्थमान-हरूको वर्णन गरियो।

अनाजहरूको मान –

गेडा

~~[illegible]~~ २०० पल भरिने भाँडा भरिको १ आयमानी-द्रोण हुन्छ, १८७॥ पल भरिको १ व्यावहारिक-द्रोण, १७५ पलभरिको १ भाजनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

सो-द्रोण, १६२॥ पल भारिको अन्तःपुरभाजनी द्रोण हुन्छ।
यी ४ किसिमका द्रोणको एक चतुर्थांश ~~[illegible]~~
आढक, आढकको एक चतुर्थांश ~~[illegible]~~ प्रस्थ, प्रस्थको
एक चतुर्थांश ~~[illegible]~~ कुडव हुन्छ।
१६ द्रोणको १ खारी, २० द्रोणको १ कुम्भ, १० कुम्भको
~~[illegible]~~ (२०० द्रोणको) १ वह हुन्छ।
अन्न भर्ने भाडा शुष्कको नापेको भाडाको ~~[illegible]~~
~~[illegible]~~ माथि र तल बाक्लो
घाँटी चौथाइ अन्न अटाउने, अथवा घाँटीको भाग मित्र पल्लो
बनाउन।
घीउ तेल आदि रस नाप्ने भाडो पनि यसै किसिमको हुन्छ
रक्सी फूल फल भुसा कोयला चून हरू नाप्ने भाडाहरूको
घाँटीको पींधभन्दा दुगुना दुगुना बढी हुन्छ।

मूल्य-
१ द्रोण अटाउने भाडाको मूल्य सवा पण, १ आढक
अटाउनेको पौने पण, १ प्रस्थ अटाउनेको ६ माषा
१ कुडव अटाउनेको १ माषा हुन्छ। रस नाप्नु भर्ने भाडा
को मूल्य अन्न भर्ने भाडाको भन्दा दोब्बा हुन्छ। १४ किसि
मका तौलको १ समूहको मूल्य २० पण हुन्छ। तराजु
को मोल तौलहरूको मोलको तृतीयांश हुन्छ।
नाप तौलका भाडा तौल हरूको ४।४ महिनामा जाँच गर्नु
पर्दछ। तोकिएको समयमा नजचाउनेलाई सवा २७ पण
दण्ड गर्नु।

~~[illegible]~~
नाप तौलका भाडा तौलहरूको जचाउने खर्च दिनको १ काकणी
को हिसाबले ४ महिनाको जाँचको समयमा १२० काकणी पौतव
अध्यक्षलाई दिनु पर्दछ।

तोक्लानी भर्ती-
घ्यू आदि तताउदा जति जाने भर्ती ३२ भागको १ भाग बढी
लिनु। यो बढीलाई तप्तव्याजी भन्दछन्। तेलको तोक्लानी भर्ती ६४
भागको १ भाग बढी लिनु। अरु पातलो वस्तुको पनि तोक्लानी
हुने भर्ती ५० भागको १ भाग बढी लिनु, यो बढीलाई मानस्राव
भन्दछन्।
कुडवको आधा, चौथाइ, ८ भागको १ भाग अटाउने भाडा
पनि पौतवाध्यक्षले बनाउन लाउनु।
८४ कुडव घ्यू अटाउने भाडा ~~[illegible]~~, ६४ कुडव तेल
अटाउने भाडालाई वारक भन्दछन्। घ्यू तेलको वारक
भाडाको चौथाइ अटाउने सानो भाडालाई ~~[illegible]~~
घटिका (घैंटी) भन्दछन्।

×

टी. सामान्य ~~[illegible]~~ को अपभ्रंश गरिएका कुडव- कुरुवा, प्रस्थ
पाथी हुन्छ। कुरुवाको ४ गुना आढक- ४ पाथी, आढकको ४ गुना द्रोण
१६ पाथि मनो ~~[illegible]~~ बताउने यमशास्त्रको यस प्रकरणमा बताए
अनुसार यो भन्दा थोरै बढी आउने हुन्छन्। नाप तौल पनि आधुनिक
~~[illegible]~~ अध्ययनमानी-
पारिस्थितिमा लडाइको कारक हुने छै यस प्रकरणमा
जनैवेलाको, व्यावहारिकी साधारण व्यवहारको, भाजनी- अन्तःपु
पौतवी ~~[illegible]~~ मानको व्यवहार (धनेमोको [illegible]

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२-२० अध्याय ४१ देश र कालको मान.

प्रकरण ३८

देश भनेको जमीन पर्वत रथ आदि र काल भनेको घडि लव आदिको परिमाण मानाध्यक्ष-पौतवाध्यक्षले जान्नुपर्दछ.

देशमान-

८ अट्टश्य परमाणुको १ रथका पाङ्ग्राको धूलो कण हुन्छ, यो ८ कणको लिक्षा, ८ लिक्षाको यूकामध्य, ८ यूकामध्यको १ यव ८ कणको लिक्षा, ८ लिक्षाको यूकामध्य, ८ यवमध्यको १ अङ्गुल हुन्छ अथवा मझौला पुरुषको माझिलो औंलाको [illegible] मात्रको औंठा बराबर १ अङ्गुल हुन्छ

४ अङ्गुलको १ धनुर्ग्रह, ८ अङ्गुलको १ धनुर्मुष्टि, १२ अङ्गुलको १ वितस्ति-बित्ता हुन्छ छायामापक किल्लाको नाप पनि बित्ताले हो १४ औंलाको शम शमलाई परिरय, पद पनि भन्दछन्, २ वितस्तिको (२४ औंलाको) अरत्नि हुन्छ, यसैलाई प्राजापत्य-विश्वकर्माले मानेको हात-हात भन्दछन्.

प्राजापत्य हातमा धनुर्ग्रह थपेर २८ अङ्गुलको पौतव-काष्ठ तुला र विवीत-गोचर जमीन नाप्ने हात हुन्छ. धनुर्मुष्टि (८औंलाको) प्राजापत्य हात (३२ औंलाको किष्कु वा कंस हुन्छ.

४२ अङ्गुलको हात तक्ष-काठ-कर्मीको करौतीचल यही ठूलो किष्कु, छाउनी किल्ला सरकारी काममा लिइने हुन्छ; द्रव्यक को नापमा लिइने हात ५४ अङ्गुलको हुन्छ.

८४ औंलाको हातलाई व्याम भन्दछन्. यसैलाई नाप्ने रज्जु-डोरीको नाप, र पौरुष-साढ औंलाको माटोलाई नाप्ने पुरुषमा पनि भन्दछन्.

४ अरत्नि-(९६ औंला)को १ दण्ड, १ धनु, १ नालिका, १ पौरुष पनि भन्दछन्.

१०८ अङ्गुलको गार्हपत्य-विश्वकर्मा सम्बन्धी-धनु हुन्छ. यसैले बाटो पर्खाल नापिन्छ. चयनयज्ञको पौरुष मान पनि यही हुन्छ.

६ कंस अर्थात् २४ अङ्गुलको प्राजापत्य हात ८ को १ दण्ड हुन्छ. ब्राह्मण लाई दिने र आतिथ्य सत्कार दिने भूमिको नापमा पनि यही दण्डको व्यवहार हुन्छ. १० [१० दण्ड (४० हात)को १ रज्जु, २ रज्जु (८० हात)को १ परिदेश, ३ रज्जु (१२० हात) [illegible] लम्बाइ चौडाइ पनि भएको, १ निवर्तन हुन्छ एकापट्टि ८ हात बढी भएको- अर्थात् ३२ दण्ड-१२८ हात लामो, ३० दण्ड-१२० हात चौडाइ भएको भूमिलाई, २००० धनु-(८००० हात) प्रमाण भएकोलाई गोरुत-गोक्रोश, ४ गोरुत-१६००० हात प्रमाण भएको १ योजन हुन्छ।

प्रदेश-भूमिको माप बताइयो।
अब कालको मान बताइन्छ।

तुट लव निमेष काष्ठा कला नाडिका मुहूर्त पूर्वभाग अपरभाग दिन रात पक्ष महिना ऋतु अयन संवत्सर युग यी कालका भेद हुन्.

२ निमेषको चतुर्थांश तुट, २ तुटको लव, २ लवको निमेष. ५ निमेषको काष्ठा, ३० काष्ठाको कला, ४० कलाको नाडिका-घडी हुन्छ.

४ माशा सुनको ४ अङ्गुल लामो शलाकाले छिद्र पारेको घडा बाट १ आढक पानी जाने बेरमा जति समय लाग्छ त्यति समय नाडिका हुन्छ.

२ नाडिका-घडीको १ मुहूर्त, १५ मुहूर्तको दिन, त्यति नै रात चैत्र र आश्विन महिनामा (विषुव) हुन्छ. त्यस पछि ६।६ महिना सम्म दिन वा रात ३।३ मुहूर्त घट्ने बढ्ने हुन्छ. रात घटेमा दिन बढ्ने, दिन घटेमा रात बढ्ने हुन्छ.

आजकलका पत्तिमा प्रदेश प्रदेशको जमीनको नाप भिन्नभिन्न छ - यस प्रकरणको सत्यमा पनि भूमि आदिको नाप भिन्न भिन्न नै थियो भन्ने बुझिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायाबाट कालको मान यस्तो हुन्छ कि- शङ्कु-१२ औंगुल लामो कीला को छाया आठ पुरुषा अर्थात् ९६ अङ्गुल भएको देखिएमा दिनको अठ्ठारौं भाग अर्थात् ३० घडीमध्ये पौने २ घडी बितेको सवा २८ घडी बाकि भएको बुझनु, छ पुरुषा अर्थात् ७२ अङ्गुल भएको छाया देखिएमा चौधौंभाग बितेको १३ भाग बाकि, चार पुरुषा अर्थात् ४८ अङ्गुल भएको छाया देखिएमा आठौं भाग बितेको ७ भाग बाकि, दुइ पुरुषा अर्थात् २४ अङ्गुल भएको छाया देखिएमा छैटौं भाग बितेको ५ भाग बाकि अर्थात् ५ घडी बितेको २५ घडी बाकि भएको बुझनु. एक पुरुषा अर्थात् १२ अङ्गुलको छाया देखिएमा चौथाइ भाग- अर्थात् १ प्रहर बितेको तीन प्रहर बाकि भएको, ८ अङ्गुल को छाया देखिएमा तीन दशांश अर्थात् ९ घडी बितेको, २१ घडी बाकि भएको, ४ अङ्गुल को छाया देखिएमा तीन अष्टमांश अर्थात् आठ भागमा तीन भाग बितेको ५ भाग बाकि भएको बुझनु. शङ्कु भित्रै छाया परे र न देखिने भएमा मध्यान्ह भएको बुझनु. मध्यान्ह भन्दा पर को दिनको भागमा पनि पूर्व भागमा झैं छाया अनुसार बितेको लाई बाकि, बाकि लाई बितेको, अर्थात् ४ अङ्गुल को छाया देखिएमा आठ भागमा ५ भाग बितेको तीन भाग बाकि, ८ अङ्गुल को छाया देखिएमा २१ घडी बितेको ९ घडी बाकि, १२ अङ्गुल छाया देखिएमा तीन प्रहर बितेको १ प्रहर बाकि, २४ औंगुल को छाया देखिएमा २५ घडी बितेको ५ घडी बाकि, ४८ औंगुल को छाया देखिएमा आठ भागमा ७ भाग बितेको १ भाग बाकि. ७२ औंगुल को छाया देखिएमा १३ भाग बितेको १४ औं भाग बाकि, ९६ औंगुल को छाया देखिएमा ३० घडी मध्ये सवा २८ घडी बितेको पौने २ घडी बाकि भएको बु

असार महिनाको अन्तमा मध्यान्हमा छाया हराउँछ. यसपछि श्रावणदेखि पौष सम्म २।२ अङ्गुल छाया बढ्छ. श्रावण को अन्तमा २ अङ्गुल, भाद्रको अन्तमा ४ अङ्गुल, आश्विनको अन्तमा ६ अङ्गुल, कार्तिकको अन्तमा ८ अङ्गुल, मार्गको अन्तमा १० अङ्गुल, पौषको अन्तमा १२ अङ्गुल छाया हुन्छ. यसपछि माघदेखि आषाढसम्म २।२ अङ्गुल छाया घटेर माघको अन्तमा १० अङ्गुल, फाल्गुनको अन्तमा ८ अङ्गुल, चैत्र को अन्तमा ६ अङ्गुल, वैशाखको अन्तमा ४ अङ्गुल, ज्येष्ठको अन्तमा २ अङ्गुल छाया, आषाढको अन्तमा किला भित्रै पसेर नदेखिने हुन्छ.

१५ दिन-रातको १ पक्ष हुन्छ. चन्द्रमाको कला दिन प्रतिदिन बढ्दै जाने शुक्लपक्ष, घट्दै आउने कृष्णपक्ष हुन्छ.

शुक्ल र कृष्ण दुइ पक्षको १ महिना हुन्छ. ३० अहोरात्रको १ प्रकर्मभास- कामदार हरूलाई वेतन दिने- दिनगिन्तीको महिना हुन्छ. साढे तीस अहोरात्रको सौरमास- सूर्यसंक्रान्ति अनुसारको महिना, साढे उनन्तीस अहोरात्रको चान्द्रमास- चन्द्रमाको कला घटबढ अनुसारको महिना हुन्छ. २७ अहोरात्रको नाक्षत्रमास, नक्षत्र अनुसारको महिना. ३२ अहोरात्रको १ मलमास हुन्छ. घोडा हाक्ने काम गर्नेको वेतन पाउने महिना ३५ अहोरात्रको, हात्ती हाक्ने आदि काम गर्ने को वेतन पाउने महिना ४० अहोरात्र को हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ महिनाको १ ऋतु हुन्छ. श्रावण र भाद्र वर्षा ऋतु, आश्विन र कार्तिक शरद् ऋतु, मार्ग र पौष हेमन्त ऋतु, माघ र फाल्गुन शिशिर ऋतु, चैत्र र वैशाख वसन्त ऋतु, ज्येष्ठ र आषाढ ग्रीष्म ऋतु हुन्छ.

शिशिर वसन्त ग्रीष्म यी तीन ऋतु उत्तरायण; वर्षा शरद् हेमन्त यी तीन ऋतु दक्षिणायन हुन्छ।

उत्तरायण दक्षिणायन दुवै मिलाएर १ संवत्सर-वर्ष हुन्छ. ५ संवत्सरको एक व्यावहारिक युग हुन्छ.

सूर्यले प्रतिदिन दिनको साठीभागको १ भाग कर्षण गरेर १ ऋतु-६० दिनमा १ दिन बढाउँदा अढाइ वर्षमा १५ दिन बढाउँछन्. त्यसै चन्द्रमाले प्रतिदिन दिनको साठीभागको १ भाग कम गरेर ६० दिनमा १ दिन घटाउँदा अढाइ वर्षमा १५ दिन घटाउँछन्. यस अनुसार अढाइ वर्ष अर्थात् माघ आदि ३० महिना बितेपछि ग्रीष्म ऋतुमा पहिला अधिकमास द्वितीय आषाढ, ६० महिना-५ वर्षको अन्तमा पछिल्लो अधिकमास द्वितीय पौष सूर्य चन्द्रमाले बनाउँछन्.

×

टि. यो प्रक्रिया अनुसार ५ वर्षमा पहिलो अधिकमास अढाइ वर्ष हुँदा आषाढमा मानेर द्विआषाढ हुने, दोस्रो अधिकमास अढाइ वर्ष हुँदा पौषमा मानेर द्विपौष हुने व्यवस्था ज्योतिषको प्रसिद्ध छ. पछि त्यसपछि ... ग्रन्थमा लेखिएको छ, यहाँका प्राचीन शिलालेखमा पनि कुनै कुनैमा द्विआषाढ, द्विपौष भन्ने लेख पनि यही प्रक्रियानुसार उल्लेख भएको पाइन्छ

२-२१ अध्याय ४१

प्रकरण ३८ (क) (शुल्काध्यक्षको काम)

सरकारलाई दिनुपर्ने चुङ्गी महसुल आदिलाई शुल्क, शुल्कविभागको अध्यक्ष अधिकारीलाई शुल्काध्यक्ष भन्दछन्. शुल्काध्यक्षले शुल्कशाला-भन्सार लिने घर नगरको मुख्य ढोकाको नजीकैमा पूर्व वा उत्तर मुहुडा गरी बनाउन लाउनू. त्यसमा ध्वजा-चिनिने गरी चिन्ह पनि राख्नू.

शुल्क लिने काममा नियुक्त भएका ४।५ जनाले माल लिएर आएका व्यापारी-बनिया हरूलाई- को हौ, कहाँ बस्छौ, पण्य-बिक्री गर्ने वस्तु के कति छ, अन्तपाल-सीमाको चौकीदारले दिएको परिचयको छाप निस्सा कहाँ लिएको छौ. भनी सोधपुछ गरेर बहीखातामा लेख्नू गर्नू.

छापको निस्सा नभएका व्यापारीलाई अन्तपालको चौकीमा तिर्नुपर्ने बर्तनी- को दोब्बर दण्ड गर्नू. कपटी छापको निस्सा देखाउनेलाई तिर्नुपर्ने शुल्कको आठगुना दण्ड गर्नू.

छापको निस्सा लिएर पनि छाप बिग्रेको हराएको भए त्यसलाई सबैले देख्ने ठाउँमा १ तोल घडी सम्म रोक्नू. सरकारी छापको निस्सा सट्टापट्टा गरेमा र एक वस्तुलाई अर्को वस्तुको नाम गरी फरक पारेमा पनि प्रत्येक बहन-बोझामा सवा पण लिनू.

शुल्कशालाको झण्डा नजिक बेचिने बिक्री हुने वस्तु राखी व्यापारीहरूले त्यसको परिमाण र मोल बताएर यो माल

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो परिमाण-नापतौल कोछ यो भाँडमा को किन्छ भनेर तोलन धत्न कराएर किन्न चाहनेलाई दिन्. किन्न चाहने धेरै भई परस्पर हानाहान भएमा मोल-बढ्छ. सो बढेको मोल र शुल्क समेत सरकारी कोशमा दाखेल हुछ, व्यापारीहरूले आफ्नो तोकेजति मात्र मोल पाउछन्.

शुल्क धेरै पर्छ भन्ने डरले मालको परिमाणर मोल घटाएर भनेमा त्यो भन्दा बढी आएको मोल सरकारमा लाग्दछ; शुल्क पनि आठगुना बढी तिर्नुपर्दछ.

माल भरेको भाँडाको कम कीमतको नमुना देखाएर मोल घटाएमा र असल माल भित्र पारेर नअसल मालले ढाकेर राखेमा पनि शुल्कको आठगुना दण्ड गर्नु.

अर्कोले किन्ला भन्ने भयले मालको मोल मनासिव भन्दा बढी गाहकहरूले (किन्नेले) शुल्क दिएर तिर्नुपर्दछ बढाएको मोल पनि सरकार लाग्दछ.

व्यापारीहरूले गरेको अपराधलाई आफ्नो स्वार्थका खातिर ढाकछोप गर्ने सरकारबाट नियुक्त अध्यक्षलाई व्यापारीलाई हुने दण्डको आठगुना दण्ड गर्नू.

यस कारण बिक्री हुने मालको नाप तौल गोदामैमा यथार्थ गर्नुपर्दछ. कौतुक आदि तलाव्यापारका वस्तुहरू आ-ग्रामिक-भण्डार छन् (कम) आदि हुने वस्तुको मात्रा यति होला भनि अन्दाज गर्नु.

शुल्क नतिरीकन शुल्कशाला नाघेर गएकोलाई शुल्कको आठगुना दण्ड गर्नू. सत्ता शुल्क नतिरेर माल लैजानेलाई बाटो कुवाटो हिंड्ने गुप्तचरहरूले पत्ता लगाउन् (पक्रन्).

वैवाहिक-विवाह निमित्तको, अन्वायन-विवाह भएकी कन्याले पतिको घरमा जाँदा माइतबाट लगेको कोसेली, औपयानिक-अन्तस्थावर्ती हुनका निमित्त उपहार दिएको वस्तु, यज्ञयाग सुत्केरी आदि निमित्तको, नित्य नैमित्तिक देवताको पूजा उत्सव, चूडा उपनयन आदि संस्कार, दान पुण्य धर्म कार्य आदि निमित्त बनिने वस्तुहरू शुल्क नलिईकन छोडिदिनु.

वैवाहिक आदि हो भनेर झुट्टा भन्ने व्यापारीलाई चोरीको दण्ड गर्नु.

शुल्क तिरेको मालको साथमा शुल्क नतिरेको माल निकालि लैजाने, यौटा बाकसको छाप देखाएर अर्को त्यस्तो बाकस आदि लैजाने, शुल्क तिरेको बाकस फोरेर त्यसभित्र शुल्क नतिरेको वस्तु हालेर लैजाने पनि व्यापारीलाई सो लुकाएको माल लिई त्यसको मोल बराबर दण्ड पनि गर्नु.

गोबर पराल आदि तुच्छ वस्तु देखाएर त्यसले छोपी असल माल शुल्क नतिर्नै नाकाबाट छुटाई लैजानेलाई उत्तम साहस (१०००) दण्ड गर्नु.

शस्त्र कवच लोह रथ रत्न धान्य पशु इत्यादि कुनै बन्द गरिएको वस्तु ल्याउने गर्नेलाई घोषणा भए अनुसारको दण्ड र माल जफत पनि गर्नु.

त्यस्तो बन्द भएको वस्तु देश-विदेशको बाहिर बिना शुल्क बिक्री गर्नुपर्दछ.

अन्तपाल- राज्यका सीमानाको रक्षकले पण्यवस्तु भरिएको गाडा हरू प्रत्येकको सवा पण, एक खुर हुने पशुको एक पण, गाई आदि पशुको आधा पण, भेडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि क्षुद्रपशुको चौथाइ पण, काँधमा बोकिने भारी को एकमासा पण, बर्तनी–बाटाको रक्षा कर लिनू. बाटामा हराएको-चोरिएको खोजीदिने, पंजा नाउजनाक उपायले भर्ना दिने गर्नुपर्दछ.

विदेशबाट आएका व्यापारीको साहुलाई असल कमसल माल याने भन्ने जाँच अन्तपालले बुझ गरेर, परिचयपत्र र छापको निसाना पनि दिएर शुल्काध्यक्ष कहाँ पठाइदिनू.

व्यापारीको रूप लिएको गुप्तचरले व्यापारी हरूले याने गाडा बा भारी बिक्रीका वस्तु ल्याएका छन् भन्ने गुप्तवार्ता राजा कहाँ पठाउनू. त्यही आधारमा राजाले आफू सर्व थाहा पाउने भन्ने कुरा प्रसिद्ध गर्ने याने व्यापारी याने माल लिएर आएका छन् भनी शुल्काध्यक्षलाई खबर पठाउनू. अनि शुल्काध्यक्षले व्यापारीवर्ग लाई यस यस माल को यो यो याने सार वस्तु याने तुच्छ वस्तु भन्ने थाहा भइसकेको छ. तिम्रा उपाधि छिपा इन हुँदैन. राजाको यस्तो प्रभाव छ याने भन्नू.

तुच्छ वस्तु दबाउनेलाई शुल्कको आठ गुना दण्ड गर्नू. ~~छल~~–असल वस्तु लुकाउनेलाई सो सार वस्तु जफत गर्नू.

राष्ट्रलाई पीडा बाधा दिने विष मद्य हरूको बिक्री बिलकुल रोकनू. थोरै फायदा हुने तुच्छ वस्तु हरू देशान्तरबाट आउन नदिनू. राष्ट्रलाई ठूलो उन्नति गर्ने, आफ्नो देशमा दुर्लभ वस्तु बीउ औषधि आदि पदार्थ शुल्क माफी गरि दिनू.

—

२- २२ अध्याय ४३

प्रकरण - ३६ (३९) शुल्क लिने काम.

शुल्कव्यवहार- यस्तो पण्यको याने शुल्क लाग्ने व्यवस्था शुल्काध्यक्षलाई उपयोगी हुनाले यसै प्रसङ्गमा भनिन्छ.

शुल्क तीन किसिमको हुन्छ-
१ बाह्य - मूल ठाउँ भन्दा बाहिर आफ्नै देशमा उत्पन्न वस्तुमाथि
२ आभ्यन्तर - किल्ला नगर आदि भित्री प्रदेशमा उत्पन्न वस्तुमाथि
३ आतिथ्य - विदेशबाट अतिथि भएर आउने वस्तुमाथि.

यी तीनै किसिमका वस्तुको प्रावेश्य- पैठारी महसूल, निष्क्राम्य-निकासी महसूल र . . . .

विदेशबाट स्वदेशमा र स्वदेशभित्र पनि बाहिर जनपदबाट नगर आदि भित्री प्रदेशमा पैठारी गरिने ~~बिक्रीको~~ मालको मोलको पञ्चमांश- सयकडा २० शुल्क लाग्ने सामान्य नियम छ.

~~फल फूल शाक मूल कन्द~~

फूल- कुसुम आदि, फल- काँक्रा आदि, शाक- मेथी आदि, मूल- मूला आदि, कन्द- ओल आदि, वल्लिक्य- लहरामा हुने कुभिण्डो आदि, बीज- धान आदि, सुकेका माछा मासु मोलको छ भागको १ भाग शुल्क लिनू.

शङ्ख, हीरा, मणि, मोती, मूगा, हार हरूको सो विषयका ~~.....~~ गरेको काम परिमाण समय वेतन तयारीको अनुभव भएका जान्ने पुरुषहरू द्वारा मोल गराई शुल्क लिने व्यवस्था गर्नू.

क्षौम- मोटा पट्वस्त्र, दुकूल- मिहीन रेशमी, क्रिमितान- निर्मित पट्वस्त्र, कङ्कट- धागो धातु आदि ओडिएको, हरिताल मनःशिला, हिङ्गुल लोह वर्ण धातु, श्रीखण्ड अगुरु-चूर्ण, कटुक-पिपला आदि, किण्व माथको बीउ, मद्य, हात्तीदाँत मृगचर्म, चाइना रेशमी जस्ता कपडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

सूतका भुत्र, बिछाउने, ओढ्ने, रेशमी वस्त्र भेडा बाख्राको हरूको दशांश वा पञ्चदशांश (मोलको सयकडा १० वा १५) शुल्क हुन्छ.

सामान्य वस्त्र, चौपाया, दोपाया, सूत, कपास, सुगन्ध, औषध, काठ, बाँस, बोक्रा, छाला, माटाका भाँडाहरूको धान्य, स्नेह, क्षार, नुन, मद्य, पकाएका इत्यादिको सयकडा २० वा २५ शुल्क हुन्छ.

द्वारको ठोका भित्रपट्टि द्वारको अध्यक्षले लिने चुङ्गी-शुल्कको पञ्चमांश हुन्छ. देशलाई उपकार हुने गरी राजाले अनुग्रह गरी गरेको व्यवस्था अनुसार पनि नजबीन गर्नु.

जुन पण्य वस्तु जहाँ तयार हुन्छ त्यहीं बिक्री हुँदैन गराउनु.

खानिबाट धातु वा धातुका माल बिक्री गर्दै दिने लिनेलाई ६०० दण्ड हुन्छ. फूल फल को बारी बगैंचा बाट फूलफल बिक्री गरी दिने लिनेलाई ५४ पण दण्ड गर. सागबारी बाट शाग मूल कन्द हरू बिक्री गरी दिने लिनेलाई पौने ५२ पण दण्ड गर्नु. खेतबाट सबै किसिमका अन्न बिक्री गरी दिने लिनेलाई ५३ पण दण्ड र त्यसमाथि अन्न नेवास्ती वापत किन्नेलाई १ पण बेच्नेलाई आधा पण दण्ड पनि हुन्छ.

माथि तोकिएका शुल्क बाहेक नयाँ पुरानो वस्तु, देश जातिको आचार सबै हेरी शुल्क लिने र त्यसका देश र जातमा भएको बिगार बिचार गरी दण्ड गर्ने व्यवस्था गर्नुपर्दछ.

२-२३ अध्यायः ४५ सूत्राध्यक्ष

प्रकरण ४० सूतविभागका अध्यक्षको काम.

कपास ऊन आदिको सूत-धागो सूत्र, त्यो कात्ने बुन्ने आदि काम गराउने मुख्य अधिकारी पुरुष सूत्राध्यक्ष मानिन्छन्. त्यो सूत्राध्यक्षले त्यो विषयको काम गर्ने खान्दानका सिपालु कालीगडहरू द्वारा धागो कवच वस्त्र डोरीहरू तयार गर्ने काम गराउनु.

ऊन बोक्रा कपास भुवा सन पाट हरू वा विधवा, अङ्गभङ्ग भई अरू काम गर्न नसक्ने स्त्री, कन्या, जोगिनी, दण्डको सट्टा काम गर्ने स्त्री जाति, वेश्याका धाईआमा, वृद्ध भएका राजाका सुसारे, मन्दिरको काम गर्न नसक्ने भएका देवदासी-देवतार्पण गरिएका दासी महिला हरू द्वारा धागो कात्न लाउनु.

कातेको धागो मसिनो मोटो मझौला जस्तो हुन्छ सो अनुसारको वेतन नजबीज गर्ने (ज्ञात समयमा थोरै थोरै कात्नु पनि विचार गरेर). मिहीन राम्रो धेरै कात्नेलाई तेल अमला पुकुवा आदि दिने कृपा गरेर खुसी गराउनु. अरूलाई पनि उत्साह बढाइदिनु.

यति दिनमा यति सूत कात्नु पर्दछ भन्ने व्यवस्था बाँधेर काम गराउनु पर्दछ. कातेको धागो थोरै भएमा वेतन पनि कम दिनु पर्दछ.

गरेको कामको नाप तौल समय ज्याला तथा ती मालहरूको विचार गरेर कालीगडहरू द्वारा बुन्ने आदि काम पनि गराउनु. तिनीहरूको छल कपट आदि थाहा पाउने गरी तिनीहरू संग सम्पर्क पनि बढाउनु पर्दछ.

पट्टवस्त्र रेशमी वस्त्र ऊनीवस्त्र कपास

ऊन् पाट रेशम ऊन कपासको धागो काल्ने बुन्ने कारखाना पनि चलाउनू. असल काम गर्नेलाई सुगन्ध माला आदि पारितोषिक इनाम हरू दिएर खुसी पार्नु गर्नु. ती कालीगडहरू बाट किसिम किसिमका वस्त्र बिछाउने ओढ्ने आदि तयार गराउनू. कङ्कट- धातुको जाली बनाउने काम पनि त्यो जान्ने सिपालु कालीगडहरू द्वारा गराउनू.

बाहिर ननिस्कने पनि परदेश भएका विधवा निउ साधुरा नभएका आदि नारीहरू- कन्याहरू काम गरेर आफ्नो जीविका चलाउन चाहनेलाई नोकर्नीहरू द्वारा माल सामान हरू पठाइदिएर माया दया गरी आदर साथ सूत कात्ने काम गराउनू.

कारखानामा आफै आउने स्त्रीहरूलाई पनि बिहान झुल्का नहुँदैमा तिनले तयार गरेको माल लिएर वेतन दिने काम गर्नू. त्यो ठाउँमा त्यस बेला धागो जोरो मालिको अधि नाच गर्न सिपलाई दुले गरो बनी बालिदिनू, त्यस समयमा स्त्रीजातिको कसैले मुख हेर्यो वा काम सम्बन्धी बाहेक अरू नचाहिंदो कुरा गर्न लाग्यो भने पूर्वसाहस (२५०) दण्ड गर्नू. तिनलाई काम गराउने अधिकारीले वेतन दिइसकेर पनि अलमल गराएर वा स्वार्थको निम्ति काम नगराईकन वेतन दिएमा पनि मध्यम साहस (५००) दण्ड गर्नू.

वेतन लिएर पनि काम नगर्ने स्त्रीजातिलाई र खाएर चोरेर भाग्नेहरूलाई पनि अङ्कुष्ठसंदंश- ठाहिने हातको भागि औंला र बूढी औंला काटिदिने सजाय गर्नू, किंवा काम गर्नेहरूको अपराध अनुसार वेतन कटाउने दण्ड पनि गर्नू.

रज्जुवर्तक- डोरी बाट्ने, छालाको काम गर्नेहरू संग पनि सूत्राध्यक्षले सम्बन्ध राखेर कोर्रा दाम्लो आदि पनि बाट्न लाउनू.

धागोको पाटको पनि डोरो, बेतको बासको पनि कोर्रा, फौजी नजातिको निम्ति र सवारी गाडाका घोडा बयल आदि बाँध्ने लाई डोरीहरू पनि बनाउन लाइदेनू.

२- २४ अध्याय ४५

प्रकरण: ४१ सीताध्यक्ष- खेतीविभागाध्यक्षको काम-

अनाजको किसिमलाई सीता ~~[illegible]~~ अन्न आदिको खेतीविभागको अध्यक्ष अधिकारीलाई सीताध्यक्ष भन्दछन्. सीताध्यक्षले वृद्धपाराशर आदिले बनाएको कृषिशास्त्र, झुकिकै नसाक पन्ना लाउने गुल्मशास्त्र आदि जेश्व आदिले बनाएको वृक्षसम्बन्धी आयुर्वेद हरू आफूले जानेर

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किंवा त्यो जान्ने विज्ञहरु साथमा लिएर सबै किसिमका अनाज, फल फल शाक कन्द मूल नहरमा हुने कुभिण्डो आदि सनपाट, कपास एरुका बीउ बरबनैमा जम्मा गरी राखुपर्दछ.

धेरै पटक हलो लाएर आतेएको त्यो त्यो वस्तु हुने जमिनमा दास-गर्भदास किनुवा दास, ज्याला दार काम दार, दण्ड सजाय भुक्तान गर्ने काम गर्ने हरु द्वारा बीउहरु रोपाउनू.

यी रोपारहरुको काममा हलो जुवा आदि सामान बयल हरु वा काम नरोकिने र कर्मार-कामी, कुट्टाक-काठकर्मी, भेदक-खन्ने, रज्जुवर्तक-डोरी बाट्ने, सर्पग्राह-सांप पक्रनेहरु बाट पनि काम नरोकिने गराउनू.

मालिकको दोषले खेतीको फलमा हानि हुन आएमा दोषीलाई फलको नोक्सानी भए जति दण्ड गर्नु.

वर्षा-

१ हातभर मुख भएको वर्षा नाप्न बनाएको कुण्डमा आकाश बाट परेको पानी भरिएर १६ द्रोण भएमा जङ्गली प्रदेश को खेतीलाई, २४ द्रोण भएमा आनूप-पानी धेरै हुने प्रदेशलाई, साढे १३ द्रोण भए अश्मक देशलाई, २३ द्रोण भए अवन्ति प्रदेशलाई, असंख्य जल अपरान्त-कोङ्कण प्रदेशलाई, हिमालय प्रदेश र कुलो लाग्ने जमीनमा वर्षा नभए पनि समय अनुसार अन्न हुने हुन्छ.

श्रावण भाद्र आश्विन कार्तिक यो चौमासा भित्र श्रावण कार्तिकमा तीन भागको १ भाग, भाद्र र आश्विनमा २ भाग वर्षा भयो भने त्यो वर्ष राम्रो मानिन्छ.

बृहस्पति मेष आदि राशिमा रहनु, वृष आदि राशिमा सर्नु, मार्ग आदिमा मेघको गर्भाधान बाट, शुक्रको उदय अस्त चार-गति बाट, सूर्यको स्वभावमा परिवर्तन भएर परिवेष-मण्डल लाग्नु यी बाट त्यो वर्ष राम्रो हुने नहुने थाहा पाइन्छ.

सूर्यको स्थितिबाट बीज तयार हुनु, बृहस्पतिबाट अन्नमा गाज लाग्नु, शुक्रबाट वृष्टि जानिने हुन्छ.

तीन थरी मेघ लगातार वर्षा गराउने, असी थरी मेघ बुँद बर्साउने, आम समेत साठी पटक भएमा सम हिन वृष्टि हुने हुन्छ.

हावा र घाम अलग भएर तीन पटक वृष्टि भएर खेती भएमा धान्य लाभ अवश्य हुन्छ.

यसरी वृष्टि धेरै हुने वा थोरै हुने बुझेर धेरै पानी चाहिने, र थोरै पानी भए हुने अन्न रोपाउनू.

शालि- मगन्सिर हुने धान, व्रीहि- छाडिया धान (वर्षाको आरम्भमा), कोदो, तिल, कागुनु दारक, वरक- यी अन्नहरु असाढमा रोप्ने, मुगी माष सिमीहरु माझमा (वर्षाको बीचमा) रोप्ने, कुसुम मसुरो गहत, जौ, गहुं, मटर आलस

Tribhuvan University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वर्षाको अन्दाज)
सस्यं हरू पछाडि, रोपिने हुन्छन्. त्यसको अनुभव अनुसार बीउ रोपिने हुन्छ.

रोपाइ नभएको खेत अर्धसीतिक- आधीमामा खेती गर्नेले कमाउनु. बीउहरू जग्गाधनीबाट लिएर आफू जेजुभान्न खेयाउने छन्। ४ भागको १ भाग वा ५ भागको १ भाग खाने गरी कमाउनु. यति बुझाउने भन्ने कबोल गरेर लिएको जमीन आफूले नकमाई वाको शखेमा केही दैवीविपत् सङ्कट परेमा बाहेक हानि भएको अन्न जमीनमालिकको इच्छानुसार कबोल गरेको तिर्नुपर्दछ.

पानीकर - (कुवा नलाउ) आफैले बाँध हरू बनाएर हातले पानी लाएर खेती गर्ने हरूले उपजाउ अन्नको पाँचभागको १ भाग ~~...~~, कोधमा बोकेर पानी लाई खेती गर्नेले ४ भाग को १ भाग, मकरी मधु यन्त्र हरू बाट पानी लाई खेती गर्नेले ३ भागको १ भाग अन्न ~~...~~ जलकरको रूपमा सरकारलाई बुझाउनु. नदी नलाउ दह कुवा अथवा रहट बाट पानी लाई खेती गर्नेले ४ भागको १ भाग बुझाउनु.

खेतीलाई चाहिने पानी धेरै थोरै हुने अनुसार खेतमा रोपिने, हेमन्तमा रोपिने, ग्रीष्ममा रोपिने अनाज रोपाउनेगर्नु.

शालि धान आदि उत्तम, कोदो धान आदि मध्यम, उखु बाली नक्षोरखानको खेती छो. उखुमा मानिस मृत्यु आदि अनेक उपद्रव हुन्छन्, ~~...~~ मेहनत र खर्च पनि बढ्नापर्ने हुन्छ.

—

पानीको छालले हान्ने ठाउँ लहराका फल्ने फललाई, पानीको निकास नजीकको ठाउँ पिप्पली दाख उखुलाई, कुवा इनारको वरिपरिको ठाउँ शाग मूला हरूलाई, कुलो वरिपरिको ठाउँ दारिलो शाग तर्कारी हरूलाई, खेतमा कुलो कोटर लागेको ठाउँ जपाकली आदि सुगन्धी बाला, लसुन आदि औषधि, खस, वाला, पिण्डालु आदिको खेती लाई उपयोगी हुन्छ. जमीन अनुसार ढीलो जमीनमा हुने पानी धेरै भएको ठाउँमा हुने ओषधि हरू रोपाउनु.

(सातरात सम्म) धानको बीउलाई रातिमा शीत पिपाउनु, दिउँसो घाममा सुकाउनु पर्दछ. कोशा हुने ~~...~~ मुगी माष आदिलाई तीन वा पाँच रात शीत खेलाइने घाममा सुकाउने गर्नुपर्दछ.

काण्डबीज- लगा काँटा रोपिने उखु आदिलाई काटेको ठाउँमा मह घ्यू बनेलको बोसो गोबरले लिप्नु, ओल आदि कन्दलाई मह घ्यू घस्ने, कपास आदिको बिउलाई गोबरले लिप्नु, आँप कटहर आदि वृक्ष रोप्ने ठाउँमा खाडल खनेर घाँस घाँसो पोलेर गाईगोरुको हाड गोबरको मल खाडलमा हाल्ने पनि गर्नुपर्छ. उम्रेपछि कीरा नलागोस् भनि ताजा साना माछा सेउँडीको दूधमा हालेर छर्कनु.

कपासको गेडाको धूलो र सर्पको काँचुली मिसाएर धूप दिनु. यसको धुवाँ भएको ठाउँमा सर्पहरू बस्तैनन्.

सबै बीउहरू पहिले रोप्नाखेरि पहिलो मुठी बीउ सुनपानीमा भिजाएर रोप्नु. यो मन्त्र पनि पढ्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजापतये काश्यपाय देवाय नमः सदा।
सीता मे ऋध्यतां देवी बीजेषु च धनेषु च।

(प्रजापति काश्यप पर्जन्य देवलाई सदा नमस्कार छ।
~~कृषिकी अधिष्ठात्री सीता देवी बीज र धनको वृद्धि गरून्~~
कृषिकी अधिष्ठात्री सीता देवीले मेरो बीज र धनको वृद्धि गरून्।)

वारी धारीका पाले गोठाला दास कामदारहरूलाई मानिसको पारिश्रम अनुसार खान दिनू, महिनाको सवा पण वेतन पनि दिनू कालीगडहरूलाई पनि काम अनुसार खाना र वेतन दिनू.

झरे खसेको फूल फल हरू देवताको पूजा निमित्त, धानजौ हरू आग्रयण-नवान्नको यज्ञ निमित्त वैदिक र तपस्वीहरूले लैजान्। खलाको धानको थुप्रोको यताउति छरिएको चाहीं उन्छवृत्ति गोजाइपेर जीविका गर्नेहरूले लिनू.

जुन जुन समयमा जे जे अन्न तयार हुन्छ त्यही समयमा त्यो अन्न भित्र्याउने गर्नू. बुद्धिमान्ले आगेकोनि पराल पनि खेतमा नराख्नू.

धानको थुप्रा चुली लाएर त्यस्तै अग्ला छाप्रा भडार-घर हरू बनाएर राख्नू. तिनलाई जोरेर नराख्नू, तिनको टुप्पो नछोपेर खुल्ला पनि नराख्नू.

खलाका थुप्राहरू दाइँ गर्ने ठाउँको नजीकैमा राख्नू. खला का परिश्रमी नोकरचाकर भनेहरूले आगाको बचाउ गर्दैगर्नू. दैवात् आगो लाग्न नदिन पानीको संचय खलामा भरी राख्नुपर्छ.

२-२५ अध्याय ४५

प्रकरण ४२ : सुराध्यक्षले गर्ने काम.

सुरा-मद्य गौडी-शक्खरको, माध्वी-फलफूलको, यौवी-अन्नको, यस्तो तीन किसिमको हुन्छ. यो सुराको निर्वाह गर्ने विभाग ध्यक्षले मद्य र किण्व-सुराको बीउ सम्बन्धी बनाउनु किन बेच गर्नु आदि व्यवहार किल्ला जनपद छाउनीमा त्यस विषयको व्यवहार गर्नेहरू द्वारा एक ठाउँमा वा अनेक ठाउँमा, किंवा किन बेच अनुसार गराउनू. नोकरीको ठाउँ भन्दा अन्यत्र बनाउने किन्ने बेच्नेहरूलाई ६०० पण दण्ड हुने नियम गर्नू. कामका खटिने हरू बेहोस हुनार, आर्य-भद्रजनको मर्यादा आचार बिग्रने होला, शूरहरू बेमौकामा हतियार चलाउने हुनार भन्ने भयले मद्य र मद्यको नसाला गेकाहरू पनि गाउँबाट बाहिर अर्कोको छाना नजाने नजाने हुन भुलमा नपस्ने व्यवस्था गर्नू.

चाल-चलन राम्रो पत्यार पारेकाहरूले सरकारी भई निस्सा लागेको चौथाइ कुडव, आधा कुडव, कुडव, आधा प्रस्थ प्रस्थ सम्म लैजान पाउने हुन्.

रक्सी पिउनेहरूले यताउती घुम्दै नगरी भट्टीघरमा मात्रै पिउनू.

केही माल जनाउन धरोट दिएको, नासो राखेको बन्धक राखेको चोरी गरेको अबईलीगरी खोसेको धन हरू पत्ता लाउन, मालधनी थाहा नभएको जिनिस नगद राख्न ल्याउने फेला पारी भट्टी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखे बाहिरै केही नीउ पारेर पक्राउनु. आमदानी नगर्ने कन खर्च गर्ने र आमदानी भन्दा बढता खर्च गर्ने कोही देखिएमा त्यसलाई पनि पक्राउनु.

खराब रक्सी बाहेक अरु रक्सी थोरै मोलमा दिने, उधारो दिने पनि नगर्नु. खराब रक्सीपनि अन्यत्रै बिक्री गराउनु. दास काम गर्ने मजदुर हरूलाई बेतन को सट्टा त्यो खराब रक्सी दिए पनि हुन्छ अथवा ऊँट बयल आदिलाई खुवाउने वा सुंगुर पोस्ने काममा दिनु.

मद्यपान गर्ने भट्टीघर हरू पनि खण्ड खण्ड छुट्टिएका धेरै कोठा भएका, छुट्टा छुट्टै सुत्ने बस्ने ठाउँ अलग अलग भएका, पीउने ठाउँ पनि सुगन्ध माल्य आदि हरू भएका ऋतु ऋतुलाई चाहिने सामान हरू भएर सुविस्ताउने गराउनु.

भट्टीघरमा रवाइरहेका, त्यहीं मिल्दा बनेका गुप्तचर हरूले सदैका खर्चालु र उनाउ आमदानी बाट खर्च गर्ने हरूलाई र विदेश बाट आएका हरूलाई पनि यादविचार गर्नु.

मद्य किनेहरू नसा लागेर सुतीरहेका हरू को गहना लुगा नगद हरूको भट्टीवालले हिफाजत गर्नुपर्छ. तिनको धन माल हराएमा भट्टीवाल वानियाले सो माल र त्यति दण्ड पनि तिर्नुपर्छ.

भट्टीवाल हरूले छेका भएका खण्ड खण्डमा राखेदिएका सुन्दर रूप भएका आफ्नै दासी हरू द्वारा नसा लागेर सुतीरहेका परदेशी वासिन्दा भलादमी जस्ता हरू सबैको मनको भाव (चोर बदमास वा शत्रुपक्षका मानिस हुन् कि भनी) बुझ्ने गर्नु.

मद्यविशेषको निर्माण-

सुरा- यानि किसिम का हुन्छर-

१ मेदक- १ द्रोण पानी आधा आढक चामल, तीन प्रस्थ किण्व-बीउ मिलाएर बनाएको.

२ प्रसन्ना- १२ आढक पीठो, (यसको आठगुना पानी) ५ प्रस्थ किण्व-बीउ, कामरूप देश मा प्रसिद्ध पुत्रक-भन्ने वृक्षको बोक्रा र फल पनि हालेको पाठा लोध्र आदि पाछि भनिने वस्तु पनि मिलाएको.

३ आसव- १०० पल कैथ फलको सार, ५०० पल खुदो, १ प्रस्थ मह मिलाएर बनाएको. (यो मध्यम हो.) यसमा चौथाइ बढी वस्तु हालेको उत्तम, चौथाइ कम वस्तु हालेको कनिष्ठ मानिन्छ.

४ आरिष्ट- भिन्न भिन्न रोग को विकार लाई शमन गर्ने औषधि रूप वैद्यशास्त्रमा भनेअनुसार वस्तु बाट बनेका आरिष्ट अशोकारिष्ट आदि.

५ मैरेय- मेषशृङ्गी-भेडासिंगी को बोक्राको काढामा गुड (त्रिफला हालेको, बराबर फलाको सट्टा) पिपला मरीच हालेको, गुड पर्ने सबै थरीमा त्रिफला हाल्ने पक्ष पनि छ.

६ मधु- पाकेको दाखको रस बाट बनेको. त्यसलाई देशको नाम बाट कापिशा नदीको तीर को सहरमा बनेका लाई कापिशायन, हारहूर भन्ने सहरमा बनेकोलाई हारहूरक भनि भन्दछन्.

Sanskrit University, Balmeeki Campus, Kathmandu

किण्व-मद्यको बीउ- १ द्रोण पानीमा माषको धूलो हालेको, पका एको वा काँचो, तृतीयांश (बढी) चामलको पीठो, मोरठा आदि प्रत्येक १।१ कर्ष हाली बनाएको।

आसवक र प्रसन्नामा पाठा- लोध्र, गजपिपला, अलैंची

बालक- जेठीमधु, दूबो, (माल) कागुनु, दारुहरिद्रा- मरीच पिपला प्रत्येकको धूलो ५ कर्ष घाति (मसला) हाल्नुपर्दछ। जेठीमधुको कषाय- काढा र कटशर्करा- दानादार चिनी हालेमा रङ राम्रो हुने हुन्छ।

दालचिनी चिनु वायुविडङ्ग गजपिपला एकेक कर्ष र, सुपारी जेठीमधु मोथे लोध्र दुई दुई कर्ष (२) (मसला) आसवमा हाल्नुपर्दछ। आसवको बीउमा यिनैबाट दशांश हाल्नुपर्दछ।

यिनै सुरामा प्रसन्नामा हाल्ने बाट पनि हाल्नुपर्दछ।

आँपको तेल हालेमा सहकारसुरा, गुड हालेको रसो-नरा, (सीधु) बीउको बाट धौ हालेमा महासुरा, मसलाहरू थोरै मात्रामा हालेमा सम्भारिको सुरा बन्दछ। यी सुराका प्रभेद हुन्।

सबै किसिमका सुरामा मोरठा- मूलजुब्बी, पलाश, पत्तूर- लोहमारक औषधि, मेषशृङ्गी- भेडासिंगी, करञ्ज- दूधालु बक्षको कषाय (काढा) हालेर (तताएर) गलाएको दानादार चिनीको धूलो, लोध्र, वायुविडङ्ग पाठा- मोथे कालिङ्ग देशको औं, दारुहरिद्रा- नीलकमल।

(सेप) शतपुष्पा- अपामार्ग छविडुन, नीम, आस्फोट- को धूलो मा आधा दानादार चिनी मिलाएको एक मुठी घडाभर सुरामा हालेमा सुरा लाई पीउनहुने बेस गराउँछ। यसमा स्वाद बढाउन पाँच पल खुदो पनि हाल्नुपर्दछ।

कुटुम्बीहरूले उत्सवको कामकाजका निमित्त सेतो सुरा र औषधिका निमित्त अरिष्ट र अरुज्ञातको माध्यमले बनाउन पाउँछन्। वसन्त आदिको उत्सव, बन्धुबान्धवको संमेलन देवताको यात्रा उत्सवहरूमा चारदिन सुरापान गर्न पाइने अनुमति सुराध्यक्षले दिनु। तिनमा अनुमति नालिईकन सुरापान गरेमा उत्सवहरू नसकिएसम्म दिन दिनैको दण्ड लिनु।

र कतिपयले कोसुम्भागिने कामहरू यसको स्वाद नपाउने स्त्रीजाति बालक हरूले गर्नु।

सरकारी बाहेक आफूले मद्य बनाएर बिक्री गर्नेहरूले सुरा मेदक, अरिष्ट, मधु, मानीबन आदि फलको मद्य, शीधु हरूमा सयकडा पाँच सरकारलाई कर तिर्नुपर्दछ।

दिन दिनको बिक्री हेरेर सोह्रौं भाग मानव्याजी, बीसौं भाग नगदी व्याजी - बटोरेर [वैधरण- नापतौलको अनुसार लिने] को व्यवस्था सुराध्यक्षले गर्नु। तर यसमा मनमानी नगरेर मनासिब करको व्यवस्था बनाई राख्नुपर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२-२६ अध्याय ४७

प्रकरण-४३ सूनाध्यक्षको काम.

भक्ष्य प्राणी को वध गर्ने हाडलाई सूना भन्दछन्. यस विभाग अधिकारी सूनाध्यक्षले अभयदान दिएर घोषित भएका र मार्न रोकावट भएका अभयवनमा रहने मृग पशु पक्षी माछाहरु बाँध्न ठाउँ दिने मार्नेलाई उत्तमसाहस (१०००) दण्ड, कुटुम्बीहरुले अभयवनका मृग आदिलाई पक्रने मार्ने गरेमा मध्यमसाहस (५००) दण्ड गर्दछ.

आफ्नो देशमा नमारिने गरिएका माछा पक्षी हरु समाते दुःख दिने मार्नेलाई २७ पण, मृग पशु पक्रने अथवा दुःख दिने मार्नेलाई दोवर (५४पण) दण्ड गर्दछ. मारिने गरिआएका स्वामी नभएको सुरक्षित नभएको वनमा रहने पशुपक्षी माछाहरुको वधमा पीडा हिंसा गरेमा छ भागको एक भाग र माछा र पक्षीमा दशांश वा बढी, मृग पशुमा भए शुल्क भाग वा बढी का लिने गर्छ.

वनमा पक्रिएका जिउँदा पक्षी मृग हरुमा ६ भागको एक भाग अभयवनमा छोडिदिने गर्नु.

समुद्रमा हुने हात्ती घोडा मानिस नयल गधाको आकार भएका माछाहरु, नदी तलाउ कुवा हरुमा हुने माछाहरु, काग कुकुर लाउनो हात्ती-जलकाक, हाँस चखेवा चकोर भङ्गराज- जीवंजीव- मत्त कोइली मयूर सुगा मदन- मैनाहरु र विनोद गराउने मङ्गल गर्ने अरु पालिप्राणी पक्षी मृग हरुलाई हिंसा र पीडा बाट रक्षा गर्नु पर्दछ, यिनको आज्ञा नमान्नेलाई पूर्वसाहस २५० दण्ड गर्नु.

मासु बिक्री गर्नेले- मृग पशुहरुको मार्नोबित्तिकैको मासु (नया) हाड नभएको बेच्नुपर्छ. हाड भएको बेचेमा हाडको भर्ना मासु दिनु. तौलमा ठगे आठ गुणा बढी मासु दिनु.

वध गर्न हुने मृग पशु हरुको पनि सानो बच्चा र बाछो बयल दुधी गाईलाई मार्न हुँदैन. मार्नेलाई ५० पण दण्ड, दुःख दिएर मार्नेलाई पनि ५० पण हुन्छ.

वध गर्ने ठाउँ बाहेक अन्यत्र मारेको प्राणीको मासु, टाउको खुट्टा को हाड नहालिएको दुर्गन्धित र आफैं मरेका को मासु पनि बेच्न हुँदैन. बेचेमा १२ पण दण्ड गर्नु.

अभयवनमा रक्षा गरिएका गवय आदि पशु, शुनक आदि मृग, व्याघ्र आदि व्याल-हिंसक हरु दुष्ट भएकाहरुलाई वा घात गर्ने भएमा तिनलाई अभयवन देखि अन्यत्र अरण्यमा मात्र पक्रन मार्न हुन्छ.

२-२७—अध्याय—४८

प्रकरण-४४ गणिकाध्यक्षको काम.

गणिका- वेश्याहरुको सुव्यवस्था मा नियुक्त भएका अधिकारी गणिकाध्यक्षले वेश्या कुलमा पैदा भएकी वा अरु भए पनि रूप यौवन कला कौशलले पूर्ण भएकी स्त्रीलाई वर्षको १००० रुपियाँ वेतन दिएर सरकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेश्याकर्मीको
मुख्य वेश्याको रूपमा नियुक्त गर्दै. त्यसको आधा काम गर्ने दोस्री वेश्या पनि नियुक्त गर्दै.

मुख्य र सहाय वेश्या विदेशेरमा र मरेमा बुलकी छोरी वा बहिनीले वेश्यावर्गले गर्नुपर्ने काम चलाउन्. अथवा मुख्य वेश्याकी आमाले अर्की वेश्या खडा गरेर काम गराउन्. यिनीहरू कोही पनि नभएमा नियुक्त वेश्याको सम्पत्ति सरकार लाग्दछ.

सौन्दर्य अलङ्कारको बढती अनुसार १ हजार पण दिएर कान्छो वा माझको वा उत्तम श्रेणी की गणिका लाई नियुक्त गर्दै. कान्छलाई १ हजारमध्ये मध्यमलाई २ हजार उत्तमलाई ३ हजार दिनुपर्ने हुन्छ. यो श्रेणी अनुसार छाता झारी पंखा पानको आसन रथहरूमा विशेष हुन्छ, अर्थात् कनिष्ठलाई छाता झारी, मध्यमलाई पंखा, उत्तमलाई आसन रथ सम्मान हुन्छ. रूप यौवन गएर वृद्ध भए पछि अर्की नियुक्त हुने वेश्याको आमा बनाएर राख्नू.

वेश्या बनेर राजदासी हुन वा छुटेर निस्कनेले २४ हजार तिर्नुपर्दछ. वेश्याको छोरालाई निस्कनेले १२ हजार तिर्नुपर्दछ. नौनिरवानिरुको वेश्यापुत्रले आठ वर्षको उमेरदेखि सरकारी कुशीलव-नटवाको काम गर्नुपर्दछ.

वेश्याको टहलुवाले यौवनको उमेर बितेपछि भण्डार वा भान्साको काम गर्नुपर्दछ, काम नगरी कसैकी रखौटी भएर बसे मुख्य वेश्यालाई महिनाका सवा पण वेतन बुझाउने गर्नुपर्दछ.

गणिकाध्यक्षले वेश्याको उपभोक्ताले दिएको धन, आमा वा आएको धन र आम्दानी खर्च पनि बही पुस्तकमा लेखाउने गर्नु. धेरै खर्च गर्न दिन पनि रोकू.

नियुक्त वेश्याले आफ्नो गहनाहरू आमाको हातमा नाहेक अरूलाई राख्न दिएमा सवा ४ पण दण्ड गर्दै. आफ्नो धन अथवा बिक्री गरेमा वन्धक राखेमा सवा ५० पण दण्ड गर्दै.

वेश्याले कसैलाई गाली गरेमा २४ पण, कुटपीट गरेमा ४८ पण, कान काटेमा ५१ पण दण्ड गर्दै.

इच्छा नभएकी कुमारीलाई कुनै आफूले बलात्कार गरेमा उत्तम साहस (१००० पण) दण्ड, इच्छा भएकीलाई बलात्कार गरेमा पूर्वसाहस (२५० पण) दण्ड गर्दै.

इच्छा नभएकी वेश्यालाई घरमा थुनेर राख्ने वा भगाएर लैजाने, वा घाउ चोटपटक लगाएर विरूप पारिदिनेलाई १००० दण्ड गर्नु. राजकीय अरू अङ्कमा नोक्सान गराउनेलाई दोष अनुसार १ हजारदेखि त्यसको तोपनी खर्चको दोबर भर्ना ४८ हजार पण सम्म दण्ड गर्दै.

सरकारी सम्मान पाएकी वेश्यालाई मार्नेलाई, निरवने खर्चको तिगुना ७२ हजार दण्ड गर्नु. आमा छोरी अरू रूपवती टहलुवीहरूलाई मार्ना उत्तम साहस १००० दण्ड गर्दै.

...University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै किसिमका अपराधमा पहिलो पटक भए तोरवेर वर्को नामको दण्ड हुन्छ, त्यसै अपराध दोस्रो पटक गर्नेलाई त्यसको दोब, तेस्रो पटक गर्नेलाई तेब्बर दण्ड गर्छ. चौथो पटक अपराध गरेमा चौवर दण्ड, सर्वस्व हरण, देशनिकाला, इच्छानुसार गर्छ.

राजाको आज्ञा भएर पनि कुनै पुरुषसँग संङ्गम नगर्ने वेश्यालाई १००० कोर्रा लगाउन्, कि त ५००० दण्ड गर्छ. भोगको वेतन लिइसको पनि सो दिने पुरुषलाई भन्न नमानेमा त्यो वेतनको दोब्बर दण्ड गर्छ. ~~[illegible]~~ रातभर काम वासो उपभोग गर्ने वेतन लिएर पनि अलमस्त्याई कबोल पुगाउने वेश्यालाई लिएको वेतनको आठगुना दण्ड गर्छ, तर पुरुषमा कुनै सरुवा रोगको दोष भएको भए त यो दण्ड हुँदैन. कुनै वेश्याले पुरुषलाई नै मारी भने सो पुरुषको चितामा त्यो वेश्यालाई पनि हालेर पोलिदिन्, कि त पानीमा डुबाइदिए.

वेश्याको गहना अरु माल वा भोगको वेतन हरण गर्ने पुरुषलाई त्यो चोरेको धनको आठगुना दण्ड गर्छ

वेश्याले भोग दिएको पुरुष, त्यसबाट पाएको भोगको वेतन पाइहुने फायदा पनि गणिकाध्यक्षलाई नाफा भर्ने गर्छ.

अरु –

वेश्यासम्बन्धी यो विषयवार नट- अभिनय गर्ने, नर्तक- नाच्ने, गायक- गवैया, वादक- बजाउने, वाग्जीवन- कत्थक,

कुशीलव- नर्तकी नचाएर जीविका गर्ने, प्लवक- डोरीको कसरत देखाउने, सौभिक- चटकी, चारण- भाट, स्त्री व्यवहारी- वेश्याको को कमाइ खाने एक्का स्त्री, गूढजीवा- गुप्त व्यभिचार गर्ने स्त्रीको विषयमा पनि यिनै नियम लाग्दछन्.

कुनै विदेशी आएर यी कलाको प्रदर्शन गरेमा एकैक प्रदर्शनको वेतनबाट पाँच पण सरकारलाई तिर्छ.

रूपाजीवा- आफ्नो रूप बेचेर जीविका गर्ने- व्यभिचारिणीले एक महिनामा २ पटकको आम्दानी सरकारलाई बुझाउँछ.

वेश्या उपलब्ध दासी र अरु रङ्गशालामा आफ्नो कौशल देखाएर जीविका गर्नेहरूलाई गाउन, बजाउन, पाठ पढ्न, नाच्न, अभिनय गर्न, लेख्न, चित्रकारी गर्न, वीणा ~~[illegible]~~, बाँसुरी, मादल बजाउन, अर्काको मनको भाव बुझ्न, सुगन्धी वस्तु बनाउन, माला गाँस्न, संवाहन- आङ मिच्न, वैशिककला- वेश्यालाई चाहिने कला ~~[illegible]~~ आदि सिकाउने ती विषयका शिक्षकहरूलाई ~~[illegible]~~ राज्यबाट जीविकाको बन्दोबस्त गरिदिनु पर्छ.

वेश्याका छोराछोरी र रङ्गशालामा आफ्नो कुशलता देखाएर जीविका गर्नेहरूलाई ~~[illegible]~~ शालामा अभिनय गर्ने हरु सबैमा मुख्य गराई राख्नु.

~~अभिनेताहरूको जीविका~~

भिन्न भिन्न स्थान र भाषाविशेष जान्ने तालावचर- अभिनय गर्नेहरूका स्त्रीहरूलाई बन्धुहरूले राजाज्ञा अनुसार चलाउने गुप्तचर शत्रुपक्षका चरहरूलाई ~~[illegible]~~ विषयमा आफूले जानेर काममा ध्यान नदिने गराउन र मराउन पनि त्यसका ~~[illegible]~~ लाइनुपर्छ.

Public Domain. Digitization by eGangotri.Funding: MIDF

METRIC CONVERSION

INCHES TO CENTIMETRES

INCHES	1	2	3	4	5	6	7	8	9	10	11	12
CMS	2·540	5·080	7·620	10·160	12·700	15·240	17·780	20·320	22·860	25·400	27·940	30·480



WEIGHTS & MEASURES TO METRIC

AVOIR DUPOIS	1 Ton	10 cwt	5 cwt	1 cwt	1 Stone	1 lb	1 oz
METRIC	1016·05 kg	508·024 kg	254·012 kg	50·802 kg	6·350 kg	0·454 kg	28·350 gm

BAZAR WEIGHTS	1 Maund	20 seers	5 seers	1 seer	1 Pau	1 chatak	1 Tola
METRIC	37·324 kg	18·662 kg	4·665 kg	0·933 kg	233·25 gm	58·313 gm	11·663 gm

LINEAR MEASURE	1 Mile	1 Flg	1 Yd	1 Ft	1 inch
METRIC	1609·34 m	201·17 m	0·9144 m	0·3048 m	0·0254 m

334

CONVERSION FACTORS

TO CONVERT	TO	MULTIPLY BY	TO CONVERT	TO	MULTIPLY BY
INCHES	CENTIMETRES	2·540	KILOGRAMS	POUNDS	2·20462
CENTIMETRES	INCHES	0·393701	SEERS	KILOGRAMS	0·93310
FEET	METRES	0·3048	KILOGRAMS	SEERS	1·07169
METRES	FEET	3·281	OUNCES	GRAMS	28·349
MILES	KILOMETRES	1·609	GRAMS	OUNCES	0·035274
KILOMETRES	MILES	0·62137	TOLAS	GRAMS	11·6638
POUNDS	KILOGRAMS	0·4535924	GRAMS	TOLAS	0·085735

D.S.

Sanskrit University, ... Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

The ELEPHANT EXERCISE BOOK

MADE FROM
ELEPHANT BRAND PAPER
MANUFACTURED IN INDIA BY
THE TITAGHUR PAPER MILLS CO., LTD.
CALCUTTA



आरम्भ.

४

Name साधनिकेश्वराचार्य *Class* ४

Subject द्वितीय अधिकरण समाप्ति पर्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२- २८ अध्याय ४८
प्रकरण ४५ नावध्यक्षको काम।

नावध्यक्ष—

नाउ डुङ्गा आदि तर्ने सवारी विभागको अध्यक्षले स्थानीय आदि नगरहरूमा भएका समुद्रतटका नाउहरू आउने जाने मार्ग, समुद्र नदीको सङ्गम स्थानमा भएका तर्ने ठाउँ, देवता- सधैं पानी अडिइरहने दैवी ताल, गर्मीमा पानी सुक्ने बिसर-खाना तलाउ, नदीतर- नदी तर्ने घाटीघाटहरूको हेरचाह गरेर वारपार गर्ने यात्रीहरूबाट सरकारी शुल्क-कर उठाउने काम गर्नुपर्छ.

समुद्रतट र ठूला ताल नदीहरूको किनारका गाउँमा बस्नेहरूले सधैं वारपार गर्नानिमित्त ठेकिएको सरकारी कर बुझाउनुपर्छ.

माछा पक्रने माझीहरूले सरकारी नाउको भाडाको रूपमा पक्रेका माछाहरू ६ भागको १ भाग सरकारलाई बुझाउनुपर्दछ. व्यापारीहरूले पण्य-बिक्री हुने वस्तुहरूको मोलको पाँचौं वा छैटौं भाग कर तिर्नुपर्दछ. सरकारी नाउद्वारा वारपार गर्ने यात्रीहरूले यात्राको वेतन-महसुल तिर्नुपर्दछ. शङ्ख मोती लिनेहरूले पनि सरकारी नाउको भाडा तिर्नुपर्दछ, अथवा तिनीहरूले आफ्नै निजी नाउ लैजान पाउने हुन्छ.

खानीको अध्यक्षले खानीको कारखाना आदि चलाए जस्तै नावध्यक्षले पनि भाडामा अरूका शङ्ख माछा आदिको कारखाना र बिक्री व्यवहार पनि गराउनू.

पत्तनाध्यक्ष- नगरको अध्यक्षले थिति बाँधेको सहरका बजारको चालचलन नियमलाई नावध्यक्षले पनि पालन गर्नुपर्दछ.

...University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशाको भ्रम परेर आएको र उल्टो हावाले हानेर ल्याएको नाउ लाई नावध्यक्षले बाबुले झैं दया गरी रक्षा गरिदिन्।

नाउमा चढाएको बिक्रीको माल पानीले बिगारेको भए नोक्सानी हेरेर शुल्क-महसूल नलिएर वा आधा मात्र लिएर छोडिदिन्। त्यसरी महसूल छोडी वा आधा मात्र लिई छोडेका मालहरूलाई सहर बजारबाट तर्ने चलान गराउन्।

जावत आवत गर्ने नाउहरू शुल्क लिने ठाउमा आएपछि बोलिएको शुल्क मागी लिन्। चोरी डाका गर्ने नाउहरू र शत्रुदेशबाट आउने, बजार सहरको नियम भङ्ग गर्ने पनि नाउहरूलाई नष्ट गरिदिन्।

ठूला ठूला नाउहरूलाई शासक- नाउ चलाउने मुख्य अधिकारी, नियामक- नाउसम्बन्धी नियम पालन गराउने, दात्रग्राहक- दाही ~~चलाउने~~, रश्मिग्राहक- डोरी पक्रने, उत्सेचक- भित्र पसेको पानी फ्याँक्ने हरू सामेल गरेको हेमन्त ग्रीष्म वर्षामा पनि तर्नुपर्ने ठूला नदीहरूमा चलाउन लाउन्। साना तिना डुङ्गाहरूलाई वर्षामा मात्र तर्नुपर्ने साना खोला नालामा चलाउन लाउन्।

राज्यद्रोहीहरू पनि तर्ने हुनन् भनेर नाउहरूलाई तोकिएको घाटबाट मात्र जाने आउने व्यवस्था गर्ने।

अत्याचार आदि कुबेलामा र घाट नभएको ठाउमा तर्नेलाई पूर्वसाहस (२५०) दण्ड गर्ने। बेलामै घाटैमा पनि ~~अनुमति~~ अधिकारी पुरुष संग अनुमति नलिईकन तर्नेलाई पौने २७ पण दण्ड गर्ने।

कैवर्त- माझी, काठको घासको भारी बोक्ने, फूल फलको बारी का पाले गोठालाहरूलाई, कुनै शङ्का लागेका चोरलाई खेद्दै आउने, सरकारी कामका दूत ~~[illegible]~~, सैनिक सामान ~~लैजाउने~~ लैजाने, र गुप्तचरहरूलाई जुनसुकै बेला जहाँसुकै ठाउमा तरे पनि दण्ड नगर्ने। आफ्नै नजीक तैंहालबाले ~~[illegible]~~ तर्ने, पानीको नजीकका गाउमा बस्नेहरू बीउ खाने वस्तु फूल फल तरकारी मसला आदि ल्याउदा गराउदा पनि दण्ड नगर्ने।

ब्राह्मण संन्यासी बालक वृद्ध रोगी हुलाकी गर्भिणी स्त्रीहरूले नावध्यक्षको छापको निस्सा देखाएर बिना शुल्क तर्न पाउँछन्।

~~देशभित्र पस्ने अनुमति पाएका विदेशीहरू र जो~~

विदेशीहरू- देशभित्र पस्ने अनुमति पाएका र अनुमति नपाएका भए पनि जिम्मा लिने साथी भएकाहरू घाट तरेर देशभित्र पस्न पाउँछन्।

अर्काको स्वास्नी कन्या धन चोरी लैजाने, पल्याक पल्याक गरी शङ्का मान्दै हिँड्ने, हडबडाएको, ज्यादै ठूलो भारी बोक्ने, पराल आदिको ठूलो भारीले टाउको छोपेर हिँड्ने, भरखरै जोगी बनेको, जोगीको चिह्न भएको

Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोडेको, रोगको चिन्ह भएको रोगीको बहाना गर्ने, डरले काको जीउ घाउ भएको, रत्न आदि सार, चिठीपत्र, हातपात आगो लाउने सामानहरु लुकाएर लैजाने, बिना हातमा भएको आफ्नो लाग्ने बाटको यात्री, अन्तपाल-सीमानाको रक्षक को छाप को निस्सा नभएको, यस्तालाई नावध्यक्षले पक्राउनु र.

तर शुल्क -

भेडा बाख्रा आदि क्षुद्र पशु र मानिस हातमा लिएको मानिसले तर को एक माषा, टाउको या काँधमा बोक्ने भारी भएको मानिसले गाई घोडाको दुइ माषा; ऊँट एवं भैंसीको चार माषा, सानो तिनो सवारीको पाँच माषा, ठूलो गाडाको छ माषा; गाडा- को सात माषा, बिक्री हुने माल १ भार (२० तुला-२००० पल) को चौथाइ पण तराइको शुल्क लिनुपर्दछ. यसैगरी ठूलो ऊँट बोक्ने बोझे भारीको १ भारको चौथाइ पण लिनुपर्दछ.

यी तरिकाका मध्य अनुसार साना ठूला नदीका लागि हुन्, ठूला नदीमा भने यसको दोबर लिनुपर्दछ.

पानीघाटको नजीकका गाउँले हरूले सरकारलाई तिर्नुपर्ने शुल्क बाहेक डुङ्गा चलाउनेहरूलाई कैदी खाने र बेतन दिनुपर्दछ.

देशको सीमानामा जाने आदेश कारी हरूले शुल्क र माल जफत गरेर गएको बर्तनी-सीमारक्षकलाई दिनुपर्ने रकम पनि लिनुपर्दछ.

छापको निस्सा नलिईकन देश बाहिर जाने सार्थ-वाणिज्यको को माल जफत गरिदिनु. एक मानिसले बोक्न सक्ने भन्दा ठूलो भारी बोकेको बीच रात आदि कुबेलामा घाट भएको ठाउँमा तर्ने को पनि माल जफत गर्नू.

शाक्य निर्ग्रन्थक आदि भिक्षुक र याद्रिक सामान नभएको, भन्ने वा बिग्रेको सम्मति नपाएको डुङ्गा नोक्सान भएमा पानीमा परेर बिग्रेको नाश भएको बिक्रीको माल नावध्यक्षले आफैले बेहोर्नु नपरेको हुनाले भर्ना दिनुपर्दछ.

आषाढ पूर्णिमा को ७ दिन अघि देखि कार्तिक पूर्णिमाको ७ दिन अघि सम्म वर्षाकालमा नाविक तराइको शुल्क नाविकले लिने छन्. सधैं तर्नुपर्ने नदीमा त सधैं लिने छन्. नाविक मल्लाहहरूले यो यो दिनमा तर्ने कामगरको भनी बुझेका अंश को नगदी-रकमको आय नावध्यक्षलाई बुझाउने गर्नुपर्दछ र

Balmeeki Campus, Kathmandu

290

२-२८ अध्याय ५०

प्रकरण ४६ गोध्यक्षले गर्नुपर्ने काम-

गोध्यक्ष-गाइ गोरु भैंसी राङ्गो आदि पशुहरूको हेरचाह बन्दोबस्त इत्यादि गर्ने सरकारी प्रधान अधिकारी गोध्यक्षले गर्नुपर्ने काम यी हुन्-

१ वेतनोपग्राहिक- गोपालक- गाई पाल्ने, पिण्डारक- भैंसी पाल्ने, दोहक- दुहुने, मन्थक- मथ्ने, लुब्धक- वनमा चराइने पशुहरूको हिंसक जन्तुबाट रक्षा गर्ने, बन्दिर पानथी काम गर्ने मानिसहरूले नगदी वेतन [redacted] द्वारा आफू पालेर १००।१०० गाईहरू पाल्ने गर्नुपर्दछ. यिनीहरूले दूध घीउ पाउन गरेका बाछा बाछीलाई हानि गराउने हुन्छन्. अतः तिनीहरूलाई [illegible] वेतन दिएर गाईहरूको रक्षा गराउने कामलाई 'वेतनोपग्राहिक' भन्दछन्

२ करप्रतिकर- जरद्गु- बूढी गाई, धेनु- दुहुनी गाई, गर्भिणी- गाभिन, पष्ठौही- कमलाउने बेला भएकी, वत्सतरी- [redacted] दूध छुटेकी कोरली हरू २०।२०। को भाग लगाएर यस्तो १०० वटालाई एक जनाले पाल्ने गर्नु. घ्यू ८ वारक (८ कुडव आउने भाँडा ६ भर) पशु १ जोडीको १ पण, सरकारी छाप लागेको मरेकाको छाला, वर्ष वर्षको कर तिर्नु- यो व्यवस्थालाई 'करप्रतिकर' भन्दछन्.

३ भग्नोत्सृष्टक- रोगी अङ्गभङ्ग भएका, अनन्य दोही- एक हाते दुहुने, दुर्दोहा- दुहुन नदिने, बाछा मारिदिने [redacted] ५ किसिमका २०।२० गाई जम्मा १०० पाल्नेले आएको मा आधा वा त्रिखण्डी घिउ इत्यादि बुझाउन्. यो व्यवस्थालाई 'भग्नोत्सृष्टक' भन्दछन्.

२५५

४ भागानुप्रविष्टक- शत्रुदलको आक्रमण अथवा हिंसक जन्तुको भयले भागेर सरकारी [redacted] स्थानमा पस्न आएका गाई आदि पशुहरू पाल्नेले नियमानुसार वेतन लिई [redacted] दूध घिउहरू दशांश सरकारलाई बुझाउन्- यो व्यवस्थालाई 'भागानुप्रविष्टक' भन्दछन्.

५ व्रजपर्यग्र- वत्स- दूध पीउने बाछो, वत्सतर- दूध छुटेको बहर, दम्य- हलो जोत्ने सिकाइने बाछो, बही- जोत्ने गोरु, वृष- साँढे, उक्षा- बीउको साँढे यस्ता ६ किसिमका नर हुन्छन्. यस्तै युगवाहन- हलो जस्ता बोक्ने, शकटवाहन- गाडा तान्ने, वृषभ- साँढे सरह सुन्ता माहिष- मासिने राँगो, (यस्ता ४ किसिमका राजा हुन्छन्: पृष्ठस्कन्धवाही- पिठ्यू काँधमा भारी बोक्ने राँगो). गाई भैंसीमा वत्सिका- दूध पीउने बाछी पाडी; वत्सतरी- दूध छुटेको बाछी पाडी, प्रष्ठौही- कोरली, गर्भिणी- कमलाएकी; धेनु- दुहुनी, अप्रजाता- हाल व्याएर पनि नव्याएकी, बन्ध्या- बाँझी यस्तो किसिमका हुन्छन्. जन्मेको १२ महिनाका बाछा बाछीलाई उपजा भन्दछन्. १२ महिनाका बाछालाई डामेर चिन्ह लगाउनू. यी सबैको चिन्ह रङ सिङको विशेष अरू लक्षण पनि लगत बहीमा लेखाउनू. यस्तो गोठको लगतको व्यवस्थालाई 'व्रजपर्यग्र' भन्दछन्.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
...ersity, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. नष्ट – चोरले हरिएका, अर्काको बथानमा पसेका, अब तीन-बथानबाट छुटेर हराएका पशुलाई 'नष्ट' भन्दछन्

७. विनष्ट – छाप भडखारा परेर रोग लागेर बगाइले पानीको भेलमा परेर, कसैले खाएर मरेकालाई 'विनष्ट' भन्दछन्

नष्ट विनष्टमा गोठालाले बेहोसी गरेर नाश विनाश भएको भए धसले भर्ना गर्नुपर्दछ. यी सबैको गोध्यक्षले बहीमा लेखपोट गरी राख्नुपर्दछ.

आफैले मारे मराउने चोर्ने चोराउनेलाई वधदण्ड गर्नु. अर्काको पशुलाई सरकारी चिन्ह लगाएर साटफेर गर्ने कर्मचारीलाई पूर्वसाहस (२५०) दण्ड गर्नु.

आफ्नो देशका पशु चोरले हरेको पत्ता लगाई ल्याइदिनेले एक जिउको ५ पण इनाम पाउँछ. विदेशका पशुहरू चोरी पत्ता लगाई फर्काएर ल्याइदिनेले त्यो पशुको मोलको आधा पाउँछ.

बालक वृद्ध रोगी पशुहरूलाई गाईपालकले हिफाजत औषधि गर्नुपर्दछ

व्याधा कुकुरसिकारीहरूको देखरेखमा चोर हिंसक वानुको भय नहुने वन सुहाउँदो घाँस पानी भएको वनमा पशुहरू चराउनू.

सर्प हिंसकजन्तुलाई तर्साउन र गाईचर्ने ठाउँको ठाउँ पत्ता लाउन पनि पशुहरूको घाँटीमा बज्ने घण्ट बाँधिदिनुपर्दछ.

पानी पियाउन खाडल नभएको फराकिलो हिलो र गोहीधि नभएको पानीघाटमा ओराल्नू. राम्री हेरविचार गर्नू.

चोर हिंसक सर्प ग्राहले पक्रेका रोग र बुढ्याइले मरेकाहरूलाई चाँडोले खबर जाहेर गर्नुपर्दछ, त्यसो नगरे त्यसको मोल भर्ना गर्नुपर्दछ.

मनासिब कारण परेर मरेको गाई भैंसीहरूको छाप लागेको छाला, भेडा बाख्राहरूको निशान लाएको कान, घोडा गधाहरूको पुच्छर र छाप लागेको छाला, रौं छाला बस्ति मूत्राशय पित्त स्नायु दाँत खुर सींग हाड ल्याएर बुझाउनू.

मासु काँचो आलो वा सुकेको बेच्नू. मही कुकुर बनेल पोस्न दिनू. कुराउनी सेनाका खानामा दिनू. फाटेको दूध खाने पिउने मिसाउन दिनू.

पशुहरू बिक्री गर्नेले एकेक पशुको एक पण गोध्यक्षलाई बुझाउनू.

वर्षा शरद् हेमन्त ऋतुमा दुवै साँझ दुहुनू. शिशिर वसन्त ग्रीष्म ऋतुमा एक साँझ मात्र दुहुने गर्ने

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकसाथ दुहुनपर्नेलाई दुइसाथ दुहेमा बुढी औंला काटि दिए दुहुने बेला टारेर दुहुनेलाई पनि त्यसबाट हानि भए जति दण्ड गर्ने.

यसबाट नाथ्ने डाडो जुवामा लाउने सिकाउने डाइन्या लाउने समय नघाउनेलाई हानि अनुसार दण्ड गर्नुपर्ने कुरा पनि छ. जस्तै गाइको १ द्रोण दूधमा १ प्रस्थ घिउ हुन्छ, भैंसीको मा त्यसभन्दा पाँचौं भाग बढी हुन्छ. भेडी बाख्राकोमा ॰ भाग बढी हुन्छ. अथवा मथ्दाखेरि आए अनुसार घिउ हुन्छ जमीन घास पानी असल भएमा दूध घिउ बढ्ने पनि हुन्छ.

बथानको साँढेलाई अर्को साँढेसँग जुधाई लडाउनेलाई पूर्वसाहस दण्ड गर्ने, मारेउनेलाई उत्तम साहस दण्ड गर्ने.

गाइ गोरु आदिको बथानमा १०।१० वटालाई एक रङको चिन्ह लगाएर रक्षा गर्न गर्ने.

गाइ गोरु चलाउने ठाउँ गाईको चाल हेरेर, बथान ठूलो सानो हेरेर, रक्षा गर्ने सामर्थ्य हेरेर त्यस्ता व्यवस्था गर्ने.

भेडा दलको ६।६ महिनामा ऊन काट्नु.

गाईको व्यवस्था अनुसार घोडा गधा खच्चर ऊँट बँदेलका गोठको व्यवस्था पनि बुझ्नुपर्दछ

दाना-

नाक छेडिएका घोडा नाले दौडन सक्ने र थाम्न सक्ने बयललाई, खाना भुस आधा भार, घास एक भार, खरी पिना १ तुला (१००पल), कानेका कुँडो १० आढक, चाहिने ५ पल, नाकमा हाल्ने तेल १ कुडव, पीउने तेल १ प्रस्थ र मासु १ तुला, दही १ आढक, जौ वा माष आधा पकाएको १ द्रोण, दूध १ द्रोण किंवा रक्सी आधा आढक, घ्यू तेल १ प्रस्थ, गुड अथवा सक्खर १०पल, अदुवा सुठो १ पल पछिबाट पिउन दिनु.

खच्चर, साँभान्द बयल, गधा लाई त्यसको चौथाइ भागमा तीन भाग, राँगो ऊँटलाई र जोत्न नाल्ने बयललाई पनि त्यसको दोबर, दुहुनी गाईलाई पनि त्यत्तै आहार दिनु. काम समय दूध आदि फलको पनि विचार गरेर दाना पानी कमी बढी गर्नुपर्दछ. घास पानी सबैलाई खान चाहिने जति दिनुपर्दछ.

बयल गाई आदिको दाना खाना छको व्यवस्था बताइयो. १००।१०० को बथानमा गधा र घोडाका पाँच वटा, भेडा बाख्राका १० वटा, गाई भैंसी ऊँटमा चार वटा बीउका साँढे राख्ने गर्नुपर्दछ.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२-३० अध्याय ५१

प्रकरण ४७ अश्वाध्यक्षको काम.

अश्वाध्यक्ष- घोडाविभागका अध्यक्ष अधिकारीले नजरमा बिक्री आई किनिएका, युद्धमा शत्रुबाट जितेर ल्याइएका, आफ्नै तबेलामा जन्मेका, [illegible] अरु राजालाई सहायता दिएर पाइएका, कसैबाट बन्धक लिइएका, केही कालका निमित्त मगनीमा आएका घोडाहरूको [illegible] खान्दान हेरेर रङ चिन्ह, चढ्ने रथ तान्ने लडाइ गर्ने आदि काम (अरबी पालेथर भोटे आदि) पातेवटाको यो जात भन्ने संमूह, यहाँबाट आएका भन्ने आमदानीको ठाउँ समेत बही पुस्तकमा लेखेर लगत खडा गराउन्.

खराब लक्षण भएका कुबेकल अङ्ग भएका रोगी भएका घोडाको अदल बदल [illegible] औखतीहरू गर्नुपर्ने कुरा पनि सरकारमा जाहेर गर्नु. घोडाको सवारीको

घोडाका निमित्त एक महिनालाई चाहिने नगद खर्च दाना इत्यादि पनि एकुनै भण्डारबाट जिम्मा लिएर खुवाउने पियाउने तालीम गर्ने कामको विचार [illegible] काम गर्ने गर्नु.

तबेला-

घोडाको संख्या अनुसार लामो घोडाको लम्बाइ [illegible] दोब्बर चौडाइ भएको चार ढोका भएको बिचमा घोडाले लडीबुडी गर्ने ठाउँ पनि भएको, अगाडि पोटी र ढोकाको [illegible] बन्ने काठको फलैँचा भएको घोडाको तबेला बनाउन्. त्यस बिषको बचाउ पर्ने बानर मजूर पृषत-थोप्रेमृग, न्याउरी, च्याखुरा भंगा चरा हरू पनि वरिपरि राख्नुपर्छ.

त्यस घोडाको लम्बाइ अनुसार चारपाटे मसीनो फल्याक बिछ्याएको खाने खण्ड समेत भएको मलमूत्र [illegible] पर्ने ठाउँ समेत भएको पूर्व वा उत्तर मुहुडा भएको [illegible] घोडा रहने कुप कुप खण्ड भएको ठाउँ बनाउन्.

राजभवनको उत्तर वा पूर्वपट्टि तबेला बनाउने कुरा हुनाले धेरै घोडा भनेको ठाउँमा न अटाउने भएमा ठाउँको अनुकूलतामा हेरेर अन्तै दिशामा बनाए पनि हुन्छ. घोडी साथ किशोर बछेडा, ६ महिनादेखि ३ वर्ष सम्मका बछेडाहरू राख्ने ठाउँ अरु घोडाहरूले नदेख्ने गरी एकान्तमा बनाउन्.

ब्याएकी घोडीलाई पहिला दिन देखि ३ दिन सम्म बिहान बिहान एकेक प्रस्थ घिउ पिलाउन्, त्यसपछि १० दिन सम्म एकेक प्रस्थ सत्तु अथवा खाना र घिउ तेल मिलाएको औषधिको काढा पिउन दिनू. त्यस पछि आधा पकाएको जौको दाना घाँस र ऋतु अनुसारको अरु घाँस खान दिनू.

किशोर- बछेडालाई १० दिनपछि ६ महिना सम्म, चौथाइ घिउ हालेको १ प्रस्थ सत्तु र १ प्रस्थ दूध खान दिनू. ६ महिना पछि ३ वर्ष सम्म महिना महिना पिछे आधा आधा प्रस्थ जौको दाना बढाएर दिनू, अनि ४ वर्षको नहुन्जेल १ द्रोणको दरले जौको दाना दिनू. ४ वा ५ वर्षको भएपछि पूरा नाप भएको बोक्ने आदि काम गर्न सक्ने हुन्छ.

नाप-

असल घोडाको मुख ३२ औंल लामो, त्यसको पाँच गुना १६० औंल जिउको लम्बाइ, २० औंलको जाँघ, त्यसको चौबर ८० अङ्गुल उचाइ, १०० औंल मोटाइ हुन्छ. मध्यम र तल्लो घोडाको ३।३ औंल कम लम्बाइ उचाइ हुन्छ, मोटाइ पञ्चमांशका अर्थात मध्यमको ८० अङ्गुल, तल्लोको ६० अङ्गुल हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाना-

उत्तम घोडालाई मासी, घाँटिया, जौ, माल काँगुनमा कुनै २ द्रोण, (कोच्याउन कोचाम्ता, आधा पाकेको)
अथवा मृगी मास पकाएको २ द्रोण र १ प्रस्थ घिउ तेल, ५ पल
नून, ५० पल मासु खान दिनू. मासुको रस १ आढक, किंवा २ आढक दहीले दाना मुछनू. ५ पल गुड, १ प्रस्थ रक्सी वा २ प्रस्थ दूध
पछिबाट पिउन दिनू.

लामो बाटो र भारी बोकेर थाकेकालाई पनि १ प्रस्थ घिउ तेल
अगाडिबाट अनुवासन-वस्ति क्रियालाई दिनू. नाकमा हाल्न
१ कुडव घिउ तेल दिनू. हरियो घाँस आधा भार, घाँस १ भार किंवा
अमलको २ भारीको घाँस दिनू.

ठूलो घोडालाई भनेको मा चौथाइ
कम मझौलालाई, यसको पनि चौथाइ कम सानो घोडालाई
दिनू.

रथ तान्ने घोडालाई र साँढ घोडालाई उत्तम घोडाको सरह,
तल्लो खालको रथ तान्ने घोडा र साँढ घोडालाई मझौलाको सरह
खान दिनू. घोडीलाई र खच्चरलाई त्यसमा चौथाइ कम दिनू.
किशोर- बछेडालाई घोडीको आधा दिनू. खाने दानाको विधान यहीँ छ.

विधापाचक- दाना पकाउने, सूत्रग्राहक- सईस. (चिकित्सक-
ओखती गर्नेहरू पनि खाना पाउने हुन्छन्.

युद्ध गर्दा, रोग लाग्दा बुढो हुँदा दुर्बल भएका घोडाहरू पेट
सम्म भर्न पाउने हुन्छन्.

लडाइँमा काम नदिने घोडाहरू नगर देशवासीका निमित्त
साँढ बनाएर घोडीमा लगाउनू.

तालिम भएर युद्धमा काम दिने घोडाहरूमध्ये काम्बोजक- काबुली,
सैन्धव- सिन्धुदेशका, आरट्टज- अरबी घोडाहरू उत्तम, वानायुज- पारसी, बाह्लीक- पञ्जाब देशका, पापेय, सौवीर (गुजरात), तैतल देशका घोडाहरू मध्यम, अरू बाँकी कम्ती मानिन्छन् (उत्तराखण्ड).

यी घोडाहरूलाई तीव्र- बेग असह्य मन्द गतिले अनुसार युद्ध साम्नाह्य-
र्थी वा औपवाह्य सवारी बोक्ने काममा लगाउनू.

सान्नाह्य- युद्धसम्बन्धी शालिहोत्र आदिले बताएको किसिम किसिमको गति.
औपवाह्य- सवारी बोक्ने कामको गति ५ किसिमको हुन्छ—

१- वल्गन- (मण्डल गति)
(क) औपवेणुक- हातभरको मण्डलाकार घेरामा घुम्नु.
(ख) वर्धमानक- ठूलो मण्डलाकार घेरामा घुम्नु.
(ग) यमक - दुइ मण्डलाकार घेरामा घुम्नु.
(घ) आलीढप्लुत यौटा खुट्टा खुम्च्याई अर्को खुट्टा पसारेर डाँफ्नु
(ङ) पृथुग- अगाडिको जीउले घुम्नु
(च) त्रिकचाली. पछाडिको जीउ चालेर दौडनु.
२ नीचैर्गत- टाउको र कान उठ्ने गरी मण्डलाकार घुम्नु.
(क) प्रकीर्णक- यौटै किसिमको चाल मिसिएको
(ख) प्रकीर्णोत्तर- प्रकीर्ण भइकन यौटा गति मुख्य भएको
(ग) निषण्ण- पिठ्यूँ निश्चल पारेर दौडनु
(घ) पार्श्वानुवृत्त- तेर्सो गति
(ङ) ऊर्मिमार्ग- जलको तरङ्ग झैं तल माथि भएर दौडनु
(च) शरभक्रीडित- शरभको जस्तो गति
